# कपिल लामिछानेको समालोचनाकारिता

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
भैरहवा बहुमुखी क्याम्पस, नेपाली विभागमा स्नातकोत्तर तह
द्वितीय वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

**शोधपत्र**


शोधार्थी
शारदा ज्ञवाली
भैरहवा बहुमुखी क्याम्पस, भैरहवा, रूपन्देही


२०६९


**शोधनिर्देशक**
**डा. घनश्याम न्यौपाने**
**सहप्राध्यापक**

# कपिल लामिछानेको समालोचनाकारिता

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
भैरहवा बहुमुखी क्याम्पस, नेपाली विभागमा स्नातकोत्तर तह
द्वितीय वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
शारदा ज्ञवाली
भैरहवा बहुमुखी क्याम्पस, भैरहवा, रूपन्देही
त्रि.वि. र. नं. ६-२-५२-३८६-२००२, शैक्षिक सत्र : २०६२-२०६४, परीक्षा रोल नं ३८१६
**२०६९**

**त्रिभुवन विश्वविद्यालय**

# भैरहवा बहुमुखी क्याम्पस

## नेपाली विभाग

## सिद्धार्थनगर, भैरहवा, रूपन्देही

**मिति** : २०६९/१०/१९

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पस, नेपाली विभाग, भैरहवाकी छात्रा शारदा ज्ञवालीले स्नातकोत्तर तह दोस्रो वर्षको दसौं" पत्रको प्रयोजनका लागि तयार पार्नुभएको "कपिल लामिछानेको समालोचना-कारिता" शीर्षकको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कन गरी सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

**सहप्राध्यापक डा. कपिलदेव लामिछाने** ..............................

विभागीय प्रमुख

**सहप्राध्यापक डा. घनश्याम न्यौपाने**

..............................

शोधनिर्देशक

**सहप्राध्यापक श्री शिवप्रसाद ज्ञवाली** ................................

बाह्य परीक्षक

त्रिभुवन विश्वविद्यालय

**भैरहवा बहुमुखी क्याम्पस**

**सिद्धार्थनगर, रूपन्देही**

मिति : २०६९/१०/०३

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पस स्नातकोत्तर तह नेपाली विभाग दोस्रो वर्षका छात्रा शारदा ज्ञवालीले “**कपिल लामिछानेको समालोचनाकारिता**” शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा रही परिश्रमपूर्वक तयार पार्नु भएको हो । म यसको आवश्यक मूल्याङ्कनका निम्ति नेपाली विभाग मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

..................

**डा. घनश्याम न्यौपाने**

**सहप्राध्यापक**

शोध निर्देशक

नेपाली विभाग,

भैरहवा बहुमुखी क्याम्पस,

भैरहवा, रूपन्देही

# कृतज्ञता ज्ञापन

साहित्यकार कपिल लामिछानेले साहित्यका विविध क्षेत्रमा कलम चलाएका भए पनि नेपाली कथा, बालकथा, बालउपन्यास, समालोचना र समीक्षाका क्षेत्रमा उनको मुख्य योगदान देखिन्छ । समालोचना र समीक्षाका क्षेत्रमा उनको उपस्थिति झनै उल्लेख्य देखिन्छ । समालोचनाका क्षेत्रमा २०४२ सालदेखि निरन्तर कलम चलाउँदै आएका कपिल लामिछानेको समालोचनाकारिताको अद्यावधि अध्ययन नभएको हुँदा यो शोधकार्य गरिएको हो ।

"कपिल लामिछानेको समालोचनाकारिता" शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, भैरहवा बहुमुखी क्याम्पस, नेपाली विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि क्याम्पसका प्रमुख डा. घनश्याम न्यौपानेज्यूको कुशल निर्देशनमा तयार पारेकी हुँ । यस शोधपत्र लेखनको अवधिसम्म प्रेमपूर्वक निर्देशन र आवश्यक सुझाव-सल्लाह दिनु हुने शोधनिर्देशक श्रद्धेय गुरु डा. घनश्याम न्यौपानेज्यूप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोधपत्र लेख्ने सु-अवसर प्रदान गर्नुहुने नेपाली विभागीय प्रमुख तथा समालोचक सहप्राध्यापक डा. कपिलदेव लामिछानेज्यूप्रति हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्दछु । साथै सामग्री सङ्कलनका क्रममा उहाँबाट प्राप्त सहयोगका लागि म डा. कपिलदेव लामिछानेज्यू तथा उहाँका परिवारजनप्रति हार्दिक आभार प्रकट गर्दछु । यसै गरी शोधपत्र लेखनका सन्दर्भमा अमूल्य सहयोग गर्नु हुने गुरु सहप्राध्यापक श्री बालकृष्ण भट्टराईज्यू, सहप्राध्यापक डा. दामोदर ढकालज्यू, सहप्राध्यापक श्री डिल्लीराज भट्टराईज्यू, उपप्राध्यापक श्री वनमाली राज शर्माज्यू, उपप्राध्यापक श्री त्रिभुवन बरईज्यू, शिक्षण सहायक श्री कृष्णप्रसाद बस्यालज्यू र शिक्षण सहायक श्री कविता रिजालज्यूप्रति म आभार प्रकट गर्दछु ।

आफ्ना व्यस्त समय एवम् कडा चुनौतीका बाबजुद मेरो अध्ययन कार्यलाई सधैं प्रेरणा, सहयोग एवम् निर्देशन, प्रदान गर्नुहुने मेरी पुजनीय आमा श्री मालती ज्ञवाली, बुवा श्री ज्ञानराज ज्ञवालीप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसै गरी लेखनकार्यमा सहयोग गर्नुहुने श्रीमान् उत्तम पौडेल, ससुरा श्री हरिप्रसाद पौडेल, सासू श्री पद्मा पौडेल, दिदीहरू श्री नीना पौडेल, श्री देवकी पौडेल, भिनाजु श्री हिमलाल खनाल, साथी श्री प्रतिभा पुन एवम् बहिनीहरू श्री राधिका ज्ञवाली, श्री जानकी ज्ञवाली, श्री कोपिला ज्ञवालीप्रति आभार प्रकट गर्दछु ।

त्यस्तै यस शोधकार्यका लागि आवश्यक सामग्रीहरू उपलब्ध गराई सहयोग गर्ने भैरहवा बहुमुखी क्याम्पस पुस्तकालय परिवारप्रति आभार प्रकट गर्दछु । साथै शोधपत्रलाई छिटो छरितो टङ्कण गरिदिनुहुने बहिनी श्री समिता लामिछानेप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

अन्तमा यस शोधपत्रलाई मूल्याङ्कका लागि भैरहवा, बहुमुखी क्याम्पस, नेपाली विभाग समक्ष प्रस्तुत गर्दछु ।

मिति : २०६९/१०/०३

.... .... ..... ....

शारदा ज्ञवाली

स्नातकोत्तर तह, नेपाली विभाग

त्रि.वि.,भैरहवा बहुमुखी क्याम्पस

# विषयसूची


| | | |
|---|---|---|
| स्वीकृतिपत्र | | |
| शोधनिर्देशकको मन्तव्य | | |
| कृतज्ञता-ज्ञापन | | क-ख |
| विषयसूची | | ग-च |
| सङ्क्षेपीकृत शब्दसूची | | छ |
| **परिच्छेद एक : शोधपरिचय** | | **१-८** |
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोधको प्रयोजन | १ |
| १.३ | शोधसमस्या | १ |
| १.४ | शोधको उद्देश्य | १ |
| १.५ | पूर्वकार्यको समीक्षा | २ |
| १.६ | शोधको औचित्य महत्त्व र उपयोगिता | ७ |
| १.७ | शोधको सीमाङ्कन | ७ |
| १.८ | सामग्री-सङ्कलन विधि | ७ |
| १.९ | शोधविधि | ८ |
| १.१० | शोधपत्रको रूपरेखा | ८ |
| **परिच्छेद दुई : समालोचनाको सैद्धान्तिक स्वरूप** | | **९-२२** |
| २.१ | विषयप्रवेश | ९ |
| २.२ | समालोचनाको व्युत्पत्ति र परिचय | ९ |
| २.३ | समालोचनाको परिभाषा र स्वरूप | १० |
| २.४ | समालोचनाका प्रकार | १२ |
| २.४.१ | सैद्धान्तिक समालोचना | १३ |
| २.४.२ | ऐतिहासिक समालोचना | १३ |
| २.४.४ | मनोवैज्ञानिक समालोचना | १४ |
| २.४.५ | प्रभाववादी समालोचना | १५ |

२.४.६ प्रगतिवादी समालोचना १५
२.४.७ शैलीवैज्ञानिक समालोचना १६
२.४.८ तुलनात्मक समालोचना १७
२.४.९ व्याख्यात्मक समालोचना १७
२.४.१० निर्णयात्मक समालोचना १७
२.४.११ स्रष्टापरक समालोचना १८
२.४.१२ कृतिपरक समालोचना १८
२.४.१३ रूपपरक समालोचना १९
२.४.१४ नारीवादी समालोचना १९
२.४.१५ खोजमूलक समालोचना २०
२.४.१६ जीवनीपरक समालोचना २०
२.४.१७ लोकसाहित्यपरक समालोचना २१
२.४.१८ समकालीन समालोचना २१
२.५ निष्कर्ष २२

**परिच्छेद तीन : नेपाली समालोचनाको परम्परा** **२३-३९**
३.१ विषयप्रवेश २३
३.२ नेपाली समालोचनाको प्रादुर्भाव २३
३.३ नेपाली समालोचनाको चरण विभाजन २४
३.३.१ पहिलो चरण २६
३.३.२ दोस्रो चरण २७
३.३.३ तेस्रो चरण २९
३.३.४ चौथो चरण ३१
३.४ निष्कर्ष ३८

**परिच्छेद चार : समालोचक कपिल लामिछानेको समालोचना-यात्रा** **४०-८२**
४.१ विषयप्रवेश ४०
४.२ कपिल लामिछानेको समालोचना-यात्राको चरण-विभाजन ४०
४.३ कपिल लामिछानेको समालोचना-यात्राको चरणबद्ध अध्ययन ४२
४.३.१ पूर्वार्द्ध चरण ४२
४.३.२ उत्तरार्द्ध चरण ५५

४.४.१ पुस्तकाकार समालोचना ५६
४.४.१.१ **नेपाली साहित्यको सेरोफेरो** ५६
४.४.१.२ **नेपाली लोकगाथाको अध्ययन** ५७
४.४.१.३ **समालोचनाको सोपान** ५८
४.४.१.४ **नेपाली लोकगीतको अध्ययन** ६०
४.४.१.५ **नेपाली गाउ“खाने कथाको अध्ययन** ६१
४.४.१.६ **समीक्षा सिद्धान्त र समीक्षाहरू** ६२
४.४.२ फुटकर समालोचना ६५
४.५ निष्कर्ष ८२

**परिच्छेद पाँच : कपिल लामिछानेको समालोचना-प्रवृत्ति**
**८३-९२**
५.१ विषयप्रवेश ८३
५.२ कपिल लामिछानेको समालोचना-प्रवृत्ति ८३
५.२.१ वस्तु र शिल्प दुवै पक्षको अध्ययनमा जोड ८४
५.२.२ प्रगतिवादी समालोचनातर्फ झुकाउ ८५
५.२.३ पूर्वीय र पाश्चात्य समालोचना पद्धतिको समन्वित प्रयोग ८५
५.२.४ खोजअनुसन्धानमूलकता ८६
५.२.५ यथार्थवादी वा वस्तुगत मूल्याङ्कन ८७
५.२.६ मूल्याङ्कनपरकता/निर्णयात्मकता ८७
५.२.७ सैद्धान्तिक समालोचना ८८
५.२.८ प्रभाववादी समालोचना ८८
५.२.९ ऐतिहासिक समालोचना ८९
५.२.१० कृतिपरक समालोचना ८९
५.२.११ स्रष्टापरक समालोचना ९०
५.२.१२ लोकसाहित्यिक समालोचना ९०
५.२.१३ भाषाशैली ९१
५.३ निष्कर्ष ९२

**परिच्छेद छ : शोधनिष्कर्ष** **९३-९८**
६.१ विषय प्रवेश ९३

६.२ सारसङ्क्षेप ९३

६.३ शोधनिष्कर्ष ९४

परिशिष्ट : समालोचक कपिल लामिछानेका फुटकर समालोचनाहरूको सूची ९९-१०४

**सन्दर्भसूची** **१०५-११२**

# सङ्क्षिप्तीकृत शब्दसूची

| | | |
|---|---|---|
| अप्र. | : | अप्रकाशित |
| अनु. | : | अनुवाद/अनुवादक |
| इ.सं. | : | इस्वी सम्वत् |
| एम.ए. | : | मास्टर अफ आर्टस् |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यलय |
| नेकपा | : | नेपाल कम्युनिस्ट पार्टी |
| डा. | : | डाक्टर |
| पं. | : | पण्डित |
| प्रा. | : | प्राध्यापक |
| प्रा.लि. | : | प्राइभेट लिमिटेड |
| पृ. | : | पृष्ठ |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| वि.सं. | : | विक्रम सम्वत् |
| संस्क. | : | संस्करण |
| सम्पा. | : | सम्पादक |
| स्व. | : | स्वर्गीय |

# परिच्छेद एक

# शोधपरिचय

## १.१ शोधपरिचय

प्रस्तुत शोधको शीर्षक “कपिल लामिछानेको समालोचनाकारिता” रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत भैरहवा बहुमुखी क्याम्पसको नेपाली विषयको स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनार्थ तयार पारिएको हो ।

## १.३ समस्याकथन

नेपाली साहित्यमा कथा, लघुकथा, कविता, बालकथा, समालोचना आदि विविध विधामा कलम चलाउने कपिल लामिछाने एक क्रियाशील समालोचक हुन् । उनका कथा र बालकथाका बारेमा शोध-अनुसन्धान भएको भए पनि उनको समालोचनाकारिताका बारे अद्यावधि कुनै शोध-अनुसन्धान भएको पाइँदैन । नेपाली समालोचनाका क्षेत्रमा दर्बिलो उपस्थिति जनाइसकेका कपिल लामिछानेको समालोचनाकारिताका बारेमा खोजअनुसन्धान नहुनु नै प्रमुख प्राज्ञिक समस्या रहेको छ । यसै केन्द्रीय समस्याका सन्दर्भमा निम्नलिखित प्राज्ञिक प्रश्नहरू रहेका छन् :

(क) समालोचनाको सैद्धान्तिक स्वरूप केकस्तो रहेको छ ?

(ख) नेपाली समालोचना परम्परा केकस्तो ?

(ग) कपिल लामिछानेको समालोचना-यात्रा केकस्तो छ ?

(घ) कपिल लामिछानेको समालोचना-प्रवृत्ति केकस्तो छ ?

## १.४ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यका मूलभूत उद्देश्यहरू निम्नअनुसार रहेका छन् :

(क) समालोचनाको सैद्धान्तिक स्वरूप बारे प्रकाश पार्नु,

(ख) नेपाली समालोचना-परम्परा बारे चर्चा गर्नु,

(ग) कपिल लामिछानेको समालोचना-यात्राको लेखाजोखा गर्नु,

(घ) कपिल लामिछानेको समालोचना-प्रवृत्तिको अध्ययन गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यका क्षेत्रमा कपिल लामिछाने एक बहुमुखी प्रतिभा देखिन्छन् । मूलतः बालकथाकारका रूपमा प्रसिद्धि कमाएका लामिछाने समालोचनाका क्षेत्रमा पनि उत्तिकै स्थापित छन् । आजभन्दा अढाइ दशक अगाडिदेखि समालोचना क्षेत्रमा औपचारिक रूपमा प्रवेश गरेका लामिछानेका हालसम्म **नेपाली साहित्यको सेरोफेरो** (२०५८), **नेपाली लोकगाथाको अध्ययन** (२०६४), **नेपाली गाउँखाने कथाको अध्ययन** (२०६८), **नेपाली लोकगीतको अध्ययन** (२०६८) **समालोचनाको सोपान** (२०६८), **मोदनाथ प्रश्रित : केही अध्ययन** (सम्पा., २०६८), **कविता पौडेल बहुआयाम** (सम्पा., २०६८) र **समीक्षा सिद्धान्त र समीक्षाहरू** (२०६९) जस्ता समालोचनात्मक ग्रन्थहरू प्रकाशित भइसकेका छन् भने विभिन्न पत्र-पत्रिकामा यिनका फुटकर समालोचनाहरू पनि प्रकाशित छन् । उनको समालोचनाकारिताका विषयमा जेजति चर्चापरिचर्चा भएका छन्, तिनलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

मोहन दुवालले 'कपिल लामिछानेको 'नेपाली साहित्यको सेरोफेरो' शीर्षकको लेख ( **युग संवाद साप्ताहिक,** २०५८, माघ ९ गते, १४/२८, पृ. ४) मा स्पष्ट भाषामा आफूलाई लागेका साहित्यिक अनुभूति फुकाउन सफल समालोचक कपिल लामिछानेद्वारा लिखित नेपाली साहित्यको सेरोफेरो पुस्तक पठनीय हुनाका साथै सबै साहित्यकारहरूका लागि सङ्ग्रहणीय पुस्तक पनि साबित भएको कुरा उल्लेख गरेका छन् ।

घनश्याम न्यौपाने 'परिश्रमी'ले 'नेपाली साहित्यको सेरोफेरोभित्र पस्दा' शीर्षकको समीक्षा (**मिर्मिरे**, २०६०, पूर्णाङ्क २१८, पृ.११४-११६) मा लामिछानेलाई स्रष्टा र द्रष्टा दुवै व्यक्तित्वका रूपमा परिचित गराउँदै समसामयिक नेपाली समालोचनाका क्षेत्रका एक क्रियाशील व्यक्तित्वका रूपमा चिनाएका छन् । यस समीक्षामा लामिछानेको **नेपाली साहित्यको सेरोफेरो**को समीक्षा गरिएकाले यसले लामिछानेको समालोचनाकारिताउपर प्रकाश पार्न सकेको छैन ।

राजेन्द्र सुवेदीले **नेपाली समालोचना परम्परा र प्रवृत्ति** शीर्षकको समालोचनाग्रन्थ (२०६१) मा नेपाली समालोचनाको पछिल्लो चरणको लोकसाहित्यको शोधखोजपरक समालोचनाको चर्चा गर्ने क्रममा लामिछानेलाई नेपाली लोक तथा बालसाहित्य र सांस्कृतिक जीवनसँग सम्बन्धित लोकसंस्कारगत मूल्यहरूको प्रतिष्ठा प्रदान गर्ने समालोचकका रूपमा उभ्याएका छन् । यस ग्रन्थमा समालोचक लामिछानेको सामान्य

परिचय प्रस्तुत गरिएकाले यसले लामिछानेको समग्र समालोचनाकारिताउपर प्रकाश पार्न सकेको छैन ।

घनश्याम न्यौपाने ‘परिश्रमी’ले ‘नेपाली साहित्यको सेरोफेरोलाई नियाल्दा’ समीक्षा (**पदचिह्न**, २०६२, वर्ष १, अङ्क १, पृ. १२७-१३४) मा लामिछानेलाई समालोचकीय गुण र विशेषतालाई राम्रैसँग आत्मसात् गरेका समसामयिक नेपाली समालोचना क्षेत्रका क्रियाशील भावक हुन् भन्दै लामिछानेभित्रको समालोचकमा प्रभाववादी, व्याख्यात्मक, प्रगतिवादी, तुलनात्मक र निर्णयात्मक समालोचना पद्धतिको मिश्रित छाप परेको कुरा उल्लेख गरेका छन् । यसमा लामिछानेको **नेपाली साहित्यको सेरोफेरो**को समीक्षा मात्र गरिएकाले यसले लामिछानेको समालोचनाकारिताउपर प्रकाश पार्न सकेको छैन ।

त्रिभुवन बरईले “रचना विधानका आधारमा भोकयुद्ध कथासङ्ग्रहको अध्ययन” त्रि.वि., भैरहवा बहुमुखी क्याम्पस, भैरहवामा प्रस्तुत नेपाली स्नातकोत्तर तहको शोधपत्र (२०६५) मा कपिल लामिछानेले स्रष्टा व्यक्तित्वसँगै द्रष्टा व्यक्तित्व पनि विकास गरेका छन् भन्दै लामिछानेलाई यथार्थवादी समालोचकका रूपमा चिनाएका छन् । यो कृतिपरक शोध भएकाले यसमा लामिछानेको समालोचनाको अध्ययन हुन सकेको छैन ।

मोहन दुवालले ‘नेपाली साहित्यको सेरोफेरो भित्र : कपिल लामिछाने’ शीर्षकको लेख (**जुही** कपिल लामिछाने विशेषाङ्क, २०६६, वर्ष २९, अङ्क ३, पूर्णाङ्क ६०, पृ. ३०६-३११) मा समालोचक कपिल लामिछाने आफ्नो दृष्टिबिम्ब फुकाउँदै कृतिको वस्तु र शिल्प दुवै पक्षलाई केलाउँदै कृतिको अन्तर्वस्तु, भावपक्ष वा कृतिभित्रको निहित वैचारिक पक्षको पारख गर्नमा सफल र निपुण छन् भन्दै लामिछानेलाई राष्ट्रस्तरकै स्रष्टा एवम् द्रष्टाका रूपमा चिनाएका  छन् । यसमा लामिछानेको **नेपाली साहित्यको सेरोफेरो**को समीक्षा गरिएकाले यसले लामिछानेको समालोचनाकारिताउपर प्रकाश पार्नसकेको छैन ।

चूडामणि वशिष्ठले ‘कपिल लामिछानेको समालोचकीय पाटो’ शीर्षकको समालोचना (**जुही** कपिल लामिछाने विशेषाङ्क, २०६६, वर्ष, २९, , अङ्क ३, पूर्णाङ्क ६०, पृ. १३०-१३३) मा लामिछानेले कुनै पनि कृतिको अध्ययन विश्लेषण गरी सही निर्णय निकाल्न सक्ने क्षमता **नेपाली साहित्यको सेरोफेरो** पुस्तकमा प्रदर्शन गरेका छन् भन्दै कृतिलाई यथार्थवादी आँखाले हेर्नु समाजसापेक्षमा हेर्नु, प्रगतिवादी दृष्टि पुऱ्याउनु र सहज, सरल भाषामा गहन विचार र विषयलाई प्रस्तुत गर्न सक्नु समालोचक लामिछानेका मुख्य विशेषता हुन् भन्ने कुरा उल्लेख गरेका छन् । फेरि पनि यसले लामिछानेको समग्र समालोचनाकारिताको पहिचान गर्न सकेको छैन ।

घनश्याम न्यौपाने ‘परिश्रमी’ले ‘**नेपाली लोकगाथाको अध्ययन**माथि दृष्टि प्रक्षेपण’ समीक्षा (**जुही** कपिल लामिछाने विशेषाङ्क, २०६६, वर्ष २९, अङ्क ३, पूर्णाङ्क ६०, पृ. ५४३-५४४) मा लामिछानेको **नेपाली लोकगाथाको अध्ययन** कृतिले लेखक लामिछानेलाई

लोकसाहित्यका क्षेत्रमा एक सबल र सशक्त रूपमा उभ्याएको छ भन्दै लोकसाहित्यप्रति रुचि राख्ने तमाम पाठक, अध्येता, शोधार्थी तथा खासगरी स्नातकोत्तर तह नेपाली विषय अध्ययन अध्यापनरत विद्यार्थी र गुरुवर्गका लागि समेत प्रस्तुत कृति उपयोगी हुने कुरा उल्लेख गरेका छन् । यस समीक्षामा लामिछानेको **नेपाली लोकगाथाको अध्ययन**को समीक्षा गरिएकाले यसले लामिछानेको समालोचनाकारिताउपर प्रकाश पार्न सकेको छैन ।

गङ्गाराम ढुङ्गेलले ‘साहित्यकार कपिल लामिछाने’ शीर्षक लेख (**जुही** कपिल लामिछाने विशेषाङ्क, २०६६, वर्ष २९ अङ्क ३, पूर्णाङ्क ६०, पृ. १२०-१२५) मा लामिछानेलाई समालोचनाका आधारमा लामिछाने एक कुशल, निर्भीक, वस्तुतथ्यमा आधारित व्याख्या र विश्लेषण सहित सटिक निर्णय एवम् उपयुक्त मूल्याङ्कन गर्ने समालोचकका रूपमा देखिन्छन् भन्दै सरल, सहज, भाषाशैलीमा लेखिएका उनका प्रायः सबै समालोचनाहरू व्याख्या, विश्लेषण र अनुसन्धानमूलक रहेको चर्चा गरेका छन् । यसमा लामिछानेको समालोचनाकारिताको सामान्य चर्चा मात्र भएको छ ।

लक्ष्मीनाथ ज्ञवाली ‘सुमेरु’ले ‘कपिल लामिछाने : व्यक्ति एक, व्यक्तित्व अनेकभित्रको कवित्व’ लेख (जुही कपिल लामिछाने विशेषाङ्क, २०६६, वर्ष २९, अङ्क ३, पूर्णाङ्क ६०, पृ. ३८७-३९३) मा लामिछानेलाई समालोचकका रूपमा चर्चा गर्दै उनको **नेपाली साहित्यको सेरोफेरो** र उनका समालोचनात्मक तथा समीक्षात्मक कृतिहरू फुटकर रूपमा पनि प्रकाशित भएको कुरा उल्लेख गरेका छन् ।

त्रिभुवन बरईले ‘कपिल लामिछानेको जीवनी, व्यक्तित्व र कृतित्वको पर्यवेक्षण’ जीवनीपरक समालोचना (**जुही** कपिल लामिछाने विशेषाङ्क, २०६६, वर्ष २९, अङ्क ३, पूर्णाङ्क ६०, पृ. ४७४-५१९) मा लामिछानेको समालोचकीय यात्राको प्रथम पुस्तकाकार कृति **नेपाली साहित्यको सेरोफेरो**का माध्यमबाट लामिछाने एक निडर, निर्भीक, स्पष्टवक्ता विज्ञ र अन्वेषक, यथार्थवादी समालोचकका रूपमा स्थापित भएको चर्चा गरेका छन् । यसमा लामिछानेको जीवनी, व्यक्तित्व र कृतित्वको पर्यवेक्षण गरिएकाले यसमा लामिछानेको समालोचनाको विशद चर्चा हुन सकेको छैन ।

द्रोणकुमार उपाध्याय पौडेलले ‘कपिल लामिछानेको नेपाली लोकगाथाको अध्ययन पढेर यस्तो पो लेखियो’ लेख (**जुही** कपिल लामिछाने विशेषाङ्क, २०६६, वर्ष २९, अङ्क ३, पूर्णाङ्क ६०, पृ. ५२५-५२८) मा लामिछाने कुशल व्यवस्थापक तथा ग्रन्थकार रहेको बताउँदै अध्ययन सामग्रीको समायोजन, उपस्थापन र प्रस्तुतिले नेपाली लोकगाथाको अध्ययन नेपाली लोकसाहित्यको फाँटमा महत्त्वपूर्ण सामग्री सिद्ध हुन पुगेको छ भनी यसै ग्रन्थले ग्रन्थकार कपिल लामिछाने लोकसाहित्यका विद्वान्हरूको पङ्क्तिमा सामेल हुन समर्थ विद्वान् रहेको कुरा उल्लेख गरेका छन् । यसमा लामिछानेको **नेपाली लोकगाथाको**

**अध्ययन**को समीक्षा गरिएकाले यसले लामिछानेको समालोचनाकारिताउपर व्यापक प्रकाश पार्न सकेको छैन ।

अनिरुद्ध तिमसिनाले ‘समालोचक कपिल लामिछानेको नेपाली साहित्यको सेरोफेरोमा विचरण गर्दा’ समालोचना (**जुही** कपिल लामिछाने विशेषाङ्क, २०६६, वर्ष २९, अङ्क ३, पूर्णाङ्क ६०, पृ. ५८८-६००) मा लामिछानेलाई बहुमुखी प्रतिभाका धनी समालोचक कपिल लामिछानेले समाजको इतिहासलाई दृष्टिमा राखेर साहित्यिक कृति र कृतिहरूको वस्तुवादी मूल्याङ्कन गर्ने प्रत्यन गरेका अर्थमा उनी सापेक्षतः पर्याप्त सफल छन् र समालोचनाका क्षेत्रमा जे-जति योगदान गरेका छन् त्यो अविस्मरणीय रहेको चर्चा गर्ने लामिछाने प्रगतिशील सिर्जनाको प्रवाहमा गतिशील भएको कुरा उल्लेख गरेका छन् । यसमा लामिछानेको **नेपाली साहित्यको सेरोफेरो**को समीक्षा गरिएकाले यसमा लामिछानेको समालोचनाको समग्र अध्ययन हुन सकेको छैन ।

शिवप्रसाद पौडेलले ‘नेपाली लोकसाहित्यको अध्ययनमा कपिल लामिछाने’ लेख (**जुही** कपिल लामिछाने विशेषाङ्क, २०६६, वर्ष २९, अङ्क ३, पूर्णाङ्क ६०, पृ. ४०३-४१६) मा यो कृति प्रकाशन गरेर लोकगाथाको विषयमा गहन अध्ययन गरेको हुँदा कपिल लामिछाने नेपाली लोकसाहित्यका एक अध्ययनशील अध्येता रहेको पुष्टि हुन्छ भन्दै यस कृतिमा लामिछानेले लोकगाथाको सैद्धान्तिक पक्षको चर्चा गर्नुका साथै विभिन्न स्रोतबाट लिइएका एक्काइसवटा लोकगाथाको अध्ययन-विश्लेषण गरिएको कुरा उल्लेख गरेका छन् । यो समीक्षा लामिछानेको **नेपाली लोकगाथाको अध्ययन**को समीक्षामा केन्द्रित भएकाले यसले लामिछानेको समालोचनाको पहिचान गर्न सकेको छैन ।

ईश्वरीप्रसाद पोखरेलले ‘कपिल लामिछानेका लघुकथाहरू’ समालोचनात्मक लेख ( **जुही** कपिल लामिछाने विशेषाङ्क, २०६६, वर्ष २९, अङ्क ३, पूर्णाङ्क ६०, पृ.१३) मा कपिल लामिछानेलाई नेपाली भाषा र साहित्यमा विशेष रुचि राख्ने वर्तमान समयका एक उर्वर स्रष्टा एवम् द्रष्टा व्यक्तित्वका रूपमा चिनाएका छन् । यो लघुकथाकेन्द्री लेख भएकाले यसमा लामिछानेका समालोचनाको अध्ययन भएको छैन ।

रामेश्वर सुवेदीले “कपिल लामिछानेका कथाहरूको समाजपरक अध्ययन” त्रि.वि. भैरहवा बहुमुखी क्याम्पस, भैरहवामा प्रस्तुत नेपाली स्नातकोत्तर तहको शोधपत्र (२०६७) मा कपिल लामिछानेलाई नेपाली साहित्यमा आफ्नो परिचय बनाइसकेका साहित्यकार हुन् भन्दै स्रष्टा र द्रष्टा दुवै व्यक्तित्वका धनी भएको चर्चा गरेका छन् । यो प्रवृत्तिपरक शोध भएकाले यसमा लामिछानेको समालोचनाको अध्ययन नहुनु स्वाभाविक छ ।

राजश्री गौतमले “कपिल लामिछानेका बालकथाहरूको अध्ययन” त्रि.वि., भैरहवा बहुमुखी क्याम्पस, भैरहवामा प्रस्तुत नेपाली स्नातकोत्तर तहको शोधपत्र (२०६७) मा यथार्थवादी समालोचक कपिल लामिछाने स्रष्टाका रूपमा मात्र नभई द्रष्टा व्यक्तित्वका

रूपमा समेत चिनिएको उल्लेख गरेकी छन् । यो लामिछानेका बालकथामा केन्द्रित शोध भएकाले यसमा लामिछानेका बालकथाको मात्र अध्ययन भएको छ ।

रमा पौडेलले ‵अक्षर उपासनाको उपज समालोचनाको सोपान’ शीर्षकको लेख (**दैनिक लुम्बिनी**, वर्ष २४, पूर्णाङ्क ?, पृ. ३) मा नेपाली साहित्य र समालोचनामा रुचि राख्ने जोसुकैलाई पनि राम्रो खुराक बन्न सक्ने यो पुस्तक स्नातक, स्नातकोत्तर तहको नेपाली अध्ययन अध्यापन गर्ने-गराउनेहरूलाई सन्दर्भ सामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ भन्दै यो पुस्तक साहित्य समालोचनातर्फ लाग्न चाहनेलाई साँच्चिकै सोपान नै भएको बताएका छन् ।

रमा पौडेलले ‵बहुआयाम समेटिएको बहुज्ञ कृति’ शीर्षकको लेख (**दैनिक लुम्बिनी,** वर्ष २४, अङ्क १६१, पृ. ३) मा नेपाली साहित्य, समालोचना, अनुसन्धानमा विशिष्टता हासिल गरिसकेका विद्वान् कपिलदेव लामिछानेले सम्पादन गरेको यो पुस्तक अत्यन्त पठनीय र सङ्ग्रहणीय रहेको जनाएकी छन् ।

शम्भुप्रसाद ढकालले ‵कपिल लामिछानेको नेपाली गाउँखाने कथाको अध्ययन’ शीर्षकको लेख (**अनुसन्धान र टिप्पणी**, २०६८, पृ.७४-७७) मा यो पुस्तक गाउँखाने कथा विषयको सर्वाङ्गीण अध्ययन भएको पछिल्लो पुस्तक हो भन्दा अत्युक्ति हुँदैन भन्दै **नेपाली गाउँखाने कथाको अध्ययन** ग्रन्थको छोटकरीमा परिचय प्रस्तुत गरेका छन् ।

चूडामणि बन्धुले ‵कपिल लामिछानेको प्रस्तुत कृति बारे’ भूमिका (**समीक्षा सिद्धान्त र समीक्षाहरू,** २०६९) मा लेखकहरूका मूल कथ्य विषयलाई समातेर सङ्क्षेपमा र स्पष्ट रूपमा आफ्ना कुरा भन्नु समीक्षक लामिछानेको विशेषता हो भनेका छन् भने यसमा कपिल लामिछाने एक अध्ययनशील एवम् परिश्रमी समीक्षकका रूपमा देखापरेका छन् भन्दै उनले समीक्षा गर्दा वस्तुपरक ढङ्गले गहन अध्ययन-विश्लेषण गरेको बताएका छन् । प्रस्तुत पुस्तक समालोचक र समीक्षा विषयमा शोध गर्ने शोधार्थीहरूका लागि अत्यन्त उपयोगी सिद्ध हुने बन्धुको धारणा रहेको देखिन्छ ।

घनश्याम न्यौपाने ‵परिश्रमी’ले समीक्षा सिद्धान्त र समीक्षाहरूको समीक्षा’ शीर्षकको समीक्षा (**पदचिन्ह**, २०६९, पाइला ३, पृ. ५१-५९) मा प्रस्तुत कृतिले समीक्षा समालोचनाको एउटा पृथक् नवविधा हो भन्ने अवधाराणालाई पुरस्सारित गरेको छ भन्दै प्रस्तुत कृति मूलतः नेपाली समीक्षा जगत्मा एउटा महत्त्वपूर्ण उपलब्धिका रूपमा आएको धारणा व्यक्त गरेका छन् ।

शिवप्रसाद पौड्यालले ‵नेपाली गाउँखाने कथाको अध्ययन : एक समीक्षा’ (**मिर्मिरे,** २०६९, वर्ष ४१, अङ्क २, पूर्णाङ्क ३१५, पृ. १४१-१४९) मा लामिछाने नेपाली लोकसाहित्यका एक अध्ययनशील अध्येता एवम् नेपाली गाउँखाने कथाका अनुसन्धाता बन्न पुगेको पुष्टि हुन्छ भन्दै उनी साहित्य र समालोचनाका क्षेत्रमा र विशेष गरी बालसाहित्य,

समालोचना, साहित्य, सिर्जना र लोकसाहित्यको खोज अनुसन्धानमा आफूलाई परिचित बनाउन सफल व्यक्तित्व पनि हुन् भन्ने विचार व्यक्त गरेका छन् ।

यसरी विभिन्न समय र सन्दर्भमा विभिन्न लेखक-समालोचकहरूले समालोचक कपिल लामिछाने र उनका समालोचनात्मक कृतिका बारेमा आआफ्ना विचार र दृष्टिकोणहरू प्रस्तुत गरेका छन् । **नेपाली साहित्यको सेरोफेरो र नेपाली लोकगाथाको अध्ययन**का बारेमा कृतिपरक समीक्षा देखापरेका छन् भने लामिछानेको समालोचक व्यक्तित्वका बारेमा पनि केही समालोचना देखापरेका छन्, तर पनि समालोचक लामिछानेको व्यक्तित्वको समग्र अध्ययन तथा उनको समालोचनाकारिताको समग्र अध्ययन भने हुन सकेको देखिँदैन ।

## १.६ शोधको औचित्य, महत्त्व र उपयोगिता

सिर्जना र समालोचना दुवै क्षेत्रमा कलम चलाउने कपिल लामिछाने नयाँ पुस्ताका एक सशक्त, निर्भीक र जल्दाबल्दा सर्जक र समालोचक पनि हुन् । मुख्यतः आख्यानका फाँटमा कलम चलाउँदै आएका लामिछानेले समालोचना क्षेत्रमा पनि सशक्त ढङ्गले सफलतापूर्वक कलम चलाएको देखिन्छ । यसअघि उनको समालोचनाकारिताका बारेमा गहन अध्ययन नभएको अवस्थामा यस विषयमा शोध गर्नु आफैँमा औचित्यपूर्ण तथा महत्त्वपूर्ण कार्य हुन आउँछ । प्रस्तुत शोधपत्रको अध्ययनबाट नेपाली साहित्यका पाठक, प्राध्यापक, विद्यार्थी र शोधकर्ताहरू लाभान्वित हुनेछन् । अतः प्रस्तुत शोधकार्य औचित्यपूर्ण र महत्त्वपूर्ण हुनुका साथै यसको उपयोगिता समेत रहेको छ ।

## १.६ शोधको सीमाङ्कन

प्रस्तुत शोधकार्य बहुमुखी प्रतिभा लामिछानेका साहित्यसिर्जनाका अन्य विविध पक्षलाई छोडेर समालोचना विधातर्फ केन्द्रित छ । लामिछानेका **नेपाली साहित्यको सेरोफेरो** (२०५८), **नेपाली लोकगाथाको अध्ययन** (२०६४), **नेपाली गाउँखाने कथाको अध्ययन** ( २०६८), **नेपाली लोकगीतको अध्ययन** (२०६८) **समालोचनाको सोपान** (२०६८), **मोदनाथ प्रश्रित : केही अध्ययन** (सम्पा., २०६८), **कविता पौडेल बहुआयाम** (सम्पा., २०६८) र **समीक्षा सिद्धान्त र समीक्षाहरू** (२०६९) जस्ता समालोचनात्मक ग्रन्थहरू प्रकाशित भएका छन् । एउटै शोधमा यी सबैको अध्ययन सम्भव नभएकाले प्रस्तुत शोध समालोचक कपिल लामिछानेको समालोचनाकारिताको अध्ययनमा मात्र सीमित रहेको छ ।

## १.८ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि प्रमुख रूपमा पुस्तकालीय विधि अवलम्बन गरिएको छ । यसका अतिरिक्त समालोचक कपिल लामिछाने र उनीसँग सम्बन्धित तथा

उनका बारेमा जान्नेबुझ्ने व्यक्तिहरूसँग सम्पर्क गरी आवश्यकताअनुसार लिखित वा मौखिक प्रश्नहरूका माध्यमबाट जानकारी समेत लिइएको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधका क्रममा प्राप्त सामग्री वा तथ्यहरूलाई यहाँ वर्णनात्मक विधिबाट अध्ययन गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नअनुसारका परिच्छेदमा सङ्गठित गरिएको छ :

परिच्छेद एक : शोधपरिचय
परिच्छेद दुई : समालोचनाको सैद्धान्तिक स्वरूप
परिच्छेद तीन : नेपाली समालोचनाको परम्परा
परिच्छेद चार : समालोचक कपिल लामिछानेको समालोचना-यात्रा
परिच्छेद पाँच : कपिल लामिछानेको समालोचना-प्रवृत्ति
परिच्छेद छ : शोधनिष्कर्ष

परिशिष्ट : समालोचक कपिल लामिछानेका फुटकर समालोचनाहरूको सूची

सन्दर्भसूची

# परिच्छेद दुई

# समालोचनाको सैद्धान्तिक स्वरूप

## २.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदमा समालोचनाको परिचय दिँदै पूर्वीय, पाश्चात्य र नेपाली समालोचकहरूका समालोचना सम्बन्धी परिभाषा तथा समालोचनाका प्रकारहरू प्रस्तुत गर्दै समालोचनाको सैद्धान्तिक अध्ययन गरिएको छ ।

## २.२ समालोचनाको व्युत्पत्ति र परिचय

समालोचना सिर्जनात्मक साहित्यभन्दा पछि जन्मेको विधा हो । ॅअवलोकन' अर्थ वहन गर्ने ॅलुच्' धातुमा ॅणिच्' लागेर ॅलोच' बनेपछि (सुवेदी, २०६१:८) । यस ॅलोच्' धातुमा ॅआ' उपसर्ग र ॅल्युट्' (अन) प्रत्यय लागेपछि स्त्रीलिङ्गमा ॅटाप्' (आ) प्रत्यय जोडिँदा आलोचना र त्यसमा ॅसम्' उपसर्ग थपि“दा समालोचना शब्द बन्दछ (क“डेल, २०५५:क) । यसरी ॅसमालोचना' शब्दले कुनै पनि रचना वा विषयलाई सन्तुलित वा संयमित रूपले हेर्ने अर्थ बुझाउ“छ (थापा, २०६६:१८४) । अङ्ग्रेजीमा अचष्तष्अ को अर्थ हुन्छ - अलग गर्नु अर्थात् कृतिको बाह्य र आन्तरिक पक्ष, शिल्प र भाव, गुण र दोष छुट्याएर राख्नु, ष्क्म को अर्थ हो- वाद वा सिद्धान्त । यसबाट पारिभाषिक रूपमा के स्पष्ट हुन्छ भने भाषा, रस, अलङ्कार, रचनाशैली, प्रभाव, कृतिको उद्देश्य, विषय आदि कुराको स्पष्ट र राम्रोस“ग गरिएको विश्लेषण एवम् परीक्षणको सिद्धान्त नै अचष्तष्अष्क्म हो (न्यौपाने, २०४९:३५२) । समालोचना साहित्य, कला र संस्कृतिका बारेका मौलिक कृतिहरूमाथि गरिने सम्यक् दृष्टिप्रक्षेपण र तिनका सबल, दुर्बल पक्षलाई मूल्याङ्कन गर्ने र भावलाई व्यक्त गर्ने एउटा साहित्यिक अधिविधाका रूपमा तयार हुन्छ (सुवेदी, २०६१:२०) । यसको पर्यायवाची शब्दको रूपमा आलोचना, समालोचना, समीक्षा र कहिलेकाहीँ ॅविवेचना' शब्दको पनि प्रयोग हुन्छ ( न्यौपाने, २०४९:३५१) ।

पूर्वीय साहित्यका बढी प्रचलित शब्दहरू समालोचना र आलोचनामध्ये संस्कृतमा ॅसमालोचना' शब्दको बढी प्रयोग पाइन्छ भने हिन्दी साहित्यमा ॅआलोचना' शब्दको प्रयोग भएको देखिन्छ । नेपाली साहित्यमा समालोचना र समीक्षा शब्दको बढी प्रयोग भएको पाइन्छ । असल-खराब, राम्रो-नराम्रो, सत्य-असत्य छुट्याउने चेतना र विवेक शक्ति नै

समालोचनाको आदिस्रोत हो । यसर्थ सन्तोष, सुख वा दु:ख, मन पर्नुको अनुभूति जब प्रतिक्रियास्वरूप व्यक्त हुन्छ, तब त्यो आलोचना भइदिन्छ (प्रधान, २०५८:१) । यसबाट पनि के स्पष्ट रूपमा बुझिन्छ भने विवेच्य कृति र कृतिकारको कलाचेतना भावगाम्भीर्य, सम्प्रेषणक्षमता, मन:स्थिति, परिवेश र आशयभित्र आफूलाई निर्लिप्त पारेर, तन्मय भएर गरिएको गुणदोष आदिको मूल्याङ्कन गर्नु समालोचना हो (न्यौपाने, २०४९:३५१) । यसरी कुनै पनि कृति वा कृतिकारलाई सम्यक् दृष्टिले विवेचना गर्नु नै समालोचना हो भन्ने देखिन आउँछ ।

## २.३ समालोचनाको परिभाषा र स्वरूप

समालोचनाको परिभाषाका सम्बन्धमा विभिन्न विद्वान्का आआफ्ना धारणा एवम् विचारहरू पाइन्छन् । पूर्वीय, पाश्चात्य र नेपाली समालोचकहरूले पनि समाचलोचनाका बारेमा आफ्ना अभिमत प्रस्तुत गरेका छन् । यहाँ त्यस्ता केही परिभाषा एवम् धारणाहरूलाई देखाइन्छ ।

पूर्वीय काव्यशास्त्रमा रसवाद, अलङ्कारवाद, रीतिवाद, ध्वनिवाद, औचित्यवाद जस्ता सम्प्रदायहरू रहेको भए पनि समालोचनाबारे छुट्टै परिभाषा दिएको पाइँदैन । भरतमुनिबाट सुरु भएर अघि बढ्ने क्रममा चौथो शताब्दीका दण्डीले अलङ्कारलाई समीक्षाको मूल आधार मानेका छन् (उपाध्याय, २०५५:१३) । एघारौँ शताब्दीका वामनले शैली र अभिव्यक्ति पक्षलाई, विश्वनाथ र जगन्नाथ जस्ता विद्वान्ले पनि भरतको रस परम्परालाई समीक्षाको मूल तन्त्र मानेका छन् (भुसाल, २०६२:२८) । समालोचक ब्रह्माजीले नदेखेको, नजानेको पनि पनि देख्न र जान्न सक्तछ र ब्रह्माजीभन्दा पनि सूक्ष्मदर्शी हुन्छ भन्ने भनाइ राजशेखरको छ (सुवेदी, २०६१:२१) । राजशेखरले भावभित्री प्रतिभाले कविका श्रम र अभिप्रायलाई प्रकाशमा ल्याउ"छ भनेका छन् (क"डेल, २०५५:ख) ।

हिन्दी साहित्यका समीक्षकहरूले समालोचनालाई आफ्नो युग परिवेश अनुकूल परिभाषित गरेका छन् । क्षेमचन्द्र सुमन र योगेन्द्रकुमार मल्लिकका अनुसार सृजित सामग्रीको अध्ययन र मनन गरेर त्यस सामग्रीप्रतिको अभिमत प्रकट गरिनुलाई आलोचना कार्य भनेर स्विकारिन्छ । यदि सम्पूर्ण साहित्यलाई जीवनको व्याख्या मानिन्छ भने आलोचनालाई त्यस व्याख्याको पनि अधिव्याख्या मान्नुपर्छ (सुवेदी, २०६१:१५) । श्यामसुन्दर दासका मतमा साहित्य-क्षेत्रमा ग्रन्थहरू पढेर तिनका गुणदोषको विवेचना गर्नु ग्रन्थहरूका विषयमा आफ्नो मत प्रकट गर्नु आलोचना कहलाउ"छ (अधिकारी, २०५१:६) । शशिभूषण सिंहका अनुसार जसरी एउटा विशाल वनस्पति प्रान्तमा फुलेका फूलहरू छानेर मौरीले पराग र पुष्परागबाट मदमात्र पहिल्याएर सञ्चय गर्दछ त्यसरी नै आलोचक स्रष्टाहरूको विशाल भीडबाट सही र खास स्रष्टालाई छानेर त्यस स्रष्टाका कृतिभित्र निहित मूल्यलाई

पाठकसामु आलोचकीय भाषामा प्रस्तुत गरिदिन्छ । यो पनि एउटा सृजना प्रक्रिया हो, यसबाट आलोचक एउटा स्रष्टा पनि हो भन्ने कुरा सिद्ध हुन्छ (सुवेदी, २०६१:६)।

नेपाली समालोचकहरूले पनि समालोचानका बारेमा आफ्ना अभिमत प्रकट गरेको पाइन्छ । तारानाथ शर्माका विचारमा आलोचना फटाहाहरूलाई लाटो पारुन्जेल पोल्ने सिस्नु हो (न्यौपाने, २०४९:३५९) । रामकृष्ण शर्माका अनुसार सुख-दुःख, राम्रो-नराम्रो, मनपर्दो-नपर्दो इत्यादि कुराको मस्तिष्कमा जब विवेचन हुन्छ, त्यसको परिणाम स्वरूप समालोचनाको जन्म हुन्छ (सुवेदी, २०६१:१७)। यदुनाथ खनालका विचारमा पानीको प्रवाहलाई नदी भन्ने नाम दिनु साहित्य हो, नदीका बारेमा अरु विशेष कुरा जान्नु, उसको मूल, मुख खोज्नु आलोचना हो (खनाल, २०४९:३)। बालकृष्ण पोखरेलका विचारमा समालोचना इन्जेक्सनको सुई हो, च्वास्स घोचेर भए पनि मनको बह निको पारिदिन्छ । अर्थात् कटु जस्तो भएर पनि लाभप्रद, दोषहरू देखाइदिने र त्यसलाई हटाउन उपाय गर्ने कुशल डाक्टरको छुरा समालोचना हो (न्यौपाने, २०४९:३५९) । अम्बिकाप्रसाद अधिकारीका अनुसार समालोचकलाई म ईश्वर जस्तै ठान्दछु र समालोचना शब्दले मलाई ईश्वरीय गुणको सम्झना गराउ“छ (थापा, २०६६:१८६) ।

समालोचाका बारेमा लक्ष्मीप्रसाद देवकोटा लेख्छन् : हुन त समालोचकको छेड कतै कुत्कुतयाउँछ, चिलाउने ठाउँमा कन्याइदिन्छ, कतै लिखा परेका ठाउँमा ठुङ मार्छ, घाउ चिरिदिन्छ, राल सिङान पुछ्दछ । व्याकरणले तर्कुल्याबर्धन्याको दाया“-बाया“को घुम्टो ठाउ“-ठाउ“मा मिलेन भनेर नाक चेप्याउने अवकाश कहीँ पाउला, तर रसिक अर्कै चिजमा रमाउला (सुवेदी, २०६१:१७) । मोहन हिमांशु थापाका अनुसार साहित्यिक रचनाप्रति व्यवस्थित र सन्तुलित रूपमा गरिएको रचनात्मक प्रतिक्रिया, सम्यक् विवेचना नै समालोचना हो (थापा, २०६६:१८६) ।

कपिल लामिछाने समालोचनालाई अर्थ्याउँदै लेख्छन् : अक्षरले अक्षरलाई नै अर्थ्याउँछ । अक्षरले अक्षरलाई नै आकृष्ट गर्छ । समालोचना भनेको पनि यही अक्षरले अक्षरलाई बुझाउने-चिनाउने एउटा प्रयत्न हो । प्रकारान्तरले भन्ने हो भने लेख्य भाषाका माध्यमबाट साहित्यिक कृतिको अर्थ लगाउने, व्याख्या-विश्लेषण र मूल्याङ्कन गर्ने काम नै समालोचना हो (लामिछाने, २०६८:ग) ।

यसै गरी पाश्चात्य समालोचकहरूले पनि समालोचनाका परिभाषा दिएका छन् । अझ साहित्यिक कृतिको समालोचना गर्ने परिपाटीको सर्वप्रथम पाश्चात्य जगत्बाट सुरुवात् भएको हो (न्यौपाने, २०५५:३४) । पाश्चात्य सामालोचक कलरिज साहित्य निर्माणका नियमहरूको निर्धारण गर्नु समालोचना हो भन्ने ठान्छन् (न्यौपाने, २०४९:३५६) । इमर्सनका अनुसार आलोचकको कार्य शिक्षा दिनु होइन, अपितु स्रष्टालाई प्रेरित या उत्साहित गर्नु हो (

सुवेदी, २०६१:२१) । टी.एस. इलियटका मतमा समालोचना लिखित शब्दका माध्यमद्वारा गरिने कलाकृतिको टीकाटिप्पणी र व्याख्या विवेचना हो (क“डेल, २०५५:ग) ।

क्रिस्टोफर कड्वेलका अनुसार साहित्यको स्रोत भौतिक ब्रह्माण्ड हो । मान्छेको सम्बन्ध यस ब्रहमाण्डका सम्पूर्ण गतिविधिस“ग जोडिएको हुन्छ । यस कुरालाई स्विकारिन थालेपछिको साहित्य समाजका समग्र पक्षस“ग सम्बन्धित छ भनेर देखाउन सक्ने तत्त्व समालोचना हो (सुवेदी, २०६१:१५) । बेन जोन्सका अनुसार कविहरूको परीक्षा केवल कविहरूले गर्दछन् । सबै कविहरूले पनि होइन, तर उत्तम कविहरूले मात्र (न्यौपाने, २०४९:३५६) ।

डब्लु. एच. हड्सनका अनुसार साहित्यिक कलाका विविध रूपमा सृजनात्मक साहित्य जीवनको व्याख्या हो भने समालोचनात्मक साहित्य, साहित्यका विविध रूप र व्याख्याको पनि व्याख्या हो (थापा, २०६६:१८५) ।

ब्रिटानिका विश्वकोशका अनुसार समालोचना साहित्य वा ललित कलामा सौन्दर्यपरक तत्त्वका गुण एवम् मूल्यको परीक्षण गर्ने कला हो (क“डेल, २०५५:ग) ।

यसरी कुनै पनि कृति वा कृतिकारलाई सम्यक् दृष्टिले विवेचना गर्नु नै समालोचना हो भन्ने देखिन आउँछ । पूर्वीय, पाश्चात्य र नेपाली समालोचकहरूले समाचलोचनाका बारेमा प्रस्तुत गरेका परिभाषा एवम् अभिमतबाट यही बुझिन्छ ।

## २.४ समालोचनाका प्रकार

सबै समालोचना समान छैनन् । त्यसैले समालोचनाको वर्गीकरण गर्नु पर्ने हुन्छ । समालोचनालाई विभाजन गर्ने विभिन्न आधार छन् । साहित्यमा प्रचलित वाद, पद्धति, प्रवृत्ति, दृष्टि, सम्प्रदाय आदिका आधारमा समालोचनाका विभिन्न प्रकार देखिन्छन् । फेरि पनि समालोचनाका सैद्धान्तिक र व्यावहारिक समालोचना गरी मुख्य दुई भेद देखिन्छन् । रीति, वृत्ति, छन्द, गुण, अलङ्कार, रस, रचनाविधान आदि साहित्यका कलापक्ष र भावपक्ष जस्ता आधारभूत तत्त्वको विवेचना, स्थापना तथा समालोचना र लेखनका सामान्य सिद्धान्तको प्रतिपादन एवम् मानदण्डको स्थापना आदि गरिएको समालोचना सैद्धान्तिक समालोचना हो (न्यौपाने, २०४९:३७५-३७६) । व्यावहारिक समालोचनामा सौन्दर्यशास्त्रीय आधारलाई स्थापित सैद्धान्तिक मापदण्डलाई ध्यानमा राख्दै कृतिका रूप वस्तु आदि कुनै वा सबै पक्षलाई केलाउने र त्यसैका आधारमा कृतिको मूल्याङ्कन गर्ने गरिन्छ (क“डेल, २०५५:घ) । पूर्वमा आचार्य भरतको **नाट्यशास्त्र,** जगन्नाथको **रसगङ्गाधर** नामक ग्रन्थ सैद्धान्तिक समालोचनास“ग सम्बन्धित छन् भने पश्चिममा अरिस्टोलको **काव्यशास्त्र**लाई सैद्धान्तिक समालोचनाको ग्रन्थ मानिएको छ । नेपालीमा यदुनाथ खनालको **समालोचनाको सिद्धान्त** (

२००३) सैद्धान्तिक समालोचनाको उदाहरण हो । सृजित कृतिमाथि आआफ्नो समालोचकीय दृष्टि प्रस्तुत गर्दा विभिन्न प्रकारका विचार, मान्यता, अवधारणाहरूको निर्माण हुन पुग्छ, जसले गर्दा समालोचनाका पनि अनेक प्रकारहरू देखिन पुगेका छन् । सैद्धान्तिक समालोचना, ऐतिहासिक समालोचना, मनोवैज्ञानिक समालोचना, प्रभाववादी समालोचना, प्रगतिवादी समालोचना, शैलीवैज्ञानिक समालोचना, तुलनात्मक समालोचना, व्याख्यात्मक समालोचना, स्रष्टापरक समालोचना, निर्णयात्मक समालोचना, जीवनीपरक समालोचना, संरचनावादी समालोचना, कृतिपरक समालोचना, नारीवादी समालोचना र लोकसाहित्यपरक समालोचना गरी समालोचनाका विविध र मुख्य प्रकारहरू रहेका पाइन्छन् । यहाँ यिनको सङ्क्षेपमा परिचय दिइएको छ ।

### २.४.१ सैद्धान्तिक समालोचना

कुनै साहित्य सिद्धान्तमा केन्द्रित भएर गरिने समालोचनालाई सैद्धान्तिक समालोचना भनिन्छ । सैद्धान्तिक समालोचनामा कृतिका वस्तु, रूप आदिलाई आधार बनाएर कृतिको व्यावहारिक समालोचना गर्नुका सट्टा समालोचनाको मापदण्डका रूपमा सामान्य सिद्धान्तहरूको निर्माण गरिन्छ र तिनका आधारमा कृतिका वस्तु, रूप आदिलाई केलाउने एवम् कृतिका विशेषताको निरूपण गर्ने प्रयास गरिन्छ (क"डेल, २०५५:घ) । यसले साहित्यका विधाहरूको स्वरूप, गुण, तत्त्व, प्रकार आदिको विवेचना गर्छ (न्यौपाने, २०४९:३७६) । यो समालोचना पद्धति अति प्राचीन हो । यसको थालनी पूर्वमा आचार्य भरतबाट र पश्चिममा प्लेटोबाट भएको मानिन्छ ।

केही नेपाली समालोचकहरूले पनि यसतर्फ कलम चलाएका छन् । यदुनाथ खनालको **समालोचनाको सिद्धान्त** (२००३), सोमनाथ सिग्देलको **साहित्य प्रदीप** (२०१६), कुलचन्द्र गौतमको **अलङ्कार चन्द्रोदय** (१९७५), केशवप्रसाद उपाध्यायको **साहित्य प्रकाश** (२०३०), वासुदेव त्रिपाठीको **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** (२०३०), मोहन हिमांशु थापाको **साहित्य परिचय** (२०३७), टङ्कप्रसाद न्यौपानेको **साहित्यको रूपरेखा (२०४९)**, भानुभक्त पोखरेलको **सिद्धान्त र साहित्य** (२०४०), घनश्याम न्यौपाने 'परिश्रमी'को **गजल सौन्दर्य मीमांसा** (२०६४), इन्द्रबहादुर राईको **नेपाली उपन्यासका आधारहरू** (२०३०), हेमाङ्गराज अधिकारीको **पूर्वीय समालोचनाको सिद्धान्त** (२०३०), अभि सुवेदीको **पाश्चात्य काव्यसिद्धान्त** (२०३०), मोहनराज शर्माको **समकालीन समालोचना : सिद्धान्त र प्रयोग** (२०५५) आदि नेपालीमा उपलब्ध सैद्धान्तिक समालोचनाका केही उदाहरण हुन् ।

### २.४.२ ऐतिहासिक समालोचना

ऐतिहासिक समालोचना साहित्यको इतिहासस"ग सम्बन्धित हुन्छ । ऐतिहासिक समालोचना आधुनिक युगको लोकप्रिय समालोचना पद्धति हो । केही यस्ता आलोचनाहरू

जुन केवल कृतिभित्र मात्र पनि सीमित छैनन्, जसमा निर्णयात्मक वा शास्त्रीय पद्धति पनि अ"गालिएको छैन, तर कृतिको विश्लेषण गर्दा तत्कालीन वा पूर्वकालीन विभिन्न परिस्थितिहरूको इतिहासको प्रमुख आधार मानिएको छ भने यस्तालाई ऐतिहासिक समालोचना भन्नुपर्छ भन्ने मान्यता टङ्कप्रसाद न्यौपानेको छ (न्यौपाने, २०४९:३८१) । ऐतिहासिक समालोचना अनुसन्धानमूलक हुन्छ ।

केही नेपाली समालोचकहरूले यसतर्फ कलम चलाएका छन् । बाबुराम आचार्यको **पुराना कवि र कविता** (२००३), ईश्वर बरालको **झ्यालबाट** (२००६), कमल दीक्षितको **यस्तो पनि** (२०१४), यज्ञराज सत्यालको **नेपाली साहित्यको भूमिका** (२०१७), डिल्लीराम तिमिल्सिना र माधव भँडारीको **हाम्रो साहित्य र साहित्यकार** (२०१८), दयाराम श्रेष्ठ र मोहनराज शर्माको **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (२०३४), राजेन्द्र सुवेदीको **नेपाली समालोचना : परम्परा र प्रवृत्ति** (२०६१), घनश्याम क"डेलको **नेपाली समालोचना** (२०५५), लीला लुइँटेलको **नेपाली महिला कथाकार** (२०६०), खगेन्द्रप्रसाद लुइँटेलको **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०), गणेशबहादुर प्रसाइँको **सुवानन्ददेखि राजीवलोचनसम्म** (२०४४), इन्द्रबहादुर राईको **दार्जिलिङमा नेपाली नाटकको अर्द्धशताब्दी** (२०४१), शरदचन्द्र शर्माको **नेपाली साहित्यको इतिहास** (२०३७), केशवप्रसाद उपाधयायको **प्राथमिककालीन कवि र काव्यप्रवृत्ति** (२०३२), भिक्टर प्रधानको **नेपाली जीवनी तथा आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना** (२०४४) आदि ऐतिहासिक समालोचनाका केही उदाहरण हुन् ।

### २.४.४ मनोवैज्ञानिक समालोचना

कृतिकार, कृति, कृतिगत चरित्र तथा पाठकको मानसिक स्नायविक विश्लेषणलाई मनोविज्ञानपरक वा मनोविश्लेषणात्मक समालोचना भनिन्छ (शर्मा र लुइ"टेल, २०६३:१६२) । कविलेखकको जीवनमा घटेका सानाठूला घटनाहरू, उसका एक्लो र सामूहिक र जीवनका आचरणहरूले नै काव्य रचनामा प्रेरित गर्ने हुनाले लेखकको पूर्ण व्यक्तित्व र जिन्दगीको परिचयका सन्दर्भमा उसका कृतिको विवेचना गर्ने पद्धति मनोवैज्ञानिक आलोचना भनिन्छ (न्यौपाने, २०४९:३८०) । यसमा लेखक र कृतिगत पात्रको मानसिकताको वैज्ञानिक अध्ययन, विश्लेषण र मूल्याङ्कन हुन्छ (थापा, २०६६:१९८) । यस्ता आलोचनामा लेखकको जाति, वंश वातावरण र चरित्रलाई ध्यान दिइन्छ (न्यौपाने, २०४९:३८०) ।

नेपालीमा मनोविज्ञानपरक समालोचना गर्ने प्रतिनिधि समालोचक मुरारिप्रसाद रेग्मी हुन् । उनका कृति **मनोवैज्ञानिक समालोचना** (कथा खण्ड २०३६) एवम् **मनोविश्लेषणात्मक समालोचना** (उपन्यास खण्ड, २०४०) र **मनोविश्लेषणात्मक समालोचना** (समसामयिक कथा खण्ड २०५३) प्रकाशित छन् ।

### २.४.५ प्रभाववादी समालोचना

व्यक्तिको अभिरुचि र कृतिको अध्ययनबाट आफूमा परेको प्रभावका आधारमा समालोचना हुन्छ (थापा, २०६६:१९६) । कुनै उत्तम लाग्ने कृतिको प्रभावबाट जन्मिने प्रतिक्रियात्मक समालोचना नै प्रभावपरक समालोचना हो । यसमा केही हदसम्म तथ्य अन्वेषणको मात्रा पनि रहन्छ र सैद्धान्तिक आधारहरूको चयन पनि केही मात्रामा प्रभावपरक ढङ्गमा गरिएको हुन्छ (सुवेदी, २०६१:२६८) । जुन आलोचनामा साहित्य सम्बन्धी शास्त्रीय मान्यता, नियमहरूको बन्धन स्वीकार गरिएको ह"ुदैन, तर आलोचना स्वतन्त्र रूपमा आफ्ना वैयक्तिक रुचि, अरुचि, भावना र जीवन दर्शनलाई प्रधानता दिइन्छ, कुनै कृतिद्वारा आफूमा परेको प्रभाव आफ्नो मनका तरङ्गहरू, भावलहरहरू प्रस्तुत गरिन्छ भने त्यस्तोलाई प्रभावात्मक वा आत्मप्रकाशनात्मक आलोचना भनिन्छ (न्यौपाने, २०४९:३७८) ।

केही नेपाली समालोचकहरूले यसतर्फ पनि कलम चलाएका छन् । मोतीराम भट्टको **कवि भानुभक्त आचार्यको जीवन चरित्र** (१९४८), सूर्यविक्रम ज्ञवालीको **कथा कुसुमको भूमिका** (१९९५), रामकृष्ण शर्मा को **सप्त शारदीय** (२०२४), गोमा उपाध्यायको **नेपाल र भारतका नारी प्रतिभा** (२०४४), माधवलाल कर्माचार्यको **आलोचना साहित्य** (२०२२), रत्नध्वज जोशीको **आधुनिक नेपाली साहित्यको झलक** (२०२१), तारानाथ शर्माको **भानुभक्तदेखि तेस्रो आयामसम्म** (२०२७), कुमारबहादुर जोशीको **महाकवि देवकोटा र उनका महाकाव्य** (२०३१), लक्खीदेवी सुन्दासको **दार्जिलिङका केही नेपाली साहित्य प्रतिभाहरू** (२०४४), गायत्री श्रेष्ठको **देवकुमारी थापाको व्यक्तित्व र कृतित्वको अध्ययन** (२०४६), भानुभक्त पोखरेलको **कवि घिमिरे र उनको काव्य चिन्तन** (२०४८), देवी सुवेदीको **महान् विभूति बालकृष्ण सम** (२०५९), वामदेव पहाडीका **विवेक र मन्थन** (२०५३) तथा **आलोचनाको वृत्त** (२०५४) **समालोचना सङ्ग्रह**, पुष्कर लोहनीको **चहकदार मइनटोल र पिलपिले लालटिन** (२०४३), घटराज भट्टराईको **भीमनिधि : व्यक्ति र कृति** (२०३२), चूडामणि बन्धुको **देवकोटा** (२०३६), कृष्णहरि बरालको **सन्दृष्टि** (२०५६), राममणि रिसालको **नेपाली काव्य र कवि** (२०३१), सुषमा आचार्यको **लैनसिङ वाङ्देलको औपन्यासिक कृतिको मूल्याङ्कन** (२०५८) आदि नेपालीमा देखिएका यस्तै प्रभाववादी समालोचना हुन् ।

### २.४.६ प्रगतिवादी समालोचना

मार्क्सेली द्वन्द्वात्मक भौतिकवादका अनुसार समाजको आर्थिक स्थिति र वर्गसङ्घर्षका परिप्रेक्ष्यमा कृतिको मूल्याङ्कन गरिने समालोचनालाई प्रगतिवादी समालोचना भनिन्छ (शर्मा र लुइ"टेल, २०६३:३३५) । मार्क्सवादी समालोचना द्वन्द्वान्त्मक भौतिकवाद र वर्गसङ्घर्षलाई आधारभूमिका रूपमा लिइन्छ तथा श्रमजीवी र सर्वहारा वर्गको हितलाई ध्यानमा राखेर

विवेचना गरिन्छ, जसले गर्दा यसलाई भौतिकवादी समालोचना पनि भनिन्छ (थापा, २०६६: १९८-१९९) । यस पद्धतिलाई चिनाउन मार्क्सवादी समालोचना, भौतिकवादी आलोचना, द्वन्द्वात्मक भौतिकवादी समालोचना, सामाजिक यथार्थवादी समालोचना जस्ता नामहरू प्रयुक्त हुने गरेको पाइन्छ (भुषाल, २०६१/२०६२:८०) । यस सिद्धान्तले मानवीय आदर्श र आध्यात्मिक सत्ताको विरोध गर्दछ र आर्थिक रूपलाई अर्थात् भौतिक जगत्लाई नै चरम सत्य मानी तदनुसार कृतिको विवेचना गर्छ (न्यौपाने, २०४९:३७९) ।

केही नेपाली समालोचकहरूले यसतर्फ पनि कलम चलाएका छन् । हृदयचन्द्र सिंह प्रधानको **केही नेपाली नाटक** (२००४), डी.पी. अधिकारीको **यथार्थवादी समालोचना** (२०१६), सरिता ढकालको **प्रगतिशील दृष्टिमा केही समालोचनाहरू** (२०२१), आनन्ददेव भट्टको **जनताको साहित्य** (२०४८), कृष्णचन्द्र सिंह प्रधानको **कवि व्यथित र काव्य साधना** (२०१५), तारानाथ शर्माको **घोत्ल्याइ"हरू** (२०२१), नरेन्द्र चापागाइ"को **केही सिद्धान्त र केही विश्लेषण** (२०५२), रविलाल अधिकारीको **प्रगतिवादी नेपाली समालोचना** (२०५६), मोहन दुवालको **आलोचना र परिचय** (२०४४), चूडामणि रेग्मीको **बाइस समालोचना** (२०५८), ऋषिराज बरालको **प्रगतिवाद र नेपाली उपन्यास** (२०४०), निनु चापागाइ"को **मार्क्सवादी चिन्तन र सौन्दर्य** (२०५५), विष्णु प्रभातको **मार्क्सवादी सिद्धान्त र व्यवहार** (२०४७), घनश्याम ढकालको **मार्क्सवादी सौन्दर्य शास्त्रको विवचेना** (२०५४), गंगा उप्रेतीको **व्यक्ति, कृति र प्रवृत्ति** (२०५८), राजेन्द्र सुवेदीको **सृजन विधाका परिधिमा पारिजात** (२०५३), मुरारि अर्यालको **मार्क्सवादी सौन्दर्यशास्त्र** (२०४९), धर्मराज अधिकारीको **श्यामप्रसाद : विश्लेषण र मूल्याङ्कन** (२०४७), जगदीशचन्द्र भण्डारीको **मेरा आँखामा तानाका जमर्काहरू** (२०४०) आदि केही उल्लेख्य प्रगतिवादी समालोचक र समालोचना हुन् ।

### २.४.७ शैलीवैज्ञानिक समालोचना

शैलीवैज्ञानिक समालोचनाले साहित्यमा समाज अर्थात् कृतिभित्रका संसारको व्याख्या प्रस्तुत गरेर आफ्नो समाज सापेक्षतालाई सिद्ध गर्छ (शर्मा र लुइटेल, २०६३:२५६) । यसले भाषाशास्त्रलाई आधार बनाएर साहित्यको विवेचना गर्छ । यो साहित्यिक समालोचनाको क्षेत्रमा नवीन प्रणालीका रूपमा देखापरेका छ । यसले कृतिको वैज्ञानिक ढङ्गले अध्ययन विश्लेषण गर्छ । शैलीविज्ञानलाई शैलीवैज्ञानिक समालोचना, साहित्यिक शैलीविज्ञान, साहित्यिक भाषाविज्ञान, प्रयोगात्मक समीक्षा, भाषावैज्ञानिक साहित्य समालोचना, साहित्यको संरचनात्मक व्याख्या, साहित्यको सिर्जनात्मक समालोचना, साहित्यको वैज्ञानिक समालोचना आदि विभिन्न नाम दिइएको पनि पाइन्छ (शर्मा र लुइटेल, २०६३:२४२) ।

नेपालीमा पनि शैलीवैज्ञानिक पद्धतिमा रहेर केही समालोचकले कलम चलाएका छन् । अभि सुवेदीको **भाषाशास्त्र र साहित्यको सम्बन्ध** (२०३८), घनश्याम नेपालको **शैलीविज्ञान**

(२०४८), मोहनराज शर्माको **शैलीविज्ञान** (२०४८) आदि त्यस्ता केही प्रमुख समालोचना र समालोचक हुन् ।

### २.४.८ तुलनात्मक समालोचना

उस्तै-उस्तै किसिमका कृतिहरूको गुणदोष र प्रकृति आदिका सम्बन्धमा गरिएको तुलना, दुई वा दुईभन्दा बढी कविलेखकहरू वा तिनका कृति वा तत्सम्बन्धी विषयको उपादेयता, कलागत सौन्दर्य आदिको एकै साथ परीक्षण गर्ने पद्धति तुलनात्मक समालोचना हो । एकै कविका भिन्न कविताको पनि परस्पर तुलना हुन सक्छ । तुलनाको आधारभूमिमा विवेचना गरिएको समालोचनालाई तुलनात्मक समालोचना भनिन्छ (थापा, २०६६:२००) ।

केही नेपाली समालोचकहरूले यसतर्फ पनि कलम चलाएका छन् । बाबुराम आचार्यको **तुलनात्मक सुन्दरकाण्ड** (२००२), कमला सांकृत्यायनको **भानुभक्त र तुलसीदासको रामायण : तुलनात्मक अध्ययन** (?) आदि केही तुलनात्मक समालोचनाका उदाहरण हुन् ।

### २.४.९ व्याख्यात्मक समालोचना

कृतिको प्रतिपाद्य विषय र अभिव्यक्तिभित्र सीमित रहेर निरपेक्ष रूपमा कलाको विषयवस्तु र रूपका सम्बन्धमा गरिएको विश्लेषण, सौन्दर्यको उद्घाटन तथा कृतिकारको आशय बुझ्ने प्रयासका सिलसिलामा गरिएको आलोचनालाई व्याख्यात्मक समालोचना भनिन्छ (न्यौपाने, २०४९:३७७) । कृतिको वैज्ञानिक अध्ययन र व्याख्या नै व्याख्यात्मक समालोचनाको मूल मन्त्र हो (थापा, २०६६:१९३) । यसमा कृतिको व्याख्या र विवेचना सुव्यवस्थित ढङ्गले गरिन्छ । यसमा शास्त्रीय तथा सैद्धान्तिक आधारको आवश्यकता पर्दैन । यो कठोर नियमको बन्धनबाट मुक्त रहेको हुन्छ ।

केही नेपाली समालोचकहरूले यसतर्फ पनि कलम चलाएका छन् । अम्बिकाप्रसाद अधिकारीको **सुलोचनामा परिलाइएको समाज** (२०११), चन्द्रेश्वर दुबेको **तेस्रो आयामको शवपरीक्षा** (२०३८), वासु रिमाल 'यात्री'को **केही साहित्यिक चिन्तन** (२०३०), भानुभक्त पोखरेलको **साहित्यिक अनुशीलन** (२०३५), रामलाल अधिकारीको **नेपाली निबन्धयात्रा** (२०३२), बाबुराम आचार्यको **पुराना कवि र कविता** (२००३), हृदयचन्द्र सिंह प्रधानको **केही नेपाली नाटक** (२००२) आदि व्याख्यात्मक समालोचनाका केही उदाहरण हुन् ।

### २.४.१० निर्णयात्मक समालोचना

केवल व्याख्या र सिद्धान्तको पृष्ठभूमिमा मात्र समालोचना नगरेर, न्यायाधीशले निर्णय गरे झैं वा सफाइ दिए झैँ निर्णयात्मक समालोचनाले निर्णय दिन्छ (थापा,

२०६६:१९४) । यस किसिमको आलोचनामा कृतिका सत्-असत् र स्थायी-अस्थायी तत्त्वहरूको परस्पर तुलना गरेर श्रेष्ठता-अश्रेष्ठताको मूल्याङ्कन गरिन्छ । यस्ता आलोचकहरू न्यायाधीश हुनुपर्छ (न्यौपाने, २०४९:३७८) । यस समालोचनाको मुख्य उद्देश्य कृति पढेर त्यस सम्बन्धी आफ्नो निर्णय दिनु हो ।

नेपालीमा रामकृष्ण शर्मालाई यस्तै समालोचकका रूपमा लिइन्छ । उनको **अङ्ग्रेजी साहित्यको प्रभाव** (१९९९) मा निर्णयात्मकता पाइन्छ । यसै बाटोमा केही फुटकर समालोचना पनि दृष्टिगोचर भएका छन् । कपिल लामिछानेको निर्भीक समालोचक रामकृष्ण शर्मा' (**दैनिक निर्णय,** २०४३) गणेशलाल सुब्बाको 'मुनामदन : एक यथार्थवादी समालोचना' (**दियालो**, वर्ष १, अङ्क १), आनन्ददेव भट्टको 'कवि सिद्धिचरण श्रेष्ठज्यूमा क्रान्तिकारिता' ( **रुपरेखा**, पूर्णाङ्क ६), हीरामणि शर्मा पौड्यालको 'सामाजिक महाकाव्य रूपमा देवकोटाको सुलोचना महाकाव्य' (**हाम्रो पुरुषार्थ**, पूर्णाङ्क १४, २०३८) आदि यस्तै निर्णयात्मक केही फुटकर समालोचना हुन् ।

### २.४.११ स्रष्टापरक समालोचना

साहित्य सर्जकलाई स्रष्टा भनिन्छ । स्रष्टालाई प्रमुख आधार र केन्द्र बनाएर गरिने समालोचना पद्धतिलाई नै स्रष्टापरक समालोचना भनिएको हो । यसमा कृतिको विश्लेषण गर्नु अगाडि सर्जकका बारेमा पूर्ण रूपमा जानकारी लिनु आवश्यक हुन्छ ।

केही नेपाली समालोचकहरूले यसतर्फ पनि कलम चलाएका छन् । मोतीराम भट्टको **कवि भानभुक्त आचार्यको जीवन चरित्र** (१९४८), सूर्यविक्रम ज्ञवालीको **भानुभक्तको जीवन चरित्र** (१९८४), ब्रह्म शमशेरको **कवि भानुभक्त** (१९९५), नरदेव पाण्डेको **कविवर मोतीराम भट्टको जीवनी (१९९५),** बालचन्द्र शर्माको **भानुभक्त** (२०१४), नित्यराज पाण्डेको **महाकवि देवकोटा** (२०१७), कुमारबहादुर जोशीको **महाकवि देवकोटा र उनका महाकाव्य** (२०३१), चूडामणि बन्धुको **देवकोटा** (२०३६), नरहरि आचार्यको **नेपाली साहित्यमा सोमनाथ सिग्देलको योगदान** (२०३३), भानुभक्त पोखरेलको **कवि घिमिरे र उनको काव्यचिन्तन** ( २०४८), चूडामणि रेग्मीको **पारिजात परिचय र मूल्याङ्कन** (२०५०), नरेन्द्र प्रसाईंको **लैनसिंह बाङ्देलको जीवनी** (२०५९), देवी सुवेदीको **महान् विभूति बालकृष्ण सम** (२०५९), घटराज भट्टराईको **महाकवि देवकोटाका आनीबानी** (२०५५) आदि स्रष्टापरक समालोचनाका केही उदाहरण हुन् ।

### २.४.१२ कृतिपरक समालोचना

साहित्यिक कृतिलाई मूल आधार मानेर गरिने समालोचनालाई कृतिपरक समालोचना भनिन्छ । यस समालोचना पद्धतिमा कृतिगत तत्त्व एवम् पक्षहरूलाई बढी महत्त्व दिइन्छ र साहित्येतर तत्त्वलाई पन्छाइन्छ (शर्मा र लुइटेल, २०६३:२३१) । यसलाई

वस्तुवादी समालोचना पनि भनिएको पाइन्छ । आधुनिक युगमा कृतिपरक समालोचना निकै लोकप्रिय बनेको छ । यसले कृतिकारलाई बेवास्ता गर्दै कृतिको अध्ययन वा व्याख्या विश्लेषणमा जोड दिन्छ ।

केही नेपाली समालोचकहरूले यसतर्फ पनि कलम चलाएका छन् । हरिराज भट्टराईको **नरसिंह अवतार : एक समीक्षा** (२०४५), रञ्जुश्री पराजुलीको **महाकवि देवकोटा र उनको मुनामदन** (२०३६), सूर्यविक्रम ज्ञवालीको **भानुभक्तीय रामायणको भूमिका** (१९९०), चूडानाथ भट्टरायको **तरुण तपसी मीमांसा** (२०१८), घनश्याम ढकालको **मार्क्सवादी सौन्दर्य शास्त्रको विवेचना** (२०५४), ईश्वर बरालको **देवकोटा र उनका महाकाव्य** (२०५५), कृष्ण गौतमको **देवकोटाका प्रबन्धकाव्य** (२०३८), केशवप्रसाद उपाध्यायको **तरुण तपसीको पुनर्मूल्याङ्कन** (२०३४), रत्नध्वज जोशीको **ऋतुविचार र लेखनाथ** (२०३६), कुमारबहादुर जोशीको **देवकोटाका कविता कृतिको विश्लेषण र मूल्याङ्कन** (२०५५), पुष्कर लोहनीको **चहकदार मइनटोल र पिलपिले लालटिन** (२०४३), जगदीश शमशेरको **मुनामदन भ्रमण** (२००३), चन्द्रेश्वर दुबेको **उर्वशी : महाभारतको पृष्ठभूमिमा** (२०३८) आदि कृतिपरक समालोचनाका केही उदाहरण हुन् ।

### २.४.१३ रूपपरक समालोचना

साहित्यका विषयवस्तु आदि अन्य पक्षबाट नभएर रूप पक्षबाट गरिने समालोचनाको आधुनिक पद्धतिलाई रूपपरक समालोचना भनिन्छ (शर्मा र लुइ"टेल, २०६३:२०९) । यसले कृतिमा विषय के कसरी संरचित छ भन्ने कुराको विवेचना गर्छ ।

थोरै नेपाली समालोचकहरूले यसतर्फ पनि कलम चलाएका छन् ।

### २.४.१४ नारीवादी समालोचना

नारीलाई हीन तुल्याउने कार्य प्रकृतिले होइन, सामाजिक व्यवस्थाले गरेको हो भन्ने नारी विरोधी स्थिति तथा विचारको विपक्षमा देखिएको साहित्य सिद्धान्त तथा समालोचनालाई नारीवादी समालोचना भनिन्छ । यसले समाजमा चिरकालदेखि प्रबल रहेको लिङ्गकेन्द्री पुरुष विधारधाराका साथै पितृसत्तात्मक धारणा र साहित्यको पुरुषपरक व्याख्याप्रति प्रश्न चिह्न खडा गर्दै पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरूपको विरोध गर्छ (शर्मा र लुइटेल, २०६३:३७१) ।

केही नेपाली समालोचकहरूले यसतर्फ पनि कलम चलाएका छन् । गोमा उपाध्यायको **नेपाल र भारतका केही नारी प्रतिभा** (२०४४), गार्गी शर्माको **बाङ्देलका नारी पात्र** (२०५१), देवी शर्माको **आधुनिक कथा साहित्यका प्रतिनिधि नारी हस्ताक्षर** (२०५१),

सुधा त्रिपाठीको **दृष्टि चौतारी** (२०५९), लीला लुइटेलको **नेपाली महिला कथाकार** (२०६०) आदि नारीवादी समालोचनाका केही उदाहरण हुन् ।

### २.४.१५ खोजमूलक समालोचना

कृति एवम् कृतिकारसँग सम्बन्धित सामग्रीहरूको सङ्कलन, अध्ययन एवम् विश्लेषण गरी ऐतिहासिक सत्यान्वेषण प्रस्तुत गर्ने समालोचनालाई खोजमूलक समालोचना भनिन्छ । खोज भनेको ऐतिहासिक सामग्रीका आधारमा साहित्यिक कृतिका गुण-अवगुण मूल्याङ्कन, पुनर्मूल्याङ्कन गर्नु हो । नेपालीमा बाबुराम आचार्यले खोजमूलक समालोचनाको थालनी गरेका हुन् । उनले नेपाली समालोचनामा खोजमूलक समालोचनाको एउटा सुदृढ परम्पराको सुरुवात् गरी नेपाली साहित्यमा दुर्लभ र अप्राप्य सामग्री अन्वेषण एवम् विश्लेषण गर्ने परिपाटीको प्रारम्भ गरे । उनले पुराना सामग्रीहरूको अन्वेषण र तुलनात्मक अध्ययन गरेर आफूलाई खोजपरक समालोचना क्षेत्रमा प्रथम व्यक्तित्वका रुपमा स्थापित गरे । आचार्यको **तुलनात्मक सुन्दर काण्ड** (२००२) यस दिशाको उल्लेख्य कृति हो । मोतीराम भट्टको **कवि भानुभक्त आचार्यको जीवन चरित्र** (१९४८) पनि खोजमूलक समालोचना हो ।

### २.४.१६ जीवनीपरक समालोचना

कृतिकार र कृतिका बीच निकट सम्बन्ध हुन्छ र कृतिमा कृतिकारले आफ्नो जीवनदृष्टि अभिव्यक्त गरेको हुन्छ भन्दै कृतिका माध्यमबाट कृतिकारलाई हेर्ने अनि कृतिकारको छायाँ कृतिमा खोज्ने समालोचना प्रणाली जीवनीपरक समालोचना प्रणाली हो । जीवनीपरक समालोचनाले साहित्यिक कृतिलाई भन्दा कृतिकारलाई विशेष महत्त्वका साथ हेर्दछ । कुनै पनि कृतिलाई विवेचना र मूल्याङ्कन गर्दा कृतिकारको जीवनीबाट अलग गर्न सकिँदैन । कृतिकारले आफ्नो जीवनमा भोगेक सुख-दुख तीता-मीठा, राम्रा-नराम्रा क्षणका अनुभवलाई कृतिमा अभिव्यक्त गर्दछ । जीवनीपरक समालोचनाको माध्यमबाट कृतिकारका जीवनसँग नजिक हुन सकिन्छ ।

मोतीराम भट्टको **कवि भानुभक्ताचार्यको जीवनचरित्र** (१९४८) जीवनीपरक समालोचनाको प्रथम नमुना हो । नरदेव पाण्डेको **कविवर मोतीराम भट्टको जीवनी** (१९९५), सूर्यविक्रम ज्ञवालीको **भानुभक्तको जीवन चरित्र** (१९८४), ब्रह्म शमशेरको **कवि भानुभक्त** ( १९९५), हृदयचन्द्र सिंह प्रधानको **भानुभक्त : एक समीक्षा** (२०१३), नित्यराज पाण्डेको **महाकवि देवकोटा** (२०१७), बालचन्द्र शर्माको **भानुभक्त** (२०१४), रमा शर्माको **मोतीराम भट्टको परिचय र केही कविता** (२०४२), नरेन्द्र चापागाईंको **वि.पी. कोइरालाको समग्र अध्ययन** (२०५१), नरेन्द्र प्रसाईंको **लैनसिंह वाङ्देलको जीवनी** (२०५९), घटराज भट्टराईको **बालचन्द्र शर्मा : व्यक्तित्व र साधना** (२०४४), चूडामणि बन्धुको **देवकोटा** (२०३६), देवी सुवेदीको **महान् विभूति बालकृष्ण सम** (२०५९), वासुदेव त्रिपाठीको **साहित्यकार पहलमान**

**सिंह स्वाँरको पुनर्मूल्याङ्कन** (२०३३), गायत्री श्रेष्ठको **देवकुमारी थापाको व्यक्तित्वको अध्ययन** (२०४६) आदि कृति यसै दिशातर्फ अभिमुख देखिन्छन् ।

### २.४.१७ लोकसाहित्यपरक समालोचना

लोकसाहित्यको शोधखोज, अध्ययन-अनुसन्धान गरिने समालोचनालाई लोकसाहित्य-परक समालोचना भनिन्छ । लोकसाहित्यले लोकको कथा, व्यथा, आँसु, हाँसो, रोदन, विश्वास, रीतिरिवाज, चाल-चलन आदि बोकेको हुन्छ । यो मानवसम्भयताको आधारभूमि हो । अन्य क्षेत्रका तुलनामा लोकसाहित्यको अध्ययन-अनुसन्धान हुन सकेको छैन । यसको विस्तृत शोधखोज गर्नु आवश्यक देखिन्छ । लोकसाहित्यपरक समालोचना शोध-खोज र अन्वेषण मूलक हुन्छ । नेपाली साहित्य क्षेत्रमा आधुनिकताले प्रवेश गरेपश्चात् मात्र नेपाली लोकसाहित्यको अध्ययन-अनुसन्धान भएको पाइन्छ । आजसम्म भएको लोकसाहित्यको बारेमा अध्ययन भनेको अथाह सागरबाट एक अञ्जुली पानी लिनु समान रहेको छ (सुवेदी, २०६१:१३४) ।

यस पद्धतिमा रहेर नेपाली समालोचना लेख्ने समालोचक र उनका प्रतिनिधि समालोचनाहरूमा कालीभक्त पन्तको **हाम्रो सांस्कृतिक इतिहास (२०२८), हाम्रो गीत सुधारको राष्ट्रिय बाटो** (२०३३), कृष्णप्रसाद पराजुलीका **नेपाली उखान र गाउँखाने कथा** (२०३९), **नेपाली लोकगीतको आलोक** (२०५७), धर्मराज थापा र हंसपुरे सुवेदीको **नेपाली लोकसाहित्यको विवेचना** (२०४१), देवकान्त पन्तको **डोटेली लोकसाहित्य** (२०३२), चूडामणि बन्धुको **नेपाली लोकसाहित्यको अध्ययन** (२०५८), तुलसीको दिवसको **नेपाली लोककथासङ्ग्रह** (सम्पा.२०३२) र **लोककथा केही अध्ययन** (२०३३), विजय चालिसेको **डोटेली लोकसंस्कृति र साहित्य** (२०३९), मोतीलाल पराजुलीको **नेपाली लोकगाथा** (२०४९), जीवेन्द्रदेव गिरीको **लोकसाहित्यको अवलोकन** (२०५७), कपिलदेव लामिछानेका **नेपाली लोकगाथाको अध्ययन** (२०६४), **नेपाली गाउँखाने कथाको अध्ययन** (२०६८) र **नेपाली लोकगीतको अध्ययन** (२०६८) आदि रहेका छन् ।

### २.४.१८ समकालीन समालोचना

समालोचनाको वर्तमान रूप नै समकालीन समालोचना हो । विश्वसाहित्यमा देखापरेको उत्तर आधुनिकतावाद र त्यसपछिका नवीन समालोचना सिद्धान्त एवम् पद्धति नै समकालीन समालोचना हो । उत्तर आधुनिकतावाद एवम् उत्तर संरचनावादको आविर्भावदेखि समकालीन समालोचना बढी शक्तिशाली भएर देखिन थालेको हो । परम्परित समालोचनाका विपरीत समकालीन समालोचना विशेषतः वस्तुवादी, भाषावादी र अन्तर्विषयक हुन्छ (शर्मा, २०५५:क) ।

यस पद्धतिमा कलम चलाउने प्रतिनिधि समालोचक मोहनराज शर्मा हुन् । उनको प्रतिनिधि कृति **समकालीन समालोचना सिद्धान्त र प्रयोग** (२०५५) हो ।

## २.५ निष्कर्ष

सिर्जनात्मक साहित्यको मूल्याङ्कन गर्नका लागि समालोचनाको आवश्यकता पर्दछ । यसको अभावमा साहित्यले सा"चो मार्गनिर्देशन पाउन सक्दैन । यसको मुख्य उद्देश्य कृतिको सबै दृष्टिकोणप्रति परिचित भई पाठकलाई त्यस प्रकारको आस्वादन गर्न, सहायता दिन तथा उसको रुचिलाई परिमार्जन गर्न साथै साहित्यिक गतिविधि निर्धारण गर्न सहयोग पुऱ्याउ"छ । समालोचनाले साहित्यिक कृतिमा रहेका सौन्दर्य तत्त्वलाई निकाल्दछ र भित्र रहेको गुण-दोषको व्याख्या विश्लेषण गरी सही मार्ग निर्देश गर्दछ । यसले साहित्य सिर्जनामा आउने उच्छृङ्खलतालाई रोकी साहित्यलाई मर्यादित एवम् विकसित बनाउ"छ ।

यसरी समालोचनाको व्युत्पति र परिभाषालाई हेर्दा ‘आलोचना’मा ‘सम्’ उपसर्ग लागेपछि समालोचना शब्द बन्दछ । आलोचना, समीक्षा, विवेचना जस्ता शब्द समालोचनाको पर्यायवाची शब्द हुन् । समालोचना शब्दले कुनै पनि रचना वा विषयमाथि सम्यक् दृष्टि प्रक्षेपण गर्नु भन्ने बुझाउँछ । यसरी सृजित सामग्रीको अध्ययन गरेर गुण-दोष, सुख-दुखको विवेचना गरी त्यसको बारेमा आफ्नो विचार प्रकट गर्नु समालोचना हो । समालोचकले सृजनामा रहेका गुण एवम् मूल्यलाई पाठक सामु ल्याई सही निर्णय दिन्छ । यसले कृति एवम् कृतिकारका कमी-कमजोरी, राम्रा-नराम्रा आदि पक्षको सम्यक् विवेचना गरी मार्ग-निर्देश गर्छ ।

समालोचनाका विभिन्न रूप र पद्धति छन् । यसैलाई समालोचनाका प्रकार भनिन्छ । सैद्धान्तिक समालोचना, ऐतिहासिक समालोचना, मनोवैज्ञानिक समालोचना, प्रभाववादी समालोचना, प्रगतिवादी समालोचना, शैलीवैज्ञानिक समालोचना, तुलनात्मक समालोचना, व्याख्यात्मक समालोचना, स्रष्टापरक समालोचना, निर्णयात्मक समालोचना, जीवनीपरक समालोचना, कृतिपरक समालोचना, नारीवादी समालोचना आदि समालोचनाका मुख्य प्रकारहरू हुन् ।

# परिच्छेद तीन

# नेपाली समालोचनाको परम्परा

## ३.१ विषयप्रवेश

कुनै पनि साहित्यको सिर्जना पश्चात् मात्र समालोचनाको जन्म हुन्छ । नेपाली साहित्यको सिर्जना उन्नाइसौं शताब्दीको उत्तरार्धतिर भएको पाइन्छ भने बीसौं शताब्दीका मध्यतिरबाट नेपाली समालोचनाको थालनी भएको पाइन्छ । यस परिच्छेदमा नेपाली समालोचनाको प्रादुर्भाव देखाउ"दै नेपाली समालोचनाको चरणबद्ध अध्ययन प्रस्तुत गरिएको छ ।

## ३.२ नेपाली समालोचनाको प्रादुर्भाव

मनिसका असल-खराब, गुण-दोष, सङ्गति-विसङ्गति, सत्य-असत्य छुट्याउने कार्यबाट नै समालोचनाको जन्म भएको देखिन्छ । एकले अर्कालाई दोष देखाउने, प्रशंसा गर्ने, विरोध गर्ने, सहमति जनाउने, गल्तीलाई औंल्याइ" सुधारतर्फ प्रेरित गर्ने जस्ता प्रवृत्ति मानिसमा प्राकृतिक रूपमा रहेको हुन्छ, जसलाई समालोचनाको आदि रूप वा स्रोत मान्न सकिन्छ । मानव सभ्यताको विकासस"गै साहित्य र समालोचना विधाको विकास भएको पाइन्छ ।

संस्कृत व्युत्पत्तिअनुसार आलोचनाको अर्थ ‘आसमन्तात् लोचतम् अवलोकनम्’ भन्ने हुन्छ र यसै शब्दभित्र नै सन्तुलित एवम् नियन्त्रित रूपमा साहित्यिक कृतिलाई हेर्नु, जा"च्नु भन्ने अर्थ निहित भएको पाइन्छ (क"डेल, २०५५:क) । आलोचना, समालोचना, समीक्षा, क्रिटिसिज्म जस्ता शब्दहरूले एउटै अर्थ वहन गर्दछन् ।

मूल्याङ्कन र विवेचनाले पनि कृतिको मूल्य निर्धारण गर्ने, विवेचना गर्ने भएकोले यसलाई समालोचनाकै अर्थमा प्रयोग गरिएको पाइन्छ । समालोचना सृजनात्मक साहित्यको अनुवर्ती हुन्छ र सृजनात्मक साहित्यका विकासको कुनै चरणमा प्रवेश गरिसकेपछि मात्र त्यसको कसीका रूपमा समालोचना लेखिन थाल्छ (क"डेल, २०५५:च)।

नेपाली समालोचनाको इतिहास त्यति लामो छैन । सचेत र सिद्धान्तबद्ध भएर समीक्षा लेख्ने पद्धति त झन् कलिलै छ (सुवेदी, २०६१:७२) । नेपालीमा सृजनात्मक साहित्य उन्नाइसौँ शताब्दीका पूर्वार्द्ध (१८२६ तिर) बाट लेख्न थालिएको भए तापनि समालोचना बीसौँ शताब्दीको मध्य (१९४८ तिर) बाट अर्थात् लगभग सवा सय वर्षपछि मात्र लेख्न थालिएको भेटिन्छ (क"डेल, २०५५:च-छ)। वर्तमान परिप्रेक्ष्यमा भट्टको समालोचनामा कमी-कमजोरी देखिन सक्छन्, तर नेपाली समालोचनाको प्रादुर्भाव गरेका कारण उनको ऐतिहासिक महत्त्व छ र उनलाई नै प्रथम नेपाली समालोचक मानिन्छ । उनको समालोचना मूलतः प्रभावपरक, जीवनीपरक र प्रशंसापरक छ (क"डेल, २०५५:छ)। त्यसैले नेपाली समालोचनाको प्रादुर्भाव मोतीराम भट्टबाटै भएको हो । उनको **कवि भानुभक्त आचार्यको जीवन चरित्र**लाई नेपाली आलोचनाको पहिलो पुस्तक र नेपाली आलोचनाका इतिहास प्रारम्भ गर्ने कृति भनिन्छ (श्रेष्ठ र शर्मा, २०६४:१५९)। वास्तवमा भन्ने हो भने मोतीराम भट्टले प्रस्तुत कृति प्रस्तुत गरेर एक साहित्यान्वेषकको रूपमा आफूलाई प्रस्तुत गरेका छन् ( श्रेष्ठ, २०६४:४) । मोतीराम भट्टले यसमा भानुभक्तको जीवनी, कवि व्यक्तित्व र कविताबारे जानकारी दिनुका साथै प्रारम्भिक रूपमा नै भए पनि आफ्ना श्रद्धेय कविका कवि व्यक्तित्वको केही विवेचना र मूल्याङ्कन गर्ने प्रयास गरेका छन् (क"डेल, २०५५:छ) । भट्टले समालोचना लेखन प्रारम्भ गरेपश्चात् क्रमशः अन्य लेखक तथा समालोचकहरूबाट पनि साहित्य र समालोचनाका क्षेत्रमा कलम चलाएको पाइन्छ ।

## ३.३ नेपाली समालोचनाको चरण विभाजन

मोतीराम भट्टबाट प्रारम्भ भएको नेपाली समालोचनाले अहिलेसम्ममा धेरै उकालीओराली पार गरेको छ । मोतीराम भट्टको **कवि भानुभक्ताचार्यको जीवनचरित्र**लाई प्रस्थानबिन्दु मानेर नेपाली समालोचनाको विकासक्रमलाई विभिन्न चरणहरूमा विभाजन गर्ने गरिएको छ । यहा" विभिन्न विद्वान्का मत प्रस्तुत गर्दै नेपाली समालोचनाका चरणहरूलाई देखाउने प्रयास गरिएको छ ।

घनश्याम क"डेलको **नेपाली समालोचना** (२०५५) मा नेपाली समालोचनाको विकासक्रमलाई निम्नलिखित चार चरणमा विभाजन गरिएको छ :

प्रथम चरण : १९४८ - १९९८
द्वितीय चरण : १९९९ - २००६
तृतीय चरण : २००७ - २०२४
चतुर्थ चरण : २०२५ - हालसम्म

समालोचक राजेन्द्र सुवेदीको **नेपाली समालोचना परम्परा र प्रवृत्ति** (२०६१) मा नेपाली समालोचनाका चरणलाई निम्नअनुसार विभाजन गरिएको छ :

**(क) पूर्वार्द्ध कालखण्ड**

समालोचनाका प्राग्भूमि : १९४३ पूर्व

समालोचनाका प्रचेष्टा : १९४४ - १९७८ सम्म

**(ख) उत्तरार्द्ध कालखण्ड**

आधुनिक समालोचनाको पहिलो उठान : १९७९ - २००२

नेपाली समालोचनाको दोस्रो उठान : २००३ - २०२०

नेपाली समालोचनाको तेस्रो उठान : २०२१ - हालसम्म ।

भानुभक्त पोखरेलको **सिद्धान्त र साहित्य** (२०५९) अनुसार नेपाली आलोचनालाई दुई चरणमा वर्गीकरण गरिएको छ :

पहिलो चरण : १९९९-२००८

दोस्रो चरण : २००८ देखि यता ।

कृष्णचन्द्रसिंह प्रधानद्वारा सम्पादित **साझा समालोचना** (२०२५) मा नेपाली समालोचनाको विकासका चरणलाई निम्नअनुसार वर्गीकरण गरिएको छ :

प्रथम चरण : १९४८ देखि १९९८ सम्म

द्वितीय चरण : १९९९ देखि २००७ सम्म

तृतीय चरण : २००७ देखि वर्तमानसम्म ।

तारानाथ शर्माको **नेपाली साहित्यको इतिहास** (२०३९) मा नेपाली समालोचनाको विकासक्रमलाई निम्नअनुसार पा“च चरणमा विभाजन गरिएको छ :

भानुभक्त पूर्व युग : प्रारम्भदेखि विक्रमाब्द १८७१ सम्म

भानुभक्त युग : १८७२ - १९३४ सम्म

मोतीराम युग : १९४० - १९७६ सम्म

क्रान्तिपूर्व युग : १९७७ - २००७ सम्म

क्रान्तिउत्तर युग : २००७ - आजसम्म ।

नरेन्द्र प्रसाईंले **नेपाली साहित्यका समालोचक र समालोचना** (२०५९) मा नेपाली समालोचना निम्नअनुसार चार चरणमा विभाजन गरेका छन् :

पहिलो चरण : १९४८ देखि १९९८ सम्म

दोस्रो चरण : १९९९ देखि २००५ सम्म

तेस्रो चरण : २००६ देखि २०२४ सम्म

चौथो चरण : २०२५ देखि हालसम्म ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माको **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (२०६४) मा नेपाली समालोचनाको विकासक्रमलाई निम्नअनुसार चार चरणमा विभाजन गरिएको छ :

पहिलो चरण : १९४८ देखि १९९८ सम्म

दोस्रो चरण : १९९९ देखि २००७ सम्म

तेस्रो चरण : २००८ देखि २०१९ सम्म

चौथो चरण : २०२० देखि हालसम्म ।

उपर्युक्त समालोचकहरूका अनुसार नेपाली समालोचनाका विभिन्न चरण विभाजन गरिए तापनि प्रस्तुत शोधमा दयाराम श्रेष्ठ र मोहनराज शर्माद्वारा गरिएको नेपाली समालोचना विकासक्रमको चरण विभाजनलाई अनुसरण गरिएको छ । त्यसैले यहाँ हरेक चरणको छोटकरीमा परिचय दिनु सान्दर्भिक देखिन्छ ।

### ३.३.१ पहिलो चरण

नेपाली समालोचनाको प्रारम्भ मोतीराम भट्टबाट भएको हो भने १९४८ देखि १९९८ सम्मको समयलाई नेपाली समालोचनाको विकासको पहिलो चरण मानिन्छ । **कवि भानुभक्त आचार्यको जीवन चरित्र** (१९४८) नामक समालोचनात्मक कृति नै नेपाली समालोचना क्षेत्रको प्रथम समालोचना हो र मोतीराम भट्ट नै प्रथम समालोचक हुन् । १९४८ मा प्रकाशित भट्टको यस ग्रन्थलाई नेपाली आलोचनाको पहिलो पुस्तक र नेपाली आलोचनाको इतिहास प्रारम्भ गर्ने कृति र पहिलो चरणको उठान गर्ने कृति मानिन्छ (श्रेष्ठ र शर्मा, २०६४:१५९) । उनको समालोचना मूलतः प्रभावपरक, जीवनीपरक, प्रशंसापरक छ (क"डेल, २०५५:छ) ।

अट्ठाइस वर्षको अन्तरालमा दोस्रा समालोचक शम्भुप्रसाद ढुङ्गेलको लेख ॅकविताको फल' १९७६मा गोरखापत्रमा प्रकाशित भएको पाइन्छ । उनले यसमा कवि लेखनाथ पौडेलको कवि व्यक्तित्व र सम्बद्ध अन्य ब"ुदामा विचार गरेका छन् (श्रेष्ठ र शर्मा, २०६४:१५९) ।

यस चरणका अन्य समालोचकहरूमा राममणि आदी र सूर्यविक्रम ज्ञवाली विशेष उल्लेख्य छन् (क"डेल, २०५५:ज) । ॅनैवेद्य समालोचना' (१९७९) लेखका साथ यस फा"टमा

देखापरेका सूर्यविक्रम ज्ञवालीले आलोचनाको टुसाउ"दो बिरुवालाई संवर्द्धन दिएर हुर्काएको पाइन्छ (श्रेष्ठ र शर्मा, २०६४:१५९)। सूर्यविक्रम ज्ञवालीका समालोचात्मक रचनाहरूमा 'भानुभक्तको जीवन चरित्र' (१९८४), 'भानुभक्तीय रामायणको भूमिका' (१९९०), 'कथाकुसुमको सम्पादकीय भूमिका (१९९४), 'नेपाली साहित्याकाशका दुई नया" तारा' (**शारदा**, १९९३), 'लक्ष्मीपूजा नाटकको' समीक्षा (१९९४) र 'विश्वेश्वरप्रसाद कोइरालाको कथासङ्ग्रह दोषी चश्माको भूमिका' उल्लेख्य छन् (क"डेल, २०५५:ज) । उक्त लेख र भूमिका आदिका आधारमा ज्ञवाली पनि प्रभाववादी, नीतिसचेत, आदर्शोन्मुखी र बढी मात्रामा गुणग्राही समालोचक हुन् (क"डेल, २०५५:ज) ।

दीनानाथ सापकोटा अर्का समालोचक हुन्, जसले 'रघुनाथको रामायण सुन्दरकाण्ड' (१९७९)को भूमिका मुखबन्द लेखेर आफ्नो समीक्षक प्रवृत्तिको झल्को प्रस्तुत गर्नुका साथै भानुभक्तलाई दिएको 'आदिकवि' पदलाई अस्वीकार गर्दै आफ्नो तर्क प्रस्तुत गरेका छन् (श्रेष्ठ र शर्मा, २०६४:१६०) ।

यस चरणका अन्य व्यक्तिहरू जसलाई समालोचक भन्दा ग्रन्थकारकै दर्जा दिन सकिने अवस्था देखिन्छ । ती लेखकहरूमा **कवि र मोतीराम भट्टको जीवनी** (१९९५) का लेखक नरदेव पाण्डे, **कवि भानुभक्त** (१९९५) का लेखक ब्रह्मशमशेर र **अलङ्कार चन्द्रोदय** (१९७५) का लेखक कुलचन्द्र गौतम आदिलाई लिन सकिन्छ (श्रेष्ठ र शर्मा, २०६४:१६०)।

यस चरणमा धेरैजसो व्यावहारिक खालका समालोचना लेखिए भने केही सैद्धान्तिक समालोचना पनि लेखिएको पाइन्छ । प्रवृत्तिका आधारमा नेपाली समालोचनामा प्रभावपरकता, जीवनीपरकता र प्रशंसापरकताको आधिक्य देखिन्छ । यस चरणमा विभिन्न समालोचनाहरू प्रकाशित गर्ने पत्रिकाहरूमा **गोरखापत्र, माधवी, शारदा, नेबुला** आदि हुन् ।

पुस्तकहरूको सामान्य परिचय दिनु, कविको चिनारी तथा उनीहरूका कृति र प्रतिभाको चिनारी गराउनु, नवीन कृति र आफूमा परेको प्रभावको सहर्ष मन्तव्य व्यक्त गर्नु, साहित्यिक गतिविधिहरूको साधारण निरीक्षण र परिचय दिनु र पूर्वीय साहित्य शास्त्रीय मान्यताका आधारमा गुणदोष छुट्याउनु यस चरणका प्रवृत्ति हुन् (पौडेल, २०६७:२१०)।

### ३.३.२ दोस्रो चरण

प्रखर समालोचक रामकृष्ण शर्माबाट नेपाली समालोचनाले नयाँ मोड पाएको हो । **१९९९ देखि २००७ सम्म**को समयलाई नेपाली समालोचनाको दोस्रो चरण मानिन्छ । नेपाली समालोचनाका सशक्त, निडर निर्भीक एवं प्रखर समालोचक रामकृष्ण शर्माको प्रवेशपश्चात्

नेपाली समालोचनाको दोस्रो चरणको सुरुवात् भएको हो । शर्माले लक्ष्मीप्रसाद देवकोटा, धरणीधर कोइराला, बालकृष्ण सम आदिका कवितामा देखिने पाश्चात्य प्रभावको सोदाहरण उल्लेख गर्दै ॅअङ्ग्रेजी साहित्यको प्रभाव' (१९९९) र ॅटाक्सिएको नेपाली कविता' (२००१) प्रकाशित गरी यति बेलासम्मको गुणग्राही समालोचनाको परम्परामा खरो आलोचना पद्धतिको सुरुवात् गरेका छन् (गिरी र ओझा, २०६०:१२७) । अङ्ग्रेजीको स्वच्छदतावादी काव्यसिद्धान्त एवम् धारणाबाट बढी प्रभावित शर्माको विवेचना लेखाइमा प्रभाववादी आलोचनाको रूप चर्को हुन गएका कारण यिनी नेपाली आलोचनाका क्षेत्रमा हुरीबतास ल्याउन र आफ्ना आत्मसंस्कारवादी हक्की कथनद्वारा तत्कालीन साहित्यकारहरूका माझ खैला-बैला मच्चाउन सफल भएका देखिन्छन् (श्रेष्ठ र शर्मा, २०६४:१६०)। **बलिदान** (२०१०), **प्यारो सपना र अन्य लेखहरू** (२०१७), **सप्तशारदीय** (२०२४), **दश गोर्खा** (२०२६), **भावालु मन** (२०३१), **अष्टावक्र** (२०३५), **एक बिसाउनी** (२०३८), **टेबल गफ : नौ बैठक** (२०२७) शर्माका प्रकाशित पुस्तकाकार कृतिहरू हुन् ।

यस चरणका अर्का सशक्त समालोचक यदुनाथ खनाल हुन् । उनले नेपाली समालोचनालाई आधुनिकता प्रदान गरेका छन् । पूर्वीय र पाश्चात्य धुरन्धर विद्वान् एवम् दुवै साहित्य सिद्धान्तबाट प्रभावित यदुनाथ खनालले २००३ सालमा **समालोचनाको सिद्धान्त** नामक पुस्तक प्रकाशित गरी नेपाली समालोचनाका लागि महत्त्वपूर्ण सैद्धान्तिक आधार प्रदान गरेको देखिन्छ । यिनको **साहित्यिक चर्चा** (२०३४) मा पनि प्रभाववादी प्रवृत्ति देखिन्छ ।

यसै चरणमा देखापरेका अर्का उल्लेख्य समीक्षक रत्नध्वज जोशी हुन् । यिनी ॅछिद्रान्वेषक' बनेर ॅसाहित्यको पथमा' (१९९९) शीर्षकको लेखमार्फत यस क्षेत्रमा छिरेका देखिन्छन् भने यिनका विवेचनात्मक पुस्तकहरू **मानसालङ्कार** (२००२), **हाम्रो काव्य परम्पराका उसैको लागि** (२०१९), **आधुनिक नेपाली साहित्यको झलक** (२०२१), **साहित्यको अध्ययन** (२०२३), **साहित्य समीक्षा** (२०२५), **नेपाली नाटकको इतिहास** (२०३७) आदिमा प्रभाववादी पद्धति अँगाली वर्णन एवम् व्याख्या गरिएको पाइन्छ (श्रेष्ठ र शर्मा, २०६४:१६१)।

यस चरणका अर्का उल्लेख्य समालोचक बाबुराम आचार्य हुन् । उनले **तुलनात्मक सुन्दरकाण्ड** (२००२) द्वारा नेपाली समालोचनामा पहिलो पल्ट पुस्तकाकारमै तुल्नात्मक समालोचनाको गहकिलो नमुना प्रस्तुत गरेका छन् भने **पुराना कवि र कविता** (२००३) द्वारा भानुभक्त आचार्य र रघुनाथ भट्टसम्म मात्र सीमित नेपाली कविताको इतिहासलाई निकै परसम्म पुऱ्याएका छन् (क"डेल, २०५५:ञ) । यिनले नेपाली साहित्यको कालविभाजन गर्नुका

साथै विधागत समालोचनाको सुरुवात् गरी ऐतिहासिकताको बाटो अपनाएर कृतिको अन्वेषण, विश्लेषण गरेको पाइन्छ ।

नेपाली समालोचनामा प्रगतिवादी परम्पराको सूत्रपात गर्ने समालोचकका रूपमा हृदयचन्द्र सिंह प्रधान देखापरेका छन् । प्रभाववादी आलोचना पद्धतिलाई टेवा दिएर अगि सार्ने समालोचकका रूपमा हृदयचन्द्र सिंह प्रधानका **साहित्य एक दृष्टिकोण** (२००४), **केही नेपाली नाटक** (२००४), **भानुभक्त : एक समीक्षा** (२०१३), **नेपाली काव्य र उसका प्रतिनिधि कवि** (२०२१) आदि कृतिहरू पुस्तकका रूपमा छापिएको पाइन्छ । प्रधानमा सरल, स्पष्ट, सहज भाषामा अभिव्यक्ति दिने प्रगतिवादी-प्रभाववादीका साथै कालक्रमिक र तुलनात्मक व्याख्या गर्ने प्रवृत्ति देखिन्छ (श्रेष्ठ र शर्मा, २०६४:१६१)।

यसै अवधिमा आलोचक जगदीश शमशेर राणाको **मुनामदन भ्रमण** (२००३) देखापरेको छ । यस अवधिमा देखापरेका अन्य समालोचकहरूमा लक्ष्मीप्रसाद देवकोटा, भवानी भिक्षु र लवबहादुर प्रधान पनि हुन् ।

कृतिलाई प्रधानता दिनु, प्राच्य र पाश्चात्य समालोचनाको सिद्धान्तहरूको आधारमा तुलनात्मक विवेचना गर्नु, रचनाको सामाजिक, राजनैतिक, ऐतिहासिक पृष्ठभूमि र मनोवैज्ञानिक विश्लेषण, आन्तरिक तथ्यको उद्घाटन गर्ने प्रयास गर्नु, कलागत सौन्दर्य वा विषयगत उपयोगिता मध्ये एउटा वा दुवैलाई प्रधानता दिई मूल्याङ्कन गर्नु, गुण दोष देखाउनतिर मात्र नलागी सौन्दर्यशास्त्रीय दृष्टिले श्रेष्ठ या अश्रेष्ठताको निर्णय दिनु र यथार्थवादी मूल्याङ्कनलाई प्रधानता दिनु जस्ता प्रवृत्ति यस चरणका प्रवृत्तिहरू हुन् (न्यौपाने, २०४९:३६२)।

### ३.३.३ तेस्रो चरण

२००८ देखि २०१९ सम्मको समयलाई नेपाली समालोचनाको तेस्रो चरण मानिन्छ । २००७ सालको राजनैतिक परिवर्तनपश्चात् नेपाली साहित्य एवम् समालोचनाका क्षेत्रमा पनि परिवर्तन देखापरेको छ । यस चरणको उठानमा बालचन्द्र शर्माको मुख्य योगदान छ । उनले मुख्यतः कालक्रमिक ढङ्गमा विवेचना प्रस्तुत गरेका छन्, विषयप्रधान लेखहरू लेखेका छन् र इन्दिरस आदि माध्यमिक कालीन कविहरूको परिचय प्रदान गरी अन्वेषणमा अभिरुचि देखाएका छन् । यिनको **भानुभक्त** (२०१४) नामक विवेचनात्मक पुस्तक पनि उपलब्ध रहेको छ (श्रेष्ठ र शर्मा, २०६४:१६२)।

यसै चरणमा देखापरेका प्रभाववादी आलोचक माधवलाल कर्माचार्यका **सौगात** (२००८), **तीन कविका केही कविता** (२०१९) र **आलोचना र साहित्य** (२०२२) तीन पुस्तकहरू प्रकाशित छन् ।

सैद्धान्तिक सचेतता अँगालेर प्रगतिवादी समालोचनाको थालनी गर्ने कृष्णचन्द्र सिंह प्रधान यस चरणका अर्का महत्त्वपूर्ण समालोचक मानिन्छन् । उनका **कवि व्यथित र काव्य साधना** (२०१५) र **नेपाली उपन्यास र उपन्यासकार** (२०३७) नामक दुई ग्रन्थ रहेका छन् । कालक्रमगत एवम् विधागत सन्तुलन मिलाएर तथा स्थापित समालोचकहरूका समालोचनाको सङ्कलन एवम् सम्पादन गरेर उनले तयार पारेको **साझा समालोचना** (२०२५) नेपाली समालोचनामा कोसे ढुङ्गा साबित भएको छ (क"डेल, २०५५:ठ) ।

पूर्वीय एवम् पाश्चात्य समालोचनाशास्त्रका मर्मज्ञ ईश्वर बराल अन्वेषणात्मक एवम् विधापरक समालोचनालाई विकसित तुल्याउने समालोचकका रूपमा प्रसिद्ध छन् । उनले **नेपाली साहित्यको प्राथमिक काल : वसन्त शर्मा र रघुनाथ पोखऱ्याल** (२०११), **आख्यानको उद्‌भव** (२०३९), **छरिएका समीक्षा** (२०५३), **सुवानन्ददासदेखि शम्भुप्रसादसम्म** (२०५३), **राजीवलोचन जोशी** (२०५३), **देवकोटा र उनका काव्य** (२०५५), **बालकृष्ण सम व्यक्तित्व र कृतित्व** (२०५५), **रूपनारायण सिंह व्यक्तित्व र कृतित्व** (२०५५) र **भारतेली नेपाली साहित्यकार** (२०५५) जस्ता समीक्षात्मक कृतिहरू तथा **झ्यालबाट** (२००६), **हिमालचुली** (२०१२), **सयपत्री** (२०१३), **मोहन कोइरालाका कविता** (२०३०) र **पारिजातका कविता** (२०४४) आदि पुस्तकका भूमिका लेखी आफ्नो समालोचकीय व्यक्तित्वलाई स्थापित गरेका छन् (आचार्य, २०६२:२६०) । बरालका समालोचनामा पर्याप्त मात्रामा बौद्धिकता, तार्किकता र विश्लेषणात्मकता पाइन्छ भने समालोचनाको भाषा असहज र जटिल रहेको पाइन्छ (क"डेल, २०५५:ठ)।

यसै चरणका व्याख्यात्मक र विवरणात्मक पद्धति अँगालेर विवेचना गर्ने अर्का समालोचक चूडानाथ भट्टराय हुन् । उनका **तरुण तपसी मीमांसा** (२०१८) र **कवि कविताको सिद्धान्त** (२०१९) नामक पुस्तकहरू प्रकाशित छन् (श्रेष्ठ र शर्मा, २०६४:१६३)।

सोमनाथ सिग्द्यालको लक्षणग्रन्थ **साहित्य प्रदीप** (२०१६), बालचन्द्र शर्माका **भानुभक्त** (२०१४) र **नेपाली साहित्यको इतिहास** (२०३९) पुस्तककारमा छापिएका छन् (क"डेल, २०५५, ड) ।

यसै चरणमा देखापरेका अर्का समालोचक डिल्लीराम तिमसिना र माधव भँडारीको **हाम्रो साहित्य र साहित्यकार** (२०१८) तथा **छन्द र अलङ्कार** (२०१८) प्रकाशित छन् ।

समालोचक कमल दीक्षितका प्रकाशित पुस्तकहरूमा **यस्तो पनि** (२०१४), **कालो अक्षर** (२०१७) **पर्खंदै बित्ला कि ?** (२०२६), **बुकी सुन** (२०३७) आदि बढी महत्त्वपूर्ण छन्, जसमा दीक्षित कृति, कृतिकार र साहित्य सम्बद्ध विशिष्ट पक्षको खोजीमेली गरेर अन्वेषणात्मक लेख लेख्न पोख्त रहेका छन् (श्रेष्ठ र शर्मा, २०६४:१६३)।

यसै चरणमा यज्ञराज सत्यालको **नेपाली साहित्यको भूमिका** (२०१७), श्यामप्रसाद शर्माको **साहित्य सम्बन्धी दुईचार कुराहरू**, राजनारायण प्रधानका **पन्ध्र प्रसिद्ध पुरुषहरू** (२०१५), **केही कृति केही स्मृति** (२०३०), **दस महान् नाटक** (२०४०) र पैंतीस प्रसिद्ध पुरुष (२०४०), आनन्ददेव भट्टका **समालोचनाको बाटोतिर** (२०१९), **हाम्रा प्रतिभाहरू** (२०१९), **प्रतिभा पहिचान** (२०४७), **जनताको साहित्य** (२०४८), **व्यावहारिक समालोचना** (२०४८), नित्यराज पाण्डेको **महाकवि देवकोटा** (२०१७), अम्बिकाप्रसाद अधिकारीको **लेखनाथ र उनका कृति** आदिको प्रकाशन यसै चरणमा भएको पाइन्छ (श्रेष्ठ र शर्मा, २०६४:१६६) ।

यस्तै यस चरणमा जनकलाल शर्माका **जोसमनी सन्तपरम्परा र साहित्य** (२०२०), **महाकवि देवकोटा : एक व्यक्तित्व दुई रचना** (२०३२) कृतिहरू देखापरेका छन् भने कृष्णप्रसाद पराजुलीको **पन्ध्र तारा र नेपाली साहित्य** (२०२४) पनि यसै चरणमा देखापरेको छ ।

यस चरणमा देखापरेका अन्य समालोचकहरूमा शंकर लामिछाने, गणेशलाल सुब्बा, गणेश भण्डारी, गणेशबहादुर प्रसाईं, टी.आर. विश्वकर्मा, डी.पी. अधिकारी, सरिता ढकाल, माधव भँडारी, धनुषचन्द्र गौतम, भाइचन्द्र प्रधान आदि रहेका छन् ।

यसरी नेपाली समालोचनाको तेस्रो चरण अझ बढी विकसित भएको पाइन्छ भने यसमा सैद्धान्तिक एवम् व्यावहारिक दुवै समालोचनाको विकास भएको छ । यस चरणमा कृति र कृतिकारको सङ्ख्या पनि बढेको देखिन्छ । यस चरणमा वर्गीय विचार र क्रान्तिकारी भावलाई प्रश्रय दिनु तथा आर्थिक र सामाजिक स्वरूपलाई प्रमुख स्थान दिएर मार्क्सवादी सिद्धान्तको आधारमा व्याख्या गर्नु, कलाकारको आन्तरिक जीवन वैयक्तिक स्वभाव वा मानसिक प्रवृत्तिहरूको प्रभावमा रचनाको मूल स्रोतको खोजी गर्नु तथा मनोवैज्ञानिक पद्धति अनुसार त्यसको विश्लेषण गर्ने प्रयास गर्नु, वैयक्तिक अभिरुचि र प्रभावको आधारमा स्वच्छन्दतापूर्वक निर्णय दिनु, निषेधात्मक प्रवृत्ति र वैयक्तिक असन्तुष्टिको परिप्रेक्ष्यमा आलोचना गर्नु जस्ता ऐतिहासिक, अन्वेषणात्मक, विश्लेषणात्मक, तुलनात्मक र प्रभाववादी प्रवृत्तिहरू देखापरेका  छन् ।

### ३.३.४ चौथो चरण

२०२० सालदेखि यताको समयलाई नेपाली समालोचनाको चौथो चरण मानिन्छ । यस चरणमा समालोचनामा नया"नया" प्रयोग भएको पाइन्छ । नेपाली समालोचनाको इतिहासमा पनि नवीन शैलीवैज्ञानिक, वस्तुवादी, तथ्यपरक समालोचनाको आरम्भ भएको छ । यस अवधिमा नवीनता पाइनुको साथै परम्परित प्रभाववादी आलोचना पद्धतिले झन् बल र प्रौढता पाएको देखिन्छ भने शैलीवैज्ञानिक आलोचनाका नामले वस्तुवादी समालोचना प्रणालीको शुभारम्भ भएको छ ।

इन्द्रबहादुर राई यसै चरणमा सशक्त रूपमा देखापरेका समालोचक हुन् । उनले आयामेली प्रवृत्तिलाई आफ्ना कृतिहरूमा प्रयोग गरेका छन् । उनको भाषा असहज र दुर्बोध्य हुन्छ । विशिष्ट शब्द चयनका कारण यिनको लेखाइमा केही जटिलता उत्पन्न भए तापनि विवेचना र व्याख्याको राम्रो छटा **टिपेका टिप्पणी** (२०२३), **कथास्था** (२०२९) **नेपाली उपन्यासका आधारहरू** (२०३१) मा देख्न पाइन्छ । **सन्दर्भमा ईश्वर बल्लभका कविता** (२०३३) र **दार्जिलिङमा नेपाली नाटकको अर्द्धशताब्दी** (२०४१) आलोचनात्मक पुस्तिकामा यिनी वस्तुगत विश्लेषणतिर पनि ढल्किन खोजेका देखिन्छ (श्रेष्ठ र शर्मा, २०६४:१६४)।

यसै चरणका अर्का प्रभाववादी समालोचक केशवप्रसाद उपाध्याय हुन् । यिनका प्रकाशित समालोचनात्मक कृतिहरूमा **साहित्य प्रकाश** (२०३०), **रिमाल : व्यक्ति र कृति** (२०३२), **प्राथमिक कालीन कवि र काव्य प्रवृत्ति** (२०३२), **पूर्वीय काव्यसिद्धान्त** (२०३४), **विचार र व्याख्या** (२०४०), **समको दुखान्त नाट्यचेतना** (२०४५) र **नेपाली नाटक र रङ्गमञ्च** (२०५२), **दुःखान्त नाटकको सृजना परम्परा** (२०५५) **नेपाली नाटकको अध्ययन** (२०५६) आदि रहेका छन् (सुवेदी, २०६१:१७४-१७५)।

ऐतिहासिक समालोचनाप्रति झुकाव राख्ने अर्का समालोचक शरदचन्द्र शर्मा हुन् । उनका **नेपाली वाङ्मय : केही खोजी, केही व्याख्या** (२०४४) **नेपाली साहित्यको इतिहास** (२०३७) आदि समालोचनाहरू प्रकाशित छन् ।

समालोचक बालकृष्ण पोखरेलको **भाषा र साहित्य** (२०२१) मा भाषा र साहित्यसम्बन्धी समालोचनाहरू सङ्कलन गरिएका छन् ।

नेपाली आलोचनाको नरम र गरम बान्की प्रस्तुत गर्ने व्यक्तिका रूपमा प्रसिद्धि पाएका तारानाथ शर्मा आलोचनात्मक विवेचना र व्याख्याको प्रस्तुति रसिला र झर्रा शब्दहरूमा गर्न ज्यादै सिपालु छन् (श्रेष्ठ र शर्मा, २०६४:१६५) । शोधमूलक लेखन परम्परामा पर्ने उनका कृतिहरू **पश्चिमका केही महान् साहित्यकार** (२०२६), **नेपाली साहित्यको इतिहास** (२०२७), **भानुभक्तदेखि तेस्रो आयामसम्म** (२०२७) र **नेपाली साहित्यको**

**ऐतिहासिक परिचय** (२०२९), **घोत्ल्याइँहरू** (२०२१), **सम र समका कृति** (२०२८) नामक पुस्तकहरू प्रकाशित छन् (श्रेष्ठ र शर्मा, २०६४:१६५)।

यस चरणका अर्का प्रखर समालोचक मोहनराज शर्मा हुन् । समालोचनाको सौन्दर्य चिन्तनमा शैली वैज्ञानिक पद्धति अँगाल्ने शर्मा नेपाली समालोचनामा नया" मूल्य अन्वेषण गर्ने समीक्षक सिद्ध भएका छन् (सुवेदी, २०६१:१८१) । वस्तुवादी ढङ्गमा समालोचना गर्ने शर्माका **नेपालीका केही आधुनिक साहित्यकार** (२०३६), **कथाको विकास-प्रक्रिया** (२०३५), **शैलीविज्ञान** (२०४८) र **समकालीन समालोचना सिद्धान्त र प्रयोग** (२०५५) प्रकाशित छन् ( श्रेष्ठ र शर्मा, २०६४:१६५)।

समालोचक ठाकुरप्रसाद पराजुलीका गहकिला गवेषणापूर्ण आलोचनाहरू **नेपाली साहित्यको परिक्रमा** (२०४५) नामक पुस्तकमा सङ्कलित छन् ।

वासुदेव त्रिपाठी चौथो चरणका सर्वाधिक चर्चित समालोचक हुन् । पूर्वीय एवम् पाश्चात्य साहित्य सिद्धान्तसित सुपरिचित समालोचक वासुदेव त्रिपाठीका समालोचनामा पर्याप्त मात्रामा बौद्धिकता र विश्लेषणात्मकता पाइन्छ (क"डेल, २०५५:त) । त्रिपाठीका समालोचनात्मक ग्रन्थहरू **सिंहावलोकन** (२०२७), **विचरण** (२०२८), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** (२०३०), **साहित्यकार पहलमानसिंह स्वाँरको पुनर्मूल्याङ्कन** (२०३३) र **लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन** ( २०३४) नामले प्रकाशित छन् (श्रेष्ठ र शर्मा, २०६४:१६५)।

रूप रचनालाई आधार बनाएर साहित्यिक कृतिको विश्लेषण एवम् मूल्याङ्कन गर्ने समालोचक दयाराम श्रेष्ठले कृतिले छोडेको छापलाई प्रभाववादी किसिमले प्रस्तुत गरेको पाइन्छ (क"डेल, २०५५:त) । मुख्यतः अन्वेषणात्मक र कालक्रमिक ढङ्गलाई अँगालेका श्रेष्ठका **सन्दर्भ र मूल्याङ्कन** (२०२५), **नेपाली साहित्यका केही पृष्ठ** (२०३२), **वीरकालीन कविता** (२०३४), **प्रारम्भिक कालको नेपाली साहित्य : इतिहास र परम्परा** (२०३८) नामक पुस्तकहरू छापिएका छन् (श्रेष्ठ र शर्मा, २०६४:१६५)।

पाश्चात्य साहित्य र साहित्य शास्त्रको गहन अध्ययनबाट विकसित आफ्नो समालोचनात्मक दृष्टिले नेपाली साहित्यको विवेचना, विश्लेषणमा लगाएर नेपाली समालोचनाका विकासमा उल्लेखनीय योगदान दिएका अभि सुवेदीका **पाश्चात्य काव्य सिद्धान्त** (२०२९), **सिर्जना र मूल्याङ्कन** छापिएका छन् । उनको अर्को कृति **रचना र माध्यम** (२०५४) पनि प्रकाशित भएको छ ।

परिश्रमी र छिटो कलम चलाउन सक्ने समालोचक राजेन्द्र सुवेदी प्रभावपरकता विश्लेषणात्मकता र केही प्रगतिवादिता मिसाएर कृतिको विवेचना गर्न सिपालु छन् र उनका समालोचनात्मक पुस्तकहरू **विषय गहन, सतह चिन्तन** (२०३८), **स्रष्टा सृष्टि, द्रष्टा दृष्टि** (२०४३), **केही समीक्षण, केही विश्लेषण** (२०४९), **सृजन विधाका परिधिमा पारिजात** (२०५३), **सृजनविधाका परिधिभित्र ध्रुवचन्द्र गौतम** (२०५३) र **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (२०५३) प्रकाशित छन् (क"डेल, २०५५:द-ध) ।

समालोचक मोहन हिमांशु थापाको सैद्धान्तिक विवेचनात्मक ग्रन्थ **साहित्य परिचय** (२०३७) प्रकाशित छ ।

तार्किक परिपुष्टिका साथ विषयको प्रतिपादन गर्ने प्रवृत्ति र क्षमता भएका समालोचक घनश्याम क"डेलका खोजपूर्ण र विश्लेषणात्मक लेखहरू **केही अन्वेषण, केही विश्लेषण** (२०४०) नामक आलोचनात्मक पुस्तक प्रकाशित भएको पाइन्छ (श्रेष्ठ र शर्मा, २०६४:१६६)।

समालोचक कुमारबहादुर जोशीका **पाश्चात्य साहित्यका केही वाद** (२०३८), **चार अमर कविका पा"च काव्यकृति** (२०२९), **महाकवि देवकोटा र उनका महाकाव्य** (२०३१) **विकीर्ण चिन्तन** (२०३३), **कविता चर्चा** (२०४०), **देवकोटा कवितायात्राको विश्लेषण र मूल्याङ्कन** (२०४७) र **देवकोटाका कविताका कालक्रमिक विवेचना** (२०४९) शीर्षकहरूमा व्यावहारिक समालोचनासित सम्बन्धित पुस्तकहरू प्रकाशित भएको पाइन्छ (क"डेल,२०५५:द) । जोशी देवकोटाका काव्यकविताको समालोचना गर्नमा बढी केन्द्रित देखिन्छन् ।

प्रगतिवादी दृष्टि भएका समालोचक हीरामणि शर्मा पौड्यालका **समालोचनाको बाटोमा** (२०४१), **परिक्रमा** (२०४४) र **रचना विवेचना** (२०४६) जस्ता पुस्तकहरू प्रकाशित भएको देखिन्छ (क"डेल, २०५५:ध) । प्रगतिवादी समालोचक कृष्णचन्द्रसिंह प्रधानका **सिर्जनाको सेरोफेरो** (२०४०), **कवि व्यथित र उनको काव्य साधना** (२०१५) **नेपालीमा श्रृङ्गारकालीन कविता** (?) र **नेपाली उपन्यास र उपन्यासकार** (२०३७) उल्लेख्य कृति हुन् । हरिभक्त नवपानीयको **नेपालबाहिर नेपाली साहित्यिक गतिविधि** (२०२४) र **प्रबन्ध-कुञ्ज** नामक पुस्तकहरूमा खोजीमेली गरेर लेख्ने प्रवृत्तिको राम्रो झलक पाइन्छ (श्रेष्ठ र शर्मा, २०६४:१६६)।

नेपाली साहित्यका विविध विधामा कलम चलाउ"दै आएका चूडामणि रेग्मीका **पारिजातका परिचय मूल्याङ्कन** (२०५०), **कृति र कृती** (२०५४), **बाइस समालोचना**

(२०४८) आदि समालोचनात्मक पुस्तकहरू प्रकाशित छन् । साहित्य सृजना र समीक्षण कार्यमा जुटिरहने रेग्मी भाषा र व्याकरणका क्षेत्रमा नया“ मत अभिमत प्रस्तुत गर्ने अन्वेषकका रूपमा चिनिंदै आएका छन् (सुवेदी, २०६१:२२६)।

समालोचनाको रूपमा स्थापित श्यामप्रसाद शर्माका बालसाहित्यका समीक्षात्मक कृतिहरूमा **बहिनीलाई चिठी** (२००८), **हाम्रा बालबालिकाहरू हाम्रा नयाँ पुस्ता** (२०४६) जस्ता प्रकाशित भएका छन् ।

कृष्ण गौतम पूर्वीय र पाश्चात्य साहित्यशास्त्रका मर्मज्ञ देखापर्छन् । उनका **देवकोटाका प्रबन्धकाव्य** (२०३८), **आधुनिक आलोचनाका अनेक रूप, अनेक पठन** (२०५०), **प्राच्य महाकाव्य** (२०५५), **पाश्चात्य महाकाव्य** (२०५५), **सिर्जनाको सुवास** (२०५६), **रचनाको रोमान्स** (२०५६) जस्ता समालोचना प्रकाशमा आएका छन् (सुवेदी, २०६१:३६५)।

वासु रिमाल ‘यात्री’को व्याख्या र विवरणप्रधान पुस्तक **केही साहित्यिक चिन्तन** ( २०३२) प्रकाशित छ (श्रेष्ठ र शर्मा, २०६४:१६६)।

व्याख्या प्रधान र वर्णनप्रधान समालोचना लेख्ने भानुभक्त पोखरेलका **साहित्यिक अनुशीलन** (२०३५) र **कवि माधव घिमिरे र उनको काव्यचिन्तन** (२०३९) नामक समालोचनात्मक पुस्तक प्रकाशित छन् । नेपाली आलोचना क्षेत्रमा दरो खरो पाराले लाग्नेहरूमा गोपीकृष्ण शर्माको नाम पनि महत्त्वपूर्ण देखिन्छ (श्रेष्ठ र शर्मा, २०६४:१६७) । उनका **नेपाली निबन्ध परिचय** (२०४०), **अवलोकन र विवेचन** (२०४४) र **संस्कृत साहित्यको रूपरेखा** (२०५३) समालोचनासम्बन्धी प्रमुख पुस्तक हुन् (क“डेल, २०५५:थ)।

साहित्यिक व्यक्तित्व र तिनका कृतित्वबारे लेखेर नथाक्ने घटराज भट्टराईका **गुणराज : व्यक्ति र कृति** (२०३१), **भीमनिधि : व्यक्ति र कृति** (२०३२), **संस्कृतका अमर साहित्यकार** (२०३४) र **प्रतिभै प्रतिभा र नेपाली साहित्य** (२०४०) आदि ग्रन्थहरू मुद्रित छन् (श्रेष्ठ र शर्मा, २०६४:१६७) ।

चन्द्रेश्वर दुवेका शोधखोज र व्याख्याविवेचना **तेस्रो आयामको शवपरीक्षा** (२०३८) **नेपाली साहित्य : एक सर्वेक्षण** (२०३८), **उर्वशी : महाभारतको पृष्ठभूमिमा** (२०३८) आदि पुस्तकहरूमा छापिएका छन् (श्रेष्ठ र शर्मा, २०६४:१६६) ।

रामलाल अधिकारीका **नेपाली निबन्ध यात्रा** (सन् १९७५, २०३२) र **नेपाली एकाङ्की यात्रा** (२०३४) शीर्षकमा समालोचना सम्बन्धी दुई पुस्तक प्रकाशित छन् (क"डेल, २०५५:द) ।

नेपाली समीक्षाका क्षेत्रमा भैरव अर्यालको पनि योगदान छ । उनको समालोचना ग्रन्थ **नेपाली साहित्यमा प्रकृति** (२०३०) हो ।

समालोचक रविलाल अधिकारी नेपाली समालोचनाका क्षेत्रमा प्रगतिवादी समालोचक हुन् । उनका समालोचना **प्रगतिवादी दृष्टिमा यौन सम्बन्ध र सांस्कृतिक चिन्तन** (२०४७), **प्रगतिवादी नेपाली कविता** (२०४४), **अनुभव र आ"खाहरू** (२०४६) र **नेपाली समालोचनाको रुपरेखा** (२०५१) शीर्षक पुस्तकहरूमा सङ्कलित छन् (क"डेल, २०५५:ध) ।

कृष्णप्रसाद पराजुली यस चरणका अर्का समालोचक व्यक्तित्व मानिन्छन् । बालसाहित्य, लोकसाहित्य, भाषिक समीक्षा र समालोचनाका क्षेत्रमा स्थापित पराजुलीको सर्जक व्यक्तित्व जस्तै समीक्षक व्यक्तित्व पनि प्रबल रहेको पाइन्छ (सुवेदी २०६१:२२४) । उनको **पन्ध्रतारा र नेपाली सिद्धान्त** (२०२४) परिचयात्मक समीक्षाग्रन्थ हो ।

साहित्य सिद्धान्तको विवेचना गर्ने हेमाङ्गराज अधिकारीको **पूर्वीय समालोचना सिद्धान्त** (२०३०) प्रकाशित छ ।

मुरारिप्रसाद रेग्मीको मनोविश्लेषणपरक समालोचनाका उत्थानमा महत्त्वपूर्ण योगदान रहेको छ । समालोचना क्षेत्रमा **मनोवैज्ञानिक समालोचना** (कथाखण्ड २०३६) एवं **मनोविश्लेषणात्मक समालोचना** (उपन्यास खण्ड २०४०) र **मनोविश्लेषणात्मक समालोचना** (समसामयिक कथाखण्ड २०५३) जस्ता कृतिहरू प्रकाशमा आएका छन् (सुवेदी, २०६१:३३३) ।

चूडामणि बन्धु भाषा, व्याकरण, साहित्य र समालोचनाका क्षेत्रमा उल्लेखनीय योगदान दिने व्यक्तित्व हुन् । उनले **महाकवि लक्ष्मीप्रसाद देवकोटा** (२०१८) नामक पुस्तिका र **देवकोटा** (२०३६) शीर्षकको खोजपरक, वस्तुतथ्यले युक्त र विवेचनात्मक ग्रन्थ पनि लेखेका छन् (क"डेल, २०५५:थ) ।

प्रभाववादी विवेचक नरेन्द्र चापागाईंका कृतिहरू **उपन्यास शिल्प** (२०३३), **केही कृति : केही प्रतिकृति** (२०३८) शीर्षक धारण गरेर देखापरेका छन् (श्रेष्ठ र शर्मा, २०६४:१६७)।

टङ्कप्रसाद न्यौपाने प्रभावपरक समालोचक हुन् । उनको **साहित्यको रूपरेखा (२०३८)** समालोचना प्रकाशित भएको पाइन्छ । प्रतापचन्द्र प्रधानका **माध्यमिक कालीन नेपाली कवितामा शृङ्गार** (२०३७), **सैद्धान्तिक पृष्ठभूमिमा नेपाली उपन्यास** (२०४०) र **नेपाली कथावलोकन** (२०४०) पुस्तकहरू छापिएका छन् (श्रेष्ठ र शर्मा, २०६४:१६७) ।

प्रगतिवादी समालोचक ऋृषिराज बराल यस चरणका एक सशक्त समालोचक हुन् । उनका **प्रगतिवाद र नेपाली उपन्यास** (२०४०), **प्रगतिवाद** (२०४९) र **मार्क्सवाद र उत्तर आधुनिकतावाद** (२०५३) शीर्षक समालोचनाका पुस्तकहरू प्रकाशित छन् (क"डेल, २०५५:घ)।

चिरञ्जीवी दत्तका **समालोचना** (२०२९) र **केही नेपाली काव्यहरूको समीक्षा** (.....) भन्ने कृतिहरू देखिएका छन् (श्रेष्ठ र शर्मा, २०६४:१६७)।

मार्क्सवादी चिन्तनमा आधारित समालोचना लेख्ने मोदनाथ प्रश्रितको **वैचारिक विकासका सन्दर्भमा महाकवि लक्ष्मीप्रसाद देवकोटा** (...?) प्रकाशमा आएका छन् । कालक्रमिक र प्रभावकारी पारामा आलोचना लेख्ने पुष्कर लोहनीको **चहकदार मइन्टोल र पिलपिले बत्ती** सङ्ग्रह प्रकाशित छ (सुवेदी, २०६४:१६६) । प्रगतिवादी समालोचक डी.पी. अधिकारीका **यथार्थवादी समालोचना** (२०१७) र **नेपाली साहित्य र आलोचना** (२०३२) जस्ता आलोचनात्मक कृति प्रकाशित छन् । रमा शर्माका **मोतीराम भट्टको परिचय र केही कविता** (२०४२) प्रकाशित छ भने रविमान लमजेलको **मेची अञ्चलको साहित्यिक रूपरेखा** (२०३२) प्रकाशित छ ।

आनन्ददेव भट्ट प्रगतिवादी समालोचक हुन् । उनका **हाम्रा प्रतिभाहरू** (२०१९), **समालोचनाको बाटोतिर** (२०१९), **व्यावहारिक समालोचना** (२०४८), **जनताको साहित्य** ( २०४८) र **समय साहित्य** (२०६७) जस्ता समालोचनाहरू प्रकाशित भएका छन् ।

बालसाहित्यका समीक्षक प्रमोद प्रधानका **नेपाली बालसाहित्यको इतिहास** (२०५७), **नेपाली बालवाङ्मय कोष** (?) जस्ता कृति प्रकाशित छन् ।

पूर्णप्रकाश नेपाल 'यात्री'का प्रकाशित कृति **राजा गगनीराजको यात्रा** (२०३८) र **नेपाली भाषा मीमांसा** (२०५३) लाई भाषापरक र शोधमूलक ग्रन्थका रूपमा लिन सकिन्छ ।

प्रगतिवादी समालोचक निनु चापागाईंका समालोचनात्मक कृतिहरूमा **यथार्थवादी रचना दृष्टि र विवेचना** (२०५१), **मार्क्सवादी चिन्तन र सौन्दर्य** (२०५५), **सन्दर्भ, संस्कृति रूपान्तरण** (२०५९) हुन् ।

देवीप्रसाद गौतमका समीक्षात्मक कृति **प्रगतिवाद : परम्परा र मान्यता** (२०४९) प्रकाशित छ । समालोचनाको भाषावैज्ञानिक फाँटमा गौतमको भूमिका उल्लेखनीय रहेको छ ।

महिला समालोचकमा परिचित समीक्षक देवी शर्माको **शोध र समीक्षा** (२०४५)का साथै फुटकर समालोचना प्रकाशित छन् । देवी सुवेदीका **अभिव्यक्ति र विश्लेषण** (२०५८) र **महान् विभूति बालकृष्ण सम** (२०५९) जस्ता पुस्तकाकार कृतिका अतिरिक्त फुटकर समालोचना पनि प्रकाशित भएका छन् । उनका रचनामा प्रभावपरक समालोचना चिन्तन प्रकट भएको पाइन्छ (सुवेदी, २०६१:२९६) । जगन्नाथ शर्मा त्रिपाठीका **महाकवि गुणराजको रुक्मिणी परिणयम् (काव्य)को अध्ययन विश्लेषण** (२०४५), कवि धरणीधर कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्व (२०५१) प्रकाशित छन् ।

समालोचक घनश्याम न्यौपाने ‘परिश्रमी’का **साहित्य सन्दर्भ** (२०५५), **गजल भूमिकावली** (२०६३), **गजल सौन्दर्य मीमांसा** (२०६४) जस्ता समालोचनात्मक ग्रन्थ प्रकाशित छन् । उनले सैद्धान्तिक एवम् व्यावहारिक समालोचनात्मक पद्धति अगाँलेको पाइन्छ । उनी कृति र कृतिकारको आवश्यकतानुसार व्याख्या विश्लेषण एवम् मूल्याङ्कन विधिद्वारा नीरक्षीर विभक्त गरेर देखाउन सफल समालोचकका रूपमा देखापरेका छन् (पुन, २०६५:२८) ।

नेपाली समालोचनाको फाँटमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका कपिल लामिछाने सैद्धान्तिक एवम् व्यावहारिक समालोचक हुन् । गाउ“खाने कथामा विद्यावारिधि गरेका लामिछानेका समालोचनात्मक कृतिहरूमा **नेपाली साहित्यको सेरोफेरो** (२०५८), **नेपाली लोकगाथाको अध्ययन** (२०६४), **नेपाली गाउ“खाने कथाको अध्ययन** (२०६८), **नेपाली लोकगीतको अध्ययन** (२०६८), **समालोचनाको सोपान** (२०६८), **समीक्षा सिद्धान्त र समीक्षाहरू** (२०६९) र सम्पादित कृतिमा **मोदनाथ प्रश्रित : केही अध्ययन** (२०६८) र **कविता पौडेल बहुआयाम** (२०३८) प्रकाशित भएका छन् । मुख्यतः साहित्यिक लोकसाहित्यिक र खोजअनुसन्धानमूलक रहेका उनका समालोचनाले उनलाई एक अन्वेषणशील र प्रगतिशील समालोचकका रूपमा स्थापित गरेको छ ।

यसरी यस चरणको नेपाली समालोचनामा विविधता देखिन्छ । यस चरणमा नयाँ र पुराना समालोचकहरू क्रियाशील देखिन्छन् । यस चरणमा पूर्वीय र पाश्चात्य दुवै काव्यशास्त्रको उपयोग गरिएको छ भने तुलनात्मक पद्धतिलाई पनि आधार बनाइएको छ ।

## ३.४ निष्कर्ष

नेपाली साहित्य सिर्जनाको लामो इतिहासपछि मात्र देखापरेको समालोचना विधा छोटो समयमै पनि ठूलो उपलब्धि प्राप्त गर्न सफल भएको देखिन्छ र समयको प्रवाहस“गै नेपाली समालोचना परम्परामा विशेष गरी ऐतिहासिक, तुलनात्मक, प्रभावपरक, सैद्धान्तिक व्याख्यात्मक, पाठ्यात्मक, प्रगतिवादी मनोवैज्ञानिक आदि समालोचनाका विभिन्न प्रकार प्रवृत्ति र पद्धतिहरू क्रमशः विकास हुँदै गएको पाइन्छ । प्रथम चरणदेखि नै आफ्नो प्रभुत्व जमाउ“दै आएको प्रभाववादी समालोचनाले लामो समयसम्म झ्याङ्गिने मौका पाएको हु“दा अहिलेसम्म यसले विशाल रूप लिएको देखिन्छ, तापनि विश्लेषणात्मक मूल्याङ्कनात्मक एवम् प्रगतिवादी समालोचना पद्धति सबभन्दा बढी फस्टाएको पाइन्छ । अन्य चरणका तुलनामा यो चरण अझ विकास हुँदै गएको देखिन्छ । यस अवधिमा प्राच्य तथा पाश्चात्य समालोचनाको नयाँनयाँ सिद्धान्त र पद्धतिको प्रयोग पाइएको हुनाले समालोचनाको स्वरूपमा विस्तार आएको देखिन्छ । लगभग पाँच दशकको लामो समयमा यसले थुप्रै कृति र कृतिकार जन्माएको पाइन्छ । कृति वा कृतिकारप्रतिको भावुकतालाई परित्याग गर्दै इमान्दारीपूर्वक सत्यतथ्य ढङ्गले नयाँ सोच, चिन्तन र प्रवृत्ति अँगाल्दै समालोचना लेख्ने प्रविधिको विकास भएको पाइन्छ । कपिल लामिछाने नेपाली समालोचनाको चालीसको दशकमा देखापरेका एक महत्त्वपूर्ण समालोचक हुन्, जसले नेपाली समालोचनाको फाँटमा सैद्धान्तिक एवम् व्यावहारिक समालोचना गरेका छन् ।

# परिच्छेद चार

# समालोचक कपिल लामिछानेको समालोचना-यात्रा

## ४.१ विषयप्रवेश

माता सुकुमाया लामिछाने र पिता शुकदेव लामिछानेका ज्येष्ठ सुपुत्रका रूपमा २०१५ आश्विन २४ गते सोमबारका दिन गण्डकी अञ्चल, कास्की जिल्ला, माझ्ठाना १, सौरेमा जन्मेका कपिल लामिछानेले सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट शास्त्री गरी २०४० सालमा त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेका हुन् । उनले नेपाली गाउँखाने कथा विषयमा विद्यावारिधि उपाधि प्राप्त गरेका छन् । बनारसबाट प्रकाशित हुने **कल्याणी** पत्रिकामा 'कामना' शीर्षकको कविता प्रकाशित भएपछि नेपाली साहित्यमा प्रवेश गरेका लामिछानेले कथा, कविता, नाटक, एकाङ्की, बालकथा, बालउपन्यास, समालोचना, जीवनी आदि विभिन्न विधामा कलम चलाएको पाइन्छ । बहुमुखी प्रतिभा कपिल लामिछाने साहित्य सिर्जनाका साथै समालोचनाका क्षेत्रमा पनि उत्तिकै क्रियाशील छन् । यहाँ समालोचक कपिल लामिछानेको समालोचना-यात्राको चरण-विभाजन गर्दै उनको समालोचना-यात्राको आकलन गरिएको छ ।

## ४.२ कपिल लामिछानेको समालोचना-यात्राको चरण-विभाजन

नेपाली समालोचनाको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका कपिल लामिछाने आधुनिक युगका एक जल्दा-बल्दा समालोचक हुन् । समालोचनाको क्षेत्रका सशक्त ढङ्गले कलम चलाउँदै आएका लामिछानेका अनुसार समालाचना अक्षरले अक्षरलाई बुझाउने-चिनाउने एउटा प्रयत्न हो, प्रकारान्तरले भन्ने हो भने लेख्य भाषाका माध्यमबाट साहित्यिक कृतिको अर्थ लगाउने, व्याख्या-विश्लेषण र मूल्याङ्कन गर्ने काम नै समालोचना हो ( लामिछाने, २०६८:ग)। विगत अढाइ दशकदेखि समालोचनाको फाँटमा सैद्धान्तिक र व्यावहारिक समालोचना गर्दै आएका लामिछानेले छोटै अवधिमा पनि नेपाली समालोचनाको ढुकुटीलाई समृद्ध बनाउन सफल भएको पाइन्छ ।

**दैनिक निर्णय** (वर्ष २०, अङ्क १७४, २०४२, साउन २ गते) मा प्रकाशित 'भानुभक्त आचार्य : नेपाली साहित्यका जग र नेपाली संस्कृतिका द्योतक' शीर्षकको समालोचना नै लामिछानेको प्रथम समालोचना रहेको छ । यो भानुभक्त आचार्यको जीवन र योगदानसँग सम्बद्ध जीवनीपरक समालोचना हो । यसलाई लामिछानेको समालोचना-यात्राको

प्रस्थानबिन्दु मान्न सकिन्छ । सङ्ग्रह वा पुस्तकाकार कृतिका दृष्टिले **नेपाली साहित्यको सेरोफेरो** (२०५८) उनको प्रथम प्रकाशित समालोचनासङ्ग्रह हो । यसमा खोजपरक, जीवनीपरक, लोकसाहित्यिक, परिचयात्मक, प्रभावपरक, स्रष्टापरक, कृतिपरक गरी जम्मा एक्काइसवटा समालोचनाहरू रहेका छन् । उनका समालोचनाहरूमा प्रगतिवादी यथार्थवादी चिन्तन प्रस्तुत भएको पाइन्छ । यी समालोचनाका आधारमा लामिछाने एक कुशल, निर्भीक, वस्तुतथ्यमा आधारित व्याख्या र विश्लेषण सहित सटिक निर्णय एवम् उपयुक्त मूल्याङ्कन गर्ने समालोचकका रूपमा देखिन्छन् (ढुङ्गेल, २०६६, पृ. १२०-१२५) ।

समालोचनाका क्षेत्रमा आफ्नो स्थान बनाउन सफल लामिछानेका हालसम्म **नेपाली साहित्यको सेरोफेरो** (२०५८), **नेपाली लोकगाथाको अध्ययन** (२०६४), **नेपाली लोकगीतको अध्ययन** (२०६८), **समालोचनाको सोपान** (२०६८) नामक समालोचनात्मक ग्रन्थहरू प्रकाशित भएका छन् भने विभिन्न फुटकर समालोचनाहरू पनि विभिन्न पत्र-पत्रिकामा प्रकाशित छन् । कपिल लामिछाने एक स्पष्ट, निर्भीक र सफल द्रष्टा हुन् भन्ने उनका समालोचनाले सिद्ध गरेका छन् । कृतिलाई यथार्थवादी आँखाले हेर्नु समाजसापेक्षतामा हेर्नु, प्रगतिवादी दृष्टि पुऱ्याउनु समालोचक लामिछानेका मुख्य विशेषता हुन् (वशिष्ठ, २०६६:१३३) ।

लोकसाहित्यको क्षेत्रमा शोध-अनुसन्धान गरी शोधखोजमूलक समालोचनात्मक ग्रन्थ प्रकाशन गरेको आधारमा लामिछाने लोकसाहित्यका एक सचेत अन्वेषणशील समालोचकका रूपमा चिनिन्छन् । **नेपाली लोकगाथाको अध्ययन** कृतिले लामिछानेलनई लोकसाहित्यका क्षेत्रमा एक सबल र सशक्त कर्ताका रूपमा उभ्याएको छ (न्यौपाने, २०६६:५४३-५४४) ।

लामिछानेको समालोचना-यात्रा करिब अढाइ दशक लामो रहेको छ । यस बीचमा उनमा अनेक परिवर्तन आएका छन् । अध्ययनको सुगमताका लागि प्रारम्भदेखि हालसम्म प्रकाशित उनका समालोचनाहरूको विकासक्रममा देखापरेका मोडहरू र प्रवृत्तिका आधारमा उनको समालोचना-यात्रालाई निम्नलिखित दुई चरणमा विभाजित गर्न सकिन्छ :

(क) पूर्वार्द्ध चरण - २०४२ देखि २०५७ सम्म (फुटकर रचनाकाल)

(ख) उत्तरार्द्ध चरण - २०५८ देखि हालसम्म (कृति प्रकाशनकाल)

## ४.३ कपिल लामिछानेको समालोचना-यात्राको चरणबद्ध अध्ययन

यहाँ यी हरेक चरणका बेग्लाबेग्लै अध्ययन गरिन्छ ।

### ४.३.१ पूर्वार्द्ध चरण

समालोचक कपिल लामिछानेको समालोचना-यात्राको प्रथम प्रहर अर्थात् पूर्वार्द्ध चरण २०४२ देखि २०५७ सम्म रहेको छ । यो उनको फुटकर समालोचना काल हो । यस अवधिमा उनका फुटकर समालोचनाहरू प्रकाशित भएका छन् । यहाँ समालोचक कपिल लामिछानेका त्यस्ता समालोचनाको कालक्रमिक अध्ययन गरिएको छ :

२०४२ साल साउन २ गते **दैनिक निर्णय** पत्रिकामा ‘भानुभक्त आचार्य : नेपाली साहित्यका जग र नेपाली संस्कृतिका द्योतक’ नामक जीवनीपरक समालोचना प्रकाशन भए पश्चात् कपिल लामिछानेको समालोचना-यात्रा थालिएको हो भने यसैबाट समालोचना-यात्राको पूर्वार्द्ध चरणको पनि प्रारम्भ भएको हो । यसमा लामिछानेले भानुभक्त आचार्यलाई नेपाली साहित्यका जग र नेपाली संस्कृतिका द्योतक हुन् भन्दै नेपाली भाषामा लेखिएका कृतिहरू भाषे भनिने डरले भित्रभित्रै लुकाइएको, टाक्सिएको, ठिम्रिएको र पलापिएको अवस्थामा भाषे भनाउने डरलाई फालेर भानुभक्त नेपाली भाषाको सेवामा समर्पित भई भाषे भन्नेहरूमाथि शिष्ट र बौद्धिक प्रहार गरेर उनले महान् क्रान्ति गरेको कुरा उल्लेख गरेका छन् । यसमा लामिछानेले भानुभक्तको रामायण अघि र पछिको लामो समय खाली रहेकाले भानुभक्तको रामायण नै महाकाव्यको जग हो, शिलन्यास हो भन्दै नेपाली महाकाव्य परम्परामा भानुभक्तको रामायणले प्रथम नेपाली महाकाव्य हुने श्रेयः पाएको कुरा व्यक्त गरेका छन् । लामिछानेले महाकाव्यात्मक रचनाका सापेक्षमा भानुभक्तलाई राखेर हेर्दा महाकाव्यकारका रूपमा आदिकवित्व प्रदान गर्ने हो भने उनी सधैँ आदिकविका रूपमा सुरक्षित एवम् प्रतिष्ठित रहिरहनेछन्, कसैको तगारो र गौँडागल्छेडाले भानुभक्तको आदिकवित्वलाई अवरोध खडा गर्न सक्तैनन् भन्ने निष्कर्ष निकालेका छन् । रामायणको नाउँ सुन्दा साहित्य र संस्कृति एकैचोटि कानमा प्रतिध्वनित हुन्छन् अनि नेपाली संस्कृति शब्द सुन्दा भानुभक्तको रामायण कानमा गुञ्जित हुन पुग्छ भन्दै लामिछानेले भानुभक्तलाई नेपाली संस्कृतिका द्योतक हुन् भन्ने कुरा उल्लेख गरेका छन् । उनले नेपाली साहित्यका जग र नेपाली संस्कृतिका द्योतक भानुभक्तप्रति श्रद्धा गर्नु नेपाली मात्रको परम कर्तव्य हो भनेका छन् ।

‘निर्भीक समालोचक रामकृष्ण शर्मा’ शीर्षकको समालोचना २०४३ सालमा **दैनिक निर्णय** पत्रिकामा प्रकाशित स्रष्टापरक समालोचना हो । यसमा समालोचक लामिछानेले आधुनिक नेपाली समालोचनाका प्रथम निर्माता रामकृष्ण शर्मालाई एक निर्भीक, तार्किक तथा निर्णायक समालोचकका रूपमा चिनाउँदै शर्मा समालोचनाका क्षेत्रमा कसैको

धाकधम्की मुख, पद, नताकी हाकाहाकी र सफासफी आलोचना गर्ने र निर्णय दिने समालोचकका रूपमा परिचित र प्रतिष्ठित रहेको तथ्य उल्लेख गरेका छन् । यसमा मोतीराम भट्टबाट थालिएको नेपाली समालोचनामा शर्माले एउटा निश्चत मोड ल्याएको र नयाँ किसिमले आलोचना गरेको भन्दै लामिछानेले प्रथम समालोचना 'अङ्ग्रेजी साहित्यको प्रभाव'मा शर्माले सम र देवकोटा जस्ता मूर्धन्य नेपाली साहित्यकारमा व्यापक रूपमा परेको अङ्ग्रेजी साहित्यको प्रभावलाई निर्धक्कसित छर्लङ्ग पारेका छन् भन्ने विचार व्यक्त गरेका छन् । पाश्चात्य समालोचना प्रणालीलाई अँगालेका शर्मा निर्भीकता, तार्किकता र निर्णयात्मकता जस्ता विशेषताले गर्दा नै थोरै लेखेर पनि नेपाली समालोचनाका क्षेत्रमा एउटा उल्लेख्य व्यक्तित्वका रूपमा चिनिन र अमर हुन पुगेको चर्चा गर्दै लामिछानेले शर्माको समालोचकीय प्रवृत्ति र व्यक्तित्वको समीक्षा गरेका छन् ।

'मदन पुरस्कार प्राप्त वैकुण्ठ एक्सप्रेस' नामक लेख २०४३ सालमा **दैनिक निर्णय** पत्रिकामा प्रकाशित कृतिपरक समालोचना हो । यहाँ लामिछानेले मोहनराज शर्माको **'वैकुष्ठ एक्सप्रेस'** नाटकले सुख-सुविधाको खोजीमा बिदेसिने हो भने भयानक त्रासद र दुखान्तताको सामना गर्नुपर्ने हुन सक्छ भनी देखाएको बताएका छन् । खासगरी सुख-सुविधाको खोजीमा बिदेसिनेहरूलाई स्वदेश छाडी विदेश नजाने सल्लाह दिएको उल्लेख गर्दै लामिछानेले वैकुण्ठ एउटा मानवीय सुख-सुविधा सम्पन्न ठाउँको प्रतीक हो, त्यही सुख-सुविधा प्राप्त गर्नका लागि मानिस वैकुष्ठ यात्रातर्फ प्रस्थान गरिरहे छन् र त्यसै लोभमा मोहित यात्रीले एउटा त्रासद परिस्थितिको सामना गर्नु परेको तथ्य स्पष्ट पारेका छन् ।

'मुनामदनको वैचारिक मूल्याङ्कन' शीर्षकको समालोचना २०४३ मा **बौद्धिक उद्यान** पत्रिकामा प्रकाशित कृतिपरक समालोचना हो । यहाँ लामिछानेले महाकवि लक्ष्मीप्रसाद देवकोटाको प्रथम प्रकाशित खण्डकाव्य **मुनामदन** (१९९२) कथ्य र विचारका दृष्टिले नितान्त सशक्त रहेको चर्चा गर्दै **मुनामदन** देवकोटाका सम्पूर्ण खण्डकाव्य र उनको समुच्य काव्ययात्राकै सर्वोच्य खण्डकाव्य र शीर्षस्थ उपलब्धि मात्र नभई नेपाली खण्डकाव्य परम्पराकै सर्वोत्कृष्ट खण्डकाव्य र सर्वाधिक लोकप्रिय नेपाली रचना भएको निष्कर्ष दिएका छन् । लोकप्रचलित भ्याउरे लय, लोकगाथाको प्रयोग, सफल आख्यानीकरण र जनअभिरुचि अनुसारको विचार हुनाले **मुनामदन** प्रसिद्ध रचना हुन पुगेको हो भन्दै लामिछानेले प्रस्तुत कृतिको कथ्य र वैचारिकताको विश्लेषण तथा मूल्याङ्कन गरेका छन् । यसमा लामिछानेले निर्दिष्ट अध्यात्मवाद, प्रकृतिवादी अभिव्यञ्जना, मानवतावाद, कर्मवाद तथा प्रेम सम्बन्धी दृष्टिकोणले गर्दा **मुनामदन** अपूर्व कृति सिद्ध हुन पुगेको र अपूर्व कृति भएकाले लोकप्रियतामा पनि अपूर्वता नै प्राप्त गरेको छ भन्ने निष्कर्ष निकालेका छन् ।

'सृजनात्मक लेखनका केही अनुभव' लेख २०४३ सालमा **पाठ्यक्रम विकास पत्रिका**मा प्रकाशित अनुभवजन्य समालोचना हो । यसमा लामिछानेले सृजनात्मक लेखनको

परिचय दिँदै आफूले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र अध्ययन सङ्काय अन्तर्गत नेपाली विषयमा स्नातकोत्तर तहमा अध्ययन गर्दा आठौँ पत्रमा लिएको सृजनात्मक लेखनका क्रममा कथा लेखनका आफ्ना अनुभवहरूको चर्चा गरेका छन् ।

समालोचकले सृजनात्मक पत्र लिनुअघि आफू अन्योल र अस्पष्टताको भुमरीमा रुमल्लिएर कुहिराको काग जस्तो भएको तर सृजनात्मक पत्र लिएपछि आफूभित्रको अन्योल क्रमशः मेटिँदै, कुहिरो पन्छिदै र सृजनशक्ति फस्टाउँदै गएपछि ताते गर्ने बालकबाट ठमठम हिँड्ने ठिटोमा परिवर्तित भई सबल र सक्षम भएको तथ्य उल्लेख गरेका छन् । समालोचक लामिछानेले यहाँ सृजनात्मक लेखनको शिक्षाले स्नातक तह र स्नातकोत्तर तहमा अध्ययनरत अल्मलिएका प्रतिभाहरूलाई उँभो उठाउने, स्वस्थ र स्पष्ट बाटो देखाइदिने, प्रस्फुटन हुन नसकेको सृजनशक्तिलाई अघि बढ्न सघाउने र निश्चित दिशाबोध गराउने बताएका छन् ।

'प्रथम नेपाली पत्रकार : मोतीराम भट्ट' लामिछानेको **दैनिक निर्णय** पत्रिकामा २०४३? मा प्रकाशित स्रष्टापरक समालोचना हो । यसमा नेपाली पत्रकारिताको शिलन्यास 'गोर्खा भारत जीवन'बाट भएको हो र मोतीराम भट्ट प्रथम नेपाली पत्रकार हुन् भन्ने निर्णय दिइएको छ । लामिछानेले नेपाली पत्रकारिताको प्रारम्भ **गोर्खा-भारत जीवन** पत्रिकाबाट भएको कुरामा विद्वान्हरूको एकमत छैनन् भने त्यसको प्रकाशन मिति वा वर्षका बारेमा पनि एकमत नभएको जनाएका छन् । यसमा कमल दीक्षितको गोर्खा भारत जीवन पत्रिकाको प्रकाशन वर्ष १९५० साल, हर्षनाथ भट्टराईले १९४५ साल र दयाराम श्रेष्ठले १९२३ साललाई नै मानेको बताउँदै लामिछानेले विभिन्न मतमतान्तर पाइए तापनि '**गोर्खा-भारत जीवन'** पत्रिकाको प्रकाशन वर्ष १९४३ नै हो भन्ने निर्णय दिएको पाइन्छ । यहाँ नेपाली पत्रकारिताको एक शताब्दी वर्ष र नेपाली पत्रकारिताका प्रवर्तक मोतीरामलाई भुल्ने गैरजिम्मेवार व्यक्तिहरू जिम्मेवार संस्थामा रहनुले गर्दा प्रतिभाको कदर हुन छोडेको दुखेसो व्यक्त गर्दै मोतीरामलाई बिर्से पनि पत्रकारिताको शताब्दी वर्षलाई भुल्न नहुने धारणा व्यक्त गरिएको छ ।

'आसमदेखि मणिपुरसम्म : एक अवलोकन' नामक समीक्षात्मक लेख २०४५ सालमा **विचार** पत्रिकामा प्रकाशित छ । यहाँ कपिल लामिछानेले दिल साहनीको समालोचनात्मक कृति **आसामदेखि मणिपुर सम्म**को समीक्षा गरेका छन् । यसमा समालोचक लामिछानेले साहनीले बारजना आसामी नेपाली साहित्यकारसित भेटी गरिएको कुराकानीका टिपोटलाई प्रस्तुत गरेको र नेपाली साहित्य नेपालीको राजनैतिक चौघेराभित्र सीमित नभई भारत र वर्मा आदि विभिन्न क्षेत्रमा पनि फैलिएको छ भन्दै नेपाली साहित्यमा पूर्वाञ्चल भारत खासगरी पश्चिम बङ्गाल, आसाम, सिलाङ, नागालैन्ड, मेघालय र मणिपुरका नेपाली साहित्यकारको विशेष योगदान रहेको चर्चा गरेका छन् । दिल साहनीको प्रस्तुत ग्रन्थले नेपाली साहित्यका पाठकलाई निकै ठूलो सघाउ पुऱ्याउने भए पनि नेपाली समालोचना

क्षेत्रमा संलग्न विद्वान्लाई यसले हल्का सामग्रीको खबर दिने कुरा लामिछानेले व्यक्त गरेका छन् । प्रस्तुत ग्रन्थलाई आसामदेखि मणिपुरसम्मको समग्र साहित्यिक अध्ययन-विवरण भन्न मिल्दैन भन्दै लामिछानेले धेरै कम साहित्यकारसितको कुराकानी मात्र साहनीले प्रस्तुत गरेको कुरा उल्लेख गरेका छन् ।

'भाषा, बालभाषा, बालसाहित्य' नामक समालोचनात्मक लेख २०४६ सालमा **बालसाहित्य** पत्रिकाको अङ्क २ मा प्रकाशित बालभाषापरक समीक्षा हो । यसमा लामिछानेले बालसाहित्य र भाषा, बालसाहित्यको भाषा, बालभाषा र बालसाहित्य गरी विभिन्न उपशीर्षकमा विभाजन गरेर तिनको अध्ययन गरेका छन् । उनले बालसाहित्यको भाषा सरल हुनुपर्छ भन्ने अवधारणा सबै सर्जकमा रहे तापनि गरु·ा शब्द र बोझिलो भाव बालरचना भनिएका रचनामा विद्यमान रहेको चर्चा गर्दै यसो हुनु बालसाहित्यको प्रभावकारिताका दृष्टिले नितान्त कमजोरी हो र ज्ञानको कमी वा त्यसतर्फको उपेक्षाभावले यसो भएको हो भनेका छन् । बालसाहित्यका सर्जकले भाषा सरल र रोचक रूपमा प्रयोग गर्न सकेमा बालसाहित्य पूर्णतया बालोपयोगी हुन सक्ने बताउँदै भाषा उपयुक्त नभए लक्ष्यमा पुग्न नसकिने कुरालाई सर्जकले बुझ्नु पर्छ भन्ने विचार पनि प्रस्तुत गरेका छन् ।

'मट्याङ्ग्राको चोट' नामक लेख २०४६ सालमा **दैनिक सिद्धार्थ** पत्रिकामा प्रकाशित कृतिपरक समालोचना हो । यसमा वर्तमान जीवनका जटिलताले गर्दा लामा रचना र ठूला-ठूला पुस्तक पढ्न सक्ने र भ्याउने समय कम हुँदै गइरहेको अवस्थामा नितान्त लघुरचनाको अपरिहार्य आवश्यकता भएको कुरा उल्लेख गर्दै लामिछानेले प्रस्तुत कृति एउटा त्यस्तै प्रयास हो भनेका छन् । लामिछानेले 'मट्याङ्ग्राको चोट'मा कवित्रय बूँद राना, दिल साहनी र ऋृषि भुसालका प्रवृत्तिबारे चर्चा गर्दै उनका अणुकविता अर्थात् मुक्तक र हाइकुका बारेमा सङ्क्षिप्त चर्चा गरेका छन् । यस क्रममा लामिछानेले कवि बूँदले समसमायिक सामाजिक, आर्थिक विषमता, अप्ठ्यारा र तीतार्टरा कुरालाई कवितारूपी ससाना मट्याङ्ग्राले हिर्काएर सचेत र सजग पार्न खोजेको उल्लेख गर्दै बूँदले देखेको समाज, भोगेको युग विकलाङ्ग छ, अस्थिर छ र निरङ्कुश छ भन्ने चर्चा गरेका छन् । यस्तै उनले दिल साहनीका कवितामा समसामयिकता टड्कारो भएर ब्युँझेको बताउँदै समग्रमा साहनीका कविताले देशको सामाजिक, आर्थिक, राजनैतिक अवस्थाको चित्र खिचेको कुरा व्यक्त गरेका छन् । ऋृषिराम भुसाल समसामयिक घटनालाई विषयवस्तु बनाई कविता लेख्न सिद्धहस्त भएको चर्चा गर्दै लामिछानेले 'मट्याङ्ग्राको चोट' कवितामा भुसाललाई सत्य, शान्ति, र सृजनाका निम्ति मट्याङ्ग्राको प्रयोग गर्ने आह्वान गरेको कुरा व्यक्त गरेका छन् । यहाँ लामिछानेले सामयिकता, व्यङ्ग्यात्मकता र सङ्क्षिप्तता तीनै कविका साझा विशेषता हुन् भन्दै तीनैजना प्रगतिवादी कविका रूपमा चिनिएका कवि हुन् भन्ने निष्कर्ष दिएका छन् ।

‘ज्योति ज्योति महाज्योति : एक हेराइ’ शीर्षकको समालोचना २०४६ सालमा **दैनिक सिद्धार्थ** पत्रिकामा प्रकाशित कृतिपरक समालोचना हो । यसमा लामिछानेले पशुपति क्षेत्रको सेरोफेरो र त्यहाँका जनजीवनका कथा, व्यथा, रहनसहन, जीवनशैली आदिलाई प्रतिपाद्य बनाएर लेखिएको **ज्योति ज्योति महाज्योति** सामाजिक याथार्थवादी उपन्यास हो भन्दै सामाजिक असमानता, विसङ्गति, धर्मका नाममा चलेका अनेकौं कुसंस्कार कुरीति र अन्धविश्वासलाई प्रस्तुत उपन्यासले जरैदेखि भत्काउन खोजेको कुरा उल्लेख गरेका छन् । यसमा उनले धार्मिक पवित्र स्थल मानिएको पशुपति क्षेत्रभित्र बसेर पनि गाँजा भाङ, चरेस जस्ता लागु र निषिद्ध पदार्थको पदार्थको व्यापार गर्ने र मानव कङ्कालको तस्करी गर्ने भट्टको कामवासना र तत्जन्य क्रियाकलाप, पैसा वा भेटी नचढाएसम्म फूलप्रसाद पनि नपाइने तर थैली फुकाउना साथ ठूलो खायस गर्दै जलप्रसाद समेत दिन व्याकुल बन्ने पशुपतिनाथका भट्टको द्रव्यपिचासी मानसिकता, स्कुलको वार्षिकोत्सवको मौका छोपी आफ्नो प्रचार गर्ने स्याङ्जाली राजनीतिज्ञहरू अनि त्यस्तै मौका पारेर रक्सी धोक्ने ना·ा सरकारी अधिकृतहरू, कुचाले हिर्काएर फुकफाक गर्ने अधबैंसे कुचाले भाइराम, अघोरी साधुद्वारा गोप्य रूपमा गर्भाधान गराएर सन्तान जन्माउने निसन्तान साहू जयजय रामकी साहुनी पशुपतिको बेलबोटमुनि हठयोग गरेको स्वाङ रचेर बस्ने र सुसार गर्न खटाइएका बूढी कन्या र विधुवी तरुनी च्यापेर सुइँकुच्चा ठोक्ने कथित योगी, परेवा र बाँदरलाई भनी गहुँ र मकै छैन, तर मगन्तेले छोएमा प्रहरीका डन्डा ख्वाएर लखेट्ने धार्मिक व्यक्ति आदि पशुपति क्षेत्रका वर्तमान वास्तविकता हुन् भन्ने कुरा उल्लेख गरेका छन् ।

‘हिमाल र मान्छे : बाध्यताभित्र बाँचेको जीवन’ शीर्षकको समालोचना २०४६ सालमा **मुक्ति सन्देश** पत्रिकामा प्रकाशित कृतिपरक समालोचना हो । यसमा लामिछानेले उच्च पहाडी भेक र हिमाली लेक नेपाली साहित्यमा चित्राङ्कित नभएको वर्तमान परिप्रेक्ष्य र पृष्ठभूमिमा हिमाल र हिमालकै काखमा खेल्ने, नेपालीका कथाव्यथालाई प्रस्तुत उपन्यासले पोखेको उल्लेख गर्दै हिमाली मुलुक भईकन पनि हिमाली जनजीवन, रहनसहन, जीवनशैली, दुखदुखेसा आदिका बारेमा नेपाली साहित्य पछि रहेको कुरा उल्लेख गरेका छन् । उनले नेपालीहरू बाध्यताले पर्वतारोहण गर्छन्, हिमाल चढ्नु हिमाली भेकका नेपालीको बाध्यता हो र त्यो अब क्रमशः पुर्ख्यौली पेसा बनेको कुरा उल्लेख गरेका छन् ।

‘साहित्य र पत्रकारिता’ **पाठ्यक्रम विकास पत्रिका**मा २०४६ सालमा प्रकाशित सैद्धान्तिक समालोचना हो । यसमा लामिछानेले साहित्य र पत्रकारिताका बीचमा रहेको समानता र असमानताबारे सङ्क्षिप्त चर्चा गरेका छन् । राष्ट्रको सांस्कृतिक सामाजिक समुत्थानमा साहित्य र पत्रकारिताको आधारभूत भूमिका रहेको उल्लेख गर्दै यी दुवैलाई राष्ट्रका गौरव ठहऱ्याएका छन् ।

'दौलतविक्रम विष्टको औपन्यासिक यात्रा' शीर्षकको समालोचना २०४६ सालमा **आकार** पत्रिकामा प्रकाशित विधापरक समालोचना हो । प्रस्तुत कृतिमा समालोचकले नेपाली उपन्यासको पृष्ठभूमिको चर्चा गर्दै उपन्यासकार दौलतविक्रम विष्टको औपन्यासिक यात्राको अवलोकन र सङ्क्षिप्त विश्लेषण गरेका छन् । यसमा **मञ्जरी** (२००८/२०१६) उपन्यासबाट आफ्नो औपन्यासिक यात्रा सुरु गरेका विष्टले **एक पालुवा अनेकौं याम** (२०२६), **चपाइएका अनुहार** (२०३०), **बिग्रिएको बाटो** (२०३३), **थाकेको आकाश** (२०३४), **भोक र भित्ताहरू** (२०३८), **ज्योति-ज्योति महाज्योति** (२०४५) र **हिमाल र मान्छे** (२०४५) गरी आठवटा उपन्यास दिएर नेपाली उपन्यासलाई समृद्ध तुल्याएको बताउँदै लामिछानेले **मञ्जरी**देखि **हिमाल र मान्छे**सम्मको औपन्यासिक यात्रालाई हेर्दा विष्टको औपन्यासिक मूल प्रवृत्ति सामाजिक यथार्थवाद रहेको बताएका छन् । उनले परिमाणात्मक र गुणात्मक दुवै दृष्टिले उनका उपन्यास उपलब्धिपूर्ण भएको र औपन्यासिक यात्रा सफल, सार्थक र प्राप्तिपूर्ण रहेको जनाएका छन् ।

'जूनतारा : एक हेराइ' शीर्षकको समीक्षा २०४६ सालमा **कृष्णप्रसाद पराजुली आस्थाका आयाम**मा प्रकाशित कृतिपरक समालोचना हो । **जूनतारा** बालसाहित्यकार कृष्णप्रसाद पराजुलीद्वारा लेखिएको बालखण्डकाव्य हो । यसमा लामिछानेले **जूनतारा** बालखण्डकाव्यको उद्देश्य जून र तारा दिदी र भाइका कथाका माध्यमले बालकहरूलाई बढी लोभ र असन्तोष गर्नु राम्रो होइन भनेर देखाउनु रहेको कुरा उल्लेख गरेका छन् । भाषाशैलीको शुद्धता, सरलता र मिठासले गर्दा प्रस्तुत रचना बालपाठकको मनलाई आकर्षित गर्न सफल रहेको ठहर गरेका छन् ।

'प्रगतिवादी कथ्य र शिल्पका सन्दर्भमा हृदयका फूलहरू' शीर्षकको समालोचना २०४७ कात्तिकमा **जनमत** पत्रिकामा प्रकाशित कृतिपरक समालोचना हो । यसमा समालोचकले प्रगतिवादी कविका रूपमा प्रसिद्धि पाएका रामचन्द्र भट्टराईको **हृदयका फूलहरू** कविता सङ्ग्रहका कवितामा प्रयुक्त कथ्य र शिल्प प्रगतिवादी मान्यताअनुरूप भएको जनाउँदै प्रस्तुत कृतिमा कविले निम्नवर्गीय सुषुप्त चेतनालाई ब्युँझाई समाजमा विद्यमान अन्याय, अत्याचार, भ्रष्टाचार, शोषण, दमन विरुद्ध सङ्घर्षशील तुल्याएको कुरा व्यक्त गरेका छन् । समालोचकले शोषक, अन्यायी, देशद्रोही विरुद्ध कतै 'कविता' र 'वेश्या' कुर्लेका छन् त कतै 'नदी' र 'बन्दी उर्लेका छन्† कतै 'कानुन' र 'काली' विद्रोह ओकल्छन् त कतै मान्छे र किसान क्रान्ति कोरल्छन् भन्दै भोका-नाङ्गा, शोषित-पीडित र सर्वहारा वर्गका पक्षमा उभिएका कवि भट्टराई भविष्यप्रति आशावान् रहेको विचार व्यक्त गरेका छन् । यसमा कवि कतै विकृत नेपाली समाज र विपन्न अर्थव्यवस्थाबारे व्याकुल बनेका देखिन्छन् भने कतै देशको न्यायव्यवस्था, स्वतन्त्रता, अखण्डता र स्वाभिमानका सम्बन्धमा चिन्तित देखिन्छन् त कतै उनी विभिन्न आणविक हातहतियारको होडबाजीले गर्दा विश्वलाई खतरा भएको महसुस गर्छन् भन्ने समालोचकको मत रहेको छ ।

‘मुटुमा आगो बोकेका कवि युद्धप्रसाद’ शीर्षकको समालोचना २०४७ सालमा **मिर्मिरे** पत्रिकामा प्रकाशित स्रष्टापरक समालोचना हो । यसमा मुटुभित्र क्रान्तिकारी विचारधारालाई जीवन्त र सशक्त राख्न सफल भएका कवि युद्धप्रसाद मिश्र नेपाली साहित्यको इतिहासमा लगभग छ दशकसम्म काव्यसाधनामा संलग्न एक विशिष्ट व्यक्ति हुन् भन्दै समालोचक लामिछानेले मिलनसार र व्यवहारनिपुण व्यक्तित्वका धनी मिश्र पद, पैसा वा पुरस्कारमा बिक्ने, चाकरी चाप्लुसी र चाटुकारितामा डुब्ने, स्तुतिगानमा रम्ने भाटकवि नभई जनपक्षीय विचारका स्वाभिमानी, सशक्त अथक योद्धा भएका कारण जीवनमा उनले न त सरकारी पक्षको कुनै विशिष्ट पुरस्कार पाए, न त सम्मान नै पाए भन्ने तीतो सत्य झल्काएका छन् । यसमा मिश्रको प्रमुख प्रवृत्ति प्रगतिवाद भएको जनाउँदै मिश्रले काव्यकविता मार्फत् समाजका हेपिएका, थिचिएका, मिचिएका र चुसिएका र जनतालाई नयाँ दिशा र चेतना दिएको लामिछानेले ठहर गरेका छन् । सामन्ती संस्कार र व्यवस्थाप्रति मिश्रले विद्रोहको स्वर दिई उनीहरूको झ्याँको झारेका छन् भन्दै लामिछानेले कवि मिश्रलाई मुटुमा आगोको खेती गर्ने कविका रूपमा उभ्याएका छन् । सरल, सरस र शुद्ध भाषामा सिर्जना गर्ने कवि मिश्रको मूल्याङ्कनको मूल पक्ष भएको धारणा लामिछानेले व्यक्त गरेका छन् ।

‘पापको परिणाम कथाको विश्लेषण’ शीर्षकको समालोचना २०४७ सालमा **इन्द्रेणी** पत्रिकामा प्रकाशित कृतिपरक समालोचना हो । यसमा नेपाली कथालाई आधुनिकताको विशाल फाँटमा ल्याइपुऱ्याउने सामाजिक यथार्थवादी कथाकार गुरुप्रसाद मैनालीको ‘पापको परिणाम’ कथाको विश्लेषण कथातत्त्वहरूका आधारमा गरेका छन् । यस कथाको मूल उद्देश्य पापको परिणाम नराम्रो हुन्छ, पापी-अन्यायी-अत्याचारीलाई मानिसले नै सजाय दिन नसके पनि दैवले त्यसलाई छाड्दैनन् भन्ने रहेको छ भन्दै कथामा खासगरी राणकालीन सर्वहारावर्गले खप्नुपरेको माथिल्ला वर्गको शोषण, अन्याय-अत्याचारलाई प्रभावकारी शैलीका प्रस्तुत गरेका छन् । सिमल चउर गाउँको छेउछाउमा झुप्रा हाली बसेका सुकुम्बासी घर्ती-तामाङहरूको सामाजिक सम्बन्धमा ‘पापको परिणाम’ कथा अडेको बताउँदै प्रस्तुत कथामा मैनालीले शोषित, पीडित र समस्यामा अल्झेका घर्तीहरूलाई शोषण र समस्या विरुद्ध सङ्घर्षशील तुल्याएका छन् भनेका छन् । समालोचक लामिछानेले अन्याय-अत्यारचारलाई उनीहरूले राम्ररी बुझेका छन् र त चिताइदार मुखिया बनेर खाइखेलेको जगरसाँढे कान्तु पाध्येलाई चुनौति दिएका छन् भन्ने विचार व्यक्त गरेका छन् ।

‘बालजीवनी लेखन’ नामक लेख २०४७ सालमा **बालसाहित्य** पत्रिकामा प्रकाशित सिद्धान्तपरक समालोचना हो । यसमा लामिछानेले जीवनी साहित्यको परिचय दिंदै बालोपयोगी किसिमबाट लेखिएको जीवनी नै बालकहरूलाई सत्मार्गका लगाउने महत्त्वपूर्ण माध्यम भएका कारण महान् पुरुषका महान् विषयलाई खोज तलास गरी ससाना बालबालिकाले पढ्न बुझ्न सक्ने सरल भाषामा प्रस्तुत गर्नु निकै कठिन कार्य हो भन्दै जीवनीलेखनका चरणहरू उल्लेख गरेका छन् ।

‘चिसो चुल्होको प्रेमविश्लेषण’ शीर्षकको समालोचना २०४७ सालमा **नेपाली वाङ्मय** पत्रिकामा प्रकाशित कृतिपरक विश्लेषणात्मक समालोचना हो । यसमा लामिछानेले प्रस्तुत महाकाव्यमा समले महाकाव्य सम्बन्धी काव्यशास्त्रीय कतिपय मान्यतालाई परित्याग गर्दै नौला प्रयोग गरेका छन् र यस महाकाव्यमा प्रयुक्त प्रेम पनि एउटा नौलो प्रयोग हो भनी प्रस्तुत सन्दर्भमा **चिसो चुल्हो**को प्रेम विश्लेषण गरेका छन् । समले सन्ते र गौरीबीचको प्रेम विशुद्ध, आत्मिक वा वासना रहित देखाएका छन् र कतिपय समालोचकहरू महाकाव्यकारको भनाइमा सहमत पनि भएका छन्, तर ती भनाइमा वैज्ञानिकता पाइन्न, महाकाव्यको गहन अध्ययन-विश्लेषणबाट बेग्लै सत्यतथ्य निक्लिन आउँछ भन्दै समालोचकले प्रेम सम्बन्धी परिचय, व्याख्या र तर्कपूर्ण विश्लेषण गरी सन्ते र गौरीको प्रेम सहज र नैसर्गिक भईकन पनि वासनात्मक हो, आत्मिक होइन भन्ने निष्कर्ष दिएका छन् ।

‘गाउँखाने कथामा अश्लीलताको पुट’ शीर्षकको समालोचना २०४८ सालमा **जुही** पत्रिकामा प्रकाशित भएको सिद्धान्त परक समालोचना हो । नेपाली लोकसाहित्यका विविध विधामध्ये गाउँखाने कथा प्रमुख विधा हो, जसमा अड्को थाप्ने र फुकाउने काम हुन्छ । प्रश्नात्मक ढाँचामा संरचित गाउँखाने कथाको मूल उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । मनोरञ्जन प्रदान गर्ने यस्ता गाउँखाने कथामा पर्याप्त मात्रामा अश्लीलताको पुट पाइन्छ भन्दै लामिछानेले हाल मनोरञ्जनका अन्य आकर्षण र सुलभ साधनको विकास, सहरीकरण र समाजिक मर्यादाको कारण कालान्तरमा यसको भविष्य अन्धकारमय छ, तसर्थ अश्लीलताको पुट पाइए तापनि गाउँखाने कथाको संरक्षण गर्न आवश्यक रहेको निष्कर्ष दिएका छन् । ...

‘लीला उदासीका कविताभित्र चलर्दा’ शीर्षकको समालोचना २०४८ साल **जनमत** पत्रिकामा प्रकाशित विधापरक समालोचना हो । लीला उदासीको प्रथम कवितासङ्ग्रह **आज भालेलाई बास्न निषेध छ** (२०४८) मा पञ्चायतकालमा लेखिएका छब्बीसवटा कविताहरू सङ्गृहीत छन्, जसमा कवि उदासी पञ्चायती व्यवस्थाका विरुद्ध र स्वस्थ राजनीतिक व्यवस्थाका पक्षमा उभिएको पाइन्छ भन्दै समालोचकले कविको मूल भोगाइ र कविताको परिवेश काल र त्यसको निरङ्कुता भएका कारण कवितामा पञ्चायत विरोधी भावनाहरू, नेपाली समाजका समानता-असमानताहरू, मानवीय संवेदनाहरू, पञ्चायती निरङ्कुताजन्य परिणतिहरू विवशता र अनुभूतिहरू प्रायः प्रतीकात्मक रूपमा र कतै प्रत्यक्ष रूपमा मुखरित भएको उल्लेख गरेका छन् । यसमा राष्ट्रिय भावनाका कवि उदासी नेपाली माटोलाई मुटुभन्दा प्यारो ठान्छन् र त्यसमा कसैले ठुङ मार्न आइलाग्छ भने त्यसको विरुद्ध जाइलाग्न सम्पूर्ण नेपालीलाई अभिप्रेरित गरेका छन् भन्दै समालोचकले प्रस्तुत सङ्ग्रहमा शोषक-सामन्त र निरङ्कुशतन्त्रका विरुद्धमा तथा आम स्वाभिमानी शोषित-पीडित, श्रमजीवी जनताका पक्षमा कवि उदासीका स्वरहरू उर्लेकाले उनी प्रगतिवादी सशक्त कवि भएको बताएका छन् ।

'व्यवस्थित वस्ती र गाउँ विकास' नामक लेख २०४९ सालमा **दैनिक निर्णय** पत्रिकामा प्रकाशित साधारण लेख हो । यसमा लामिछानेले **व्यवस्थित वस्ती र गाउँविकास** शास्त्रदत्त पन्तको सारै महत्त्वपूर्ण पुस्तक भएको बताउँदै यसमा भू-उपयोगिता, नक्सा, व्यवस्थित सघन बस्ती, समान अवसर, पूर्ण रोजगार सन्तुलित र सर्वाङ्गीण विकास, सहर र गाउँको विभेद निर्मूलन, आत्मनिर्भर सबल देश निर्माण विषयक विश्लेषणमूलक र नयाँ प्रस्तावमूलक प्रस्तुत पुस्तकलाई अध्ययन गर्दा देश विकासको गीता भन्न सकिने कुरा व्यक्त गरेका छन् । प्रस्तुत पुस्तकले सुन्दर विकसित नेपालको परिकल्पना प्रस्तावित गरेअनुसार योजना निर्माण गर्ने र कार्यान्वयन गर्ने हो भने नेपाल विश्वको कुनै पनि मुलुकभन्दा पछि नपर्ने कुराको निष्कर्ष लामिछानेले निकालेका छन् ।

'बसाइँको वैचारिक पक्ष' शीर्षकको समालोचना २०४९ सालमा **क्षितिज** पत्रिकामा प्रकाशित कृतिपरक समालोचना हो । सामाजिक यथार्थवादी उपन्यासकार लीलबहादुर क्षेत्रीको प्रथम उपन्यास **बसाइँ** (२०१४) मा नेपाली ग्रामीण जनजीवन वस्तुतथ्यको यथार्थ अभिव्यक्ति भएको चर्चा गर्दै समालोचकले कथ्य वा विचारका दृष्टिले प्रस्तुत उपन्यास बौद्धिक जगत्मा विवादास्पद बन्न गएको ठहर गरेका छन् । यसमा समालोचकले प्रस्तुत उपन्यासलाई केही विद्वान्हरूले प्रगतिवादी उपन्यास भनी चिनाए पनि यो प्रगतिवाद वा समाजपरक यथार्थवादका दृष्टिमा खरो उत्रन नसकेको तथ्य निकाल्दै यस उपन्यासको वैचारिकताको निक्यौंल गरेका छन् । **बसाइँ** उपन्यासमा धने, मैना, झुमा र मोटे कार्की जस्ता पात्रहरू सामाजिक र आर्थिक कारणले बसाइँ सर्न बाध्य भएका छन् भन्दै लामिछानेले **बसाइँ**का मुख्य-मुख्य पात्रहरूमा विरोधी शक्तिविरुद्ध निरन्तर सङ्घर्षको सट्टा समर्पण पाइनु, समस्या र सङ्घर्षदेखि पलायन हुनु र समस्या देखाएर समाधानका उपायतर्फ मौन रहनु, जीवन र भविष्यप्रति निराशा जगाउनु, दैवी शक्ति र भाग्यप्रति आस्था देखाउनु आदि जस्ता कारणले प्रस्तुत उपन्यास प्रगतिवाद हुन नसकी सामाजिक यथार्थवादी हुनुमै सीमित छ भन्ने निष्कर्ष निकालेका छन् ।

'पराजुलीका गीतमा राष्ट्रिय सन्दर्भ' शीर्षकको समालोचना **गरिमा** पत्रिकामा २०४७ मा प्रकाशित विधापरक समालोचना हो । यसमा लामिछानेले पराजुलीको गीतमा राष्ट्रिय सन्दर्भको तलास गर्दा सामान्यतया 'आँखाभरि सपना मुटुभित्र गीत' (२०४०) सङ्ग्रहलाई मुख्य आधार मानेका भए पनि उनका अन्य कविताहरूमा पनि राष्ट्रिय सन्दर्भहरू प्रखर रूपमा अभिव्यक्त छ भनी पराजुलीलाई तुलनात्मक रूपमा कविभन्दा गीतकारका रूपमा उभ्याएका छन् । आफ्नो मुलुकलाई श्रेष्ठतर ठान्नु, राष्ट्रिय चिन्ह-प्रकृति-कृति-विभूतिलाई सुन्दर मान्नु र तिनको चित्रण-चर्चा गर्नु आदि पराजुलीका राष्ट्रिय सन्दर्भका गीतको मुख्य विशेषता भएको बताउँदै समालोचक लामिछानेले विषयगत विविधता सरल-सुकोमल भाषाशैली लयात्मकता वा गीत्यात्मकता, सङ्क्षिप्तता आदि उनका विशेषता भएको जनाएका छन् ।

'भानुभक्तका रचनामा पाइने हास्यव्यङ्ग्य' शीर्षकको समालोचना **पाठ्यक्रम विकास पत्रिका**मा २०४९ सालमा प्रकाशित विधापरक समालोचना हो । यसमा लामिछानेले नेपाली कवितामा हास्यव्यङ्ग्यको पुर्ख्यौली खोतल्दै भानुभक्तको मूल प्रवृत्ति हास्यव्यङ्ग्य नभए पनि कतिपय कवितामा हास्यव्यङ्ग्यको छनक पाइन्छ भन्दै उनका फुटकर कवितामा पाइने हास्यव्यङ्ग्यको खोजीनीति गरेका छन् । यसमा मूलतः भानुभक्तका कविता हास्य प्रधान, व्यङ्ग्य प्रधान र हास्यव्यङ्ग्य प्रधान कविता बढी लोकप्रिय भएको उल्लेख गरेका छन् । भानुभक्तले खासगरी प्रशासननिक कर्मचारीमाथि व्यङ्ग्य गरेका भए पनि शासन-व्यवस्था र सामाजिक कुरीतिको खुलेर भण्डाफोर गर्न सकेका छैनन् भन्दै कवि स्वयम् सामाजिक मूल्य र मान्यता तथा प्रशासनको छहारीमा रहेर तिनकै पृष्ठपोषण गर्ने व्यक्तिका रूपमा आएका छन् भनी भानुभक्तले कृष्णबहादुरलाई सोझो वा ठाडो व्यङ्ग्य गर्न नसकेको कारण उनलाई कोमल व्यङ्ग्यकार रूपमा चिनाएका छन् । लामिछानेले भानुभक्तका हास्यव्यङ्ग्य कविता सीमित भए पनि प्रभावकारी मार्मिक र उत्कृष्ट रहेको तथ्य व्यक्त गरेका छन् ।

'बाललेखन : समस्या र समाधान' नामक समीक्षात्मक लेख २०४९ सालमा **बालसाहित्य** पत्रिकामा प्रकाशित समालोचना हो । यो समालोचना बाललेखन र यसका समस्या र समाधानका उपायसँग सम्बन्धित रहेको छ । यसमा लामिछानेले बाललेखनको प्रयोजन, बाललेखन र व्यावसायिकताको प्रश्न, बाललेखन एक गम्भीर हाँक र योजनाबद्ध लेखनको आवश्यकता, बाललेखनका केही समस्या र तिनको समाधानका उपायहरू, बाललेखकका लागि केही सुझाउ गरी विभिन्न उपशीर्षक दिएर विषयको प्रतिपादन गरेका छन् । उनले बालकका प्रयोजनका निमित्त वयस्कद्वारा बालसाहित्य लेखन वा सृजन नै बाललेखन हो भन्दै बाललेखनको प्रयोजन मनोरञ्जन, ज्ञान र अर्थोपार्जन गर्नु रहेको कुरा व्यक्त गरेका छन् । बाललेखन व्यावसायिक रूप ग्रहण नगरुन्जेल साहित्यको समुचित विकास हुन असम्भव भएको बताउँदै प्रशिक्षण प्राप्त बाललेखकहरूको कमी भएकाले उनले सीप विकासको लागि प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नु पर्ने निष्कर्ष प्रस्तुत गरेका छन् ।

'वातावरणीय चेतना प्रसारमा बालसाहित्यको भूमिका' कपिल लामिछानेको २०५० सालमा **बालसाहित्य** पत्रिकामा प्रकाशित शिक्षामूलक लेख हो । बालबालिकालाई दिइएको वातावरणीय दिक्षा दिगो हुन्छ र ज्ञान लामो समयसम्म रहिरहन्छ तसर्थ भोलिको धर्तीको वातावरण स्वच्छ र सन्तुलित राख्नका लागि आजैदेखि बालबालिकालाई बालसाहित्यका माध्यमबाट प्रभावकारी ढङ्मा यथेष्ट वातावरणीय शिक्षा प्रचार-प्रसार गर्नु आजको आवश्यकता रहेको जनाउँदै लामिछानेले सानै कक्षादेखि पाठ्यक्रममा वातावरण सम्बन्धी पाठ्यांश समावेश गर्ने, वातावरणीय विषयवस्तु भएका श्रव्य र श्रव्यदृश्य क्यासेट, कमिक्स, पत्रपत्रिका, पोस्टर, क्यालेन्डर उत्पादन गर्ने र वातावरणीय शिक्षा प्रदान गर्ने विषयवस्तु भएका बालसाहित्यको विकास गर्ने जस्ता कार्यबाट वातावरणीय शिक्षा प्रदान गर्न सकिने धारणा व्यक्त गरेका छन् । उनले वातावरणीय ज्ञान दिने सर्वाधिक सशक्त माध्यम

बालसाहित्य हो, त्यसैले वातावरणीय संचेतना प्रसारमा बालसाहित्यले महत्त्वपूर्ण विशिष्ट भूमिका खेल्न सक्ने कुरा व्यक्त गरेका छन् ।

'शब्दकोशको प्रयोजन र प्रयोगविधि' २०५० सालमा **साधना** पत्रिकामा प्रकाशित भाषापरक समीक्षा हो । यसमा लामिछानेले शब्दकोशको परिचय, प्रयोजन, वर्गीकरण र प्रयोगविधिका बारेमा प्रकाश पारेका छन् । शब्दकोश ज्ञान र अभिव्यक्तिक्षमता अभिवृद्धि गर्ने एक सबल साधन हो भन्दै उनले ठूलठूला विद्वान् प्राध्यापक पनि शब्दार्थ आदि सम्बन्धमा कहीँ अड्किँदा शब्दकोश नै पल्टाउने हुँदा सो गुरुको पनि गुरु हो भनेका छन् । उनले शब्दकोशको अर्थ शब्दहरूको कोश वा भण्डार हो र यसको सम्बन्ध भाषाविज्ञानका सम्पूर्ण शाखा (ध्वानिविज्ञान, वर्णविज्ञान, लिपिविज्ञान, अर्थविज्ञान, व्याकरण आदि) सित रहेको हुन्छ भन्दै शब्दको विभिन्न आधारमा विभिन्न प्रकारमा वर्गीकरण गरी व्याख्या विश्लेषण गरेका छन् । यहाँ शब्दकोशको प्रयोजन शब्दार्थ बोध गर्न, शुद्ध वर्णविन्यास ठम्याउन, ठीक व्याकरणिक कोटि पहिल्याउन, व्युत्पत्ति पहिल्याउन, पर्याय पत्ता लगाउन, शुद्ध उच्चारण जान्न र प्रयोग गर्न, कुनै पनि वस्तुको चित्र हेर्न र प्रचलित पारिभाषिक शब्दको अर्थ र तिनको साधु प्रयोगमा उपयोग गरिन्छ भन्ने उनको धारणा रहेको छ । निष्कर्षमा उनले शब्दकोश ज्ञान र अभिव्यक्ति सामर्थ्य बढाउने साधन हो, जसमा विभिन्न प्रकारका शब्द आदिलाई वर्णानुक्रममा राखिनुका साथै शब्दार्थगत र व्याकरणगत अन्य विभिन्न कुराहरूको समुचित समायोजन गरिएको हुन्छ भन्दै पाठकले आफूलाई आवश्यक परेका बेलामा शब्दकोशको उपयोग गरेर आफ्नो समस्या समाधान गर्छ भनेका छन् ।

'नेपालका भोट-बर्मेली चिनियाँ भाषा परिवारका भाषाका सन्दर्भमा गुरुङ भाषाको परिचय' नामक लेख २०५१ सालमा **न्हाँघरी** पत्रिकामा प्रकाशित कपिल लामिछानेको भाषापरक परिचययात्मक समालोचना हो । प्रस्तुत खोजमूलक समालोचनामा भोट बर्मेली चिनियाँ भाषापरिवारको परिचय, विशेषता, नेपालका भोट बर्मेली चिनियाँ भाषापरिवारका तामाङ, नेवारी, मगर, राई-किराँती, लिम्बू, गुरुङ, शेर्पा, चेपाङ, भाषाहरूको सङ्क्षिप्त परिचय दिँदै यी भाषा परिवारका मुख्य-मुख्य भाषाहरूको प्रगति-तालिका विवरण र गुरुङ भाषाको अवस्थाको अध्ययन गरिएको छ । यसमा लामिछानेले गुरुङ भाषा भोट-बर्मेली चिनियाँ भाषापरिवारको नेपालमा बोलिने भाषामध्ये एक मुख्य भाषा भएको, यो जाति लोकसाहित्यमा सम्पन्न भए पनि उनीहरूको लिपि र लेख्य साहित्यको अभाव, भाषासाहित्यको विकासमा समर्पित संस्थाको अभाव, पुस्तक र पत्रपत्रिका नहुनु, पठानपाठन, सर्म्पक र आमसञ्चारको माध्यममा उपयोग नहुनुले गर्दा कतिपय गुरुङ मातृभाषीहरू अन्य भाषालाई मातृभाषाका रूपमा अ◌ीकार गर्न बाध्य हुँदै गएको र सो स्थिति कायम रहे डेढ सय वर्षपछि गुरुङ भाषा पनि इतिहासको विषय मात्र रहने कुरा निश्चित भएको उल्लेख गरिएको छ ।

‘लोकपरम्परा र बालसाहित्य’ कपिल लामिछानेको २०५२ सालमा **बालसाहित्य** पत्रिकामा प्रकाशित लोकसाहित्यिक समीक्षा हो । विषय प्रवेशमा लामिछानेले बालसाहित्यको परिचय दिएका छन्, उनले बालबालिकाको लागि बालक वा वयस्कद्वारा बालोयोगी हुनेगरी रचित साहित्य नै बालसाहित्य हो, समाजमा विद्यमान विभिन्न लोकपरम्परा र मूल्यहरूलाई बालसाहित्यका सहायताले बालक मार्फत उसको पुस्ताको समाज वा लोकमा सहजै सम्प्रेषण गर्न सकिन्छ भन्ने कुरा उल्लेख गरेका छन् । उनले समाजमा पहिलेदेखि चलिआएको रीतिरिवाज चालचलन नै लोकपरम्परा हो र जुन लोकपरम्परा मानवहित वा लोकहित प्रतिकूल छन्, ती लोकपरम्परा सदैव त्याज्य हुन्छन् भने लोककल्याणकारी परम्पराहरू ग्राह्य वा अनुकरणीय हुन्छन् भनेका छन् । यसमा ग्राह्य र त्याज्य लोकपरम्परा र मूल्यहरू सामन्ती, अर्धसामन्ती, ग्राह्य-त्याज्य सबै रहेकाले मिश्रित देखिने हुँदा लोकपरम्परालाई बालसाहित्यमा अभिव्यक्ति दिँदा जातिगत, क्षेत्रगत र धनी र गरिब बीचको खाडललाई चर्काउने नभई घटाउने, यथार्थमूलक कुरा उल्लेख गर्नुपर्छ भनेका छन् । उनले सुन्दर बालसाहित्यको स्वादु फलको अपेक्षा गर्ने हो भने लगनशील तपस्वी बालसाहित्य स्रष्टा बन्नुपर्ने निष्कर्ष दिएका छन् ।

‘शैक्षिक मूल्याङ्कन प्रक्रिया’ शीर्षकको लेख २०५३ सालमा **बौद्धिक उद्यान** पत्रिकामा प्रकाशित मूल्याङ्कनपरक आलेख हो । यसमा विषयप्रवेश, मूल्याङ्कनको परिचय, मूल्याङ्कन महत्त्व र व्यावश्यकता, मूल्याङ्कनको उद्देश्य मूल्याङ्कन र शिक्षण कार्यको सम्बन्ध, आन्तरिक र सत्रान्त मूल्याङ्कका उपाय, लिखित मूल्याङ्कनका चरणहरू, प्रश्नपत्र-निर्माण, प्रश्नपत्र संशोधन, परीक्षा-संचालन, उत्तरपुस्तिका परीक्षण र निष्कर्ष गरी तेह्रवटा उपशीर्षकहरू विभाजन गरी प्रत्येकको परिचय, व्याख्या, विश्लेषण गरेका छन् । लामिछानेले मूल्याङ्कन भन्नु विद्यार्थीको स्तर सम्बन्धी मूल्य निर्धारण गर्नु र उसले गरेको कार्यकुशलताका लेखाजोखा वा आकलन गर्नु हो भन्दै हरेक क्षेत्रमा मूल्याङ्कनको महत्त्वपूर्ण भूमिका हुन्छ भने शिक्षामा क्षेत्रमा त यसको झन् ठूलो महत्त्व रहेको र मूल्याङ्कन बिनाको शिक्षण र शिक्षण बिनाको मूल्याङ्कन उद्देश्य बिनाको हिँडाइ जस्तै हुन्छ मूल्याङ्कन स्तरीय र वैज्ञानिक नभएरसम्म स्तरीय शिक्षा प्रदान गर्न सम्भव छैन भन्ने जनाएका छन् । यहाँ मूल्याङ्कन शिक्षा र शिक्षणको महत्त्वपूर्ण पक्ष हो, यो नभए उद्देश्य योजना र शिक्षणविधि सबै निरर्थक हुने र आवश्यक परिवर्तन, सुधार संशोधनका अभावमा रुमलिन र बरालिन जाने निश्चित छ र यसबाट शिक्षार्थीदेखि शिक्षक, प्रशासक, र शिक्षा पद्धतिकै लेखाजोखा हुन्छ भन्दै मूल्याङ्कनका विविध पक्ष, अङ्ग र चरणका बारेमा शिक्षक विशेष चनाखो र सावधान भई क्रियाशील भइरहनु पर्छ भन्ने उनको निष्कर्ष रहेको छ ।

‘बुँद रानाको अब किन मान्थिन्’ शीर्षकको समालोचना २०५३ सालमा **मिर्मिरे** पत्रिकामा प्रकाशित कृतिपरक समालोचना हो । यसमा समालोचकले साहित्यका विविध विधामा कलम चलाए पनि मुख्यतया काव्यकविताकै क्षेत्रमा विशिष्टता हाँसिल गर्न सक्षम

बुँद रानाको साहित्यिक व्यक्तित्वको परिशीलन उनकै काव्यकृतिमा गर्नुपर्ने धारणा व्यक्त गरेका छन् । लामिछानेले यहाँ प्राथिमक र माध्यमिक कालमा औधि लोकप्रिय रहेको सवाई आधुनिक कालमा आक्कल-झुक्कल मात्र देख्न पाइएको अवस्थामा बुँदले सवाईलाई पुनरुत्थान गरेको विचार रखेका छन् ।

'भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण : सानो पुस्तिका ठूलो उपलब्धि' शीर्षकको भाषिक लेख २०५३ सालमा **जनमत** पत्रिकामा प्रकाशित भाषापरक समालोचना हो । यसमा लामिछानेले अनेक भाषिका, उपभाषिक र विभिन्न प्रयोजनपरक भेदहरूको समष्टिगत नाम नै नेपाली भाषा हो भन्दै यसका भाषिकाले यसको मूल रूप र सक्कली स्वरूप निर्क्यौल गर्नमा मनग्गे मदत गर्ने हुँदा हरेक भाषिका-उपभाषिकाको अध्ययन-विश्लेषण हुँदै जानु आवश्यक रहेको जनाएका छन् । उनले जीवेन्द्रदेव गिरीको **भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण** शीर्षक ग्रन्थको मूल अध्ययन क्षेत्र भेरी वरपरको नेपाली भाषिकाको क्रियाको संरचना रहेको जनाउँदै त्यस क्षेत्रका क्रियाको आवश्यक सङ्कलन गरी गिरीले यथोचित विश्लेषण गरेको कुरा उल्लेख गरेका छन् । उनले प्रस्तुत समीक्ष्य अनुसन्धानात्मक ग्रन्थ तीन अध्यायमा सङ्गठित रहेको बताउँदै तेस्रो अध्यायमा भेरी भाषिकाको क्रियाको संरचनाको विभिन्न दृष्टिबाट सा॰नेपा॰ विश्लेषण प्रस्तुत गरिएको हुँदा तेस्रो अध्याय महत्त्वपूर्ण रहेको कुरा उल्लेख गरेका छन् ।

'नेपाली साहित्यमा शकुन्तलोपाख्यान : उपजीवन ग्रहण र उपयोगस्थिति अध्ययन' शीर्षकको अनुसन्धान प्रतिवेदन कपिल लामिछानेद्वारा २०५५ सालमा तयार पारी विश्वविद्यालय अनुदान आयोग, काठमाडौँमा प्रस्तुत गरिएको हो । यो शोधपत्र अप्रकाशित रूपमा रहेको छ । जम्मा चार परिच्छेदमा तयार पारिएको प्रस्तुत शोधपत्रको परिच्छेद एकमा शोधको परिचय दिइएको छ भने परिच्छेद दुईमा संस्कृत वाङ्मयमा शकुन्तलोपाख्यानको स्थितिको चर्चा गर्दै शकुन्तलोपाख्यानलाई नेपाली भाषामा अनुवाद रूपान्तरण गरिएका र त्यसलाई उपजीव्यका रूपमा लिई मौलिक रचना गरिएका कृतिको समीक्षात्मक अध्ययन प्रस्तुत गरिएको छ । त्यस्तै परिच्छेद तीनमा उपजीव्य-ग्रहण र प्रयोग स्थितिको सैद्धान्तिक आधारको स्थापना गर्दै शकुन्तलोपाख्यानमा आधारित स्वतन्त्र तथा मौलिक नेपाली कृतिको थप अध्ययन प्रस्तुत गरिएको छ भने अन्तिम तथा चौथो परिच्छेद शोधपत्रको सारांश, निष्कर्ष र उपलब्धि प्रस्तुत गर्दै आवश्यक सुझावहरू दिइएको छ । .... ...

'बिसौनीमा एक दिन' २०५६ सालमा **मधुपर्क** पत्रिकामा प्रकाशित समालोचनामा कपिल लामिछानेले हिरण्यलाल ज्ञवालीको लेखनयात्राको चर्चा गर्दै उनको **बिसौनी** कवितासङ्ग्रहमाथि दृष्टि प्रक्षेपण गरेका छन् । यसमा समालोचक लामिछानेद्वारा **बिसौनी** कवितासङ्ग्रह तीन बिसौनीमा सङ्गठित भएको, सङ्ग्रहको पहिलो बिसौनीमा २२ वटा र दोस्रो बिसौनीमा १८ वटा कविता परेका र तेस्रो बिसौनीलाई बिसौनी नभनेर श्रद्धाञ्जलीका पाँच पुष्प भनिएको, जसमा देशका निमित्त सहादत प्राप्त गरेका सहिद, अग्रज साहित्यकार

भानु, मोती, लेखनाथ र देवकोटाप्रति श्रद्धाञ्जली अर्पण गरिएको कुरा प्रस्तुत गरिएको छ । त्यसैगरी यसमा देशप्रेम वा राष्ट्रियता, वासल्यता, माया-पिरती, निराशा, रिक्तता, अभाव, सामाजिक असमानता र विस·ति, प्रकृति र सम्बन्ध, सहिद र अग्रज साहित्यको स्मरण आदि विषयवस्तु भएको भन्दै **बिसौनी**का कवि ज्ञवालीलाई छन्द कविका रूपमा चिनाएको छ ।

'मोदनाथ शास्त्रीका रचनामा जीवनदृष्टि' शीर्षकको समालोचना २०५७ सालमा **जनमत** पत्रिकामा प्रकाशित विचारपरक समालोचना हो । यसमा लामिछानेले नित्य साधनारत मोदनाथ शास्त्रीको सङ्क्षिप्त परिचय दिँदै उनका काव्यकविता, नाटक, उपन्यास आदि अट्ठाइसवटा कृतिहरूलाई विधागत, पद्धतिगत, मौलिकता र प्रकाशनका आधारमा वर्गीकरण गरी केही कृतिहरूको विवेचना गर्दै शास्त्रीका कृतित्व र योगदानको चर्चा गरेका छन् । यसमा लामिछानेले साहित्यकार शास्त्रीका रचनामा जीवनदृष्टि अस्पष्ट भएको तथ्य अघि सार्दै वैचारिक अस्पष्टता, वैचारिक प्रतिबद्धताको कमी र वैचारिक अन्योल हुनु नै उनको जीवनदृष्टि सम्बन्धी मूलभूत पहिचान रहन गएको बताएका छन् । निरन्तर लगनशील भई सङ्ख्यात्मक दृष्टिले अधिक कृतिले नेपाली साहित्य-भण्डारलाई सम्पन्न तुल्याउनु साहित्यकार मोदनाथ शास्त्रीको उल्लेख्य योगदान हो भन्ने समालोचक लामिछानेको निष्कर्ष रहेको छ ।

'योजनगन्धाको सङ्क्षिप्त आलोचना' शीर्षकको समीक्षा २०५७ सालमा **दीपशिखा** पत्रिकमा प्रकाशित कृतिपरक समालोचना हो । यसमा पौराणिक कथावस्तुमा आधारित **योजनगन्धा** कोरा उपन्यास नभई हिन्दू संस्कृतिको पूर्व झलक भएको, यसले हिन्दू संस्कार र संस्कृतिलाई मनग्गे चित्रण गरेको भन्दै समालोचक लामिछानेले प्रमुख स्त्रीपात्र योजनगन्धाको जीवन र चरित्रमा केन्द्रित प्रस्तुत उपन्यास उसकै आत्मकथा हो भनेका छन् । समालोचकले दीक्षितको **माधवी** उच्च बौद्धिक पाठकको मात्र वशको विषय बनेको छ भने **योजनगन्धा** सामान्य पाठकको लागि पनि पाठ्य खुराँक सिद्ध हुने देखिन्छ भन्दै दुवै विशिष्ट छन् तर **माधवी** हाडे ओखर हो भने **योजनगन्धा** दाँते ओखर हो भनी दुवैको तुलना पनि गरेका छन् ।

समालोचक लामिछानेका यस चरणका समग्र समालोचनाहरूलाई मूल्याङ्कन गर्दा प्रारम्भमा प्रभाववादको छाप पाइएको भए पनि पछि क्रमशः जीवनीपरक, परिचयात्मक, स्रष्टापरक, सिद्धान्तपरक, कृतिपरक, विचारपरक, व्याख्यात्मक, विश्लेषणात्मक, शोधखोजमूलक लोकसाहित्यपरक आदि प्रवृत्ति देखापरेका छन् । कुनै पनि कृतिको गहन अध्ययन गरी सत्यतथ्य कुरालाई निर्भीक निडर भई स्पष्ट निर्णय दिनु समालोचक लामिछानेका विशेषता हुन् भने तथ्यपरकता, गहनता, वस्तुपरकता, बौद्धिकता, तार्किकता, लगनशीलता, अध्ययनशीलता आदि लामिछानेका समालोचकीय गुण हुन् ।

प्रगतिवादी-यथार्थवादी चिन्तनमा समालोचना लेख्नु, वर्गीय चरित्रको क्रान्तिकारी विचारलाई प्रश्रय दिई आर्थिक-सामाजिक समानताको वकालत गर्नु, खोज-अनुसन्धानमूलक रचना लेख्नु, लोकसाहित्यिक विधालाई प्रकाशमा ल्याउनु, सिद्धान्तोन्मुखी एवम् व्यवहारमूलक समालोचना लेख्नु समालोचक लामिछानेका यस प्रथम चरणका खासखास विशेषता हुन् ।

### ४.३.२ उत्तरार्द्ध चरण

२०५८ देखि यताको समयलाई दोस्रो प्रहर अर्थात् उत्तरार्द्ध चरण भन्न सकिन्छ । यो समय पुस्तकाकार कृति प्रकाशनको काल रहेको छ । कपिल लामिछानेको समालोचना यात्राको उत्तरार्द्ध चरणको प्रारम्भ **नेपाली साहित्यको सेरोफेरो** (२०५८) नामक समालोचनात्मक कृतिको प्रकाशनबाट भएको हो । पूर्वार्द्ध चरणको तुलनामा यो चरण अझ ऊर्वर र विकसित देखिन्छ । यस चरणमा उनका छवटा समालोचनाग्रन्थ प्रकाशित हुनुका साथै दर्जनौं फुटकर समालोचना, समीक्षा र भूमिका आदि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ ।

एक दशकको अवधिमा यति धेरै समालोचना लेख्नु र प्रकाशन गर्नु जस्ता कार्यबाट लामिछानेले समालोचनाको क्षेत्रमा निकै ठूलो योगदान पुऱ्याएको देखिन्छ । यस चरणमा उनको लेखनी द्रुत गतिमा चलेको देखिन्छ । यसर्थ उनी एक लगनशील र सक्रिय समालोचकका रूपमा स्थापित भएका छन् । यस चरणलाई पुस्तकाकार समालोचना र फुटकर समालोचनालाई बेग्लाबेग्लै अध्ययन गरिन्छ :

### ४.४.१ पुस्तकाकार समालोचना

नेपाली समालोचनामा कपिल लामिछानेले एक दशकको अवधिमा छवटा समालोचना ग्रन्थ तयार पारेर आफूलाई एक कुशल द्रष्टाका रूपमा स्थापित गरेका छन् । उनका प्रकाशित पुस्तकाकार समालोचना ग्रन्थहरूमा **नेपाली साहित्यको सेरोफेरो** (२०५८), **नेपाली लोकगाथाको अध्ययन** (२०६४), **समालोचनाको सोपान** (२०६८), **नेपाली लोकगीतको अध्ययन** (२०६८), **नेपाली गाउँखाने कथाको अध्ययन** (२०६८) र **समीक्षा सिद्धान्त र समीक्षाहरू** (२०६९) हुन् । यहाँ उनका साहित्यिक, लोकसाहित्यिक र शोधअनुसन्धानमूलक रहेका पुस्तकाकार समालोचनाहरूको सङ्क्षिप्त चर्चा गरिन्छ ।

#### ४.४.१.१ नेपाली साहित्यको सेरोफेरो

**नेपाली साहित्यको सेरोफेरो** (२०५८) कलासदन, भैरहवाबाट प्रकाशित समालोचक कपिल लामिछानेको प्रथम पुस्तकाकार समालोचना हो । यसमा एक्काइसवटा समालोचनाहरू सङ्कलित रहेका छन् । यस कृतिलाई हेर्ने वा परखने मूल आधार यथार्थवादलाई बनाइएको छ । उनले वस्तु र शिल्पको सन्तुलित प्रयोगको खोजी गरेका छन्

। यहाँ समालोचक कपिल लामिछाने आफ्नो दृष्टिबिम्ब फुकाउँदै कृतिको वस्तु र शिल्प दुवै पक्षलाई केलाउँदै कृतिको अन्तर्वस्तु, भावपक्ष वा कृतिभित्र वैचारिक पक्षको परख गर्नमा सिद्धहस्त र निपुण छन् (दुवाल, २०६६:३०) । प्रस्तुत ग्रन्थमा कुनै समालोचनाको गम्भीर विश्लेषण र कुनैमा सतही अध्ययन पनि भएको पाइन्छ । कथा, कविता, उपन्यास, निबन्ध, जीवनी, गाउँखाने कथा जस्ता विभिन्न विधाहरूको सिद्धान्तपरक, कृतिपरक, स्रष्टापरक, विधापरक, परिचयात्मक, निर्णयात्मकता, अनुसन्धानात्मक पद्धति र प्रवृत्ति अँगालेर समीक्षा गरिएको हुँदा लामिछानेको समालोचनात्मक विषयक्षेत्र निकै विस्तृत रहेको देखिन्छ ।

यस समालोचना-सङ्ग्रहमा ‘भानुभक्तका कवितामा पाइने हास्यव्यङ्ग्य’, ‘पापको परिणाम कथाको विश्लेषण’, ‘मुनामदनको वैचारिक मूल्याङ्कन’, ‘चिसो चूल्होको प्रेमविश्लेषण’, ‘निर्भीक समालोचक रामकृष्ण शर्मा’, ‘साहित्य र पत्रकारिता’, ‘दौलतविक्रम विष्टको औपन्यासिक यात्रा’, ‘बसाईंको वैचारिक पक्ष’, ‘मुटुमा आगो बोकेका कवि मिश्र’, ‘उपकथाले औंल्याएका सन्दर्भहरू’, ‘प्रगतिवादी कथ्य र शिल्पका सन्दर्भमा हृदयका फूलहरू’, ‘लीला उदासीका कविताभित्र चाहार्दा’, ‘गाउँखाने कथामा अश्लीलताको पुट’, ‘जूनतारा एक हेराइ’, ‘पराजुलीका गीतमा राष्ट्रिय सन्दर्भ’, ‘योजनागन्धाको सङ्क्षिप्त आलोचना’, ‘मोहन दुवालका कवितामा मानवतावाद’, ‘बुँद रानाको अब किन मान्थिन्’, ‘मोदनाथ शास्त्रीका रचनामा जीवनदृष्टि’, ‘सृजनात्मक लेखनका अनुभव’, ‘बालजीवनी लेखन’ शीर्षकका समालोचनाहरू सङ्गृहीत छन् । प्रस्तुत सङ्ग्रमा सङ्कलित समालोचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । तसर्थ यी समालोचनाहरूको परिचय तथा चर्चापरिचर्चा पूर्वार्द्ध चरणमा गरिएको छ ।

### ४.४.१.२ नेपाली लोकगाथाको अध्ययन

**नेपाली लोकगाथाको अध्ययन** २०६४ सालमा साझा प्रकाशनबाट प्रकाशित कपिल लामिछानेको दोस्रो समालोचनात्मक कृति हो । प्रस्तुत कृति लोकपरम्पराको अध्ययनका साथै इतिहासको खोज अनुसन्धानमा केन्द्रित रहेको छ । साहित्यिक समालोचनामा सफलतापूर्वक कलम चलाएका कपिल लामिछानेले लोकसाहित्यिक समालोचनाका क्षेत्रमा पनि कुशलताका साथ कलम चलाएको देखिन्छ । प्रस्तुत ग्रन्थमा लोकगाथाको खोजअनुसन्धान गरी त्यसको विश्लेषण गरिएको छ । तसर्थ लोकसाहित्यका क्षेत्रमा यो पुस्तक एउटा उपलब्धिपूर्ण सामग्री बनेको छ । यो कृति लेखकको रुचिपूर्ण अध्ययन-अध्यापन, ऐतिहासिक खोज, सङ्कलन र व्यवस्थित संयोजन सहितको विश्लेषणका आधारमा तयार भएको देखिन्छ (परिश्रमी, २०६६:५४४) । प्रस्तुत ग्रन्थबाट स्वतन्त्र अध्येता, अनुसन्धानकर्ता, विद्यार्थी र शिक्षक लाभाविन्त हुने देखिन्छ ।

यस पुस्तकमा समालोचक लामिछानेले लोकसाहित्यको परिचय दिँदै लोकसाहित्य र यसका विधाहरू, लोक र फोक शब्दको अर्थ र व्युत्पत्ति, फोक शब्दको सन्दर्भपरक अर्थ, लोकसाहित्यको नामकरण र अर्थ वैविध्य, लोकसाहित्यको परिभाषा र स्वरूप, लोकसाहित्यको विधागत वर्गीकरणको व्याख्या-विश्लेषण गरेका छन् । उनले लोकगाथाको परिचय, परिभाषा र स्वरूप बारे उल्लेख गर्दै लोकगाथासित अन्य विधाको सम्बन्ध प्रस्तुत गरेका छन् । प्रस्तुत ग्रन्थमा लोकगाथा र लोकगीत, लोकगाथा र लोककथा, लोकगाथा र लोकनाटकका बीच रहेको समानता र असमानता देखाएका छन् । साथै यसमा नेपाली लोकगाथाका विशेषता, लोकगाथाका संरचक तत्त्व, नेपाली लोकगाथाको सङ्कलन र अध्ययनको परम्परा र प्रस्तुतिको समयावधिका आधारमा, प्रस्तुतिको ढाँचाका आधारमा, कथावस्तुको स्रोतका आधारमा नेपाली लोकगाथाको वर्गीकरण गरी अध्ययन-विश्लेषण गरिएको छ ।

अनुसन्धानमूलक यस ग्रन्थमा ‘सरुमा रानीको गाथा’, ‘मनकोइला रानीको गाथा’, ‘भरथरीको गाथा’, ‘हरिमल्लको गाथा’, ‘सती कलसाको गाथा’, ‘सीताजीको चैत’, ‘अमरसिंहको चैत’, ‘कृष्णको धमारी’, ‘रिपु मल्लकी चाँचरी’, ‘ज॰बहादुरको कर्खा’, ‘चन्द्रशमशेरको कर्खा’, ‘नवलसिङ बानियाको कर्खा’, ‘भक्ति थापाको कर्खा’, ‘भोटको लडाइँको सवाई’, ‘बालाराजा काशीरामको भारत’, ‘उदाछापलाको भारत’ आदि लोकगाथाहरूको परिचय दिएर तिनको प्रकार, स्रोत, र खुलाउँदै कथासार कथावस्तु, लयविधान, कथनपद्धति, चरित्र, परिवेश जस्ता खासगरी लोकगाथाको तत्त्वगत आधारमा विश्लेषण प्रस्तुत गरिएको छ । यहाँ लोकगीत वा लोककवितामा कथानक वा आख्यान तत्त्व समावेश भई लम्बिई लोकगाथाको स्वरूप निर्माण हुन्छ भन्ने तथ्य अघि सारिएको छ र यसै आधारमा पाठहरू प्रस्तुत गर्दै तिनको विभिन्न कोणबाट अध्ययन गरिएको छ । अन्तमा लोकगाथाको उपसंहारमा प्रस्तुत अनुसन्धानात्मक लोकसाहित्यिक समालोचनाको समापन भएको छ ।

### ४.४.१.३ समालोचनाको सोपान

**समालोचनाको सोपान** (२०६८) कपिल लामिछानेको तेस्रो प्रकाशित समालोचना ग्रन्थ हो । यस सङ्ग्रहलाई जुही प्रकाशन झापाबाट प्रकाशित गरिएको छ । यस ग्रन्थमा ‘नेपाली साहित्यमा शकुन्तलोपाख्यान’, ‘प्रगतिवादी नेपाली नाटक : परम्परा र प्रवृत्ति’, ‘पचास रुपियाँको तमसुक नाटकको विश्लेषण र मूल्याङ्कन’, ‘अविरल बग्दछ इन्द्रावतीमा प्रयुक्त टुक्काको सर्वेक्षण र विश्लेषण’, ‘कविता पौडेलको आमाहरू उपन्यास : युद्धविभीषिकाको अभिलेख’, ‘चूडामणि रेग्मीको हास्यव्यङ्ग्यकारिता’, ‘विश्व शाक्यको व्यङ्ग्य-चिन्तन’, ‘साहित्यकार मोदनाथ शास्त्रीका रचनामा प्रगतिवादी पुट’, ‘घनश्याम न्यौपाने ‘परिश्रमी’का गजलको अन्तर्वस्तु’, ‘मुरारि पराजुलीको हाँसेर उसका ओठले भित्रको अन्तर्वस्तु र रूपरचना’, ‘बाटुली पत्रकाव्यमा सम्भाव्य सुखद भविष्यको परिकल्पना’, ‘पसिनाको स॰ीत र

जीवनको गीतको अन्तर्वस्तु र शिल्पसंरचना' र 'अलिमियाँ खण्डकाव्यमा अलिमियाँको खोजी' गरी तेरवटा समालोचनाहरू रहेका छन् । प्रस्तुत ग्रन्थमा कृतिको विश्लेषण गरी लेखकले कृतिमा निहित अन्तर्वस्तुले प्राप्त गरेको रूपरचनालाई पहिल्याउने र प्रस्ट पार्ने काम गरिएको छ । यहाँ समालोचक लामिछानेले साहित्यमा भाषाले कलाको रूप प्राप्त गर्छ र समालोचनाले त्यसलाई देखाउनु पर्दछ भन्ने विचार प्रकट गरेका छन् ।

यस सङ्ग्रहको पहिलो समालोचना 'नेपाली साहित्यमा शकुन्तलोपाख्यान'मा दुष्यन्त-शकुन्तलाको मिलन-विछोड र पुनर्मिलनमा आधारित पौराणिक आख्यान हो । यसलाई संस्कृत वाङ्मयमा शकुन्तलोपाख्यान, नेपाली साहित्यमा शकुन्तलोपाख्यान, शकुन्तलोपाख्यानमा आधारित नेपाली प्रबन्धकृतिको वर्गीकरण र शकुन्तलोपाख्यानमा आधारित कृतिहरूको सङ्क्षिप्त परिचय दिई विभिन्न उपशीर्षकहरूमा विभाजन गरेर अध्ययन गरिएको छ । नेपाली साहित्यमा शकुन्तलोपाख्यानको प्रवेश मोतीराम भट्टबाट भएको र त्यसलाई अगाडि बढाउनेहरू झन्डै डेढ दर्जन साहित्यकारहरूको नाम रहेको भन्दै उपजीव्यग्रहणको आधारमा मौलिक र अनूदित कृतिहरूलाई दुई समूहमा विभाजन गरी सङ्क्षिप्त चर्चा गरिएको छ ।

'प्रगतिवादी नेपाली नाटक : परम्परा र प्रवृत्ति'मा २००८ सालमा प्रकाशित वासुपासाको **'किसान हो'** प्रथम नेपाली प्रगतिवादी नाटक भएको उल्लेख गर्दै विभिन्न प्रगतिवादी नाटकहरूको सङ्क्षिप्त चर्चा छ । 'पचास रुपियाँको तमसुक नाटकको विश्लेषण र मूल्याङ्कन'मा नेपालको राजनीतिमा पञ्चायती शासनव्यवस्था रहेको बखतमा शोषक सामान्तहरू सत्ताका आडमा जनताको ढाड सेक्न र आफ्नो दुनो सोझ्याउन कस्सिएर लागिपरेको वस्तुस्थितिलाई नाटकले उदाङ्गो पारेको कुरा उल्लेख छ ।

'अविरल बग्छ इन्द्रावतीमा प्रयुक्त टुक्काको सर्वेक्षण र विश्लेषण'मा टुक्काको सैद्धान्तिक परिचय, अर्थ, वर्गीकरण र प्रयोजनका बारेमा अध्ययन विश्लेषण गर्दै औपन्यासिक र वैचारिक दृष्टिले, सशक्त भाषिक दृष्टिले सबल र उत्कृष्ट रहेको प्रस्तुत अविरल बग्छ इन्द्रावती उपन्यासमा प्रयुक्त चार सय टुक्कको प्रयोग-स्थितिको आकलन, सर्वेक्षण तथा विश्लेषण गरिएको छ । 'कविता पौडेलको आमाहरू उपन्यास : युद्धविभीषिकाको अभिलेख'मा द्वन्द्वको पीडा र व्यथाको प्रस्तुति रहेको कुरा उल्लेख छ । यसमा युद्धकालमा नारी वा आमाहरूले झेलेका कष्ट, पीडा, उत्पीडन, दमनलाई **आमाहरू** उपन्यासले प्रस्तुत गरेको बताइएको छ ।

'चूडामणि रेग्मीको हास्यव्यङ्ग्यकारिता'मा चूडामणि रेग्मी हलुका हास्य र कठोर व्यङ्ग्यकारका रूपमा देखापरेको उल्लेख गर्दै प्रस्तुत समालोचनामा हास्यव्यङ्ग्यको सैद्धान्तिक स्वरूप नेपाली हास्यव्यङ्ग्य कविताको परम्परा, चूडामणि रेग्मीका कवितामा

हास्यव्ङ्ग्यको चर्चा गरिएको छ । ‘विश्व शाक्यको व्यङ्ग्य-चिन्तन’ हास्यव्यङ्ग्यकार विश्व शाक्यको **कृष्ण उचाव, कस्तो गधा रहेछ, श्री पशुपुराण** जस्ता हास्यव्यङ्ग्य कृतिको अध्ययन गरिएको छ ।

‘साहित्यकार मोदनाथ शास्त्रीका रचनामा प्रगतिवादी पुट’मा साहित्यस्रष्टा मोदनाथ शास्त्रीका रचनामा वैचारिक विचलन पाइए पनि प्रगतिवादी पुट पनि पाइएको जनाउँदै लामिछानेले केही कृतिहरूको सङ्क्षिप्त परिचय दिएका छन् । ‘घनश्याम न्यौपाने परिश्रमी कडा गजलको अन्तर्वस्तु’मा समालोचकले गजलकार परिश्रमी एक अब्बल दर्जाका उम्दा प्रगतिशील गजलकार भएको बताउँदै उनका गजलको अन्तर्वस्तुको विश्लेषण गरेका छन् ।

‘मुरारि पराजुलीको हाँसेर उसका ओठले भित्रको अन्तर्वस्तु र रूपरचना’ कृतिपरक समालोचना हो । विश्लेषणपरक यस समालोचनामा प्रगतिवादी साहित्यिक मान्यता र अन्तर्वस्तु, लयविधान र रूपरचनाबारे विवरण दिँदै पराजुलीको प्रथम कवितासङ्ग्रह **हाँसेर उसका ओठले भित्र**का कविताहरूको उदाहरण व्याख्या गरिएको छ । ‘बाटुली पत्रकाव्यमा सम्भाव्य सुखद भविष्यको परिकल्पना’मा बाटुली र दिनेश पात्रका माध्यमबाट नेपालको समकालीन यथार्थ र विज्ञानका नवीनतम खोजका सम्भावनालाई कथ्य सन्दर्भ बनाइएको छ । लामिछानेले प्रस्तुत ग्रन्थलाई विज्ञान काव्य मानेका छन् । ‘पसिनाको स◌ीत र जीवनको गीतको अन्तर्वस्तु र शिल्प संरचना’मा लामिछानेले गिरी श्रीसका कविताहरूको अन्तर्वस्तुको सर्वेक्षण गर्न शिल्प र संरचनाको विवरण प्रस्तुत गरेका छन् । त्यस्तै ‘अलिमियाँ खण्डकाव्यमा अलिमियाँको खोजी’मा माधव वियोगी कुशल स्रष्टा भएको बताउँदै काव्यनायक अलिमियाँको जीवनका मुख्यमुख्य सन्दर्भहरू उल्लेख गरेको बताएका छन् ।

### ४.४.१.४ नेपाली लोकगीतको अध्ययन

समालोचक कपिल लामिछानेको पुस्तकाकार कृतिका रूपमा **नेपाली लोकगीतको अध्ययन** (२०६८) शोधमूलक सन्दर्भग्रन्थ विवेक सिर्जनशील प्रकाशन, काठमाडौँबाट प्रकाशित भएको हो । यसमा लोकपरम्पराको संवाहक र धुकधुकी लोकसाहित्यको प्रमुख विधाको रूपमा मानिँदै आएको लोकगीतहरूको नेपाली लोकसमाजमा सभ्यता र वैज्ञानिक विकासका कारण हराउँदै गएको र कतिपयको प्रस्तोता पाउन मुस्किल भइसकेको अवस्थाको जानकारी गराउँदै लोकगीतको संरक्षणमा जोड दिएको पाइन्छ ।

यहाँ लोकसमुदायको सुखदुख आँसु, हाँसो, उत्साह, उम◌ले अभिव्यक्ति पाएका कथ्य, भाव, लय, भाका, गेयता, स्थायी, थेगो र भाषाशैली रहेको लोकगीतका तत्त्वहरू रहेको बताइएको छ । मौखिकता, पारम्परिकता, सामूहिकता, परिवर्तनशीलता, गतिशीलता, सरलता, सहजता, स्वच्छन्दता, रचनाकारको अज्ञातता, लोकतत्त्वको प्रयोग, छरितोपन तथा भावको तीव्रता, गेयात्मक र सङ्गीतात्मक आदिलाई लोकगीतका विशेषता बताइएको छ ।

लोकगीतमा सामाजिक, सांस्कृतिक, भौगोलिक, भाषिक र जातिगत विविधता रहेको यस कृतिमा प्रष्ट पारिएको छ ।

लेखकले अध्याय एकमा लोकगीतको सैद्धान्तिक अध्ययन, दुईमा नेपाली लोकगीतको अध्ययन परम्परा, तीनमा नेपाली सदाकालीन लोकगीतको अध्ययन, चारमा नेपाली संस्कार गीतको अध्ययन, पाँचमा नेपाली पर्वगीतको अध्ययन, छमा धार्मिक लोकगीतको अध्ययन, सातमा श्रमगीतको अध्ययन, आठमा नेपाली लोककविताको अध्ययन र नौमा अध्ययनको निष्कर्ष प्रस्तुत गरेका छन् ।

नेपाली लोकसमाजमा सरल र स्पष्ट रूपमा रहँदै आएका भ्याउरे, रोइला, देउडा, ख्याली, कौरा, बालगीत बाह्रमासा, सालैजो, चुड्का, सेलो, हाकपारे, माँगल, फाग, सगुन, रत्यौली, कराँत, गौरा, सैरेलो, तिज, मालसिरी, भैलो, देउसी, फागु, पडेली, आशिका, भजन, जेठे, असारे, दाइँ, रसिया, सँगिनी, सवाई, भुवो, ठुआ जस्ता लोकगीतहरूको सोदाहरण अध्ययन प्रस्तुत गरिएको छ । यसरी हेर्दै जाँदा लोकगीतको सङ्कलन र अध्ययनमा लामिछानेको अहम् भूमिका रहेको देखिन्छ (सोमै,२०६९:२८)।

## ४.४.१.५ नेपाली गाउँखाने कथाको अध्ययन

समालोचक कपिल लामिछानेको **नेपाली गाउँखाने कथाको अध्ययन** (२०६८) विवेक सिर्जनशील प्रकाशन काठमाडौँबाट प्रकाशित भएको हो । यसमा साहित्यशास्त्र र भाषाविज्ञानको मान्यतालाई समन्वित गर्नुका साथै सैद्धान्तिक आधारहरू स्थापना गरी सोही आधारमा गाउँखाने कथाको अध्ययन गरिएको छ । लुम्बिनी, धौलागिरि र गण्डकी अञ्चलका विभिन्न स्थानहरूबाट प्रत्यक्ष रूपमा गाउँखाने कथा सङ्कलन गरिएको देखिन्छ । यसमा भाषा, संस्कृति, रहनसहन, वातावरण अनुकूल एउटै उत्तर आउने र धेरै प्रश्न गर्ने शैली रहेको छ ।

प्रस्तुत ग्रन्थलाई लेखकले नौ अध्यायमा विभाजन गरी शीर्षक-उपशीर्षकमा बाँडेका छन् भने परिशिष्ट पनि राखेका छन् । अध्याय एकमा गाउँखाने कथाको सैद्धान्तिक परिचय, अध्याय दुईमा नेपाली गाउँखाने कथाको अध्ययन परम्परा, अध्याय तीनमा गाउँखाने कथाको लेख्य परम्परा र सिर्जनात्मक प्रयोग, अध्याय चारमा नेपाली गाउँखाने कथाको कथ्य परम्परा र प्रयोग सन्दर्भ, अध्याय पाँचमा नेपाली गाउँखाने कथाको काव्यात्मक स्वरूप, अध्याय छमा नेपाली गाउँखाने कथाको भाषिक स्वरूप, अध्याय सातमा नेपाली गाउँखाने कथामा बहुप्रचलन, विविधता र नवीनता, अध्याय आठमा नेपाली गाउँखाने कथामा विश्वदृष्टि र अध्याय नौमा अध्ययनको निष्कर्ष र अन्तिममा परिशिष्ट राखी सन्दर्भ सूची सहित ५६४ पृष्ठमा यो ग्रन्थले पूर्णता लिएको छ ।

प्रस्तुत ग्रन्थमा सर्वप्रथम गाउँखाने कथाको सिद्धान्त दिइएको छ भने यस क्रममा यहाँ गाउँखाने कथाको सिद्धान्त, प्रकार र तिनको प्रश्नोत्तरको शैलीका ढाँचा आदि बारे प्रकाश पारिएको छ । यसमा प्रश्नकर्ताले समस्याका रूपमा प्रश्न राख्छ अनि उत्तरदाताले ठिक उत्तर दिएपछि प्रश्नकर्ताले उत्तरदातालाई ‘स्याबास’ भन्छ र अर्को गाउँखाने कथा हाल्न सुरु गर्छ । यदि उत्तरदाताले सही उत्तर दिन सकेन भने अझ गाउँखाने कथालाई रोचक बनाउने क्रममा यसको प्रकिया लम्बिदै जान्छ । यस क्रममा प्रश्नकर्ताले ‘तिमीले उत्तर भन्न सकेनौ न गाउँ देऊ’ भन्छ । अनि उत्तरदाताले प्रश्नकर्तालाई ल यो गाउँ वा सहर लैजाऊ भन्छ । यसरी उत्तर दिने मान्छेले उत्तर दिन नसकेको अवस्थामा उत्तरदाताबाट प्रश्नकर्ताले उत्तरदाताले दिएको गाउँखाने भएकोले यसलाई गाउँखाने कथा भनिएको हो । नेपाली समाजमा अश्लील प्रकृतिका गाउँखाने कथाहरू पनि प्रचलित छन् । साना बालबालिकाहरूको बुद्धि तिखार्न र बुद्धि लडाएर गाउँखाने कथाले सोधेका प्रश्नको उत्तर खोज्न उत्साहित गर्ने हुँदा यस्ता गाउँखाने कथा बालकहरूको बौद्धिक विकासका लागि पौष्टिक आहार जत्तिकै उपयोगी मानिन्छन् । यसबाट बोल्न गाह्रो मान्ने बालबालिकाहरू पनि सजिलै बोल्न र गाउँखाने कथाले सोधेका प्रश्नको उत्तर दिनका लागि मस्तिष्क लडाउन सफल हुन्छन् ।

नेपाली गाउँखाने कथाको अध्ययन विषयमा विद्यावारिधि गरेका लोकसाहित्यका अध्येता लामिछानेले लोकसाहित्यको अध्ययनका क्रममा प्रथमतः २०४८ सालमा ‘गाउँखाने कथामा अश्लीलताको पुट’ शीर्षकको लेख **जुही,** पत्रिकामा प्रकाशित गरेर नेपाली लोकसाहित्यको अध्ययनतर्फ लागेका लामिछानेका हुन् भने २०६१ मा **रमाइला गाउ“खाने कथा** नामक कृति र २०६६ सालमा **हाम्रा गाउ“खाने कथा** नामक लघुकृति प्रकाशित गरी नेपाली गाउँखाने कथाको विषयमा आफ्नो अध्ययनलाई केन्द्रित गरेका छन् । यसैगरी २०६३ सालमा **रमाइला केही कथा** (बाललोककथा) नामक कृति प्रकाशित गरेका लामिछाने नेपाली लोकसाहित्यका एक अध्ययनशील अध्येता एवं नेपाली गाउँखाने कथाका अनुसन्धाता बन्न पुगेको पुष्टि हुन्छ ।

यसरी हेर्दा यो अनुसन्धानग्रन्थमा सर्वप्रथम गाउँखाने कथाको सिद्धान्त दिइएको छ भने यस क्रममा यहाँ गाउँखाने कथाको सिद्धान्त, प्रकार र तिनको प्रश्नोत्तरको शैलीका ढाँचा आदि बारेमा प्रकाश पारिएको छ । नेपाली गाउँखाने कथाको अध्ययनका क्षेत्रमा यो कृति अहिलेसम्मकै उत्कृष्ट र आधिकारिक कृति बन्न पुगेको छ । वस्तुतः यो कृति गाउ“खाने कथाको अध्ययनमा नयाँ उपलब्धि साबित भएको छ (सोमै,२०६९:२९)।

### ४.४.१.६ समीक्षा सिद्धान्त र समीक्षाहरू

**समीक्षा सिद्धान्त र समीक्षाहरू** (२०६९) कपिल लामिछानेको प्रकाशनको दृष्टिले हालसम्मकको पछिल्लो समीक्षासँग सम्बद्ध कृति हो । दीअ प्रकाशन रत्न श्रेष्ठ पुरस्कार गुठी बाग्लुङबाट प्रकाशित प्रस्तुत कृतिमा दुई खण्ड छन् ।

पहिलो खण्ड समीक्षा समालोचनात्मक साहित्यको नवविधा रहेको धारणा व्यक्त भएको छ । यो समीक्षाको सैद्धान्तिक खण्ड हो । यसभित्र विषय प्रवेश, समीक्षाको परिचय र स्वरूप, समीक्षाको प्रयोजन, समीक्षाको आयाम/आकार, समीक्षा लेखनको प्रक्रिया, समीक्षा गर्दा ध्यान दिनुपर्ने कुराहरू जस्ता शीर्षक तथा उपशीर्षकहरूमा केन्द्रित रही समीक्षाको सैद्धान्तिक विश्लेषण गरिएको छ ।

दोस्रो खण्ड '**समीक्षाहरू'** शीर्षकमा विभिन्न पत्रिकामा प्रकाशित भएका ४२ वटा समीक्षाहरू सङ्कलन गरिएका छन् । यसमा उपन्यास, कथा/लघुकथा, काव्य/कविता, गीत गजल, नाटक, निबन्ध, बालसाहित्य, समालोचना र वाङ्मयिक जस्ता विविध विधाका समीक्षाहरू रहेका छन् । उपन्यास विधा अन्तर्गतका समीक्षाहरूमा 'सलिजो : एक नयाँ उपन्यास', 'शास्त्रीको बुवामाथि एक दृष्टि', 'ज्योति, महाज्योति : एक हेराइ', 'हिमाल र मान्छे : बाध्यताभित्र बाँचेको जीवन', 'योजनगन्धाको सुगन्ध', 'आमाहरू उपन्यासमा द्वन्द्वको दर्द', 'अन्तिम चिठी खोली हेर्दा' गरी सातवटा कृतिहरूको समीक्षा गरिएको छ । त्यस्तै कथा/लघुकथा अन्तर्गत 'सागरका कथाहरूको सार', 'भट्ट : उच्च शिखरको यात्रामा' शीर्षकका दुई कृतिको विवेचना गरिएको छ । त्यसैगरी काव्य/कविता गीतगजलको समीक्षाहरूमा 'स्वागत नेपालका स्वागत योग्य स्वरहरू', 'सद्विचारको चिरफार', 'ठूले राई खण्डकाव्यमा समकालीन यथार्थ', 'जून चुहेको रात : गजको गरिमा', 'मान्छेभित्र मान्छेको खोजी : हाइकुको नयाँ सँगालो', 'सागरका कविताहरूमाथि एक दृष्टि', 'श्रमिकका गीत : तन्नेरी प्रीत', 'सन्तु श्रेष्ठका केही काव्य बान्कीहरू', 'हुस्सुभित्रको घाममा उज्यालोको खोजी', 'कवि पराजुली हाँसो र ओठ : हाँसेर उसका ओठलेभित्र', 'मट्याङ्ग्राको चोट', 'शान्तिदूत महाकाव्यको सान्दर्भिकता', 'बाटुली पत्रकाव्यको प्राप्ति', 'विद्रोही काले महाकाव्यमा विद्रोहको स्वर', 'बिसौनीमा एकछिन', 'खाटा बस्न नसकेका घाउ र उकुच', 'उन्मुक्त आकाशका मुक्तक', 'डम्बर घिमिरे : मुक्तक, हास्य र व्यङ्ग्यको त्रिवेणी' शीर्षकमा अठारवटा कृतिहरूको समीक्षा गरिएको छ भने नाटकको समीक्षामा 'वैकुण्ठ एक्सप्रेसको अभीष्ट', 'तीलमा ले·म गीति नाटकले दिएको सन्देश' शीर्षकमा दुईवटा कृतिको समीक्षा गरिएको छ । त्यसैगरी बालसाहित्यको समीक्षामा 'बालबगैंचामाथि विहङ्गम दृष्टि', 'पठनीय बालउपन्यास : परिवर्तन', 'ज्ञानवर्धक बालउपन्यास : डा.चिम्पु चिम्पान्जी', 'चम्किला चौध कोपिला र कोपिला फुलाउने कवि आचार्य', 'रमाइलो बालपुस्तक : माहुरीको पुस्तकालय', 'ज·लका रमाइला कथाहरू' गरी छवटा कृतिहरूको समीक्षा गरिएको छ । त्यस्तै यसमा 'चुमुरेको नयाँ

कृति : चिन्तन र समालोचना', 'गुरुग्रन्थका दिशामा गजल सौन्दर्य मीमांसा', 'आसामदेखि मणिपुरसम्म : एक अवलोकन' गरी तीनवटा समालोचनाहरूको समीक्षा गरिएको छ भने 'आमा छोरीको वक्तृता', 'गण्डकी क्षेत्रको सांस्कृतिक सम्पदा झल्काउने कृति' नामक दुईवटा वाङ्मयिक कृतिहरूको समीक्षा गरिएको छ ।

प्रस्तुत सङ्ग्रहमा सङ्कलित समीक्षा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । उनका केही समीक्षाहरूको माथि चर्चा गरिएको छ भने केही समीक्षाहरूको चर्चा प्रस्तुत गरिन्छ । 'शास्त्रीको बुबामाथि एक दृष्टि' शीर्षकको समीक्षामा बुबालाई केन्द्रबिन्दु बनाएर नेपाली समाजमा प्रायः घटिरहने घरेलु हिंसा, अन्याय, अत्याचार, शोषणदमन, उत्पीडन आदिलाई छर्लङ्ग पारेको उल्लेख गर्दै **बुवा** उपन्यास मोदनाथ शास्त्रीको आत्मकथा भएको तथ्य स्पष्ट पारिएको छ । 'अन्तिम चिठी खोली हेर्दा' कृतिपरक समीक्षा हो । ओम जैसीको उपन्यास **अन्तिम चिठी** समाजिक सम्बन्ध र प्रेममा आधारित रहेको खुलासा गरिएको छ । 'भट्ट : उच्च शिखरको यात्रामा' शीर्षकको समीक्षामा लघुकथाको परिचय दिँदै लघुकथाकार पुष्करराज भट्टका पछिल्लो लघुकथासङ्ग्रह 'मूक्तिदूत'को समीक्षा गरिएको छ । 'मान्छेभित्र मान्छेको खोजी : हाइकुको नयाँ सँगालो' शीर्षकको समीक्षामा हाइकुको परिचय दिँदै कवि रेवतीरमण खनालको हाइकुसङ्ग्रह 'मान्छेभित्र मान्छेको खोजी'को चर्चा गरिएको छ । वस्तुतः आजको मान्छेभित्र मान्छे हराएको छ, राँको बालेर खोज्दा पनि मान्छेभित्र मान्छेपन नभेटिएकोले कवि त्यसैको खोजीमा रहेको बताउँदै प्रस्तुत कृति नेपाली लघुतम कविता यात्राको एक उल्लेख्य उपलब्धिका रूपमा देखापरेको तथ्य अघि सारिएको छ । 'श्रमिकका गीत : तन्नेरी प्रीत'मा गीतको परिचय, तत्त्व, विशेषता उल्लेख गर्दै श्रमिक बरालद्वारा रचित १०१ गीतहरूको सङ्गालो 'म त सधैँ एक्लै परेँ' को चर्चा गरिएको छ भने नेपालमा नेपलीमा गीत लेख्ने गीतकारहरूको नामोल्लेख गरिएको छ । त्यसैगरी 'उन्मुक्त आकाशका मुक्तक' समीक्षामा नेपाली समकालीन समाजको विभिन्न समय सन्दर्भ, सामाजिक विकृति-विसङ्गति, दुराचार, भ्रष्टाचार, राजनीतिक महत्त्वाकाङ्क्षा र भ्रष्टता, मानवमनका तमाम इच्छा आकाङ्क्षा आदिलाई रुद्र ज्ञवालीले आफ्ना मुक्तकको अन्तर्वस्तु बनाएको जनाउँदै राष्ट्र र राष्ट्रियतालाई सर्वोच्चता प्रदान गर्ने सच्चा राष्ट्रवादी प्रगतिवादी चिन्तकका रूपमा प्रभावकारी चोटिला, मुक्तकका एक उम्दा मुक्तकार रहेको बताइएको छ । 'षडानन्द पौड्यालको बाउको बिहे हेर्दा' नामक समीक्षामा षडानन्द पौड्याललाई प्रगतिशील जीवनदृष्टि भएका पौडेल मूलतः हास्यव्यङ्ग्यकार हुन भन्दै पन्ध्रवटा हास्यव्यङ्ग्य निबन्धहरूको सँगालो **बाउको बिहे**मा आर्थिक असमानता, मानवीय भोगलिप्सा, घुसखोरीको व्यापकता, साम्राज्यवादी उत्पादन-प्रणाली, प्रजातन्त्रका कमजोरी, समकालीन राजनीति, बालविवाह, चाकरी चाप्लुसी प्रथा, विदेशसिने प्रवृत्ति, रूढिवादी परम्परा, गलत सामाजिक मूल्य र मान्यता, ह्रासोन्मुख मानवता आदिलाई पौडेलले प्रस्तुत कृतिको विषयवस्तु बनाएको कुरा उल्लेख गरिएको छ । 'डिल्लीराज अर्यालको घोल्कीमा बस्ने रहरभित्र पस्दा' समीक्षा

डिल्लीराज अर्याललाई सबल निबन्धकारका रूपमा उभ्याउँदै उनका तेह्रवटा आत्मसंस्मरणात्मक लेख-निबन्धहरूको सँगालो `घोल्कीमा बस्ने रहर'को समीक्षा गरिएको छ । `ज·लका रमाइला कथाहरू' नामक समीक्षामा प्रदीप प्रधानको सातवटा बालकथाको सँगालो `जङ्गलका रमाइला कथाहरूमा रहेका बालकथाले जनावरलाई पात्र बनाएर मनोरञ्जन दिनुका साथै तिनको संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम गर्दै प्रकृति र प्राकृतिक जीवजन्तुसित सह-अस्तित्वका आमन्त्रण गरेको निष्कर्ष लामिछाने निकालेका छन् ।

`गुरुग्रन्थका दिशामा गजल सौन्दर्य मीमांसा' लामिछानेको भूमिकात्मक लेख हो । यसमा लामिछानेले घनश्याम न्यौपाने गजलको रचना, समीक्षा, सिद्धान्त प्रस्तुतिमा समर्पित तथा भूमिका-लेखनमा सिद्धहस्त व्यक्ति भएको बताउँदै उनको **गजल सौन्दर्य मीमांसा** शीर्षकको कृतिको समीक्षा गरेका छन् । उनले गजल रचना गर्न खोज्नेहरू, गजलका बारेमा समीक्षा-समालोचना गर्न चाहनेहरू र गजलका बारेमा जान्न चाहनेहरूका लागि प्रस्तुत कृति एउटा गुरुग्रन्थ साबित भएको स्पष्ट पारेका छन् । `गण्डकी क्षेत्रको सांस्कृतिक सम्पदा झल्काउने कृति' लामिछानेको अनुसन्धानमूलक समीक्षा हो । प्रस्तुत समीक्षामा नेपालको इतिहास, संस्कृति र पुरातत्त्वको अध्ययनमा जगमान गुरुङको उल्लेख्य भूमिका रहेको बताउँदै उनको अनुसन्धानमूलक ग्रन्थ **गण्डकी प्रस्रवण क्षेत्रको सांस्कृतिक सम्पदा** (२०६७) मा मुख्यतः नेपालको पश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत पर्ने लुम्बिनी, धौलागिरि र गण्डकी अञ्चल तथा कालीगण्डकी र यसमा मिल्ने र यो मिल्ने खोला र नदीहरूले सिञ्चेको भू-भागलाई गण्डकी प्रस्रवण क्षेत्र भन्दै यस क्षेत्रको भौगोलिक अवस्थिति, धार्मिक स्थलहरू, सामाजिक संस्थाहरू, लोकगाथाहरू कला र वास्तुकला, आस्था र प्रथाहरूका बारेमा विशद विश्लेषण प्रस्तुत गरिएको कुरा व्यक्त गरिएको छ । साहित्य एवम् साहित्येतर सबै क्षेत्रमा कपिल लामिछानेको कलम सबल रूपमा चलेको देखिन्छ ।

चूडामणि बन्धुले `कपिल लामिछानेको प्रस्तुत कृति बारे' भूमिकामा लेखकहरूका मूल कथ्य विषयलाई समातेर सङ्क्षेपमा र स्पष्ट रूपमा आफ्ना कुरा भन्नु समीक्षक लामिछानेको विशेषता हो' भनेका छन् । कपिल लामिछाने एक अध्ययनशील एवम् परिश्रमी समीक्षकका रूपमा देखापरेका छन् भने कृतिले समीक्षा गर्दा वस्तुपरक ढ·ले गहन अध्ययन-विश्लेषण गरेको पाइन्छ । प्रस्तुत पुस्तक समीक्षा क्षेत्रको महत्त्वपूर्ण उपलब्धि हो । समालोचना वा समीक्षा विषयमा शोध गर्ने शोधार्थीहरूका लागि यो पुस्तक अत्यन्त उपयोगी सिद्ध हुने देखिन्छ ।

यस पुस्तकमा रहेका समग्र समीक्षाहरूको अध्ययन गर्दा समीक्षा कपिल लामिछानेमा सैद्धान्तिक कृतिपरक, सष्टापरक, भाषापरक, निर्णयात्मक परिचात्मक एवम् अनुसन्धानत्मक पद्धति देखा परेको छ । पुस्तकको प्रारम्भमा प्रकाशकीय मन्तव्य, चूडामणि बन्धुको भूमिका, समीक्षक कपिल लामिछानेको प्राक्कथन र विषयसूची सहित यो १९४ पृष्ठमा विस्तारित

मध्यम आकारमा रहेको छ । प्रस्तुत कृतिले समीक्षा समालोचनाको एउटा पृथक् विधा हो भन्ने प्रस्ट पारेको छ । यसमा कृति परिचय प्रकृतिका, भूमिकाजन्य र केही त समालोचनाकै कोटिमा पर्ने भिन्नभिन्न आकार, प्रकृति र पद्धतिका समीक्षाहरू छन् । यिनमा केही कृतिपरक, केही विधापरक, केही इतिहासपरक, केही प्रभावपरक, केही सिद्धान्तपरक, केही स्रष्टापरक, केही तुलनात्मक, केही निर्णयात्मक, केही यथार्थवादी, केही पाठकमैत्री प्रकृतिका समीक्षाहरू रहेका छन् । लामिछानेको समीक्षाको भाषा अत्यन्त सरल र बोधगम्य छ । प्रस्तुत कृति नेपाली समीक्षाजगत्को एउटा महत्त्वपूर्ण उपलब्धिका रूपमा रहेको छ ।

### ४.४.२ फुटकर समालोचना

समालोचनाको क्षेत्रमा आफ्नो दरो स्थान बनाएका कपिल लामिछानेका उत्तरार्द्ध चरणमा पुस्तकाकार समालोचनात्मक कृतिका साथै दर्जनौँ फुटकर समालोचना, भूमिकात्मक लेख, समीक्षा पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । उनका समालोचनाहरू विभिन्न प्रवृत्तिमा आधारित छन् ।

'घुरहु चौधरी बहुलायो कथामा समाज चित्रण' नामक समालोचना २०५८ सालमा **जनसङ्घर्ष** पत्रिकामा प्रकाशित कृतिपरक समालोचना हो । यहाँ लामिछानेले कथाकार रुद्र ज्ञवालीलाई नेपाली कथाका नवीन हस्ताक्षरका रूपमा चिनाउँदै ज्ञवालीको 'घुरहु चौधरी बहुलायो' कथाको समालोचना गरेका छन् । यसमा सामाजिक आर्थिक शोषणमा आधारित प्रस्तुत कथामा तराईको थारू समाजमा विद्यमान शोषण र तत्जन्य परिणतिका बारेमा देखाइएको मर्मलाई चित्रण गरिएको छ । यसमा थारूहरू आफ्नै कमजोरीका कारणले मालिकबाट तिनको सोझोपनाको फाइदा उठाएर शोषण गर्दै महल खडा गर्दै गइरहेको वर्तमान सामाजिक यथार्थलाई कथाले बडो मार्मिक ढङ्गले छर्लङ्ग्याएको कुरा स्पष्ट पारिएको छ ।

'समपूर्वको नेपाली नाटक' २०५९ सालमा **साधना** पत्रिकामा प्रकाशित विधापरक समालोचना हो । यसमा लामिछानेले नेपाली भाषामा नाटकको थालनीकर्ता खासगरी मोतीराम भट्ट भएको र उनको नेपाली भाषामा लेखिएको प्रथम उपलब्ध नाटक **प्रियदर्शिका** हो भन्दै समपूर्वको नेपाली नाटकको विकास, स्वरूप निर्माण र परम्परालाई गति प्रदान गर्ने कार्यमा पहलमानसिंह स्वाँर, शम्भुप्रसाद दुङ्ग्याल, केदार शमशेर थापा, सूर्यविक्रम ज्ञवाली, महानन्द सापकोटा, रामप्रसाद सत्याल, भैयासिंह गजमेर जस्ता नाटककारहरूको महत्त्वपूर्ण योगदान रहेको चर्चा गरेका छन् । यसमा कुनै खास कृतिको भन्दा पनि नाट्यविधाको एउटा कालखण्डको समालोचना गरिएको छ । यो समालोचना विवरणात्मकभन्दा विश्लेषणात्मक छ ।

ँसामाजिक यथार्थवादका कसीमा मुलुक बाहिर' २०५९ सालमा **जनमत** पत्रिकामा प्रकाशित कृतिपरक समालोचना हो । प्रस्तुत समालोचनामा लामिछानेले लैनसिंह वाङ्देललाई आधुनिक नेपाली उपन्यासका विकासमा देखापरेका एक सशक्त हस्ताक्षरका रूपमा चिनाउँदै सामाजिक यथार्थवादका कसीमा **मुलुक बाहिर** उपन्यासको विश्लेषण गरेका छन् । उनले सामाजिक यथार्थवादी उपन्यासका मान्यता एवम् विशेषता प्रस्तुत गर्दै प्रस्तुत उपन्यास सामाजिक यथार्थवादका कसीमा पूर्णतया खरो उत्रन नसकेको जनाएका छन् । यसैगरी सामाजिक र निम्न वर्गीय पात्रको चयन, प्रवासी नेपाली सामाजिक परिवेश, स्थानीय भाषाको प्रयोग, दुखान्तता र सरलता प्रस्तुत उपन्यासका मूलभूत प्राप्ति भएको उल्लेख गर्दै शोषण, उत्पीडनका विरुद्ध मौन रहनु, विपन्नताको कारक तत्त्व नखोज्नु, जीवनदेखि पलायन र निराशा देखाउनु, भाग्यवादलाई प्रश्रय दिनु उपन्यासका कमजोरी भएको ठहर गरिएको छ ।

ँबालविनोदको माध्यमका रूपमा गाउँखाने कथा' २०६० सालमा **बालसाहित्य** ( अङ्क ?) पत्रिकामा प्रकाशित लोकसाहित्यिक समालोचना हो । यसमा लामिछानेले गाउँखाने कथाको परिचय दिँदै नेपाली गाउँखाने कथा बालविनोदको एक मुख्य माध्यम रहिआएको बताएका छन् । उनले गाउँखाने कथा लोकसाहित्यको बौद्धिक व्यायाम वा कसरत हुने एक सशक्त विधा भएको र यसले बुद्धिविनोद वा मनोविनोदको काम गर्छ भन्दै गाउँखाने कथाको शैली, तरिका र गाउँखाने कथाका केही नमुनाहरू प्रस्तुत गरेका छन् । यसमा स्कुलका पाठ्यक्रम, पाठ्यपुस्तकहरू निर्माण गर्दा गाउँखाने कथाले तिनमा स्थान पाउनुपर्छ र कोठाभित्रै बसेर पनि बौद्धिक कसरतका रूपमा यसलाई उपयोगमा ल्याएर बालबालिकाको मानसिक विकासमा थप सघाउ पुऱ्याउनु सामयिक र आवश्यक देखिन्छ भन्ने विचार पनि व्यक्त गरिएको छ ।

ँसद्विचार माथि केही विचार' २०६० सालमा **जनसङ्घर्ष** पत्रिकामा प्रकाशित कृतिपरक समीक्षा हो । यसमा सिग्देलले समकालीन सामाजिक, राजनैतिक विकृति र विस·तिको भण्डाफोर गरेको र जागिरे जीवनका कटु अनुभवलाई कवितामा स्थान दिएको कुरा उल्लेख गरिएको छ । यहाँ सामाजिक-राजनीतिक अप्रचलनप्रति आक्रोश र व्यङ्ग्य गर्नु, प्रकृति चित्रण गर्नु, आदर्शवादी दृष्टिकोण राख्नु, व्यक्ति व्यक्तित्वको प्रशंसा गर्नु, जागिर जागिरे जीवनको चित्रण गर्नु, शृङ्गारिकता, छन्दोबद्धता आदि कवि विन्दुराज सिग्देलका मुख्य प्रवृति रहेको धारणा लामिछानेले व्यक्त गरेका छन् ।

ँनेपाली गाउँखाने कथामा औद्योगिक उत्पादनको प्रविष्टि' शीर्षकको अनुसन्धानमूलक लोकसाहित्यिक लेख २०६० सालमा **भावना** पत्रिकमा प्रकाशित भएको हो । यसमा गाउँखाने कथा लोकसमाजको बौद्धिक क्रियाकलाप र अभिव्यक्तिको सशक्त साधन हो भन्दै लामिछानेले नेपाली गाउँखाने कथामा पनि व्यापक रूपमा औद्योगिक उत्पादनजन्य वस्तु र

विषयले ठाउँ पाउँदै भएको र नेपाली गाउँखाने कथामा औद्योगिक उत्पादनजन्य वस्तु विषय र सेवाले प्रवेश पाइसकेको र अझै नयाँनयाँ वस्तुले प्रवेश पाउन थालेको जनाएका छन् । उनले गाउँखाने कथामा औद्योगिक वस्तुको मात्र नभई विज्ञान र गणितका गाउँखाने कथा पनि बन्नुपर्ने र नेपाली गाउँखाने कथाको भण्डारलाई अझ सम्पन्न र सुदृढ बनाउनु पर्ने धारणा राख्दै नेपाली गाउँखाने कथा आधुनिक औधोगिक उत्पादन जन्यवस्तु, सेवा र विषयले पर्याप्त प्रविष्टि पाइसकेको र पाइरहेकोलाई सकारात्मक रूपमा लिनुपर्ने भन्ने निष्कर्ष दिएका छन् ।

'स्वागत नेपालका स्वागत योग्य स्वरहरू' २०६० सालमा **जनसङ्घर्ष** पत्रिकामा प्रकाशित प्रभावपरक समालोचना हो । यसमा लामिछानेले समकालीन नेपाली काव्य-कविताको भित्तो उभ्याउने सिकर्मी-डकर्मीमध्ये उत्साही युवक स्वागत नेपालको पनि योगदान रहेको बताएका छन् । यहाँ लामिछानेले सत्यलाई कलाका माध्यमबाट उजिल्याउनु पर्ने धारणा व्यक्त गरेका छन् । लामिछानेले नेपालका कविताले समकालीन यथार्थको संवाहकको काम गरेका छन्, तथ्यलाई बङ्ग्याउने र सत्यलाई ढाकछोप गर्ने काम नगरी सत्यतथ्यलाई कलात्मक उच्चताका साथ छर्लङ्ग्याउने काम गरेको छ भन्दै उनका कविताले पाठकको तनमनलाई छुने बताएका छन् । यसमा कवि नेपाल आफ्नो कलासंस्कृति, स्वाभिमान र राष्ट्रियता समेत विश्व बजारको विक्रयवस्तु बनेकोमा दुखित भएको उल्लेख गर्दै नेपालले आफ्ना कविताका माध्यमबाट जीवनवादी र राष्ट्रवादी सन्देश प्रसारण गरेको बताएका छन् ।

'रुद्र ज्ञवालीको कथाकारिता' २०६० सालमा **क्षितिज**मा प्रकाशित विधापरक समालोचना हो । प्रस्तुत समालोचनामा लामिछानेले नेपाली कथा साहित्यको समकालीन युवाहस्ताक्षर रुद्र ज्ञवालीको **निर्वासन** कथासङ्ग्रहभित्रका कथाहरूको अध्ययन गर्दै तिनभित्र निहित यथार्थलाई खोतलखातल गरेका छन् । उनले ज्ञवालीको **निर्वासन** कथासङ्ग्रहभित्र रहेका 'बिडम्बना', 'निर्वासन', 'सम्बन्ध', 'हिमदूत', 'घुरहु चौधरी बहुलायो', 'लालपुर्जा', 'दृष्टिकोण', 'पुनरावेदन', 'शहरभित्र', 'अनुत्तरित प्रश्न', 'दिक्भ्रम' र 'अन्तिम भेट' जस्ता बाह्रवटा कथाहरूको अध्ययन गरेका छन् । मूलतः सामाजिक यथार्थवादलाई आधार बनाई कथा लेखेका ज्ञवालीले सामाजिक विषयवस्तुका अतिरिक्त राजनीति, प्रणय सम्बन्ध, मानवीय समस्या आदिलाई कथाको विषयवस्तु बनाएको कुरा उल्लेख छ । यहाँ लामिछानेले कथामा वैचारिक सघनता तथा मानवतावादी सोच र चिन्तन मुखरित हुनु, नवीन बिम्बको प्रयोग, नयाँ कथा शिल्पको तलास, काव्यात्मक गद्य भाषाको प्रयोग हुनु ज्ञवालीको कथाकारिताको वैशिष्ट्य भएको धारणा व्यक्त गरेका छन् ।

'आमाछोरीको काम र वक्तृता' २०६० सालमा **जनसङ्घर्ष** पत्रिकामा प्रकाशित कृतिपरक समीक्षा हो । यसमा नेपाली बौद्धिक प्राज्ञिक क्षेत्रमा आफ्ना नर्मदेश्वरी सत्याल र

निजका छोरीहरू जयन्ती, जया र विजयाहरूको उपस्थिति प्रशंसनीय रहेको बताउँदै लामिछानेले आमाछोरीहरूको संयुक्त हस्ताक्षरबाट तयार पारिएको **वक्तृता आजको आवश्यकता** शीर्षकको पुस्तकको समीक्षा गरेका छन् । समूहकार्य र विषय छनौटका दृष्टिले महत्त्वपूर्ण ठहरिएको प्रस्तुत कृतिभित्र १९ वटा वक्तृताहरू र एउटा वक्तृता सम्बन्धी सैद्धान्तिक लेख रहेको जनाउँदै प्रस्तुत वक्तृताले एकातिर वक्तृतात्मक अभिव्यक्तिको नमुना पेस गरेको र अर्कातिर विषयगत ज्ञान प्रस्तुत गरेको धारणा व्यक्त गरेका छन् । उनले आमाछोरीहरू बौद्धिक जगत्को आवश्यकता पहिचान गर्न, विषय छनौट गर्न र आफ्ना पाठक वा भावको स्तर पहिचान गर्न, विषय छनौट गर्न र त्यस अनुरुपको लेखन गर्न समर्थ भएको बताउँदै प्रस्तुत **वक्तृता आजको आवश्यकता** पुस्तक नारी लेखन सहकार्य तथा वक्तृतासम्बन्धी विषय समेतका दृष्टिले नेपाली वाङ्मयका इतिहासमा उपलब्धिपूर्ण ठहरिने निष्कर्ष दिएका छन् ।

'बालबगैंचामाथि बिहङ्गम दृष्टि' २०६० सालमा **जनमत** पत्रिकामा प्रकाशित कृतिपरक समालोचना हो । प्रस्तुत समालोचनामा कवि लक्ष्मीनाथ अधिकारीको बालकवितासङ्ग्रह **बालबगैंचा**को चर्चा गरिएको छ । लामिछानेले लामो समयदेखि शिक्षण पेसामा आबद्ध अधिकारीले बालअभिरुचि र बालमनोविज्ञान नजिकबाट अनुभव गरेका आधारमा बालकविताको रचना गरेको धारणा अघि सार्दै बालअभिरुचि र बालमनोविज्ञानका दृष्टिले 'बालबगैंचा', 'कति राम्रो चित्र', 'कति मीठो गीत', 'आमासित दसैंमा', 'भ्याङ् हेर भ्याङ्', 'मोटर आयो', 'हेर गुन बैगुन' आदि शीर्षकका बालकविताहरू उल्लेख्य रहेको विचार व्यक्त गरेका गरेका छन् । त्यसै गरी अन्य कविताहरू स्वास्थ्य, शिक्षा, वातावरण, बालअधिकार शिष्टाचार आदि विषयवस्तु सम्बद्ध नैतिक शिक्षामा आधारित औपदेशिक एवम् मनोरञ्जनात्मक रहेको धारणा व्यक्त गरेका छन् ।

'चुमरेको नयाँ कृति : चिन्तन र समालोचना' २०६० सालमा **जनमत** पत्रिकामा प्रकाशित कृतिपरक समालोचना हो । प्रस्तुत समालोचनामा लामिछानेले रेग्मीलाई कथा, निबन्ध, काव्यकविताका स्रष्टा, व्यङ्ग्यकार, भाषासेवी तथा कुशल समालोचना शिल्पीका रूपमा उभ्याउँदै उनको नयाँ कृति **चिन्तन र समालोचना**को विवेचना गरेका छन् । तीन खण्डमा रहेको प्रस्तुत कृतिको पहिलो खण्डमा भाषिक चिन्तन तथा दोस्रो र तेस्रो खण्डमा साहित्यिक चिन्तन र समालोचनाहरू रहेको चर्चा गर्दै प्रस्तुत पुस्तकले नेपाली भाषा र साहित्य समालोचनाका फाँटमा रेग्मीको योगदान र व्यक्तित्वलाई झल्काएको कुरा व्यक्त गरेका छन् ।

'ठूले राई खण्डकाव्य : समकालीन यथार्थको सशक्त अविव्यक्ति' २०६० सालको **जनसङ्घर्ष** पत्रिकामा र २०६४ सालको **जनमत** पत्रिकामा पनि प्रकाशित कृतिपरक समालोचना हो । प्रस्तुत समालोचनाको खण्डकाव्यको सङ्क्षिप्त परिचय दिँदै **ठूले राई**

खण्डकाव्यको विवेचना गरिएको छ । डिल्लीराज अर्यालद्वारा लिखित **ठूले राई** छ वटा परिच्छेदमा विस्तारित लघुआकारको प्रबन्धात्मक काव्यकृति भएको बताउँदै प्रस्तुत खण्डकाव्यको पहिलो परिच्छेदमा भूमिका र सन्दर्भ, दोस्रो परिच्छेदमा देशको समसामायिक दुरावस्थाको वर्णन त्यसपछि अरू तीनवटा परिच्छेदमा ठूले राई माओवादीको शङ्काको घेरामा परेको तथ्योद्घाटन भएको कुरा चित्रण गरिएको छ । यसमा लामिछानेले कवि मुलुकको समकालीन यथार्थलाई टपक्क टिपेर प्रायः अस॰ठित विचार प्रवाहमा बगेको बताउँदै समकालीन यथार्थको चित्रण गर्नु नै प्रस्तुत खण्डकाव्यको प्रशंनीय पक्ष भएको कुरा उल्लेख गरेका छन् । उनले प्रस्तुत खण्डकाव्यको प्रमुख तत्त्व भाव वा वस्तु अत्यन्त सबल र उच्च कोटिको भएको धारणा राख्दै खण्डकाव्यको भाव वा विचार पक्ष उच्च भए जति कलापक्ष उच्च नभएको वस्तुलाई प्रस्तुत गर्ने कला पक्ष टुहुरिएको ठहर गरेका छन् ।

'मुक्तक र नेपाली मुक्तक' २०६१ सालमा **शब्ददूत** पत्रिकामा प्रकाशित विधापरक समीक्षा हो । प्रस्तुत समालोचनामा मुक्तकको सैद्धान्तिक परिचय दिँदै नेपाली मुक्तकको परम्पराको अध्ययन गरिएको छ । यसमा लामिछानेले कविताको लघुतम रूपलाई मुक्तक भन्दै वस्तु वा भाव, लय, भाषा र शैली, कल्पना आदि कविताका तत्त्व वा उपकरण नै मुक्तकका पनि तत्त्व वा उपकरण नै मुक्तकका पनि तत्त्व भएको जनाएका छन् । उनले संस्कृत, हिन्दी, उर्दू साहित्यका विद्वान्हरूले दिएको मुक्तकको परिभाषाको उल्लेख गर्दै मुक्तकका मुख्यमुख्य विशेषता र अभिलक्षणलाई बुँदागत रूपमा देखाएका छन् । नेपाली मुक्तकको विशिष्ट पहिचान भनेको पहिलो, दोस्रो र चौथो हरफमा समान अन्त्यानुप्रास हुनु र तेस्रो हरफ त्यसबाट मुक्त रहनु हो भन्दै नेपाली मुक्तकको नमुना प्रस्तुत गरेका छन् । १८३९ तिर शक्तिबल्लभ अर्यालद्वारा रचित दुईवटा मुक्तक नै नेपालीमा प्राप्त प्रथम मुक्तक हुन् भन्दै नेपालीमा मुक्तकको सिर्जना र समालोचना कम भएको ठहर गरेका छन् ।

'ज॰लका रमाइला कथाहरू' नामक समीक्षा २०६१ सालमा **जनसङ्घर्ष** पत्रिकामा प्रकाशित कपिल लामिछानेको कृतिपरक समालोचना हो । **ज॰लका रमाइला कथाहरू** साहित्यकार प्रदीप प्रधानको बालकथासङ्ग्रह हो । लामिछानेले प्रस्तुत समालोचनामा ज॰लका जनावरका रमाइला कथाहरूको सङ्क्षिप्त चर्चा गरी पर्यावरणीय सन्तुलन कायम गर्दै प्रकृति र प्राकृतिक जीवजन्तुसित सहअस्तित्वका लागि पनि आमन्त्रण गरेको कुरा उल्लेख गरेका छन् । लघु आकार, सन्देशमूलकता र॰ीन चित्रको संयोजन आदि विशेषता बोकेको प्रस्तुत कृतिका हरेक कथाहरू बालोपयोगी रहेको धारणा लामिछानेको छ ।

'नेपाली लोकरामायण : एक अध्ययन' २०६१/२०६२ सालमा **कुञ्जिनी** पत्रिकामा प्रकाशित लोकसाहित्यपरक समालोचना हो । यसमा पौराणिक लोकगाथा नेपाली लोकरामायणलाई प्रकार, स्रोत र प्रचलित क्षेत्र, कथावस्तु र आख्यान, लयविधान, कथनपद्धति र भाषाशैली पात्र र चरित्र, परिवेश आदिका कोणबाट अध्ययन गरिएको छ । समालोचक

लामिछानेले नेपाली लोकरामायण लोक आफूले रचेर प्रयोग प्रचलनमा ल्याएको लोकगाथा भएको कारणले गर्दा अन्य रामायणसित यसका कतिपय प्रस• र घटनाले मेल नखाए पनि मूल पात्रहरू राम, सीता, लक्ष्मण, मन्दोदरी, रावण, जनक उनै रहेको र नाता सम्बन्ध पनि उही रहेको बताएका छन् । उनले आख्यानको स्रोत पुराण भएकाले प्रस्तुत लोक रामायण पौराणिक लोकगाथाको फाँटमा लोकरामायण पौराणिक लोकगाथाको फाँटमा देखापरेको धारणा व्यक्त गरेका छन् ।

'ज्ञानवर्धक बालउपन्यास : डा.चिम्पु चिम्पान्जी' २०६१ सालमा **जनसङ्घर्ष** पत्रिकामा प्रकाशित कृतिपरक समालोचना हो । प्रस्तुत समालोचनामा सुधा शर्मा रिसालको बालउपन्यास डा. चिम्पु चिम्पान्जीमा ससाना भाइबहिनीहरूलाई आँखाको साधारण रोग सम्बन्धी ज्ञानवर्धक कुराहरू लेखिएको बताइएको छ । मानव र जनावरको मिश्रण समझदारी देखाइएको प्रस्तुत उपन्यासमा आँखामा लाग्ने रोग भाइरल इन्फेक्सन, रतन्धो, ट्रखोमा आदिलाई मुख्य विषय बनाई आख्यानीकरण गरिएको छ साथै आँखाको लेन्स बदल्ने, आँखा कमजोर भए चस्मा लगाउने, आँखा दान गर्ने, आँखा बैङ्क राख्ने तथा आँखाको सरसफाई र हेरविचार सम्बन्धी महत्त्वपूर्ण तथ्यलाई आख्यानको गुलियो चास्नीमा डुबाएर पस्कन शर्मा सफल भएको कुरा व्यक्त गरिएको छ । लामिछानेले उमेरसमूहमा हिसाबले १२/१५ वर्षका बालबालिकालाई र विषयवस्तुका दृष्टिले वयस्कलाई यसले दिएको सन्देश उपयुक्त र ग्राह्य रहेको उल्लेख गरेका छन् ।

'कथा कसरी लेखने ?' २०६१ सालमा **जितगढी** पत्रिकामा प्रकाशित प्रशिक्षणमूलक समीक्षा हो । प्रस्तुत समालोचनामा सामान्य लेखन तथा सिर्जनात्मक लेखन, कथा र आख्यानात्मक अन्य विधा, कथाका प्रमुख संरचक घटकहरू, कथा-लेखन र निष्कर्ष जस्ता शीर्षकहरूको चर्चा गरिएको छ । समालोचनक लामिछानेले विशिष्ट लेखन सिर्जनात्मक लेखन हो र कथा पनि विशिष्ट लेखन नै हो । कथा छोटोछरितो आयाम भएको आख्यान हो र यसको शाब्दिक अर्थ कथन गर्ने वा केही भन्ने हुन्छ भन्दै कथाका प्रमुख संरचक घटकहरू कथासूत्र, कथानक, पात्र/चरित्र, द्वन्द्व, दृष्टिविन्दु, परिवेश, भाषाशैली शिल्पसंरचना र संवादहरूको सङ्क्षिप्त परिचय दिएका छन् । समालोचक लामिछानेले यहाँ कथा लेख्नु चुनौतीपूर्ण कार्य भएको बताउँदै कथा लेखनको प्रथम चरण : पूर्व तयारी तथा खेस्रा लेखा, द्वितीय चरण : परिष्कार परिमार्जन, र तृतीय चरण : प्रकाशनका लागि पठाउने गरी कथा लेखनका तीनवटा चरणहरू उल्लेख गरेका छन् ।

'जुन चुहेको रात' २०६१ सालमा **रचना** पत्रिकामा प्रकाशित कृतिसमीक्षा हो । प्रस्तुत समालोचनामा लामिछानेले घनश्याम न्यौपाने परिश्रमीलाई गजलको सिर्जना र समालोचनाको क्षेत्रमा लागिपरेका एक काबिल गजलकारका रूपमा स्थापित भएको चर्चा गर्दै परिश्रमीको **जुन चुहेको रात** शीर्षकको प्रस्तुत गजलसङ्ग्रहले उनको लगनशीलताको अर्को चौतारी चिन्ने काम गरेको छ भने विचार व्यक्त गरेका छन् । यसमा परिश्रमीका

गजलमा प्रजातन्त्रले महत्त्वपूर्ण स्थान पाएको, समसामयिक यथार्थ उजागर भएको कुरा उल्लेख छ । यसमा लामिछानेले परिश्रमीका गजलमा रोग, भोक, शोकले आक्रान्त, मानवता, नैतिकता सहभाव हीनता, भ्रष्टाचार, स्वार्थ र खुट्टा तानातानमा व्यस्त, प्रदूषण, मिसावट र कुकृतिबाट जर्जर बनेको तथाकथित सभ्यताको मुकुण्डो भिरेको सहरिया जीवन, व्यक्ति र व्यक्तित्वलाई परिश्रमीले धज्जी उडाएको बताएका छन् ।

‘सागरका कथाहरूको सार’ २०६१ सालको **कान्तिपुर कोसेली** पत्रिकामा र २०६३ सालको **जनमत** पत्रिकामा प्रकाशित भएको छ । यसमा लामिछानेले लघुकथाको परिचय एवम् विशेषता औंल्याउँदै कथाकार विजय सागरका अठारवटा लघुकथाहरूको सँगालो **सागरका कथाहरू**भित्रका प्रत्येक कथाहरूको सार प्रस्तुत गरेका छन् । यसमा सागरका लघुकथाहरूमा २०३२ देखि २०५९ सम्मको नेपाली समाजको कटु यथार्थका सशक्त अभिव्यक्ति भएको उल्लेख गर्दै च्यूतादर्श, शैक्षिक विकृति, श्रमशोषण, अन्याय, अत्याचार, भ्रष्टाचार यौन दुराचार, खोक्रो आडम्बर, प्रतीकात्मकता सन्देश मूलकता आदि सागरका लघुकथामा पाइने मुख्य-मुख्य विषय र विशेषता भएको जनाएका छन् । उनले सैद्धान्तिक स्वरूपका दृष्टिले सबै लघुकथाहरू खरो उत्रन नसके पनि अधिकांश लघुकथाहरू अत्यन्त चोटिला र मर्मस्पर्शी तथा उत्कृष्ट रहेको धारणा अघि सारेका छन् ।

‘नेपाली गाउँखाने कथामा कवितात्मकता’ २०६२ सालमा **गौमुखी सौरभ** साहित्यिक पत्रिकामा प्रकाशित लोकसाहित्यपरक समीक्षा हो । यसमा गाउँखाने कथाको परिचय विभिन्न विद्वान्हरूले दिएको परिभाषा, गाउँखाने कथा र लोकसाहित्यका अन्य विधाहरू बीचको सम्बन्धको बारेमा चर्चा गरिनुका साथै गाउँखाने कथाको प्रयोजनहरूको बारे सङ्क्षिप्त चर्चा गरिएको छ । लामिछानेले नेपाली गाउँखाने कथामा कवितात्मकता पाइन्छ भन्दै लय, अनुप्रास, प्रतीक बिम्ब जस्ता तत्त्वरूको उदाहरणसहित सङ्क्षिप्त चर्चा गरेका छन् ।

‘रमाइलो बालपुस्तक : माहुरीको पुस्तकालय २०६२ सालमा जनमत पत्रिकामा प्रकाशित कृतिपरक समालोचना हो । बालबालिकालाई ध्यानमा राखेर उनीहरूले बुझ्ने भाषाशैलीमा लेखिएको प्रस्तुत पुस्तक नौवटा अलग शीर्षकका नौवटा परिच्छेदमा संरचित छ भन्दै लामिछानेले उपन्यासको केन्द्रीय विषयवस्तु पुस्तकालय रहेको र हरेक परिच्छेदबाट पुस्तकालय सम्बन्धी ज्ञान र शिक्षा दिन खोजिएको कुरा बताएका छन् । उनले प्रस्तुत उपन्यासमा पुस्तकालको महत्त्व, उपयोगिता, त्यसका नियम उपन्यासमा प्रस्तुत गर्न उपन्यासकार सफल भएको बताउँदै नेपाली बाल आख्यानमा इतिहासमा प्रस्तुत उपन्यास एक उपलब्धिका रूपमा रहेको कुरालाई बिर्सन नसकिने कुरा व्यक्त गरेका छन् । यसमा सुरुदेखि अन्तसम्म मुख्य पात्र साने र कमिलाको उपस्थिति रहेको यस उपन्यासमा सानेका अतिरिक्त सानेकी आमा, माहुरी वा माहुरीको छोरो काले, सानेको छोरो युसु, सानेकी पत्नी मायालु, माहुरी र कमिलाका केटाकेटीहरू आदि थुप्रै पात्रहरू रहेको कुरा उल्लेख छ ।

'चम्किला चौध कोपिला र कोपिला फुलाउने आचार्य' **शब्द, स्पर्श र अनुभूति** ( २०६२) ग्रन्थमा प्रकाशित समीक्षा हो । विजयराज आचार्यको **चम्किला चौध कोपिला** चौध बालबालिकाका विचार र अन्तर्वार्ता सँगालिएको बालअन्तवार्ता पुस्तक हो । यसमा लामिछानेले यो बालअन्तर्वार्ताको सम्भवतः नेपालीमा प्रथम बालअन्तर्वार्ता सङ्ग्रह हो भन्दै अन्तर्वार्ताकारको दृष्टिकोण र अभिरुचि, अपाङ्ग, हेपिएका, पिछडिएका बालबालिका तथा दुर्गम क्षेत्रका प्रतिभाशाली बालबालिकाका भावना, विचार, र उद्देश्यलाई प्रकाशनमा ल्याएर तिनलाई उत्साहित गर्ने कार्य भएको विचार व्यक्त गरेका छन् । लामिछानेले प्रस्तुत सङ्ग्रहमा हिमाल, पहाड र तराइसम्मका चौध बालबालिकाहरूको विचार, इच्छा आकाङ्क्षा प्रकट छ भन्दै प्रस्तुत पुस्तक नेपाली बालसाहित्यका क्षेत्र एक महत्त्वपूर्ण प्राप्ति भएको ठहर गरेका छन् । उनले प्रस्तुत पुस्तक भविष्यमा एउटा कोसेढुंगा सिद्ध हुने ठहर गरेका छन् ।

'पठनीय बालउपन्यास परिवर्तन' **शब्द, स्पर्श र अनुभूति** (२०६२) ग्रन्थमा प्रकाशित समीक्षा हो । यसमा समालोचक लामिछानेले विजयराज आचार्यको बालउपन्यास **परिवर्तन**मा बालअधिकार, बालविकास तथा बताएका आदिको प्रदर्शन, बालबालिकाहरूले दिनहुँ भोगेका दुःख, पीडा अन्याय, असमान व्यवहार, घरेलु हिंसा, दुराचार शोषण र हरेक नेपालीले देखेजानेका विषयवस्तु र कथ्यलाई आख्यानीकरण गरिएको छ । **परिवर्तन**ले वर्गीय सचेतता तथा वर्ग, स्वार्थ र वर्गगत सङ्घर्षलाई बडो सहज तवरले संवहन गरेको कुरा यस समालोचनामा उल्लेख छ । लामिछानेले उपन्यासको विषयवस्तु वा कथ्य बालसम्बद्ध हुनु तथा शिल्पशैली सरल र वर्णनात्मक हुनुले **परिवर्तन** उपन्यास पूर्णतया सफल रहेको ठहर गरेका छन् ।

'नेपाली लोकसाहित्यको अध्ययन परम्परा' २०६२ सालमा **प्रज्ञा** (पूर्णाङ्क १०१) पत्रिकामा प्रकाशित शोधमूलक लोकसाहित्यपरक समालोचना हो । प्रस्तुत समालोचनामा समालोचक नेपाली लोकसाहित्यिक अध्ययन, शोधखोज र सङ्कलनको सङ्क्षिप्त आकलन गर्दै नेपाली लोकसाहित्यको संरक्षण र सम्बर्द्धनमा देखापरेका समस्यालाई प्रस्तुत गरिएको छ । अनुसन्धानमूलक प्रस्तुत समालोचनामा चरणविभाजन, चरणबद्ध अध्ययन, सङ्कलन र सम्पादन कार्य, अध्ययन ग्रन्थ, प्राज्ञिक कार्य, औपचारिक अनुसन्धान भौगोलिक क्षेत्र संवर्धन कार्य, संस्थागत प्रयास जस्ता उपशीर्षकमा अध्ययन गरिएको छ ।

'सिद्धार्थ साहित्य परिषद्को इतिवृत्त' नामक लेख २०६३ साल **पदचिन्ह** पत्रिकाको पहिलो अङ्कमा प्रकाशित ऐतिहासिक समीक्षा हो । यसमा लामिछानेले सिद्धार्थ साहित्य परिषद्ले हालसम्म गर्दै आएका कार्यहरू र बेहोर्दै आएका बाधा-व्यवधानहरूका साथै यो संस्था हुर्काउन बढाउनमा योगदान गर्नुहुने व्यक्तित्वहरूका बारेमा चर्चा गरेका छन् भने यस संस्थाको प्रथम कार्यसमिति र त्यसको कामको विवरणलाई पाठक सामु पस्केका छन् । संस्थाको कार्यसमिति, कार्यसमिति पदाधिकारी र कार्यसमितिले गरेका प्रमुख कार्यहरूलाई

विवरणात्मक तरिकाले उल्लेख गर्दै सिद्धार्थ साहित्य परिषद्को इतिवृत्त प्रस्तुत गरी परिषद्को ऐतिहासिकता र महत्त्वलाई उजागर गरेका छन् । नेपालमा सर्वप्रथम साहित्यिक संस्था गठन गर्ने कार्य मोतीराम भट्टले गरेको सन्दर्भलाई जोड्दै रूपन्देहीको हकमा भने २०१६ सालमा नेपाली साहित्य विकास गर्ने उद्देश्यले चूडामणि बन्धुको सक्रियतामा 'नेपाली साहित्य घर' नामक साहित्यिक संस्था गठन भई केही काम गरेको तर पछि संस्था सबल नहुँदै चूडामणि बन्धु काठमाडौँतर्फ लागेकोले यो संस्था दिगो हुन नसकेको र त्यसपछिका विभिन्न समय र सन्दर्भमा अञ्चल स्तरीय र जिल्ला स्तरीय साहित्यिक सङ्घसंस्थाको गठन भए पनि भैरहवाको सेरोफेरोमा साहित्यिक संस्थाको अभाव खट्किरहेको बखतमा वि.सं. २०३८ असार १ गते भैरहवा नगरका प्रबुद्ध बुद्धिजीवीहरूको भेलाले सिद्धार्थ साहित्य परिषद् नामक संस्थाको गठन गरेको कुरा लामिछानेले दर्साएका छन् । सिद्धार्थ साहित्य परिषद्को जन्म भएपश्चात् संस्थालाई मलजल गर्ने, हुर्काउने, बढाउनेहरूमा धनपति उपाध्याय, पुण्डरी अर्याल, नारायण सापकोटा, बाबुराम अर्याल, कुलानन्द ज्ञवाली आदिलाई बिर्सन नसकिने उल्लेख गर्दै लामिछानेले उनीहरूले गरेको योगदानको चर्चा गरेका छन् । परिषद्को बैठकमा भएको उपस्थिति एवम् अन्य सम्बद्ध क्रियाकलापमा भएमा सहभागितालाई हेर्दा कपिल लामिछाने, बुँद राना, रामप्रसाद प्रदीप, रामचन्द्र भट्टराई, मोदनाथ शास्त्री, पुण्डरी अर्याल, बालकृष्ण भट्टराई, रुद्र शर्मा दुःखी आदिको विशेष सक्रियता लगाव देखिएको कुरा उल्लेख गरेका छन् ।

'विधा सिद्धान्तको परिप्रेक्ष्यमा लोकसाहित्यमा विधाहरूको परिचय' २०६३ सालमा **क्षितिज** पत्रिकामा प्रकाशित लोकसाहित्यिक समीक्षा हो । प्रस्तुत समालोचनामा लामिछानेले लोकसाहित्य मानवीय सांस्कृतिक सम्पदा हो भने नेपाली लोकसाहित्य नेपाली मात्रको सांस्कृतिक सम्पदा भएको बताउँदै नेपाली जातिको उदयसँगै नेपाली लोकसाहित्यको पनि उदय भएको जनाएका छन् । उनले लोकसमुदायले गरेको विशिष्ट भाषिक अभिव्यक्तिको विशिष्ट रूपलाई विधा भनिन्छ भन्दै विभिन्न विद्वान्हरूले गरेको लोकसाहित्यको विधागत वर्गीकरण प्रस्तुत गरी नेपाली लोकसाहित्यमा लोकगीत, लोककविता, लोकगाथा ( लोककाव्य), लोकनाटक, लोककथा, गाउँखाने कथा उखान र टुक्का गरी प्रमुख आठवटा विधाहरूका उदाहरण सहित परिचय दिएर व्याख्या विश्लेषण गरेका छन् ।

'लोकसाहित्यिक अध्ययनका प्रमुख प्रक्रिया र पद्धतिहरू' २०६३ सालमा **सञ्जीवनी** पत्रिकामा प्रकाशित लोकसाहित्यपरक समालोचना हो । खोज अनुसन्धानमूलक रहेको प्रस्तुत समालोचनामा लोकसाहित्यिक अध्ययनका प्रमुख प्रक्रिया मुख्यतः स्वतन्त्र रूपमा, योजना, परियोजना रूपमा र औपचारिक शोधकार्यका रूपमा गरी तीन प्रकारमा विभाजन गरी अध्ययन गरिएको छ । यस समालोचनामा लोकसाहित्यिक अध्ययनका पुराकथामूलक सिद्धान्त, मानवशास्त्रीय पद्धति, संरचनात्मक पद्धति, मनोविश्लेषणात्मक पद्धति, सन्दर्भवादी पद्धति जस्ता प्रमुख पद्धतिहरूको परिचय दिइएको छ ।

‘नेपाली लघुकथा र समकालीन सन्दर्भ’ २०६४ सालमा **मिर्मिरे** पत्रिकामा प्रकाशित विधापरक समालोचना हो । यसमा लामिछानेले लघुकथा साहित्यको नयाँ र लघुआयाम भएको छोटोछरितो आख्यानात्मक गद्यविधा हो भन्दै यसको आयाम स्वरूप संरचना, प्रभाव र गति कथाको भन्दा भिन्न हुने हनाले लघुकथा कथा नभई लघुकथा नै भएको आफैँमा पूर्ण र स्वतन्त्र विधा भएको जनाएका छन् । त्यसैगरी उनले नेपाली लघुकथाको ऐतिहासिक सन्दर्भ चर्चा गर्ने क्रममा लघुकथाको पृष्ठभूमि खोतल्दै विभिन्न समयमा प्रकाशित लघुकथा एवम् लघुकथाकारहरूको योगदानका बारेमा चर्चा गरेका छन् । समकालीन नेपाली लघुकथाले मुख्यतया यथार्थ धरतालमा उभिएर कर्मचारी वर्गमा रहेको कमिसन र घुसतन्त्र तथा व्यापारी वर्गमा रहेको अनुचित मुनाफाखोरी र तस्करी, राजनैतिक भ्रष्टता, दल बदल प्रवृत्ति, द्वन्द्व र तत्जन्य परिणति, सामन्ती हैकम, समाजमा विद्यमान अन्याय अत्याचार वर्गभेद शोषण-दमन आर्थिक असमानतालाई छर्ल· पारेको कुरा उल्लेख छ ।

‘कवयित्री सन्तु श्रेष्ठका केही काव्य बान्कीहरू’ **कुहिरोभित्र श्वेत बान्की: कृति एक दृष्टि अनेक** (२०६४) ग्रन्थमा प्रकाशित विधापरक समालोचना हो । यसमा धवलागिरिको बाग्लुङ बजारमा जन्मेकी कवयित्री सन्तु श्रेष्ठका कवितामा जीवनवादी दृष्टिकोण, समकालीन विचार, आन्तरिक वेदना, जीवनदेखि निराश हताश दृष्टिकोण, भविष्यप्रति आशा र आस्थावान् अभिव्यक्ति, जीवनका जटिलता, नातावाद, कृपावाद, साम्प्रदायिक सङ्कीर्णताको निन्दा गरिएको बताइएको छ । यसमा कवयित्री सन्तुका कविताको अन्तर्वस्तु देश भएकोले देशका लागि केही गर्न नसकेको गुनासो व्यक्त छ, मानवतावादी चिन्तन, देशप्रतिको श्रद्धा सहिदको सम्मान, आशा, निराशा, प्रणयभाव, असन्तुष्टि, पीडा, कुण्ठा, छटपटी, चिन्ता र चिन्तन आदिलाई श्रेष्ठले आफ्नो कविताको विषय बनाएको कुरा उल्लेख गरिएको छ ।

‘नेपाली लोकगाथाको प्रकारगत वर्गीकरण’ २०६४ सालमा **जनघोष** पत्रिकामा प्रकाशित लोकसाहित्यपरक समालोचना हो । यसमा लामिछानेले लोकगाथाको परिचय दिँदै लोकगाथाको वर्गीकरण गरेका छन् । यसमा मझौला आकार भएको आख्यानयुक्त गीत नै लोकगाथा हो, यसलाई कथागीत, गीतकथा, ग्राम गीत, वीरकाव्य, वीरगाथा, लोकप्रिय गीत, लोककाव्य, आख्यान गीत, कथानक गीत जस्ता शब्द भनिए तापनि लोकगाथा नै बढी प्रयोग भइआएको कुरा उललेख छ । उनले लोकगाथा प्राचीन कालदेखि अर्थात् वैदिक कालदेखि नै परम्परामा प्रचलित हुँदै आएको जनाउँदै विभिन्न विद्वान्हरूले गरेको लोकगाथाको वर्गीकरण प्रस्तुत गर्दै नेपाली लोकगाथाका प्रमुख प्रकारहरू चैत, धमारी, चाँचरी गाथा, कर्खा, सवाइ, भारत अर्थात हुड्केली जस्ता लोकगाथाको सङ्क्षिप्त परिचय दिंदै समयको गति र सभ्यताको विकाससँगै नेपाली लोकगाथाका यी प्रकारको प्रयोग र प्रचलनमा कमी आएको हुँदा यसको सङ्कलन, संरक्षण र विकास हुनु आवश्यक रहेको कुरा उल्लेख गरेका छन् ।

‘नेपाली टुक्काको विश्लेषणात्मक अध्ययन’ २०६४ सालमा **ज्ञानज्योति स्मारिका**मा प्रकाशित लोकसाहित्यपरक समालोचना हो । लामिछानेले भाषिक अभिव्यक्तिको विशिष्ट रूप टुक्का लोकसाहित्यको पनि एक महŒवपूर्ण विधा हो भन्दै खासखास पदहरू मिलेर बनेको लक्ष्यार्थबोधक पदसमूह वा पदावली नै टुक्का हो भनी टुक्काको परिचय दिएका छन् । प्रस्तुत समालोचनामा टुक्काको परिचय, परिभाषा र स्वरूप, टुक्का विधा कि उपविधा, टुक्काको कित्ता, टुक्काका संरचक तत्त्व, टुक्काको बाह्य संरचना, उखान पनि टुक्का पनि नेपाली टुक्काका विशेषताहरू, नेपाली टुक्काको वर्गीकरण जस्ता शीर्षकहरूको परिचर्चा गरिएको छ ।

‘नाटक र लोकनाटक’ २०६४ सालमा **सोपान** पत्रिकामा प्रकाशित लोकसाहित्यिमा केन्द्रित समालोचना हो । यसमा नाटक र लेकनाटकको परिचय, नाटक र लोकनाटक सम्बन्धित विभिन्न विद्वान्हरूको परिभाषा एवम् यी दुवै बीचको भिन्नता उल्लेख गरिएको छ । लामिछानेले लोकसमुदायद्वारा अभिनयपूर्वक सरल ढ·मा प्रदर्शन गरिने लोकसाहित्यिक अभिव्यक्तिलाई लोकनाटक र लिखित परम्पराका नाटकलाई शास्त्रीय नाटक भनिन्छ भन्दै नाटक र लोकनाटक सम्बन्धी संस्कृत र नेपाली विद्वान्हरूको परिभाषा उल्लेख गरिएको छ । समालोचक लामिछानले यहाँ मञ्चगत, पात्रगत, अभिनयगत, पाठगत, प्रस्तुतिगत आधारमा नाटक तथा लोकनाटकको भिन्नता देखाई तुलनात्मक अध्ययन गरेका छन् ।

‘गाउँखाने कथामा लोकवार्ताको संवहन’ २०६५ सालमा **मिर्मिरे** पत्रिकामा प्रकाशित खोजमूलक लोकसाहित्यिक समालोचना हो । प्रस्तुत शोधमूलक समालोचनामा गाउँखाने कथामा लोकवार्ताको संवहनको चर्चा गरिएको छ । यसमा लोकसंस्कृति र लोकवार्ताको परिचय दिँदै गाउँखाने कथाका अ·मा लोकवार्ता अन्तर्गत पर्ने गाउँखाने कथाका संरचनामा आएका शब्दका माध्यमबाट गाउँखाने कथा, उत्तरका माध्यमबाट, संरचना र उत्तरका माध्यमबाट गाउँखाने कथाको विश्लेषण गरिएको छ भने गाउँखाने कथामा लोकवार्ताका विविध पक्ष अन्तर्गत पर्ने घरेलु उपकरण, वेशभूषा र आभूषण भान्सा र खानपान, जातजाति र नातागोता, खेलकुद तथा वाद्यस·ीत, कृषि तथा तत्सम्बन्धी वस्तु, भूगोल-प्रकृति र लोक विश्वास जस्ता उपशीर्षकहरूको उदाहरण दिएर चर्चा गरिएको छ । यसमा समालोचक लामिछानेले नेपाली लोकपरम्परामा गाउँखाने कथाको प्रयोग, प्रचलनमा नेपाली समाजको उत्पत्ति सँगसँगै भएको हो, जो आफैँ पनि लोकवार्ताको एक अ· हो भने अर्कोतर्फ लोकवार्ताको संवाहक पनि हो भन्दै गाउँखाने कथाको सङ्कलन र संरक्षण गर्नु भनेको लोकसंस्कृति र लोकवार्ताकै जगेर्ना गर्नु हो भन्ने निष्कर्ष निकालेका छन् ।

‘सलिजो : नयाँ चिन्तन, नयाँ शैली  र नयाँ प्राप्ति’ २०६६ सालमा जनसङ्घर्ष पत्रिकामा प्रकाशित कृतिपरक समालोचना हो । **सलिजो** मोहनराज शर्माको नयाँ आख्यानात्मक कृति (उपन्यास) हो । नयाँ कथावस्तु भएको प्रस्तुत सलिजो उपन्यासमा

समलिङ्गी जोडीको जीवनकथा, समलिङ्गी विवाहको कुरा, समलिङ्गी जोडी दाम्पत्यजीवन, र उनीहरूको समस्या र सङ्घर्ष देखाइएको चित्रित छन् जो अघि थिएनन् भन्दै प्रस्तुत कृति नेपाली उपन्यासका विकासमा नयाँ युग, नयाँ क्षितिजको प्रवर्तक भएको ठहर गरिएको छ । प्रस्तुत समालोचनामा समलिङ्गी र तेस्रो लिङ्गीप्रति मानवीय र सकारात्मक सोचका साथ देखापरेको सलिजो कृतिमा नयाँ चिन्तन, नितान्त नवीन शैली नयाँ विषयवस्तुको प्रयोग, नयाँ शिल्प संरचनाको प्रयोग भएको उल्लेख गर्दै सलिजो पाठकको मनमुटु हल्लाएर उसलाई नयाँ सोच, नयाँ चिन्तनमा डुब्ने बाध्य तुल्याउने एक सर्वाधिक युगान्तकारी सम्प्राप्तिका रूपमा उभिएको निर्णय समालोचक लामिछानेले दिएका छन् । उनले नेपाली साहित्यको इतिहासमा नै **सलिजो** एक सशक्त र नयाँ प्राप्ति भएको ठहर गरेका छन् ।

'खाटा बस्न नसकेका घाउ र उकुच' २०६६ सालमा शान्तिनारायण श्रेष्ठको मुक्तक सङ्ग्रह **खाता बस्न नसकेका घाउहरू**मा प्रकाशित भूमिकात्मक लेख हो । प्रस्तुत भूमिकामा लामिछानेले नेपाली मुक्तकका विकासमा शान्तिनारायण श्रेष्ठ एउटा र श्रेष्ठ र लगनशील मुक्तककारका रूपमा उपस्थिति भएको बताउँदै उनको मुक्तकहरूको संक्षेपमा चर्चा गरेका छन् । उनले मुक्तकको परिचय तथा संरचना बारे चर्चा गर्दै संस्कृत साहित्यमा मात्र नभई हिन्दी फारसी उर्दू आदि साहित्यमा पनि मुक्तक सम्पन्न रहेको प्रसङ्ग निकाल्दै नेपाली मुक्तक लेखकहरूको नामोल्लेख गरेका छन् । यसमा घाउ, पीडा, दुख र बेथा आदिको प्रतीक भएको स्मरण गराउँदै घाउहरू खाटा बस्न नसकी उकुच पल्टने तयारीमा रहेकोले श्रेष्ठको चिन्ता, आक्रोश, आवेग, मुक्तक भएर पोखिएको कुरा व्यक्त गरिको छ । श्रेष्ठका मुक्तकका विषय सामाजिक विकृति, विसङ्गति, अभाव र तत्जन्य परिणति, शोषण, दमन, उत्पीडन, द्वन्द्व आदि रहेको र त्यसप्रति मुक्तककारको सारै चित्त नबुझेकोले गुनासो, आक्रोश र आपत्ति पोखेको कुरा उल्लेख समकालीन यथार्थका अभिलेख बनेको धारणा व्यक्त छ ।

'तीलमा-लेङ्गम' गीतनाटकले दिएको सन्देश' २०६६ सालमा **पदचिन्ह** पत्रिकामा प्रकाशित कृतिपरक समीक्षा हो । प्रस्तुत समालोचनामा साहित्यलाई सङ्घर्षको औजार र लोकतान्त्रिक आन्दोलनलाई उचाइँ दिने साधानको रूपमा चिनाउँदै बूँद रानाको नयाँ कृति गीतिनाटक **तीलमा-लेङ्गम**को सङ्क्षेपमा विवेचना गरिएको छ । त्यसैगरी आठ दृश्यमा संरचित गीतिनाटक **तीलमा-लेङ्गम**ले सामन्तवादको उन्मूलनलाई प्रतिपाद्य बनाएको उल्लेख गर्दै प्रस्तुत नाटकले राजाविरोधी तथा जनतन्त्रात्मक चिन्तनलाई सघाउ पुऱ्याएको धारणा अघि सार्दै समालोचक कपिल लामिछानेले **तीलमा-लेङ्गम**ले सर्वसाधारणका कथा, व्यथा तथा जनआन्दोलनको भावनालाई भावानात्मक रूपमै समेटेको निष्कर्ष निकालेका छन् ।

'नेपाली गाउँखाने कथाको वाक्यात्मक संरचनाको अध्ययन' २०६७ सालमा **भैरहवा क्याम्पस जर्नल-१** मा प्रकाशित शोधअनुसनधानमूलक समालोचना हो । सिद्धान्तपरक प्रस्तुत

समालोचनामा नेपाली गाउँखाने कथाको वाक्यात्मक संरचनाको अध्ययन गरिएको छ । यसमा नेपाली गाउँखाने कथाको वाक्यात्मक संरचनालाई एकल वर्णनात्मक संरचना र बहुवर्णनात्मक संरचना गरी दुई प्रकारमा विभाजन गरी अध्ययन गरिएको छ । त्यसैगरी यहाँ परिचयात्मक समीकरणमुखी संरचना, विपरीतात्मक विरोधी संरचना, समानान्तर व्यतिरेकी (तुलनात्मक) संरचना, कार्य-कारणात्मक संरचना, उपस्थित-अनुपस्थित संरचना, शीर्ष र टिप्पणी विषयक संरचनाको सोदाहरण विश्लेषण गरिएको छ । यस्तै यहाँ नेपाली गाउँखाने कथामा विभिन्न वाक्यात्मक संरचनाहरू सबल रहेका कारण लोकसमुदायमा लामो समयदेखि खेलिदै आएको कुराको निष्कर्ष निकालिएको छ ।

'विद्रोही काले महाकाव्यमा विद्रोहको स्वर' २०६७ सालमा **जुही**मा प्रकाशित कृतिपरक समालोचना हो । विद्रोही काले सामन्ती उत्पीडनमा आधारित महाकाव्य हो । समालोचक लामिछानेले नेपाली महाकाव्यको विकासमा देवकोटा पछिको युगमा देखापरेका महाकाव्यहरूमा सोमराज अभयको **विद्रोही काले** एउटा उल्लेखनीय महाकाव्य रहेको चर्चा गर्दै प्रस्तुत महाकाव्यको अन्तर्वस्तु सामाजिक शोषण, दमन र उत्पीडन देखाएर यसबाट मुक्तिको बाटो देखाउनु रहेको उल्लेख गरेका छन् । यहाँ समालोचक लामिछानले प्रस्तुत महाकाव्यको नायक काले विद्रोही भएकाले उसको विद्रोह नै जनताको विद्रोह भएर व्यञ्जित भएको उल्लेख गरेका छन् । समालोचक लामिछानले सामाजिक र आर्थिक शोषणका विरुद्ध सचेत सङ्घर्ष रहेको **विद्रोही काले** महाकाव्य नायकत्वका दृष्टिले मात्र नभई काव्यत्व र कवित्वका दृष्टिले समेत उपल्लो दर्जाको महाकाव्य भएको ठहर गरेका छन् ।

'बाटुली पत्रकाव्यको प्राप्ति' २०६७ सालमा **सगुन** पत्रिकामा प्रकाशित कृतिपरक समालोचना हो । प्रस्तुत समालोचना समसामयिक सामाजिक विकृति-विसङ्गति नेपालको सङ्क्रमणकालीन अवस्था, नारी उत्पीडन, लैङ्गिक विभेद आदिलाई बाटुलीका माध्यमबाट र प्रकृतिको दोहन कार्य, ऊर्जाको अत्यधिक उपयोगी र वृद्ध व्यक्तिलाई तन्नेरी पार्ने पद्धति, कायाकल्प खोज सम्बन्धित मानव कल्याणकारी कार्य आदि दिनेश र उसका शोधार्थी साथी सुडानी, सल्भा, केथ्री, फ्रान्सेली अल्फन्सो मोरे आदिका माध्यमबाट प्रस्तुत भएको कुरा उल्लेख छ । बाटुली र दिनेशका बीच काव्यात्मक पत्रका माध्यमबाट संवाद हुन्छ र यही संवाद नै यस पत्रकाव्यको विषयवस्तु कथावस्तु प्रतिपादित भएको लामिछानेले बताएका छन् । लामिछानेले प्रस्तुत पत्रकाव्यलाई बौद्धिक, ओजपूर्ण, प्रयोगशील, नव्यकाव्य हो भन्दै विज्ञानका नवीनतम खोजका सम्भावनालाई कथ्य सन्दर्भ बनाएको हुनाले यो विज्ञानकाव्य ठहरिन पुगेको भनी उल्लेख गरेका छन् । उनले विजय खरेलको प्रस्तुत पत्रकाव्यले नेपाली साहित्यको पाठकलाई सामयिक, यथार्थ र वस्तुनिष्ठताका बारेमा नयाँ वैज्ञानिक स्वाद चखाएको जानकारी गराएका छन् ।

'नेपाली उपन्यासमा भवानी भिक्षु' नामक समालोचना २०६७ सालमा **भृकुटी जर्नल** पत्रिकामा प्रकाशित अनुसन्धानमूलक समालोचना हो । प्रस्तुत समालोचनामा समालोचक

लामिछानेले उपन्यासको परिचय एवम् रूपरेखा पस्किँदै उपन्यासकार भवानी भिक्षुको मुख्य-मुख्य योगदानको अध्ययन विश्लेषण गरेका छन् । उनले नेपाली उपन्यासको काल विभाजन गर्दै उपन्यासको प्रवृत्तिगत धारा एवम् चरणहरू उल्लेख गरेका छन् । त्यसैगरी प्रस्तुत समालोचनामा उपन्यासकार भवानी भिक्षुलाई नेपाली साहित्यका मूर्धन्य स्रष्टाका रूपमा चिनाउँदै उनका **सुभद्रा बज्यै, आगत, पाइप नं. २ र सुन्तली** उपन्यासहरूको विवेचनात्मक अध्ययन प्रस्तुत गरिनुका साथै भिक्षुको औपन्यासिक वैशिष्ट्य एवम् योगदानको आकलन गरिएको छ ।

'आमाहरू उपन्यासमा द्वन्द्वको दर्द' २०६७ सालमा **शब्दसिन्धु**मा प्रकाशित समीक्षा हो । कविता पौडेलको **आमाहरू** उपन्यासमा द्वन्द्वको दर्द एवम् नारी समस्या प्रस्तुत गर्दै उपन्यासको सङ्क्षिप्तमा समीक्षा गरिएको छ । प्रस्तुत समीक्षामा सरकार र माओवादी बीचको युद्धकालमा नारी वा आमाहरूले भोगेका कष्ट, पीडा, उत्पीडन, दमनलाई **आमाहरू** उपन्यासले देखाएको कुरा उल्लेख गरिएको छ । लामिछानेले **आमाहरू** उपन्यासले नेपाली नारी उपन्यासका परम्परामा एक फड्को मारेको बताउँदै प्रस्तुत उपन्यासमा नारी केन्द्रीयता र नारी प्रधानता रहेको बताएका छन् । उनले आम समस्यालाई नारीका दृष्टिबिन्दुबाट प्रस्तुत गरिएको हुनाले यस उपन्यासलाई मानवतावादी-प्रगतिवादी भएको र नारी प्रधान भएको धारणा व्यक्त गरेका छन् ।

'बिना अर्थ गजलको संरचनात्मक विश्लेषण' २०६७/२०६८ मा **जुही** पत्रिका ( पूर्णाङ्क ६४) मा प्रकाशित कृतिपरक समालोचना हो । यसमा समालोचनक लामिछानेले मधु पोखरेललाई नेपाली गजलका एक सशक्त हस्ताक्षर भएको बताउँदै उनले गजलमा अभाव, मानवीय कमजोरी, प्रणयभावलाई मूल विषयवस्तु बनाएका छन् भनी उल्लेख गरेका छन् । संरचनात्मक वैशिष्ट्यले गर्दा गजल गजल भएर चिनिएको भन्दै गजलको संरचना वा बनोटमा सेर, मतला, मकता, तखल्लुस, रदिफ, लय आदि अनिवार्य रूपमा हुनुपर्ने बताउँदै 'बिना अर्थ' गजलमा यी तत्त्वहरूको अधिकतम उपयोग भएको जनाएका छन् । 'बिना अर्थ' गजल पाँच सेरबाट निर्मित छ, सेर नभई गजल बन्नै नसक्ने र गजल बन्नको लागि चार सेर हुनुपर्ने भन्दै पाँचदेखि सात सेर भएको गजल उत्कृष्ट मानिने कुरा जाहेर गरेका छन् । गजलका सेर, मतला, मकता, तखल्लुस, काफिया, रदिफ र लयविधानका योगबाट गजल बन्ने हुनाले यी गजलका बाह्यावरण हुन् भने सेरको प्रतिपाद्य वा कथ्यविषय गजलको अन्तर्वस्तु हुन् भनी लामिछानेले यी दुवै बाह्यावरण र अन्तर्वस्तुको सहयोगबाट विशिष्ट कलारूप प्राप्त गर्नु नै गजल बन्नु हो भन्ने मान्यता अघि सारेका छन् ।

'प्रेम छोटाका प्रारम्भिक कथाबारे' शीर्षकको भूमिकात्मक लेख २०६८ सालमा **प्रारम्भिक कथाहरू** (कथासङ्ग्रह)मा प्रकाशित छ । यसमा समालोचक लामिछानेले यो कथासङ्ग्रहलाई जीवनजगत्का विभिन्न क्रियाकलापको छोटोछरितो गद्याख्यान भन्दै कथालाई गीत र कविता पछिको लोकप्रिय विधा भनेमा छन् । उनले धौलागिरिका

साहित्यकारहरू मध्ये प्रेम छोटा साहित्यिक इतिहासमा अग्रपङ्क्तिमा भएको उल्लेख गर्दै हिमालयको काखमा रहेको बाङलुङमा बसेर साहित्य साधना र साहित्य सेवामा लागेका प्रेम छोटाको जीवन सार्थक भएको बताएका छन् । लामिछानेले कथासङ्ग्रहको शीर्षक **प्रारम्भिक कथाहरू** लेखकको साहित्यिक यात्राको थालनीतिर लेखिएकोले प्रस्तुत कथाहरूमा परिपक्वताको अभाव, कथाको सा·ठनिक ढाँचा, शीर्षकीकरण र भाषाशैलीमा कमी हुनुलाई लामिछानेले स्वाभाविक मान्दै यी कथामा प्रेम, नारी मन र नारी जीवनका कुरा बढी भएकोले कथामा नारीवादी चिन्तन विशेष उल्लेख्य रहेको बताएका छन् । उनले सगरमाथा सगरमाथा हुन होचा पुड्का हिमशृङ्खलाको भूमिका भए झैँ नेपाली शीर्षस्थ कथाहरू शीर्षस्थ हुनुमा प्रेम छोटा जस्ता कथाकारहरूको भूमिका महŒवपूर्ण रहेको ठहर गरेका छन् ।

‘सागरका कविताहरूमाथि एक दृष्टि’ २०६८ सालमा **जुही** पत्रिकामा प्रकाशित विधापरक समालोचना हो । प्रस्तुत समालोचनामा लामिछानेले कवि विजय सागरको कवितासङ्ग्रह **सागरका कविताहरू**को विषयवस्तु वा भाव, लय, शिल्पशैली आदि कविताका संरचक तत्त्वलाई आधार बनाएर कविताको विवेचना गरेका छन् । उनले समकालीन नेपाली समाजको यथार्थ अभिव्यक्ति, राष्ट्रवादी भावनाको प्रस्तुति, सामाजिक विषमता, सत्तामोह, यौनदुराचार, आर्थिक अभाव र दरिद्रता, बेरोजगारी समस्या र त्यसले उब्जाएका सङ्कट, च्युतादर्श, खण्डित नैतिकता, समानता र सहअस्तित्व, प्रणयभाव आदि प्रस्तुत कवितासङ्ग्रहको कविताका कथ्यविषय रहेको बताउँदै कविताहरूमा बिम्ब, प्रतीकका साथसाथै मिथकको छोटा माध्यम र लामो आकारका उनमा पनि व्यापक प्रयोग भएको उजागर गरेका छन् । आफू बाँचेको युगप्रति कवि सचेत, सतर्क र सुविज्ञ देखापरेको बताउँदै प्रस्तुत कविताकृति पठनीय र सङ्ग्रहणीय रहेको धारणा समालोचक लामिछानेले व्यक्त गरेका छन् ।

‘वैचारिक तुलिकामा ओमर खैØयाम र आनन्ददेव भट्ट’ २०६८ सालमा **हाम्रो सिर्जना** पत्रिकामा प्रकाशित तुलनात्मक समालोचना हो । प्रस्तुत समालोचनामा लामिछानेले एघारौँ शताब्दीका ओमर खैय्याम, उनका विचार र एक्काइसौँ शताब्दीका नेपालका आनन्ददेव भट्टद्वारा प्रस्तुत गरिएको प्रत्युत्तरलाई **ओमर खैØयामलाई जवाफ** कृतिका परिवृत्तमा केलाउने जमर्को गरेका छन् । लामिछानेले ओमर खैØयामको सामान्य परिचय, जीवन र जगत् सम्बन्धी ओमर खैय्यामका मान्यताहरूको सार प्रस्तुत गर्दै भट्टको ओमर खैय्यामलाई जवाफ कृतिमा रहेको भट्टका मान्यताहरूलाई प्रस्तुत गरेका छन् ।

‘डम्बर घिमिरे : मुक्तक, हास्य र व्यङ्ग्यको त्रिवेणी’ नामक समीक्षा २०६८ सालमा **नवर·** पत्रिकामा प्रकाशित भएको हो । यस समीक्षामा लामिछानेले घिमिरेको **घामपानी** मुक्तक सङ्ग्रहभित्रका मुक्तकहरूमा समकालीन राजनीति, अर्थ नीति, शिक्षा, संस्कृति आदि

क्षेत्रमा भएका साना ठूला क्रियाकलापप्रति घिमिरेले हास्यव्यङ्ग्यको चोटिलो प्रहार गरेको बताएका छन् । यस्तै यहाँ लामिछानेले डम्बर घिमिरेका मुक्तकको नमुना देखाउँदै हास्यव्यङ्ग्यको योगले गर्दा उनका रचना झनै चोपिला, चोटिला र पोटिला बन्न पुगेको बताएका छन् ।

'गरिबको भोको पेट गजलको रचना विधान' २०६८ सालमा **जुही** पत्रिकामा प्रकाशित कृतिपरक समालोचना हो । प्रस्तुत समालोचनामा लामिछानेले नेपाली महिला गजलकारको सूचीमा कृष्णादेवी शर्मा नाम सशक्त रूपमा दरिन आएको बताउँदै शर्माको 'गरिबको भोटो पेट' गजलको रचना-विधान, सेर र सेरको अन्तर्वस्तु, मतला, मकता, रदिफ र लयविधानका आधारमा विश्लेषण गरेका छन् । लामिछानेले प्रस्तुत 'गरिबको भोको पेट' गजलको कथ्यवस्तु वा अन्तर्वस्तु गरिबको विवशताको चित्रण हो भन्दै प्रस्तुत गजलको समष्टि अभिलक्षणलाई देखाएका छन् ।

'नेपाली गाउँखाने कथामा सांस्कृतिक सन्दर्भ' २०६८ सालमा **भैरहवा क्याम्पस जर्नल**-२ मा प्रकाशित अनुसन्धानात्मक समालोचना हो । खोजमूलक रहेको प्रस्तुत समालोचनामा नेपाली गाउँखाने कथामा सांस्कृतिक सन्दर्भको चर्चा गरिएको छ । यसमा लामिछानेले गाउँखाने कथालाई एक स्वतन्त्र, स्वायत्त आफैँमा पूर्ण विधा भएको र आफैँ संस्कृति र संस्कृतिको संवाहक भएको बताउँदै यसको स्रष्टा, प्रयोक्ता र संवाहक लोकसमुदाय हो भन्ने विचार प्रकट गरेका छन् । नेपाली गाउँखाने कथाले नेपाली सामाजिक सांस्कृतिक मूल्यमान्यता तथा सन्दर्भमा र परिस्थितिलाई आत्मसात् गरिआएको बताउँदै चौँठी लिएर घर-माइत गर्नु, अछेताको टीका लगाउनु, चुरापोते लगाउनु, शिरमा जमरा र ढाका टोपी लगाउनु आदि नेपाली सामाजिक-सांस्कृतिक सन्दर्भमा परिचायक भएको उल्लेख गरिएको छ । यसै गरी यसमा सेलरोटी पकाउनु, गोबरले जुठो लोटाउनु, घर लिपपोत गर्नु, आग्लो लगाउनु, बलि दिनु, पूजापाठ गर्नु आदि पनि नेपाली सामाजिक र सांस्कृतिक सन्दर्भहरू हुन्, जुन नेपाली गाउँखाने कथामा व्यपिक रूपमा प्रकट भएको विचार राख्दै विभिन्न उदाहरणहरू प्रस्तुत गरेका छन् ।

'गाउँखाने कथाको सैद्धान्तिक स्वरूप-विश्लेषण' २०६८ सालमा **भैरहवा क्याम्पस जर्नल**-३ मा प्रकाशित सैद्धान्तिक समालोचना हो । शोधअनुसन्धानमूलक प्रस्तुत समालोचनामा गाउँखाने कथाको सैद्धान्तिक अध्ययन गरिएको छ । यसमा गाउँखाने कथाको सामान्य परिचय, गाउँखाने कथाको नामकरण, गाउँखाने कथाको व्युत्पत्ति, गाउँखाने कथाको परिभाषा र स्वरूप गाउँखाने कथा र निकटस्थ विधा जस्ता उपशीर्षकहरूमा विश्लेषण गरिएको पाइन्छ । समालोचक लामिछानेले गाउँखाने कथा र उखान, गाउँखाने कथा र कथा र गाउँखाने कथा र कविताका बीच रहेका केही समानता र असमानताहरू औँल्याउँदै यी फरक-फरक विधा भएको जानकारी दिएका छन् । यसै गरी उनले गाउँखाने कथामा एकले

प्रश्न सोध्ने, अरूले त्यसको उत्तर दिने र उत्तर दिन नसके वा दिएको उत्तर नमिले प्रश्नकर्ताले गाउँ खाएर उत्तर बताइदिने प्रक्रियाले गर्दा यस विधालाई गाउँखाने विधा भनिएको हो भन्ने निष्कर्ष छन् ।

'समाजशास्त्रीय समालोचना पद्धतिको गोरेटोमा राजेन्द्र पहाडी' २०६८ सालको **जनमत** पत्रिकामा प्रकाशित समालोचना हो । परिचयमूलक रहेको यस समालोचनामा लामिछानेले राजेन्द्र पहाडीलाई एक सचेत स्रष्टा एवम् द्रष्टाका रूपमा चिनाउँदै उनको समालोचकीय दृष्टि पर्गेल्ने काम गरेका छन् । यसमा समाजशास्त्र र राजनीतिशास्त्रमा गहिरो अध्ययन गरेका राजेन्द्र पहाडीको समालोचकीय रुचिक्षेत्र समाजशास्त्र भएको जानकारी दिंदै उनका समाजशास्त्रीय समालोचनाका केही नमुनाहरू प्रस्तुत गरेका छन् । उनले साहित्य सिर्जनामा अत्यन्त क्रियाशील स्रष्टा इन्द्रकुमार विकल्पको लघुकथा सङ्ग्रह **सर्वदलीय घर** दृष्टिकोण पस्केको बताउँदै पहाडीले सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक र संस्कृतिक कोणबाट **सर्वदलीय घर**का लघुकथाहरूको समीक्षा गरेको बताएका छन् । लामिछानेले प्रस्तुत समालोचनामा पहाडी कहीँ खाटी समालोचक कहीँ भावुक लेखक देखिएको धारणा राख्दै अझ खरो र दरो गरी उभिन सक्नु पर्ने विचार व्यक्त गरेका छन् । यही समालोचना भूमिकाका रूपमा २०६८ सालमा इन्द्रकुमार विकल्पको लघुकथासङ्ग्रह **सर्वदलीय घरको समाज शास्त्रीय नालीबेली**मा प्रकाशित छ ।

'नेपाली गाउँखाने कथामा नवीनता' २०६८ सालमा **भृकुटी जर्नल**मा प्रकाशित लोकसाहित्यिक समालोचना हो । खोजमूलक रहेको प्रस्तुत समालोचनामा नेपाली गाउँखाने कथामा नवीनताको खोजी गरिएको छ । यसमा नेपाली लोकसमाजमा आधुनिक औद्योगिक वस्तुहरू व्यापक मात्रामा पुगेपछि तथा लोकसमाजले तिनलाई निरन्तर उपयोगमा ल्याउन थालेपछि गाउँखाने कथा रचेर, सुनेर सुनाएर रमाउने लोकसमाजले ती नव उत्पादित वस्तु र विषयलाई पनि गाउँखाने कथामा भित्र्याएको बताउँदै लामिछानेले रेडियो, इस्त्री, क्यामरा, घडी, छाता, सलाई, काँटी, पेचकिला, हवाईजहाज पक्ष, साइकल, रेल, बिजुली, करेन्ट, मोबाइल आदि नवीन वस्तु र सेवाले गाउँखाने कथामा प्रवेश पाएको जनाएका छन् । यसमा पारिवर्तित समाजमा नयाँ विषयवस्तु प्रयोग र प्रचलनमा, आउनासाथ तिनसम्बन्धी गाउँखाने कथाहरू निर्मित भई प्रयोग र प्रचलनमा आउने गरेका हुनाले नेपाली गाउँखाने कथामा नवीनताले प्रविष्टि पाएको उल्लेख छ ।

## ४.५ निष्कर्ष

उपर्युक्त पुस्तकाकार समालोचना-ग्रन्थ र फुटकर समालोचना, समीक्षा, भूमिमा आदिलाई हेर्दा लामिछानेको समालोचककारिता पूर्वार्द्ध चरणका तुलनामा उत्तरार्द्ध चरण अत्यन्त फस्टाएको देखिन्छ । उनको यस चरणको सबैभन्दा महत्त्वपूर्ण पुस्तक **नेपाली गाउँखाने कथाको अध्ययन** (२०६८) हो । प्रस्तुत ग्रन्थ उनले त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको विद्यावारिधि उपाधि प्राप्त गर्ने प्रयोजनका लागि गरिएको शोध प्रबन्धमा आधारित भएर तयार पारिएको देखिन्छ । यस अनुसन्धान ग्रन्थमा गाउँखाने कथाको सैद्धान्तिक स्वरूपको अध्ययन गर्दै नेपाली गाउँखाने कथाको अध्ययन परम्परा, यसको लेख्य र कथ्य परम्परा, सिर्जनात्मक प्रयोग, यसको सन्दर्भ, काव्यात्मक स्वरूप, भाषिक संरचना, बहुप्रचलन र विविधता, नवीनता र विश्वदृष्टि जस्ता विभिन्न कोणबाट गाउँखाने कथाको अध्ययन र विश्लेषण गरिएको छ ।

गुणात्मक, सङ्ख्यात्मक तथा विषयवस्तुको विविधताका साथै विषयवस्तुको गहन अध्ययन पश्चात् यथार्थवादी प्रगतिवादी दृष्टि प्रक्षेपण गरी व्याख्या-विश्लेषण गर्ने र सत्यतथ्य निर्णय दिने जस्ता विशेषताले यस चरणमा लामिछानेको समालोचना यात्रा निश्चित लक्ष्यतर्फ उन्मुख भएको देखिन्छ । सैद्धान्तिक र व्यावहारिक समालोचना लेख्नु, कृतिमा प्रगतिवादी चिन्तन पाइनु, अन्याय-अत्याचारप्रति विद्रोहको स्वर निकाल्नु, बालसाहित्यको समीक्षा गर्नु, अनुसन्धानमूलक ग्रन्थ लेख्नु, कृति र कृतिकारको वस्तुपरक एवम् सत्यतत्य ढ·ले अध्ययन-विश्लेषण गर्नु, उखान-टुक्का, लोकगाथा, भाषा-संस्कृति, इतिहास जस्ता लोपोन्मुख विषयलाई प्राथमिकता दिनु यस चरणका विशेषता हुन् ।

यसरी २०४२ सालदेखि अनवरत रूपमा समालोचना क्षेत्रमा आफ्नो ऊर्जा खन्याउँदै आएका कपिल लामिछाने एक सशक्त द्रष्टाका रूपमा परिचित छन् । करिब अढाइ दशकको अवधिसम्म दर्जनौं फुटकर समालोचनाका साथै भूमिकात्मक लेख रचनाहरू विभिन्न पत्रपत्रिकाहरूका प्रकाशन भएको देखिन्छ भने आधा दर्जन पुस्तकाकार समालोचना पनि प्रकाशन भएको पाइन्छ । भानुभक्त आचार्यको जीवनीपरक लेखनबाट समालोचना यात्रा प्रारम्भ गरेका लामिछानेले सैद्धान्तिक एवम् व्यावहारिक समालोचना गरेका छन् भने लामिछानेका समग्र समालोचनाहरूको अध्ययन गर्दा उनले जीवनीपरक, सिद्धान्तपरक, कृतिपरक, विधापरक, वर्णनात्मक, खोजमूलक, भाषापरक आदि विविध पद्धति र यथार्थवादी-प्रगतिवादी शैलीको प्रयोग गरेको देखिन्छ ।

## परिच्छेद पाँच

# कपिल लामिछानेको समालोचना-प्रवृत्ति

### ५.१ विषयप्रवेश

कथा, कविता, उपन्यास, बालसाहित्य, भाषा-व्याकरण, समालोचना आदि साहित्य एवम् साहित्येतर विधामा सफलताका साथ कलम चलाउँदै आएका कपिल लामिछाने समालोचनाका क्षेत्रमा एक ऊर्जाशील द्रष्टाका रूपमा देखापरेका छन् । लोकसाहित्य, बालसाहित्य, भाषा, संस्कृति, इतिहास, साहित्य आदि विविध विधामा उल्लेख योगदान पुऱ्याउँदै आएका बहुमुखी प्रतिभा लामिछानेले समकालोचनाको फाँटमा पनि सफलतापूर्वक कलम चलाउँदै आएका छन् । २०३४ सालमा बनारसबाट प्रकाशित कल्याणी पत्रिकामा 'कामना' शीर्षकको कविता प्रकाशन गरेर साहित्यिक यात्राको थालनी गरेका लामिछानेले २०४२ सालमा भानुभक्त आचार्यको जीवनीपरक समालोचनाबाट समालोचनाको क्षेत्रमा प्रवेश गरेका हुन् । लामिछानेका समग्र समालोचनाहरूको अध्ययन गर्दा उनले जीवनीपरक, सिद्धान्तपरक, कृतिपरक, विधापरक, वर्णनात्मक, खोजमूलक, भाषापरक आदि विविध पद्धति र यथार्थवादी-प्रगतिवादी शैलीको प्रयोग गरेको देखिन्छ । यहाँ समालोचक कपिल लामिछानेको समालोचना-प्रवृत्तिहरूको अध्ययन गरिएको छ ।

### ५.२ कपिल लामिछानेको समालोचना-प्रवृत्ति

२०४२ साल साउन २ गते **दैनिक निर्णय** पत्रिकामा 'भानुभक्त आचार्य : नेपाली साहित्यका जग र नेपाली संस्कृतिका द्योतक' नामक जीवनीपरक समालोचनाबाट समालोचनाका फाँटमा प्रवेश गरेका लामिछानेका **नेपाली साहित्यको सेरोफेरो** (२०५८), **नेपाली लोकगाथाको अध्ययन** (२०६४), **नेपाली गाउँखाने कथाको अध्ययन** (२०६८), **समालोचनाको सोपान** (२०५८), **नेपाली लोकगीतको अध्ययन** (२०६८), **समीक्षा सिद्धान्त र समीक्षाहरू** (२०६९) गरी छवटा सैद्धान्तिक समालोचना-ग्रन्थ प्रकाशित छन् भने विभिन्न पत्रपत्रिकामा दर्जनौं फुटकर समालोचना, लेख-समीक्षा, भूमिका प्रकाशित छन् । त्यसैगरी उनका सम्पाददित कृतिहरू **मोदनाथ प्रश्रित : केही अध्ययन** (२०६८) र **कविता पौडेल बहुआयाम** (२०६८) मा उनको समालोचनात्मक चेतना तीव्र रूपमा प्रकट भएको देखिन्छ । यहाँ समालोचक कपिल लामिछानेको समालोचना-प्रवृत्तिहरूलाई केलाउने काम गरिएको छ ।

### ५.२.१ वस्तु र शिल्प दुवै पक्षको अध्ययनमा जोड

कृतिको अन्तर· अर्थात् भित्री पक्षलाई वस्तु भनिन्छ । यसअन्तर्गत भाव, विचार, चिन्तन, अनुभव, दर्शन, नीति आदि विषयवस्तु पर्दछन् । त्यस्तै कृतिको बहिर· अर्थात् बाहिरी, पक्षलाई शिल्प भनिन्छ । शिल्पलाई रूप, संरचना, शैली, आकृति पनि भनिन्छ । यसअन्तर्गत लय, छन्द, अलङ्कार, बिम्ब, प्रतीक व्याकरण, आर्थी सम्बन्ध आदि कृतिलाई आकार दिने तत्त्वहरू पर्दछन् । वस्तु कथ्यमा अन्तर्वस्तु पक्षसँगै शिल्परूप पक्षसँगै सम्बद्ध रहेको हुन्छ । यी दुवैलाई शरीर र आत्मासँग तुलना गरिन्छ ।

लामिछानेका समालोचनाहरूमा वस्तुपक्ष सबल रहेको छ भने शिल्प पक्ष दुर्बल रहेको छ । हुन त उनले कृतिको समालोचना गर्दा शिल्प र वस्तु दुवै पक्षको अध्ययन विश्लेषणमा महत्त्व दिएका छन् तापनि शिल्प पक्षभन्दा वस्तु पक्षको अध्ययन-विश्लेषणमा अझ बढी महत्त्व दिएको पाइन्छ । कृतिको वस्तु र शिल्प दुबै पक्षलाई केलाउने रहर राख्दा पनि कृतिको अन्तर्वस्तु, भावपक्ष वा कृतिभित्र निहित वैचारिक पक्षको परख गर्नमा आफू ढल्केको कुरा यस सङ्ग्रहभित्रमा समालोचनाले बकिरहेका छन् (लामिछाने, २०५८, क) । यस कथनबाट समालोचक कपिल लामिछानेले आफू शिल्प पक्षभन्दा वस्तु पक्षतर्फ ढल्केको अर्थात् शिल्पलाई भन्दा वस्तुलाई बढी महत्त्व दिएको कुरा आफ्नो समालोचनात्मक कृति **नेपाली साहित्यको सेरोफेरो**को लेखकीय मनतव्य ‘सेरोफेरो बारे’मा समेत स्वीकार गरेका छन् ।

वस्तु र शिल्प पक्षको अध्ययन गरिएको समालोचनाअन्तर्गत ‘नेपाली साहित्यमा शकुन्तलोपाख्यान’, ‘पसिनाको सङ्गीत र जीवनको गीतभित्रको अन्तर्वस्तु र शिल्प संरचना’, ‘मुरारि पराजुलीको हाँसेर उसका ओठले भित्रको अन्तर्वस्तु र रूपरचना’, ‘ठूले राई खण्डकाव्यमा समकालीन यथार्थ’, ‘जून चुहेको रात : गजलको गरिमा’, ‘सलिजो : नयाँ वस्तु, नयाँ चिन्तन, नयाँ शैली, नयाँ प्राप्ति’, ‘प्रगतिवादी कथ्य र शिल्पमा सन्दर्भमा हृदयमा फूलहरू’ ‘बाटुली पत्रकाव्यको प्राप्ति’ जस्ता समालोचनाहरू पर्दछन् ।

त्यसैगरी वस्तुपक्षको मात्र अध्ययन गर्ने समालोचनाहरूमा ‘बसाइँको वैचारिक पक्ष’, ‘मुनामदनको वैचारिक मूल्याङ्कन’, ‘घनश्याम न्यौपाने ‘परिश्रमी’का गजलको अन्तर्वस्तु’, ‘पापको परिणाम कथाको विश्लेषण’ ‘योजनगन्धाको सङ्क्षिप्त आलोचना’, ‘ज्योति, ज्योति, महाज्योति’, ‘हुस्सुभित्रको घाममा उज्यालाको खोजी’ आदि समालोचनाहरू पर्दछन् भने ‘सैद्धान्तिक परिप्रेक्ष्यमा नेपाली मुक्तक’, ‘नेपाली गाउँखाने कथाको रूपात्मक विश्लेषण’

˘बिनाअर्थ गजलको संरचनात्मक विश्लेषण', ˘गरिबको भोको पेट गजलको रचना-विधान', जस्ता समालोचनाहरू शिल्प पक्षको अध्ययन-विश्लेषण गरिएको पाइन्छ ।

### ५.२.२ प्रगतिवादी समालोचना तर्फ झुकाउ

कपिल लामिछानेका समालोचनाहरूमा प्रगतिवादी दृष्टिकोण पाइन्छ । प्रगतिवादी समालोचनातर्फ झुकाउ हुनु कपिल लामिछानेमा पाइने अर्को समालोचनात्मक विशेषता हो । सामन्ती, स्तुतिवादी, जनविरोधी कुराको आलोचना अन्धविश्वास, अन्धपरम्परा, आदर्शवादको खोल ओढाइएका कृतिहरूका भ्रमलाई चिर्दै शोषण, कुप्रचारको विरोध गर्दै सरल सुबोध भाषामा सैद्धान्तिक सचेतताका साथ कृतिको यथार्थवादी-प्रगतिवादी दृष्टिले विश्लेषण विवेचन गर्नु लामिछानेको पहिचान र विशेषता बनेको छ (वशिष्ठ, २०६६:१३३) । उनले वर्गीय दृष्टि र क्रान्तिकारी विचारलाई समालोचनाको मियो बनाएर कृतिको समालोचना गरेका छन् । उनका फुटकर तथा पुस्तककार समालोचनाहरूमा प्रगतिवादी प्रवृत्ति भेटिन्छ । उनका ˘प्रगतिवादी कथ्य र शिल्पका सन्दर्भमा हृदयका फूलहरू', ˘पापको परिणाम कथाको विश्लेषण', ˘बसाइँको वैचारिक पक्ष', ˘प्रगतिवादी नेपाली नाटक : परम्परा र प्रवृत्ति', ˘साहित्यकार मोदनाथ शास्त्रीका रचनामा प्रगतिवादी पुट', ˘पचास रूपियाँको तमसुक नाटकको विश्लेषण र मूल्याङ्कन', ˘विद्रोही काले महाकाव्यमा विद्रोहको स्वर', ˘आमाहरू उपन्यासमा द्वन्द्वको दर्द' जस्ता समालोचनाहरूमा प्रगतिवादी प्रवृत्ति पाइन्छ । समाजमा देखापरेका वर्गीय द्वन्द्व, समस्या, दु:खको पीडा, क्रान्तिकारी विचार व्यक्त गर्दै कृतिको समालोचना गर्ने प्रवृत्ति लामिछानेमा रहेको पाइन्छ ।

### ५.२.३ पूर्वीय र पाश्चात्य समालोचना पद्धतिको समन्वित प्रयोग

संस्कृतमा आचार्यसम्मको अध्ययन, पाश्चात्य साहित्य सिद्धान्तको प्राध्यापनबाट प्राप्त अनुभव तथा पाश्चात्य साहित्य सिद्धान्ततर्फको रुचि तथा गहन अध्ययनका कारण लामिछानेको समीक्षण कार्यमा पूर्वीय तथा पाश्चात्य समालोचना पद्धतिको समन्वित प्रयोग पाइन्छ । उनले पूर्वीय तथा पाश्चात्य दुवै मान्यतालाई अ॰गीकार गर्दै नेपाली भाषा-साहित्यको शोध-खोज तथा अन्वेषण गरेका छन् । उनले कृतिको परिभाषा, वर्गीकरण विश्लेषण गरी अध्ययन तथा मूल्याङ्कन गर्नुका साथै सम्बन्धित कृति सिद्धान्त अनुरूप रचना भए नभएको औँल्याएका छन् ।

कपिल लामिछानेको पछिल्लो समयमा आएर प्रकाशित भएको ˘समीक्षा सिद्धान्त र समीक्षाहरू' नामक कृतिमा उनले समीक्षाको परिचय, स्वरूप र अन्य विधासँग यसको

सम्बन्धको समीक्षा गरेका छन् । त्यसै पद्धतिलाई अङ्गीकार गर्दै उनले 'निर्भीक समालोचक रामकृष्ण शर्मा', 'सृजनात्मक लेखनका केही अनुभव', 'साहित्य र पत्रकारिता', 'बालजीवनी लेखन', 'गाउँखाने कथामा अश्लीलताको पुट', 'नेपालका भोट-बर्मेली चिनियाँ भाषा परिवारका सन्दर्भमा गुरुङ भाषाको परिचय', 'प्लेटो र उनको साहित्य मान्यता', 'भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण : सानो पुस्तिका', 'सैद्धान्तिक परिप्रेक्ष्यमा नेपाली मुक्तक', 'कथा कसरी लेख्ने ?', 'नेपाली साहित्यमा शकुन्तलोपाख्यान', 'नेपाली गाउँखाने कथाको रूपात्मक विश्लेषण', 'नेपाली टुक्काको विश्लेषणात्मक अध्ययन', 'नेपाली गाउँखाने कथाको वाक्यात्मक संरचनाको अध्ययन', 'गाउँखाने कथाको सैद्धान्तिक रूप-विश्लेष्ण', 'बिनाअर्थ गजलको संरचनात्मक विश्लेषण', 'घनश्याम न्यौपाने 'परिश्रमी'का गजलको अन्तर्वस्तु' जस्ता समालोचनाहरूमा पूर्वीय तथा पाश्चात्य समालोचना पद्धतिको समन्वय पाइन्छ ।

### ५.२.४ खोजअनुसन्धानमूलकता

कपिल लामिछानेका समालोचनात्मक प्रवृत्तिहरू मध्ये खोजअनुसन्धानमूलकता पनि एक हो । समालोचक लामिछानेको प्रथम चरणका फुटकर समालोचनात्मक लेखहरूमा साहित्यिक एवम् लोकसाहित्यिक अनुसन्धानमूलक लेखनको पुट पाइन्छ भने दोस्रो चरणमा गएर यस खोजअनुसन्धानमूलक लेखन शैलीले चरम रूप प्राप्त गरेको छ । लोकसाहित्य सम्बन्धी आवश्यक सामग्री सङ्कलन, अध्ययन, खोजअनुसन्धान, व्याख्या, विश्लेषण, पुष्टीकरण, प्रमाणीकरण र सत्यापन गरी कृतिको वैधता र विश्वसनीयता बढाउन सफल र महत्त्वपूर्ण ग्रन्थहरू **नेपाली लोकगाथाको अध्ययन** (२०६४), **नेपाली गाउँखाने कथाको अध्ययन** (२०६८) ले नै लामिछानेलाई अनुसन्धानमूलक समालोचकका रूपमा स्थापित गरेको छ । लामिछाने आजभन्दा अठार वर्ष पहिलै २०४८ सालको पुस महिनामा झापाबाट प्रकाशित **जुही** (नेपाली साहित्यिक त्रैमासिक) मा 'गाउँखाने कथामा अश्लीताको पुट' शीर्षकमा अनुसन्धानमूलक लेख छापिएको छ (पौड्याल, २०६६:४०४) । त्यसैगरी उनका लोकसाहित्य अतिरिक्त अन्य विधाका रचनाहरूमा पनि अनुसन्धानात्मकता पाइन्छ । उनका खोजअनुसन्धानमूलक समालोचनाहरूमा 'भाषा, बालभाषा र बालसाहित्य' (२०४६), 'बालजीवनी लेखन' (२०४७), 'शब्दकोशको प्रयोजन र प्रयोगविधि' (२०५०), 'बाललेखन : समस्या र समाधान' (२०४९), 'नेपालका भोट-बर्मेली चिनियाँ भाषापरिवारका सन्दर्भमा गुरुङ भाषाको परिचय' (२०५१), 'भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण : सानो पुस्तिका' (२०५४), 'बालशिक्षाको विकासमा बालसाहित्यको प्रयोग' (२०५८), 'नेपाली

गाउँखाने कथामा औद्योगिक उत्पादनको प्रविष्टि'  (२०६०), 'नेपाली साहित्यमा शकुन्तलोपाख्यान' (२०६१), 'घनश्याम न्यौपाने 'परिश्रमी'का गजलको अन्तर्वस्तु' (२०६२), 'नेपाली गाउँखाने कथामा कवितात्मकता' (२०६२), 'नेपाली गाउँखाने कथाको रुपात्मक विश्लेषण' (२०६२), 'विधा सिद्धान्तको परिप्रेक्ष्यमा लोकसाहित्यका विधाहरूको परिचय', (२०६३), 'सिद्धार्थ साहित्य परिषद्को इतिवृत्त' (२०६३), 'लोकसाहितियिक अध्ययनका प्रमुख प्रक्रिया र पद्धतिहरू' (२०६३), 'नेपाली लोकगाथाको प्रकारगत वर्गीकरण' (२०६४), 'गाउँखाने कथामा लोकवार्ताको संवहन' (२०६५), 'अविरल बग्दछ इन्द्रावतीमा प्रयुक्त टुक्काको सर्वेक्षण र विश्लेषण' (२०६६), 'नेपाली गाउँखाने कथामा सांस्कृतिक सन्दर्भ' (२०६८), 'नेपाली गाउँखाने कथामा नवीनता' (२०६८), 'गण्डकी क्षेत्रको सांस्कृतिक सम्पदा झल्काउने गहकिलो पुस्तक' (२०६८), 'प्रगतिवादी नेपाली नाटक : परम्परा र प्रवृत्ति' (२०५९) आदि फुटकर समालोचनाहरू पर्दछन् । यी समालोचनाहरूले उनलाई एक अध्ययनशील अनुसन्धाताका रूपमा परिचित गराएका छन् ।

### ५.२.५ यथार्थवादी वा वस्तुगत मूल्याङ्कन

कुनै पनि कृतिको गहन ढ·बाट मूल्याङ्कन गर्नु उनको प्रवृत्ति हो । लामिछानेका यथार्थवादी समालोचनाहरूमा 'चिसो चूल्होको प्रेम विश्लेषण', 'बसाइँको वैचारिक पक्ष', 'सामाजिक यथार्थवादका कसीमा मुलुक बाहिर', 'ठुले राई खण्डकाव्य समकालीन यथार्थको सशक्त अभिव्यक्ति', 'ज्योति, ज्योति, महाज्योतिमा व्यञ्जित सामाजिक सांस्कृतिक यथार्थ', 'सागरका कविताहरूमाथि एक दृष्टि', 'मट्याङ्ग्राको चोट', 'रुद्र ज्ञवालीको कथाकारिता', 'बाटुली पत्रकाव्यमा सम्भाव्य सुखद भविष्यको परिकल्पना' जस्ता समालोचनाहरूमा यथार्थवादी प्रवृत्ति पाइन्छ ।

### ५.२.६ मूल्याङ्कनपरकता/निर्णयात्मकता

निर्णयात्मक समालोचना पद्धतिले सम्बन्धित आलोच्य कृतिको मूल्य खोजी गर्दै कृतिका बारेमा एउटा निर्णय निकाल्छ । यस पद्धतिले सैद्धान्तिक वा शास्त्रीय निष्कर्ष नियमका आधारमा कृतिको गुण-दोष देखाउँदै कृतिको न्यायपूर्ण खोजी तथा अध्ययन गर्दछ ।

कपिल लामिछानेले कृतिको गहन अध्ययन विश्लेषण गर्दै न्यायाधीशले मुद्दा छिनोफानो गरे झैँ कृति एवम् कृतिबारको गुणदोष औंल्याउँदै सही निर्णय दिएका छन् । उनले 'भानुभक्तका कवितामा पाइने हास्यव्यङ्ग्य' नामक समालोचनामा भानुभक्तलाई

तत्कालीन शासनव्यवस्था र सामाजिक कुरीतिको खुलेर भण्डाफोर गर्न नसकी स्वयम् तिनकै पृष्ठपोषण गर्ने व्यक्तित्वका रूपमा उभिएका छन् भनी आफ्नो निर्णय प्रस्तुत गरेका छन् । त्यस्तै समको 'चिसो चूल्होको प्रेमविश्लेषण' समालोचनामा लामिछानेले सन्ते र गौरीको प्रेमलाई तिनीहरूले एक-अर्कालाई नछोएकै आधारमा आत्मिक, अनुरागात्मक, अभौतिक, वासनाविहीन भन्नु आत्म कमजोरी हो भन्दै उनीहरूको प्रेम मूलतः वासनात्मक छ भन्ने निर्णय दिएका छन् । त्यसैगरी 'बसाइँको वैचारिक पक्ष'मा लामिछानेले बसाइँलाई केही विद्वान्हरूले प्रगतिवादी उपन्यास भनी चिनाउन खोजे पनि यो प्रगतिवाद वा समाजपरक यथार्थवादका दृष्टिमा खरो उत्रन सकेको छैन भनी आफ्नो निर्णय सुनाएका छन् । 'योजनगन्धाको सङ्क्षिप्त आलोचना'मा लामिछानेले **योजनगन्धा** उपन्यासको तुलना मदनमणि दीक्षितको **माधवी** उपन्याससँग गर्दै **माधवी** उपन्यास उच्च बौद्धिक पाठकको वर्गको विषय बने छ भने **योजनागन्धा** सामान्य पाठकका लागि पनि खुराक सिद्ध हुने देखिन्छ भन्दै **माधवी**लाई हाडे ओखर र **योजनागन्धा**लाई दाँते ओखर हो भनी आफ्नो निर्णय प्रस्तुत गरेका छन् ।

### ५.२.७ सैद्धान्तिक समालोचना

सिद्धान्तका आधारमा गरिने समालोचनालाई सैद्धान्तिक समालोचना भनिन्छ । लामिछानेका 'साहित्य र पत्रकारिता', 'गाउँखाने कथामा अश्लीलताको पुट', 'सिर्जनात्मक लेखनका अनुभव', 'बालजीवनी लेखन', 'कथा कसरी लेख्ने ?', 'नेपाली टुक्काको विश्लेषणात्मक अध्ययन', 'गाउँखाने कथाको सैद्धान्तिक स्वरूप-विश्लेषण', 'विधा सिद्धान्तको परिप्रेक्ष्यमा लोकसाहित्यका विधाहरूको परिचय', 'सैद्धान्तिक परिप्रेक्ष्यमा नेपाली मुक्तक' जस्ता समालोचनाहरू यस्तै प्रकृतिका छन् । त्यसैगरी पछिल्लो समयका प्रकाशित भएको समालोचनात्मक ग्रन्थ **समीक्षा सिद्धान्त र समीक्षाहरू** सिद्धान्तसँग सम्बन्धित छ । यसमा समीक्षाको परिचय, उद्देश्य र प्रयोजन स्पष्ट गरी यसको महत्त्व एवम् आवश्यकताबारे चर्चा गरिएको छ ।

### ५.२.८ प्रभाववादी समालोचना

भावक वा पाठकका मनमा परेको प्रभावका आधारमा गरिने समालोचनलाई प्रभावावदी समालोचना भनिन्छ । नेपालका वरिष्ठ समालोचकहरूले पनि यस प्रभाववादी समालोचनालाई अनुसरण गरेको देखिन्छ । कपिल लामिछानेमा प्रभावपरक प्रवृत्ति पाइन्छ । उनले कृतिको वा कृतिकारको सक्षमता र असक्षमता आदिको आधारमा व्याख्या-विश्लेषण तुलना गरेका छन् । उनका 'भानुभक्त आचार्य नेपाली साहित्यका जग र नेपाली संस्कृतिका

द्योतक', 'निर्भीक समालोचक रामकृष्ण शर्मा', 'मदन पुरस्कार प्राप्त वैकुण्ठ एक्सप्रेस', 'मुनामदनको वैचारिक मूल्याङ्कन', 'दौलत विक्रम विष्टको औपन्यासिक यात्रा', 'मुटुमा आगो बोकेका कवि युद्धप्रसाद', 'लीला उदासीका कविताभित्र चाहार्दा', 'जूनतारा : एक हेराइ', 'पराजुलीका गीतमा राष्ट्रिय सन्दर्भ', 'मोहन दुवालका कवितामा मानवतावाद', 'चूडामणि रेग्मीको हास्यव्यङ्ग्यकारिता', 'विश्व शाक्यको व्यङ्ग्य-चिन्तन', 'सलिजो : एक नयाँ उपन्यास', 'भट्ट उच्च शिखरको यात्रामा', 'स्वागत नेपालका स्वागतयोग्य स्वरहरू', 'शान्तिदूत महाकाव्यको सान्दर्भिकता', 'आसामदेखि मणिपुरसम्म : एक अवलोकन' आदि समालोचनाहरूमा यस्तै प्रभाववादी प्रवृत्ति पाइन्छ ।

### ५.२.९ ऐतिहासिक समालोचना

इतिहास र परम्परामा देखापरेका विभिन्न प्रतिभा र तिनका कृतिहरूलाई शृङ्खलामा विश्लेषण र व्याख्या समालोचना नै ऐतिहासिक समालोचना हो । यसमा खोजमूलक एवम् ऐतिहासिक दुवै प्रवृत्ति भेटिन्छ ।

कपिल लामिछाने नेपाली समालोचना परम्परामा ऐतिहासिक समालोचना लेख्ने समालोचकका रूपमा स्थापित हुन पुगेका छन् । यस प्रवृत्तिमा रहेर उनले 'भानुभक्त आचार्य : नेपाली साहित्यका जग र नेपाली संस्कृतिका द्योतक', 'निर्भीक समालोचक रामकृष्ण शर्मा', 'भानुभक्तका रचनामा पाइने हास्यव्यङ्ग्य', 'भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण : सानो पुस्तिका', 'समपूर्वको नेपाली नाटक', 'सैद्धान्तिक परिप्रेक्ष्यमा नेपाली मुक्तक', 'प्रगतिवादी नेपाली नाटक : परम्परा र प्रवृत्ति', 'नेपाली लघुकथा र समकालीन सन्दर्भ', 'नेपाली उपन्यासमा भवानी भिक्षु', 'प्रथम पत्रकार मोतीराम भट्ट', 'वैचारिक तुलिकामा ओमर खैय्याम र आनन्ददेव भट्ट' जस्ता समालोचनाहरूमा ऐतिहासिक प्रवृत्ति भेटिन्छ ।

### ५.२.१० कृतिपरक समालोचना

यसमा कृतिकारलाई भन्दा कृतिलाई मात्र सम्पूर्ण वस्तुको रूपमा लिई समालोचना गरिन्छ । यस प्रवृत्तिमा रहेर कपिल लामिछानेले थुप्रै समालोचना लेखेका छन् ।

'बैकुण्ठ एक्सप्रेसको अभीष्ट', 'मुनामदनको वैचारिक मूल्याङ्कन', 'मट्याङ्ग्राको चोट, 'ज्योति, ज्योति महाज्योति : एक हेराइ', 'जूनतारा : एक हेराइ', 'पापको परिणाम कथाको विश्लेषण', 'चिसोचुल्होको प्रेमविश्लेषण', 'बसाइँको वैचारिक पक्ष', 'बुँद रानाको अब किन

मान्थिन्', 'बिसौनीमा एकछिन', 'योजनगन्धा सङ्क्षिप्त आलोचना', 'सद्विचारको चिरफार', 'जून चुहेको रात : गजलको गरिमा' आदि समालोचनाहरूमा कृतिपरक प्रवृत्ति भेटिन्छ ।

### ५.२.११ स्रष्टापरक समालोचना

लेखक वा स्रष्टालाई आधार बनाएर गरिने समालोचनालाई स्रष्टापरक समालोचना भनिन्छ । विभिन्न प्रवृत्तिहरूमध्ये कपिल लामिछानेमा यो प्रवृत्ति पनि भेटिन्छ । समालोचना जीवनीपरक समालोचनाको नजिक रहेको हुन्छ ।

'निर्भीक समालोचक रामकृष्ण शर्मा', 'भानुभक्त आचार्य : नेपाली साहित्यका जग र नेपाली संस्कृतिका द्योतक', 'मुटुमा आगो बोकेका कवि मिश्र', 'चूडामणि रेग्मीको हास्यव्यङ्ग्यकारिता', 'नेपाली उपन्यासमा भवानी भिक्षु', 'अलिमियाँ खण्डकाव्यमा अलिमियाको खोजी', 'दौलतविक्रम विष्टको औपन्यासिक यात्रा', 'विश्व शक्यको व्यङ्ग्य-चिन्तन' जस्ता समालोचनाहरूमा स्रष्टापरक प्रवृत्ति भेटिन्छ ।

### ५.२.१२ लोकसाहित्यक समालोचना

नेपाली लोकसाहित्यिक समालोचनाको फाँटमा कपिल लामिछाने एक सशक्त अन्वेषक, सङ्कलक र सम्पादक हुनुका साथै कुशल अध्येता एवम् चिन्तकका रूपमा स्थापित हुन पुगेका छन् । लामिछानेले लोकसाहित्यका कथा, गाथा, गीत, नाटक, उखान, टुक्का, गाउँखाने कथा आदि विविध विधाहरूको खोज-अध्ययन गरी विभिन्न पुस्तक प्रकाशन गर्नुका साथै फुटकर समालोचनाहरू प्रकाशन गरी लोकसाहित्यका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका छन् । प्रथम चरणमा लोकसाहित्यको केही फुटकर समीक्षा समालोचना प्रकाशन भएको छ भने दोस्रो चरणमा फुटकर समालोचनाका साथै पुस्तकहरू पनि प्रकाशित भएको देखिन्छ ।

'गाउँखाने कथामा अश्लीलताको पुट' नामक फुटकर लोकसाहित्यिक समालोचनाबाट लेखन यात्रा सुरु गरेका लामिछानेले 'नेपाली गाउँखाने कथामा औद्योगिक उत्पादनको प्रविष्टि', 'नेपाली लोकरामायण : एक अध्ययन', 'नेपाली लोकसाहित्यको अध्ययन परम्परा',

‘बालविनोदका माध्यमका रूपमा गाउँखाने कथा’, ‘नेपाली गाउँखाने कथामा कवितात्मकता’, ‘नेपाली गाउँखाने कथाको रूपात्मक विश्लेषण’, ‘विधा सिद्धान्तको परिपेक्ष्यमा लोकसाहित्यका विधाहरूको परिचय’, ‘लोकसाहित्यिक अध्ययनका प्रमुख प्रक्रिया र पद्धतिहरू’, ‘नेपाली टुक्काको विश्लेषणात्मक अध्ययन’, ‘नाटक र लोकनाटक’, ‘नेपाली लोकगाथाको प्रकारगत वर्गीकरण’, ‘गाउँखाने कथामा लोकवार्ताको संवहन’, ‘नेपाली गाउँखाने कथाको वाक्यात्मक संरचनाको अध्ययन’, ‘नेपाली गाउँखाने कथामा सांस्कृतिक सन्दर्भ’, ‘नेपाली गाउँखाने कथामा नवीनता’, ‘गाउँखाने कथाको सैद्धान्तिक स्वरूप-विश्लेषण’, ‘नेपाली लोकगीतको अध्ययन परम्परा’ जस्ता विभिन्न फुटकर लोकसाहित्यिक समालोचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशन गर्नुका साथै **नेपाली लोकगाथाको अध्ययन** (२०६४), **नेपाली गाउँखाने कथाको अध्ययन** (२०६८) र **नेपाली लोकगीतको अध्ययन** (२०६८) जस्ता पुस्तकहरू प्रकाशित गरी नेपाली लोकसाहित्यिका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

### ५.२.१३ भाषाशैली

कपिल लामिछानेले सबैले सुबोध्य भाषाशैलीको प्रयोग गर्दै समालोचना गरेका छन् । यो उनको समालोचनात्मक प्रवृत्ति हो । उनले संस्कृत, आगन्तुक, झर्रा एवम् तद्भव शब्दको प्रयोग गरेका छन् । समालोचकले भूमिकामा स्वीकार गरे झैँ वर्णविन्यास, शैली, प्रविधिविधान, पङ्क्ति विन्यास, प्रबन्धविधान, संरचना जस्ता रूप पक्षलाई समालोचकले लगभग आँखा चिम्लिएका छन् (वशिष्ठ २०६६:१३२) । उनका समालोचनाहरूमा पाण्डित्य प्रदर्शनको अभाव देखिन्छ भने भाषिक अभिव्यक्ति स्तरीय रहेको पाइन्छ । कुनै समालोचनाको आयाम सङ्क्षिप्त छ भने कुनै समालोचनाको वृहत् आयाम रहेको छ । फरक-फरक समयमा लेखिएका समालोचनाहरूमा कुनैको गहन अध्ययन गरिएको छ भने कुनैको सतही अध्ययन गरिएको पाइन्छ ।

## ५.३ निष्कर्ष

नेपाली साहित्यिका विविध विधामा अनवरत रूपले समालोचना गर्दै आएका कपिल लामिछाने बहुआयामिक व्यक्तित्वका रूपमा प्रतिष्ठित छन् । भैरहवालाई कर्मथलो बनाएर नेपाली साहित्यको साधनामा क्रियाशील रहेका लामिछानेले राजधानी र मोफसललाई जोड्ने सेतुका रूपमा उपस्थित भई आफ्ना असङ्ख्य कृतिहरू मार्फत नेपाली साहित्य जगत्को भण्डारलाई समृद्ध पारेका छन् ।

समालोचक लामिछानेले समालोचना गर्दा कुनै एक प्रवृत्तिमा मात्र सीमित नरही विविध प्रवृत्तिमा आधारित भई समीक्षण गरी आफ्नो समालोचकीय प्रतिभालाई प्रस्फुटन गरेका छन् । यसबाट उनको समालोचकीय प्रवृत्ति बहुमुखी रहेको स्पष्ट भएको देखिन्छ । उनमा कुनै पनि कृति वा विषयवस्तुको खोज-अध्ययन एवम् विश्लेषण गर्ने खोजमूलक प्रवृत्ति पनि देखिन्छ । उनका हालसम्म साहित्यिक तीन एवम् लोकसाहित्यिक तीन गरी छवटा ग्रन्थाकार समालोचना प्रकाशित छन् भने विभिन्न पत्रपत्रिकाहरूमा फुटकर समालोचनाहरू पनि प्रकाशित छन् । उनले नेपाली साहित्यको विविध विधाका रचनाहरूलाई आफ्नो समालोचनाको विषयवस्तु बनाएका छन् ।

कुनै पनि कृतिको गहन अध्ययन-विश्लेषण गरेर सही निर्णय निकाल्नु, तार्किक निष्कर्ष दिनु, यथार्थवादी-प्रगतिवादी दृष्टि प्रक्षेपण गर्नु, कृतिलाई वस्तुपरक ढ·ले हेर्नु समालोचक लामिछानेका विशेषता हुन् । उनले समालोचनात्मक पुस्तक, पत्रपत्रिका, सम्पादन, भूमिका, लेख-रचनाहरू लेखेका छन् । साहित्यसिद्धान्तका आधारमा नेपाली समालोचनालाई ऐतिहासिक, सैद्धान्तिक, स्रष्टापरक, कृतिपरक, प्रभावपरक, खोजअनुसन्धानमूलक, यथार्थपरक, प्रगतिवादी, निर्णयात्मकता, लोकसाहित्यिक जस्ता विविध प्रवित्तिहरूले माझिएका खारिएका प्रखर समलोचक लामिछाने मुख्यतः यथार्थवादी प्रगतिवादी समालोचक हुन् । साथै उनी नेपाली भाषा, साहित्य, लोकसाहित्य तथा वाङ्मयका अनुसन्धाता अर्थात् शोधपरक समालोचकका रूपमा पनि परिचित छन् ।

यसरी नेपाली समालोचनाको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका कपिल लामिछाने सटिक, खरो एवम् तथ्यनिष्ठ समालोचना गर्ने समालोचक हुन् । उनका समालोचनाहरूमा तथ्यहरूमा सङ्कलन, सर्वेक्षणात्मक अध्ययन, वर्गीकरण, विश्लेषण र सामान्यीकरण गरिएको हुन्छ । उनले पुराना तथा ओझेलमा परेका सामग्रीहरूको शोधखोज तथा अध्ययन विश्लेषण गरेका कारण उनका समालोचनाहरू स्तरीय र प्रभावकारी हुन पुगेका छन् ।

# परिच्छेद छ

# शोधनिष्कर्ष

## ६.१ विषय प्रवेश

प्रस्तुत परिच्छेदमा परिच्छेद एकदेखि परिच्छेद पाँचसम्मको परिच्छेदगत सारसङ्क्षेप प्रस्तुत गर्दै शोधको निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ६.२ सारसङ्क्षेप

प्रस्तुत शोधपत्रको परिच्छेद एक शोधपरिचय दिइएको छ । यसमा शोधको शीर्षक, शोधकार्यको प्रयोजन, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको सीमाङ्कन शोधविधि, शोधपत्रको रूपरेखा जस्ता उपशीर्षकमा शोधको परिचय दिइएको छ ।

परिच्छेद दुईमा समालोचनाको सैद्धान्तिक अध्ययन प्रस्तुत गरिएको छ । यस क्रममा यहाँ समालोचनाको व्युत्पत्ति र परिचय दिँदै समालोचनाको पूर्वीय र पाश्चात्य विभिन्न विद्वान्हरूले दिएका समालोचना सम्बन्धी विभिन्न परिभाषाहरू प्रस्तुत गरिएको छ । यसमा समालोचनामा प्रकारहरू सैद्धान्तिक ऐतिहासिक, मनोवैज्ञानिक प्रभाववादी, प्रगतिवादी, शैलीवैज्ञानिक, तुलनात्मक, व्याख्यात्मक, स्रष्टापरक, निर्णयात्मक, जीवनीपरक, कृतिपरक, नारीवादी, खोजमूलक, समकालीन लोकसाहित्यपरक समालोचनाहरूको चर्चा गरिनुका साथै यस पद्धतिमा रहेर समालोचना लेख्ने समालोचक र तिनका समालोचनात्मक कृतिहरूको उदाहरण दिइएको छ ।

परिच्छेद तीनमा नेपाली समालोचनाको प्रादुर्भाव बारे चर्चा गरिएको छ । नेपाली समालोचनाको इतिहास बीसौं शताब्दीको मध्य (१९४८) बाट थालिएको कुरा विभिन्न समालोचकहरूले व्यक्त गरेका छन् । नेपाली समालोचनाको प्रादुर्भावकर्ता मोतीराम भट्ट हुन् र उनको पुस्तक कवि भानुभक्त आचार्यको जीवनचरित्र नै नेपाली आलोचनाको इतिहास प्रारम्भ गर्ने पहिलो कृति हो भन्ने विभिन्न विद्वान्हरूको धारणा समेत यस परिच्छेदमा उल्लेख गरिएको छ । त्यसैगरी भट्टकै प्रस्तुत ग्रन्थलाई प्रस्थान बिन्दु मानेर विभिन्न विद्वानहरूका मतानुसार नेपाली समालोचनाको विकासक्रमलाई विभिन्न चरणहरूमा

विभाजन गरी प्रत्येक चरणमा देखापरेका विभिन्न समालोचक र उनमा कृतिहरूको उल्लेख गर्दै चरणगत प्रवृतिबारे चर्चा गरिएको छ ।

परिच्छेद चारमा कपिल लामिछानेको समालोचना यात्राको अध्ययन भएको छ । यस क्रममा यहाँ उनको समालोचना यात्रालाई पूर्वार्द्ध चरण (२०४२-२०५८) र उत्तरार्द्ध चरण ( २०५८- हालसम्म) गरी दुई चरणमा विभाजन गरी नेपाली समालोचनाका क्षेत्रमा कपिल लामिछानेले पुऱ्याएको योगदानको अध्ययन गरिएको छ । वि.सं. २०४२ सालमा **दैनिक निर्णय** पत्रिकामा प्रकाशित ‘भानुभक्त आचार्य : नेपाली साहित्यका जग र नेपाली संस्कृतिका द्योतक’ शीर्षकको समालोचनाबाट आफ्नो समालोचना यात्रा प्रारम्भ गरेका लामिछानेका दर्जनौँ फुटकर समालोचनाहरू प्रकाशित छन् भने **नेपाली साहित्यको सेरोफेरो** (२०५८), **नेपाली लोकगाथाको अध्ययन** (२०६४), **समालोचनाको सोपान** (२०६८), **नेपाली गाउँखाने कथाको अध्ययन** (२०६८), **नेपाली लोकगीतको अध्ययन** (२०६८) र **समीक्षा सिद्धान्त र समीक्षाहरू** (२०६९) शीर्षकका छवटा पुस्तकाकार समालोचना ग्रन्थहरू पनि प्रकाशित भएका छन् ।

परिच्छेद पाँचमा कपिल लामिछानेको समालोचनात्मक प्रवृतिलाई विभिन्न उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ । यसमा कपिल लामिछानेको समग्र समालोचनाहरूको आधारमा उनको समालोचकीय प्रवृतिहरूको अध्ययन गरिएको छ । यस क्रममा यहाँ २०४२ सालदेखि हालसम्म अनवरत रूपमा साहित्यालोचनाका क्षेत्रमा कलम चलाउँदै आएका कपिल लामिछानेमा वस्तु र शिल्प दुवै पक्षको अध्ययनमा जोड, प्रगतिवादी समालोचनातर्फ झुकाउ, पूर्वीय र पाश्चात्य समालोचना पद्धतिको समन्वित प्रयोग, खोज अनुसन्धानमूलकता, यथार्थवादी वा वस्तुगत मूल्याङ्कन, निर्णयात्मकता, सैद्धान्तिक समालोचना, प्रभाववादी समालोचना, ऐतिहासिक समालोचना, कृतिपरक समालोचना, स्रष्टापरक समालोचना, लोकसाहित्यिक समालोचना जस्ता समालोचकीय प्रवृत्तिहरू विद्यमान रहेको कुरा यस परिच्छेदमा उल्लेख गरिएको छ ।

## ६.३ शोधनिष्कर्ष

कथा, लघुकथा, सूत्रकथा, कविता, निबन्ध, बालउपन्यास, एकाङ्की, समालोचना, अनुसन्धानमूलक लेख-रचना, भाषा-व्याकरणको सम्पादन आदि विविध विधाहरूमा ओजपूर्ण कलम चलाउँदै आएका कपिल लामिछाने एक बहुमुखी प्रतिभा सम्पन्न व्यक्तित्व हुन् । बहुआयामिक व्यक्तित्व कपिल लामिछानेले नेपाली समालोचनाका फाँटमा पनि बहुआयामिक परिचय दिएर आफ्नो पहिचानलाई स्थापित गरेका छन् ।

कपिल लामिछानेको जन्म २०१५ साल असोज २४ गते पिता शुकदेव लामिछाने र माता सुकुमाया लामिछानेका जेष्ठ पुत्ररत्नका रूपमा गण्डकी अञ्चल, कास्की जिल्ला, माझठाना १, सौरमा भएको हो । २०४१ देखि उनी रूपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका वडा नं. वडा. ७, सगरमाथा पथमा बस्दै आएका छन् । कपिल लामिछानेको विवाह २०३६ सालमा मधु पौडेलसँग परम्परागत विधिबाट सम्पन्न भएको हो भने उनका तीन छोरी र एक छोरा छन् । घरमै दिदी र बुवाबाट प्रारम्भिक शिक्षा आरम्भ गरेका लामिछानेले सन् १९८० मा सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय वाराणसीबाट द्वितीय श्रेणीमा शास्त्री, २०३९ सालको परीक्षामा कीर्तिपुर क्याम्पसबाट नेपाली विषयमा प्रथम श्रेणीमा प्रथम स्थान सहित स्नातकोत्तर तह र २०६६ सालमा नेपाली गाउँखाने कथामा विद्यावारिधिको उपाधि समेत प्राप्त गरेका छन् । २०४१ सालदेखि भैरहवा बहुमुखी क्याम्पसमा नेपाली विषयको प्राध्यापन गर्दै आएका लामिछाने दुईपटक क्याम्पस प्रमुख पदमा नियुक्त भई क्याम्पसको प्रशासनिक कार्यभरलाई कुशलतापूर्वक बहन गरेको देखिन्छ । अद्यापि उनी सोही क्याम्पसमा सहप्राध्यापक पदमा कार्यरत छन् । २०४१ फागुन १६ गतेदेखि सहायक प्राध्यापक पदबाट प्राध्यापन कार्य थालेका लामिछाने २०४७ भदौ ३१ गते स्थायी, २०५० जेष्ठ १८ गते उपप्राध्यापक तथा २०६३ वैशाख १२ गते सहप्राध्यापक भएका हुन् ।

समकालीन नेपाली साहित्यका क्षेत्रमा देखापरेका सशक्त सङ्घर्षी समालोचक लामिछाने कथा क्षेत्रमा आफूलाई चिनाउन सफल कथाकार हुन् । यदुनाथ खनाल, सोमनाथ शर्मा तथा रामकृष्ण शर्माले देखाएको सैद्धान्तिक समालोचनाबाट समालोचना-लेखनतर्फ, लक्ष्मीप्रसाद देवकोटा, शङ्कर लामिछाने र भैरव अर्यालबाट प्रेरित र प्रभावित भई निबन्ध-लेखनतर्फ, फ्योदर दोस्तोभस्की, एडगर एलेन पो, एच. जि. बेल्स, लुसुन, कार्ल मार्क्स आदिको प्रभावबाट कथा-लेखन कार्यलाई अग्रगति दिन पुगेका लामिछाने नित्यनिरन्तर लागिरहने साधक हुन् । उनले पिता शुकदेव लामिछानेबाट उत्प्रेरणा तथा गुरु, समाज एवम् परिस्थितिबाट प्राप्त प्रेरणाबाट नै साहित्यिक क्षेत्रमा पाइला चालेका हुन् ।

कपिल लामिछाने ‘कामना’ (२०३४, **कल्याणी** पत्रिकामा प्रकाशित) कविता, ‘मोहभ·’ (२०४२, **मिर्मिरे,** पूर्णाङ्क ५३) कथा, ‘पर्यटकको क्यामरा र मेरो देश’ (२०४१, **युगधारा,** वर्ष १५, फागुन १६) निबन्ध, ‘चिसो काख’ (२०४१, **नियोजन** पत्रिकामा प्रकाशित) एकाङ्की, **ठूलो मान्छे** (२०६३) बालउपन्यास, **म्याउँम्याउँ बिरालो** (२०६०, रुम टु रिडद्वारा प्रकाशित) बालचित्रकथा, **अन्यथा** (२०५४) लघुकथा, **कालेकुकुर** (२०४४), बालकथा, ‘महाभारतको गुदीका बारेमा’ (२०५६) भूमिका, ‘भानुभक्त आचार्य : नेपाली साहित्यका जग र नेपाली संस्कृतिका द्योतक’ (२०४२, **दैनिक निर्णय**, साउन २ गते) समालोचना प्रकाशन गरी नेपाली

साहित्य सिर्जनाका विविध विधामा प्रवेश गरेका हुन् । हालसम्म उनका दर्जनौं कृतिहरू प्रकाशित छन् भने कतिपय प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।

नेपाली साहित्यका क्षेत्रमा प्रकाशनका दृष्टिले २०३४ सालदेखि साधनारत कपिल लामिछानेले आफ्नो साहित्य यात्राको साढे तीन दशक समयावधि पार गरेका छन् । २०४१ सालमा त्रि.वि., भैरहवा बहुमुखी क्याम्पसमा प्राध्यापन गर्दै आएका लामिछानेको सामाजिक व्यक्तित्व एवम् साहित्यिक व्यक्तित्व अत्यन्तै क्रियाशील देखिन्छ ।

कपिल लामिछाने कुशल दक्ष एवम् विद्वान् प्राध्यापक हुनुका साथै सफल साहित्यकार, समालोचक, अन्वेषकका रूपमा सुप्रसिद्ध लामिछानेले नेपाली साहित्य भण्डारलाई समृद्ध पारेका छन् । लेखन, अध्ययन एवम् साधनाका माध्यमबाट आफ्नो व्यक्तित्व निर्माण गर्दै आएका लामिछानेको मुख्य पेसा प्राध्यापन हो । नेपाली साहित्यका कथा, कविता, समालोचना, निबन्ध एकाङ्की, बालसाहित्य, लोकसाहित्य, पत्रकारिता, भाषा-व्याकरण, संस्कृति, लघुकथा, जीवनी, अनुसन्धानमूलक लेख-रचना, सम्पादन, भूमिका आदि विविध विधामा सफलतापूर्वक कलम-चलाउँदै आएका लामिछानेले समालोचना र सिर्जना क्षेत्रमा उल्लेखनीय योगदान दिँदै आएका छन् । समसामयिक समाजका संवेदनशील सन्दर्भहरूलाई विषयवस्तु बनाई कथा लेख्न खप्पिस लामिछानेले खासगरी युगीन विकृति-विस·ति र मानवीय अन्तर विरोधलाई आफ्नो कथावस्तु बनाएका छन् । निम्न वर्गीय जनताका समस्या, सामाजिक थिचोमिचो, दमन शोषण, उत्पीडन, अन्याय, अत्याचार, विकृति, विस·ति, मानवीय संवेदना, मानवताको ह्रासोन्मुख अवस्था, आदिलाई आफ्ना कथाका विषयवस्तु बनाएकोले लामिछाने एक सशक्त, जिम्मेवार, संवेदनशील र प्रगतिवादी कथाकार हुन् भने देशभक्त, मानवतावादी र प्रगतिवादी लघुकथाकार हुन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका हरेक तहमा फैलिएको विकृति, विस·ति, विडम्बना, निरङ्कुशता, शोषण-दमन, आडम्बर, अन्याय, अत्याचार, विभेद आदिलाई मुख्य विषयवस्तु बनाई कविता लेख्ने एक सशक्त प्रगतिवादी कवि हुन् भने वस्तुतथ्यमा आधारित भई समालोचना लेख्ने एक यथार्थवादी-प्रगतिवादी समालोचक पनि हुन् ।

˘भानुभक्त आचार्य : नेपाली साहित्यका जग र नेपाली संस्कृतिका द्यमेतक' नामक भानुभक्त आचार्यको जीवनीपरक समालोचना (**दैनिक निर्णय**, २०४२, साउन २, वर्ष २, अङ्क १०४, पृ. ३-४) बाट आफ्नो समालोचना यात्रा सुरू गरेका लामिछानेले हालसम्म अढाइ दशक समयावधि पार गरेको देखिन्छ । हालसम्म प्रकाशित समालोचनात्मक कृतिहरू र फुटकर समालोचनात्मक लेखहरूको अध्ययन पश्चात् उनका खास-खास मोड र प्रवृतिहरूलाई प्रथम चरण (२०४२-२०५८) र द्वितीय चरण (२०५८- हालसम्म) मा राखेर

देखाउन सकिन्छ । कपिल लामिछानेको समालोचना यात्राको प्रथम चरणमा दर्जनौं फुटकर समालोचनात्मक लेखकहरूको रचना भएको देखिन्छ । यस चरणका समालोचनाहरू भाषा-साहित्य लोकसाहित्य, बालसाहित्य, इतिहास आदिसाग सम्बन्धित छन् सिद्धान्तपरक, जीवनीपरक, कृतिपरक, विधापरक, अनुसन्धानमूलक, परिचयात्मक आदि पद्धति अँगालिएको पाइन्छ । लामिछानेको समालोचना यात्राको दोस्रो चरण पहिलो चरणभन्दा धेरै उर्वर देखिन्छ । उनले यस चरणमा **नेपाली साहित्यको सेरोफेरो** (२०५८), **नेपाली लोकगाथाको अध्ययन** (२०६४), **नेपाली गाउँखाने कथाको अध्ययन** (२०६८), **समालोचनाको सोपान** (२०६८), **नेपाली लोकगीतको अध्ययन** (२०६८) र **समीक्षा सिद्धान्त र समीक्षाहरू** (२०६९) जस्ता समालोचनात्मक ग्रन्थहरू प्रकाशित गरेर नेपाली समालोचनाको क्षेत्रमा विशिष्ट योगदान दिएका छन् । यसमा अतिरिक्त विभिन्न समयमा विभिन्न समयमा विभिन्न पत्रपत्रिकामा विभिन्न विषयका फुटकर समालोचनाहरू छरिएर रहेका छन् । यस चरणको महत्त्वपूर्ण समालोचनात्मक ग्रन्थ नेपाली गाउँखाने कथाको अध्ययन हो । प्रस्तुत ग्रन्थ उनले उनले विद्यावारिधि उपाधि प्राप्त गर्ने प्रयोजनार्थ तयार पारेको शोधप्रबन्धमा आधारित अनुसन्धान ग्रन्थ हो । यसमा लामिछानेले गाउँखाने कथाको सैद्धान्तिक स्वरूपको चर्चा गरेका छन् ।

समकालीन नेपाली साहित्यका प्रगतिशील स्रष्टा एवम् द्रष्टा कपिल लामिछानेमा पूर्वीय र पाश्चात्य दुवै साहित्य सिद्धान्तको ज्ञान रहेको देखिन्छ । दुवै सिद्धान्तको प्रयोग गर्दै उनले नेपाली साहित्य, लोकसाहित्य बालसाहित्य, भाषा-संस्कृति, इतिहास आदि विधाको समालोचना गरेका छन् । लामिछानेले निर्णयात्मक तुलनात्मक, प्रभावपरक, जीवनीपरक, कृतिपरक, अन्वेषणात्मक विधि अवलम्बन गरेका छन् । अध्ययन, अनुसन्धान र विश्लेषण गरेका कुरालाई तार्किक रूपमा आफ्नो निर्णय प्रस्तुत गर्नु उनको विशिष्टता हो । समालोचक लामिछाने विचारले मूलतः प्रगतिवादी चेतना भएका यथार्थवादी-प्रगतिवादी समालोचकका रूपमा देखापरेका छन् ।

समालोचनाका क्षेत्रमा आफ्नो दरो स्थान बनाइसकेका लामिछाने दक्ष, विज्ञ एवम् ऊर्जाशील समालोचकका रूपमा स्थापित भएका छन् । उनको भाषिक विशेषतालाई हेर्दा तत्सम, तद्भव, आगन्तुक र ठेट नेपाली शब्दको प्रयोग भएको पाइन्छ । उनले सरल, सरस र सहज सबैले बुझ्न सक्ने भाषाशैलीको प्रयोग गरेका छन् भने उनमा पाण्डित्य प्रदर्शनको अभाव देखिन्छ । उनको भाषिक अभिव्यक्ति स्तरीय रहेको पाइन्छ ।

समालोचक लामिछानेले नेपाली समालोचनाको परम्परामा ऐतिहासिक, परिमाणात्मक र गुणात्मक दृष्टिले अत्यन्तै महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । सानैदेखि तीक्ष्ण एवम् प्रखर बुद्धि भएका लामिछाने अत्यन्तै लगनशीलता मिहिनेतका फलस्वरूप राष्ट्रियस्तरकै सफल स्रष्टा एवम् द्रष्टाका रूपमा स्थापित हुन पुगेको देखिन्छ ।

समालोचनामा देखापरेको ऐतिहासिकता, सामाजिकता, संस्कृति, खोजअनुसन्धान, अन्वेषण, व्याख्या, विश्लेषण तुलना, तार्किक निर्णय आदिका कारण समालोचक लामिछाने नेपाली समालोचना क्षेत्रमा बहुमुखी प्रतिभा सम्पन्न क्रियाशील समालोचकका रूपमा परिचित हुन पुगेका छन् ।

# परिशिष्ट

## समालोचक कपिल लामिछानेका

## फुटकर समालोचनाहरूको कालक्रमिक सूची

| क्र.स. | साल | शीर्षक | प्रकाशित पत्रिका र मिति | वर्ष, अङ्क/ पूर्णाङ्क | पृष्ठ देखि-सम्म |
|---|---|---|---|---|---|
| १ | २०४२ | भनुभक्त आचार्य : नेपाली साहित्यका जग र नेपाली संस्कृतिका द्योतक | **दैनिक निर्णय,** साउन २ | २०/१०४ | ३-४ |
| २ | २०४३ | निर्भीक समालोचक रामकृष्ण शर्मा | **दैनिक निर्णय,** जेठ १६ | २१/९२ | ३ |
| ३ | २०४३ | बैकुण्ठ एक्सप्रेसको अभीष्ट | **दैनिक निर्णय,** भाद्र ५ | ? | ? |
| ४ | २०४३ | मदनपुरस्कार प्राप्त वैकुष्ठ एक्सप्रेस | **दैनिक निर्णय,** भाद्र २५ | /१४८/ | ३-४ |
| ५ | २०४३ | मुनामदनको वैचारिक मूल्याङ्कन | **बौद्धिक उद्यान,** | २ | ? |
| ६ | २०४३ | सृजनात्मक लेखनका केही अनुभव | **पाठ्यक्रम विकास पत्रिका,** | १९ | ? |
| ७ | २०४५ | आसामदेखि मणिपुरसम्म : एक अवलोकन | **साप्ताहिक विचार,** चैत्र २६ | १९/२१ | ४ |
| ८ | २०४६ | मट्याङ्ग्राको चोट | **दैनिक सिद्धार्थ,** जेठ ३२ | ७/१३३ | ३-४ |
| ९ | २०४६ | ज्योति, ज्योति, महाज्योति : एक हेराइ | **दैनिक सिद्धार्थ,** कार्तिक १८ | ७/२०७/? | ३ |
| १० | २०४६ | हिमाल र मान्छे : बाध्यताभित्र बाँचेको जीवन | **मुक्ति सन्देश,** मंसिर १६ | / / ९२ | ७-८ |
| ११ | २०४६ | साहित्य र पत्रकारिता | **पाठ्यक्रम विकास ...** | ? | ? |
| १२ | २०४६ | दौलतविक्रम बिष्टको औपन्यासिक यात्रा | **आकार** | ३९ | ? |
| १३ | २०४६ | जून तारा : एक हेराइ | **कृष्णप्रसाद पराजुली आस्थाका आयाम** | ? | ? |
| १४ | २०४७ | प्रगतिवादी कथ्य र शिल्पका सन्दर्भमा हृदयका फूलहरू | **जनमत,** कात्तिक | ? | ? |
| १५ | २०४६ | भाषा, बालभाषा र बालसाहित्य | **बालसाहित्य** | २ | १९-२२ |
| १६ | २०४७ | बालजीवनी लेखन | **बालसाहित्य** | ३ | ५६-६१ |
| १७ | २०४७ | मुटुमा आगो बोकेका कवि युद्धप्रसाद | **मिर्मिरे** | | |
| १८ | २०४७ | पापको परिणाम कथाको विश्लेषण | **इन्द्रेणी** | १/१ | |
| १९ | २०४७ | चिसो चुल्होको प्रेमविश्लेषण | **नेपाली वाङ्मय,** | १ | |
| २० | २०४८ | गउँखाने कथामा अश्लीलताको पुट | **जुही** | ३२ | ५-१० |
| २१ | २०४८ | लीला उदासीका कविताभित्र चाहार्दा | **जनमत** | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | २०४९ | व्यवस्थित बस्ती र गाउँविकास | **दैनिक निर्णय**, भाद्र ११ | ३।१५७ | ३ |
| २३ | २०४९ | बसाइँको वैचारिक पक्ष | **क्षितिज** | | |
| २४ | २०४९ | पराजुलीका गीतमा राष्ट्रिय सन्दर्भ | **गरिमा** | २८ | |
| २५ | २०४९ | भनुभक्त रचनामा पाइने हास्यव्यङ्ग्य | **पाठ्यक्रम विकास** | | |
| २६ | २०५० | शब्दकोशको प्रयोजन र प्रयोगविधि | **साधना** | १ | २४-३५ |
| २७ | २०४९ | बाललेखन : समस्या र समाधान | **बालसाहित्य** | ५ | ५२-५५ |
| २८ | २०५१ | नेपालका भोट बर्मेली चिनियाँ भाषा परिवारका सन्दर्भमा गुरुङ भाषाको परिचय | **न्हाँघरी,** | वर्ष २, अङ्क १ | १३-२० |
| | २०५२ | लोकपरम्परा र बालसाहित्य | | **बालसाहित्य** -७ | |
| २९ | २०५३ | शैक्षिक मूल्याङ्कन प्रक्रिया | **बौद्धिक उद्यान** | ३ | २५-३३ |
| ३० | २०५३ | बुँद रानाको अब किन भान्थिन् | **मिर्मिरे,** | १३३ | |
| ३१ | २०५३ | भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण : सानो पुस्तिका ... | **जनमत,** | १४।। | ३४ |
| ३२ | २०५६ | बिसौनीमा एकछिन | **मधुपर्क,** असोज | | |
| ३३ | २०५७ | मोदनाथ शास्त्रीका रचनामा जीवनदृष्टि | **जनमत,** | ।। ३६२ | |
| ३४ | २०५७ | योजनगन्धाको सङ्क्षिप्त आलोचना | **दीपशिखा,** | २०५७ वैशाख | |
| ३५ | २०५८ | मोहन दुवालका कवितामा मानवतावाद | **क्षितिज,** | ८ | |
| ३६ | २०५८ | बालशिक्षाको विकासमा बालसाहित्यको प्रयोग | **बालसाहित्य** | १३ | १४-१६ |
| ... | ..... | ...................... | .......... | ....... | .... |
| ३७ | २०५९ | सैद्धान्तिक परिप्रेक्ष्यमा नेपाली मुक्तक | **जनसङ्घर्ष,** आश्विन | | |
| ३८ | २०५९ | प्रगतिवादी नेपाली नाटक : परम्परा र प्रवृत्ति | **प्रलेस** | १३ | |
| ३९ | २०५९ | सामाजिक यथार्थवादका कसीमा मुलुकबाहिर | **जनमत,** २०५९ चैत्र | ८९ | |
| ४० | २०५९ | समपूर्वको नेपाली नाटक | **साधना** | ३ | २४-२८ |
| ४१ | २०६० | मुक्तकको सैद्धान्तिक परिचय | **जनसङ्घर्ष, असोज २७** | १४।९२ | २ र ४ |
| ४२ | २०६० | चुमरेको नयाँ कृति : चिन्तन र समालोचना | **जनमत,** वैशाख | ९० | ९५-९६ |
| ४३ | २०६० | बालबगैंचामाथि बिहङ्गम दृष्टि | **जनमत,** भदौ | ९२ | |
| ४४ | २०६० | स्वागत नेपालका स्वागत योग्य स्वरहरू | **जनसङ्घर्ष,** मंसिर १३ | | |
| ४५ | २०६० | नेपाली गाउँखाने कथामा औद्योगिक उत्पादनको प्रविष्टि | **भवना,** पौष ५, | | ३-४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | औद्योगिक विशेषाङ्क | | |
| ४६ | २०६०, २०६२ | सद्विचारको चिरफार | **जनसङ्घर्ष,** माघ ३, २०६०, **मिर्मिरे,** २०६२ | वर्ष ७, अङ्क २३६ ..... २४६ | |
| ४७ | २०६०, २०६४ | ठुले राई खण्डकाव्यमा समकालीन यथार्थ | **जनसङ्घर्ष,** माघ १७, २०६० **जनमत,** २०६४ | ।। ... १२४ | २४ |
| ४८ | २०६० | आमा छोरीको काम र वक्तृता | **जनसङ्घर्ष,** माघ २४ | | |
| ४९ | २०६० | रुद्र ज्ञवालीको कथाकारिता | **क्षितिज,** | १० | ८०-९४ |
| ५० | २०६० | बालविनोदका माध्यमका रूपमा गाउँखाने कथा | **बालसाहित्य** | १५ | १४-१७ |
| ५१ | २०६१ | मुक्तक र नेपाली मुक्तक | **शब्ददूत,** वैशाख | १ | १०-१६ |
| ५२ | २०६१ | पठनीय बालउपन्यास : परिवर्तन | **जनचेतना**, जेठ ११, | **शब्द, स्पर्श र अनुभूतिमा** सङ्गृहीत, २०६२ | |
| ५३ | २०६१,२०६३ | सागरका कथाहरूको सार | **कान्तिपुर कोसेली**, साउन २३ तथा **जनमत,** २०६३ असार | ... ११२ | |
| ५४ | २०६१ | ज्ञानबर्धक बालउपन्यास : डा.चिम्पु चिम्पान्जी | **जनसङ्घर्ष,** साउन १८ | | |
| ५५ | २०६१ | चम्किला चौध कोपिला र कोपिला फुलाउने कवि आचार्य | **जनसङ्घर्ष,** २०६१ साउन २५ | **शब्द, स्पर्श र अनुभूतिमा** सङ्गृहीत, २०६२ | |
| ५६ | २०६१ | जङ्गलका रमाइला कथाहरू | **जनसङ्घर्ष,** चैत्र २९ | | |
| ५७ | २०६१ | जून चुहेको रात : गजलको गरिमा | **रचना,** | ८१ | |
| ५८ | २०६१/०६२ | नेपाली लोकरामायण : एक अध्ययन | **कुञ्जिनी,** | १२।९। | ५९-६२ |
| ५९ | २०६१ | नेपाली साहित्यमा शकुन्तलोपाख्यान | **सुनकोसी** | ५ | |
| ६० | २०६१ | कथा कसरी लेख्ने ? | **जितगढी** | २।६। | २५-२८ |
| ६१ | २०६२ | रमाइलो बालपुस्तक : माहुरीको पुस्तकालय | **जनमत,** असार | १०३ | |
| ६२ | २०६२ | पठनीय बालपुस्तक : लहरे पीपलको कथा | **भावना,** पुस ६ | | |
| ६३ | २०६२ | घनश्याम न्यौपाने 'परिश्रमी'का गजलको अन्तर्वस्तु | **यथार्थवादी नेपाली समालोचना** | | २९३-३०५ |
| ६४ | २०६२ | साहित्यकार मोदनाथ शास्त्रीका | **यथार्थवादी नेपाली** | | ६८१- |

| | | | | | |
|---|---|---|---|---|---|
| | | रचनामा प्रगतिवादी पुट | **समालोचना** | | ६९२ |
| ६५ | २०६२ | नेपाली लोकसाहित्यको अध्ययन परम्परा | **प्रज्ञा** | १०१ | ७९-९४ |
| ६६ | २०६२ | विश्व शाक्यको व्यङ्ग्य-चिन्तन | **जुही विश्वशाक्य महापुराण** | ५४ | ४०-५१ |
| ६७ | २०६२ | मान्छेभित्र मान्छेको खोजी : हाइकुको नयाँ सँगालो | **दायित्व** | | |
| ६८ | २०६२ | नेपाली गाउँखाने कथामा कवितात्मकता | **गौमुखी सौरभ,** | पूर्णाङ्क ३ | ४०-५४ |
| ६९ | २०६२ | नेपाली गाउँखाने कथाको रूपात्मक विश्लेषण | **जनमत** | पूर्णाङ्क १०६, १०७, १०८ | |
| ७० | २०६३ | विधा सिद्धान्तको परिप्रेक्ष्यमा लोकसाहित्यका विधाहरूको परिचय | **क्षितिज,** वैशाख | ११ | ५४-६१ |
| ७१ | २०६३ | सिद्धार्थ साहित्य परिषद्को इतिवृत्त | **पदचिन्ह,** असार | १ | ३७-४९ |
| ७२ | २०६३ | लोकसाहित्यिक अध्ययनका प्रमुख प्रक्रिया र पद्धतिहरू | **सञ्जीवनी,** असोज | १ | १२-२२ |
| ७३ | २०६४ | नेपाली टुक्काको विश्लेषणात्मक अध्ययन | **ज्ञानज्योति** वैशाख | स्मारिका | ५-१४ |
| ७४ | २०६४ | नाटक र लोकनाटक | **सोपान,** कार्त्तिक | ३ | १४-२१ |
| ७५ | २०६४ | नेपाली लोकगाथाको प्रकारगत वर्गीकरण | जनघोष, माघ/ दायित्व ? | १ | १२६-१३६ |
| ७६ | २०६४ | नेपाली लघुकथा र समकालीन सन्दर्भ | **मिर्मिरे,** फागुन | २७० | १५२-१६९ |
| ७७ | २०६४ | कवयित्री सन्तु श्रेष्ठका केही काव्यबान्की | **कुहिरोभित्र श्वेत बान्की : कृति एक, दृष्टि अनेकमा** सङ्गृहीत | | |
| ७८ | २०६४ | हस्सुभित्रको घाममा उज्यालोको खोजी | **दायित्व** | | |
| ७९ | २०६५ | पसिनाको सङ्गीत र जीवनको गीतभित्रको अन्तर्वस्तु र शिल्प संरचना | **क्षितिज,** असार | १२ | ७४-८३ |
| ८० | २०६५ | गउँखाने कथामा लोकवार्ताको संवहन | **मिर्मिरे,** | २७९ | |
| ८१ | २०६६ | मुरारि पराजुलीको हाँसेर उसका ओठले भित्रको अन्तर्वस्तु र रूपरचना | **मधुपर्क,** असार | | |
| ८२ | २०६६ | सलिजो : नयाँ वस्तु, नयाँ चिन्तन, नयाँ शैली नयाँ प्राप्ति | **जनसङ्घर्ष,** फागुन १ | २०।२१८ | २ |
| ८३ | २०६६ | ऋविरल बग्दछ इन्द्रावतीमा प्रयुक्त टुक्काको सर्वेक्षण र विश्लेषण | **शब्द संयोजन,** | ७० | |
| ८४ | २०६६ | चूडामणि रेग्मीको हास्यव्यङ्ग्यकारिता | **चूडामणि रेग्मी अभिनन्दन ग्रन्थ** | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८५ | २०६७ | शान्तिदूत महाकाव्यको सान्दर्भिकता | **जनमत**, भाद्र | १५२ | |
| ८६ | २०६७ | नेपाली उपन्यासमा भवानी भिक्षु | **भृकुटी जर्नल** | ७ | २६-५३ |
| ८७ | २०६७ | नेपाली गाउँखाने कथाको वाक्यात्मक संरचनाको अध्ययन | **भैरहवा क्याम्पस जर्नल** | १ | १-८ |
| ८८ | २०६७ | अलिमिया खण्डकाव्यमा अलिमियाको खोजी | **नवप्रज्ञापन/ छन्दनायक माधव वियोगी** | ५० .... | |
| ८९ | २०६७ | बाटुली पत्रकाव्यको प्राप्ति | **सगुन** | १४ | २-८ |
| ९० | २०६७ | विद्रोही काले महाकाव्यमा विद्रोहको स्वर | **जुही** | ६२ | २५-२८ |
| ९१ | २०६७ | कविता पौडेलको आमाहरू उपन्यास युद्ध विभीषिकाको अभिलेख | **जुही** | ६३ | ४८-५८ |
| ९२ | २०६७/ ०६८ | 'बिना अर्थ' गजलको संरचनात्मक विश्लेषण | **जुही,** चैत्र, वैशाख/जेठ | ६४ | ३७-४२ |
| ९३ | २०६८ | बाटुली पत्रकाव्यमा सुखद भविष्यको परिकल्पना | **शब्दसाधना,** वैशाख, बुबक्या | १ | १०७-११५ |
| ९४ | २०६८ | पचास रुपियाँको तमसुक नाटकको विश्लेषण र मूल्याङ्कन | **मेदनाथ प्रश्रित : केही अध्ययन** | | १४९-१७८ |
| ९५ | २०६८ | नेपाली गाउँखाने कथामा सांस्कृतिक सन्दर्भ | **भैरहवा क्याम्पस जर्नल** | २ | १-७ |
| ९६ | २०६८ | नेपाली गाउँखाने कथामा नवीनता | **भृकुटी जर्नल** | ११ | १४६-१५२ |
| ९७ | २०६८ | आमाहरू उपन्यासमा द्वन्द्वको दर्द | **शब्दसिन्धु** माघ-चैत | ८ | ५-११ |
| ९९ | २०६८ | गण्डकी क्षेत्रको सांस्कृतिक सम्पदा झल्काउने गहकिलो पुस्तक | **शब्दसिन्धु,** साउन-असोज | १० | १३-१५ |
| १०० | २०६७ चैत्र | नवराज रिजालका लघुकथाहरू : लघुकथामा एक खुट्किलो | माटो खोज्दैको भूमिकात्मक लेख | | |
| १०१ | २०६८ | प्रेम छोटाका प्रारम्भिक कथा बारे | भूमिकात्मक लेख | | |
| १०२ | २०६८ | डम्बर घिमिरे : मुक्तक, हास्य र व्यङ्ग्यको त्रिवेणी | **नवरङ्ग** डम्बर घिमिरे विशेष | ४ | ४६-५० |
| १०३ | २०६८ | वैचारिक तुलिकामा ओमर खैय्याम र आनन्ददेव भट्ट | **हाम्रो सिर्जना** आनन्ददेव भट्ट विशेषाङ्क | वर्ष ६, अङ्क १, पूर्णाङ्क ११ | ४७-५६ |
| १०४ | २०६८ | गाउँखाने कथाको सैद्धान्तिक स्वरूप-विश्लेषण | **भैरहवा क्याम्पस जर्नल** | ३ | १-१६ |
| १०५ | २०६८ | 'गरिबको भोको पेट' गजलको रचना-विधान | **जुही,** पुस, माघ, फागुन | ६७ | १५३-१६१ |
| १०६ | २०६३ ? | सागरका कविताहरूमाथि एक दृष्टि | जनमत, २०६३ असार कान्तिपुर कोसेली २०६१ साउन २३ | पूर्णाङ्क ११२ | २१-२२ पृ. घ |

| | | | | | |
|---|---|---|---|---|---|
| १०७ | ? | डिल्लीराज अर्यालको घोल्कीमा बस्ने रहरभित्र पस्दा | **जनमत** | | |
| १०८ | ? | तीलमा लेङ्गम गीतिनाटकले दिएको सन्देश | ? | | |
| १०९ | ? | उपकथाको औंल्याएका सन्दर्भहरू | **मुक्ति सन्देश,** | | |
| ११० | ? | शास्त्रीका बुवामाथि एक दृष्टि | ? | ? | |
| १११ | २०४३? | प्रथम नेपाली पत्रकार : मोतीराम भट्ट | **दैनिक निर्णय** | | ३ |
| ११२ | २०६९ | ईरानराईका हाइकु | **जुही** | ६९ | ६७-६९ |
| ११३ | २०६९ | शोधकार्यका पुस्तकालयको उपयोग | **दियालो** | १।१ | १४-२५ |

# सन्दर्भसूची


अधिकारी, रविलाल, २०५१, **नेपाली समालोचनाको रूपरेखा,** पोखरा : लेकाली प्रकाशन ।

उपाध्याय, द्रोणकुमार, २०६६, 'कपिल लामिछानेको नेपाली लोकगाथाको अध्ययन पढेर यस्तो पो लेखियो' **जुही** कपिल लामिछाने विशेषाङ्क, वर्ष २९, अङ्क ३, पूर्णाङ्क ६०, पृ.५२५-५२८ ।

कँडेल, घनश्याम (सम्पा.) २०५५, **नेपाली समालोचना,** काठमाडौं : साझा प्रकाशन ।

खनाल, यदुनाथ, २०४९, **समालोचनाको सिद्धान्त,** पाँचौं संस्क., काठमाडौं : साझा प्रकाशन ।

गौतम, राजश्री, २०६७, "कपिल लामिछानेका बालकथाहरूको अध्ययन" त्रि.वि., भैरहवा बहुमुखी क्याम्पस, भैरहवामा प्रस्तुत स्नातकोत्तर नेपाली शोधपत्र (अप्र.)।

ज्ञवाली, लक्ष्मीनाथ, २०६६, 'कपिल लामिछाने : व्यक्ति एक व्यक्तित्व अनेक भित्रको कवित्व' **जुही** कपिल विशेषाङ्क, वर्ष २९, अङ्क ३, पूर्णाङ्क ६०, पृ. ३८७-३९३ ।

ढकाल, घनश्याम (सम्पा.) २०६२, **यथार्थवादी नेपाली समालोचना**, पोखरा : गण्डकी साहित्य सङ्गम ।

ढकाल, शम्भुप्रसाद, २०६८, 'कपिल लामिछानेको नेपाली गाउँखाने कथाको अध्ययन' **अनुसन्धान र टिप्पणी**, झापा : श्रीमती लक्ष्मी ढकाल, पृ. ७४-७७ ।

ढुङ्गेल, गंगाराम (२०६६, 'साहित्यकार कपिल लामिछाने' **जुही** कपिल लामिछाने विशेषाङ्क, वर्ष २९, अङ्क ३, पूर्णाङ्क ६०, पृ. १२०-१२५ ।

तिमसिना, अनिरुद्ध, २०६६, 'समालोचक कपिल लामिछानेको नेपाली साहित्यको सेरोफेरोमा विचरण गर्दा' **जुही** कपिल लामिछाने विशेषाङ्क, वर्ष २९, अङ्क ३, पूर्णाङ्क ६०, पृ. ५८८-६०२ ।

थापा, मोहन हिमांशु, २०६६, **साहित्य परिचय,** काठमाडौं : साझा प्रकाशन ।

दुवाल, मोहन, २०६६, 'नेपाली साहित्यको सेरोफेरो भित्र : कपिल लामिछाने', **जुही** कपिल लामिछाने विशेषाङ्क, वर्ष २९, अङ्क ३, पूर्णाङ्क ६०, पृ.३०६-३११ ।

..., ..., २०५८, 'कपिल लामिछानेको नेपाली साहित्यको सेरोफेरोभित्र', **युगसम्वाद साप्ताहिक**, वर्ष १४, अङ्क २८, माघ ९ गते पृ. ४ ।

न्यौपाने, घनश्याम 'परिश्रमी', २०५५, **साहित्य सन्दर्भ**, वीरगञ्ज : नारायणी बुक्स एन्ड स्टेसनर्स ।

..., ..., २०६०, 'नेपाली साहित्यको सेरोफेरोभित्र पस्दा', **मिर्मिरे**, पूर्णाङ्क २१८, पृ.११४-११५ ।

..., ..., २०६५, 'नेपाली साहित्यको सेरोफेरोलाई नियाल्दा' **पदचिन्ह**, वर्ष १, अङ्क १, पृ.१२७-१३४ ।

..., ..., २०६६ 'नेपाली लोकगाथाको अध्ययनमाथि दृष्टि प्रक्षेपण' **जुही** कपिल लामिछाने विशेषाङ्क, वर्ष २९, अङ्क ३, पूर्णाङ्क ६०, पृ. ५४३-५४४ ।

..., ...,२०६९, 'समीक्षा सिद्धान्त र समीक्षाहरूको समीक्षा', **पदचिन्ह,** पाइला ३, पृ. ५१-५९ ।

न्यौपाने, टङ्कप्रसाद, २०४९, **साहित्यको रूपरेखा,** दोस्रो संस्क., काठमाडौँ : साझा प्रकाशन ।

पुन, प्रतिभा, २०६५, "घनश्याम न्यौपाने 'परिश्रमी'को समालोचनाकारिता" त्रि.वि., भैरहवा बहुमुखी क्याम्पस, भैरहवामा प्रस्तुत स्नातकोत्तर नेपाली शोधपत्र (अप्र.)।

पौडेल, रमा, २०६९, 'अक्षर उपासनाको उपज समालोचनाको सोपान', **दैनिक लुम्बिनी**, वर्ष २४, पृ.३ ।

पौडेल, रमा, २०६९,'बहुआयाम समेटिएको बहुज्ञ कृति', **दैनिक लुम्बिनी**, अङ्क १६१, वर्ष २४, पृ.३ ।

पौड्याल, शिवप्रसाद, २०६६, 'नेपाली लोकसाहित्यको अध्ययनमा कपिल लामिछाने' **जुही** कपिल लामिछाने विशेषाङ्क, वर्ष २९, अङ्क ३, पूर्णाङ्क ६०, पृ. ४०३-४१६ ।

..., ..., २०६९, 'नेपाली गाउँ खाने कथाको अध्ययन : एक समीक्षा', **मिर्मिरे,** वर्ष ४१, अङ्क २, पूर्णाङ्क ३१५, पृ. १४१-१४९ ।

पौड्याल, हीरामणि शर्मा, २०६१, **समालोचनाको बाटोमा,** दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्र सिंह, २०५८ (सम्पा.), **साझा समालोचना,** दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

प्रसाईं, नरेन्द्र, २०५७, **नेपाली साहित्यका समालोचक र समालोचना,** काठमाडौँ : एकता प्रकाशन ।

बरई, त्रिभुवन, २०६६ 'कपिल लामिछानेको जीवनी, व्यक्तित्व र कृतित्वको पर्यवेक्षण', **जुही** कपिल लामिछाने विशेषाङ्क, वर्ष २९, अङ्क ३, पूर्णाङ्क ६०, पृ. ४७४-५१३ ।

..., ..., २०६५, "रचना विधानमा आधारमा भोकयुद्ध कथासङ्ग्रहको अध्ययन" त्रि.वि., भैरहवा बहुमुखी क्याम्पस, भैरहवामा प्रस्तुत एम्.ए. नेपाली शोधपत्र (अप्र.)।

भुसाल, राजु, २०६२, "मोहनराज शर्माको समालोचना प्रवृत्ति" त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर नेपाली शोधपत्र (अप्र.)।

..., ..., २०६१/२०६२, 'समालोचनाको स्वरूप र प्रकार' **कुञ्जिनी**, वर्ष १२, अङ्क ९, पृ. १८०-१८७।

लामिछाने, कपिल, २०४२, 'भानुभक्त आचार्य : नेपाली साहित्यका जग र नेपाली संस्कृतिका द्योतक', **दैनिक निर्णय**, वर्ष २०, अङ्क १०४, पृ.३-४ ।

..., ..., २०४३, 'निर्भीक समालोचक रामकृष्ण शर्मा' **दैनिक निर्णय**, वर्ष २१, अङ्क ९२,पृ.३ ।

..., ..., २०४३, 'मदन पुरस्कार प्राप्त : वैकुण्ठ एक्सप्रेस' **दैनिक निर्णय**, वर्ष २१, अङ्क १४८, पृ. ३-४ ।

..., ..., २०४३, 'मुनामदनको वैचारिक मूल्याङ्कन', **बौद्धिक उद्यान, १।१ ।**

..., ..., २०४३, 'सृजनात्मक लेखनका केही अनुभव' **पाठ्यक्रम विकास,** वर्ष ९, पूर्णाङ्क १९, पृ. २३-२६

..., ..., २०४३, 'प्रथम नेपाली पत्रकार : मोतीराम भट्ट', **दैनिक निर्णय**, पृ.३ ।

..., ..., २०४५, 'आसामदेखि मणिपुरसम्म : एक अवलोकन', **साप्ताहिक विचार,** वर्ष १९, अङ्क २१, पृ.४ ।

..., ..., २०४६, 'मट्याङ्ग्राको चोट', **दैनिक सिद्धार्थ**, वर्ष ७ अङ्क, १३३, पृ. ३-४ ।

..., ..., २०४६, 'ज्योति, ज्योति, महाज्योति : एक हेराइ', **दैनिक सिद्धार्थ,** वर्ष ७, अङ्क २०७, पृ. ३-२ ।

..., ..., २०४६, 'हिमाल र मान्छे : बाध्यताभित्र बाँचेको जीवन', **मुक्ति सन्देश**, वर्ष ८, अङ्क १, पूर्णाङ्क ९२, पृ.८ ।

..., ..., २०४६, 'साहित्य र पत्रकारिता', **पाठ्यक्रम विकास पत्रिका,** ......

..., ..., २०४६, 'भाषा, बालभाषा र बालसाहित्य', **बालसाहित्य**, पूर्णाङ्क २, पृ. १९-२२ ।

..., ..., २०४९, 'बाललेखन : समस्या र समाधान', **बालसाहित्य,** पूर्णाङ्क ५, पृ.५२-५५ ।

..., ..., २०४९, 'व्यवस्थित बस्ती र गाउँ विकास', **दैनिक निर्णय** वर्ष ३, अङ्क १५७, पृ.३ ।

..., ..., २०५०, 'शब्दकोशको प्रयोजन र प्रयोग विधि', **साधना,** वर्ष १,अङ्क १, पृ.२४-३५।

..., ..., २०५०, 'वातावरणीय चेतना प्रसारमा बालसाहित्यको भूमिका', **बालसाहित्य**, पूर्णाङ्क ६, पृ. १७-१८ ।

..., ..., २०५१, 'नेपालका भोट-बर्मेली चिनियाँ भाषा परिवारका सन्दर्भमा गुरुङ भाषाको परिचय', **न्हाँ घरी**, पृ.१२-२० ।

..., ..., २०५२, 'लोकपरम्परा र मूल्यहरू', **बालसाहित्य,** पूर्णाङ्क ७ पृ.२०-२१ ।

..., ..., २०५३, 'भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण : सानो पुस्तिका ठूलो उपलब्धि', **जनमत,** वर्ष १४, अङ्क ७, पूर्णाङ्क १०, पृ.३४ ।

..., ..., २०५३, 'शैक्षिक मूल्याङ्कन प्रक्रिया', **बौद्धिक उद्यान**, अङ्क ३, पृ. २५-३३ ।

..., ..., २०५४, 'भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण : सानो पुस्तिका ठूलो उपलब्धि', **जनमत**, वर्ष १४, पूर्णाङ्क ५५, पृ. ३४ ।

..., ..., २०५५ "नेपाली साहित्यमा शकुन्तलोपाख्यान : उपजीव्य ग्रहण र उपयोग स्थिति अध्ययन" विश्वविद्यालय अनुदान आयोगमा प्रस्तुत अनुसन्धान प्रतिवेदन (अप्र.) ।

..., ..., २०५६, 'बिसौनीमा एकछिन', **मधुपर्क,**अङ्क ५, वर्ष ३२, पूर्णाङ्क ३६२, पृ. २१-२२ ।

..., ..., २०५८, **नेपाली साहित्यको सेरोफेरो,** भैरहवा : कलासदन ।

..., ..., २०५९, 'समपूर्वको नेपाली नाटक', **साधना,** वर्ष ३, पृ. २४-२८ ।

..., ..., २०५९, 'सामाजिक यथार्थवादका कसीमा मुलुकबाहिर', **जनमत**, वर्ष २०, पूर्णाङ्क ८९, पृ. ९५-९६ ।

..., ..., २०६०, 'मुक्तकको सैद्धान्तिक परिचय', **जनसङ्घर्ष,** वर्ष १४, अङ्क ९२, पृ. २-४ ।

..., ..., २०६०, 'आमा छोरीको काम र वक्तृता', **जनसङ्घर्ष,** पृ. ४ ।

..., ..., २०६०, 'चुमुरेको नयाँ कृति : चिन्तन र समालोचना', **जनमत**, वर्ष २०, पूर्णाङ्क ९०, पृ. २१-२२ ।

..., ..., २०६०, 'बाल-बगैंचामाथि विहङ्गम दृष्टि', **जनमत,** वर्ष २०, पूर्णाङ्क ९२, पृ. ४९ ।

..., ..., २०६०, 'नेपाली गाउँखाने कथामा औद्योगिक उत्पादनको प्रविष्टि', **भावना**, पृ.३-४ ।

..., ..., २०६०, 'बालविनोदको माध्यमका रूपमा गाउँखाने कथा', **बालसाहित्य,** पृ. १४-१६ ।

..., ..., २०६०, 'रूद्र ज्ञवालीको कथाकारिता', **क्षितिज** पूर्णाङ्क १०, पृ. ८०-९४ ।

..., ..., २०६०, 'स्वागत नेपालका स्वागत योग्य स्वरहरू', **जनसङ्घर्ष,** पृ.३ ।

..., ..., २०६१, 'चम्किला चौध कोपिला र कोपिला फुलाउने कवि आचार्य', **जनसङ्घर्ष,** साउन २५, सोम, पृ. ३ ।

..., ..., २०६१, 'सागरका कथाहरूको सार', **कान्तिपुर कोसेली,** .. पृ.घ ।

..., ..., २०६१, 'कथा कसरी लेख्ने ?', **जितगढी,** वर्ष २ पूर्णाङ्क ६, पृ.२४-२८ ।

..., ..., २०६१, 'जून चुहेको रात' **रचना**, वर्ष ४४, पूर्णाङ्क ८१, पृ.६१-६६ ।

..., ..., २०६१, 'मुक्तक र नेपाली मुक्तक', **शब्ददूत**, वर्ष १, अङ्क १, पृ. १०-१६ ।

..., ..., २०६१/२०६२, 'नेपाली लोक रामायण : एक अध्ययन', **कुञ्जिनी**, वर्ष १२, अङ्क ९, पृ. ५९-६३ ।

..., ..., २०६२, 'नेपाली गाउँ खाने कथामा कवितात्मकता', **गौमुखी सौरभ**, वर्ष ३, अङ्क ३, पृ.४०-५४ ।

..., ..., २०६२, 'नेपाली लोकसाहित्यको अध्ययन-परम्परा', **प्रज्ञा**, अङ्क १०१, पूर्णाङ्क ३६, पृ. ७९-९४ ।

..., ..., २०६२, 'रमाइलो बालपुस्तक : माहुरीको पुस्तकालय', **जनमत**, पूर्णाङ्क १०३, पृ. ?

..., ..., २०६२, 'चम्किला चौध कोपिला र कोपिला फुलाउने आचार्य', **शब्द, स्पर्श र अनुभूति**, काठमाडौँ : विविध पुस्तक भण्डार, पृ.२८-३० ।

..., ..., २०६२, 'पठनीय बालउपन्यास परिवर्तन', **शब्द, स्पर्श र अनुभूति**, काठमाडौँ : विविध पुस्तक भण्डार, पृ. ४०-४२ ।

..., ..., २०६३, 'विधा सिद्धान्तको परिप्रेक्ष्यमा लोकसाहित्यका विधाहरूको परिचय', **क्षितिज,** पूर्णाङ्क ११, पृ.५४-६१ ।

..., ..., २०६३, 'सागरका कथाहरूको सार', **जनमत**, वर्ष २३, पूर्णाङ्क ११२, पृ. २१-२२ ।

..., ..., २०६४, 'नेपाली लघुकथा र समकालीन सन्दर्भ', **मिर्मिरे,** वर्ष ३६, अङ्क २, पूर्णाङ्क ६२, पृ. २५-२८ ।

..., ..., २०६४, 'नेपाली लोकगाथाको प्रकारगत वर्गीकरण', **जनघोष,** वर्ष १, अङ्क १, पृ. १२६-१३६ ।

..., ..., २०६४, 'कवयित्री सन्तु श्रेष्ठका केही काव्यात्मक बान्कीहरू', **कुहिरोभित्र श्वेत बान्की कृति एक दृष्टि अनेक**, बागलुङ : दीअप्रकाशन, पृ. ८३-८६ ।

..., ..., २०६४, 'नेपाली टुक्काको विश्लेषणात्मक अध्ययन', **ज्ञानज्योति**, पृ. ५-१४ ।

..., ..., २०६४, **नेपाली लोकगाथाको अध्ययन,** ललितपुर : साझा प्रकाशन ।

..., ..., २०६४, 'नाटक र लोक नाटक', **सोपान**, अङ्क ३, पृ. १४-२१ ।

..., ..., २०६६ 'सलिजो : नयाँ चिन्तन, नयाँ शैली र नयाँ प्राप्ति', **जनसङ्घर्ष,** वर्ष २०, अङ्क २१८, पृ. २ ।

..., ..., २०६६ 'ठुले राई खण्डकाव्य : समकालीन यथार्थको सशक्त अभिव्यक्ति', **जनमत**, वर्ष २४, पूर्णाङ्क १२४, पृ. १३-१४ ।

..., ..., २०६६, 'खाटा बस्न नसकेका घाउ र उकुच', **खाटा बस्न नसकेका घाउहरू** (मुक्तकसङ्ग्रह), कुश्मा : गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय, पर्वत, पृ. ४-७ ।

..., ..., २०६६, 'तीलमा-लेङ्गम गीति नाटकले दिएको सन्देश', **पदचिन्ह**, वर्ष २८, पाइला २, पृ. १७-२० ।

..., ..., २०६७, 'आमाहरू उपन्यासमा द्वन्द्वको दर्द' **शब्दसिन्धु,** वर्ष २, पूर्णाङ्क ८, पृ.५-११ ।

..., ..., २०६७, 'बाटुली पत्रकाव्यको प्राप्ति', **सगुन**, वर्ष १३, अङ्क ३, पूर्णाङ्क १४, पृ. ..?

..., ..., २०६७, 'नेपाली उपन्यासमा भवानी भिक्षु', **भृकुटी**, पूर्णाङ्क ७, पृ. २५-५१ ।

..., ..., २०६७ 'नेपाली गाउँखाने कथाको वाक्यात्मक संरचनाको अध्ययन', **भैरहवा क्याम्पस जर्नल,** वर्ष १, अङ्क १, पृ. १-८ ।

..., ..., २०६७, 'विद्रोही काले महाकाव्यमा विद्रोहको स्वर', **जुही**, वर्ष ३०, अङ्क २ पूर्णाङ्क, पृ.२५-२८ ।

..., ..., २०६८ 'समाजशास्त्रीय समालोचना पद्धतिको गोरेटोमा राजेन्द्र पहाडी', **जनमत**,

वर्ष २८, पूर्णाङ्क १६७, पृ.३९-४० ।

..., ..., २०६८, 'गरिबको भोको पेट गजलको रचना विधान', **जुही**, वर्ष ३१, अङ्क ३, पूर्णाङ्क ६७, पृ.१५३-१६० ।

..., ..., २०६८, 'सागरका कविताहरू माथि एक दृष्टि', **जुही**, वर्ष ३१, अङ्क ३, पूर्णाङ्क ६७, पृ. २७०-२७४ ।

..., ..., २०६८ 'वैचारिक तुलिकामा ओमर खैयाम र आनन्ददेव भट्ट', **हाम्रो सिर्जना**, वर्ष ६, अङ्क १, पूर्णाङ्क ११, पृ.४७-५६ ।

..., ..., २०६८ 'डम्बर घिमिरे : मुक्तक, हास्य र व्यङ्ग्यको त्रिवेणी', **नवरङ्ग**, अङ्क ४, पृ. ४६-५० ।

..., ..., २०६८, 'नेपाली गाउँ खाने कथामा सांस्कृतिक सन्दर्भ', **भैरहवा क्याम्पस जर्नल,** वर्ष १, अङ्क २, पृ. १-७ ।

..., ..., २०६८, 'गाउँ खाने कथाको सैद्धान्तिक स्वरूप-विश्लेषण', **भैरहवा क्याम्पस जर्नल,** वर्ष २, पूर्णाङ्क ३, पृ. १-१६ ।

..., ..., २०६८ 'नेपाली गाउँ खाने कथामा नवीनता', **भृकुटी,** पूर्णाङ्क ११, पृ. १४६-१५१ ।

..., ..., २०६८, **नेपाली गाउँ खाने कथाको अध्ययन,** काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि.।

..., ..., २०६८, **नेपाली लोकगीतको अध्ययन,** काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि.।

..., ..., २०६८, **समालोचनाको सोपान**, चन्द्रगढी : जुही प्रकाशन ।

..., ..., (सम्पा.), २०६८, **मोदनाथ प्रश्रित : केही अध्ययन**, चन्द्रगढी : जुही प्रकाशन ।

..., ..., (सम्पा.), २०६८, **कविता पौडेल बहुआयाम**, भैरहवा : प्रश्रित प्रतिष्ठान नेपाल ।

..., ..., २०६८, 'प्रेमछोटाका प्रारम्भिक कथाबारे', **प्रारम्भिक कथाहरू,** बागलुङ : दीअ प्रकाशन, रत्न श्रेष्ठ गुठी ।

..., ..., २०६८, 'गण्डकी क्षेत्रको सांस्कृतिक सम्पदा झल्काउने गहकिलो पुस्तक', **शब्दसिन्धु,** वर्ष ३, पूर्णाङ्क १०, साउन-भदौ-असोज, पृ.१५ ।

..., ..., २०६९, **समीक्षा सिद्धान्त र समीक्षाहरू**, बाग्लुङ : दीअ प्रकाशन ।

वशिष्ठ, चूडामणि, २०६६, 'कपिल लामिछानेको समालोचकीय पाटो' **जुही** कपिल लामिछाने विशेषाङ्क, वर्ष २९, अङ्क ३, पूर्णाङ्क ६०, पृ. १३०-१३३ ।

शर्मा, मोहनराज, २०५९, **शैलीविज्ञान**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

..., ..., २०५५, **समकालीन समालोचना : सिद्धान्त र प्रयोग,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल, २०६३, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** दोस्रो संस्क., काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, कृष्णप्रकाश, २०६४, **नेपाली समालोचक र समालोचना,** दोस्रो संस्क., पुलचोक : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, २०६४, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, नवौं, संस्क., ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र, २०६१, **नेपाली समालोचना परम्परा र प्रवृत्ति,** वाराणसी : भूमिका प्रकाशन ।

सुवेदी, रामेश्वर, २०६५, "कपिल लामिछानेका कथाहरूको समाजपरक अध्ययन" त्रि.वि., भैरहवा बहुमुखी क्याम्पस, भैरहवामा प्रस्तुत स्नातकोत्तर नेपाली शोधपत्र (अप्र.)।

सोमै, देवीकुमारी, २०६९, "पात्रविधानका आधारमा **भोकयुद्ध** कथासङ्ग्रहका कथाको अध्ययन" त्रि.वि., भैरहवा बहुमुखी क्याम्पस, भैरहवामा प्रस्तुत स्नातकोत्तर नेपाली शोधपत्र (अप्र.)।